सामाजिक अध्ययन र जनसख्या शिक्षा

कक्षा ८

Curriculum Development Centre

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा

कक्षा ८

लेखक
डा. दामोदर ज्ञवाली
महेन्द्र विष्ट
सञ्जय ज्ञवाली

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

Curriculum Development Centre

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

ISBN: 978-9937-601-28-3

© **प्रकाशकमा**

प्रथम संस्करण : वि.सं. २०७२

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

Curriculum Development Centre

हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्य पुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बन, सिर्जनशीलता जस्ता सामाजिक एवम् चारित्रिक गुण तथा आधारभूत भाषिक तथा गणितीय सिपका साथै विज्ञान, पेसा व्यवसाय, सूचना तथा सञ्चार प्रविधि, वातावरण र स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण तथा संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ। समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९ लाई मूल आधार मानी शिक्षा सम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तर्क्रियाका निष्कर्ष र विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषण समेतलाई समेटी यो पाठ्य पुस्तक तयार पारिएको हो ।

पाठ्य पुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा यस केन्द्रका कार्यकारी निर्देशक दिवाकर ढुङ्गेल तथा प्रा. डा. राजाराम सुवेदी, डा. विनय कुसियत, डा. जीवनाथ धिताल, लक्ष्मीकुमारी माली, कमालदिन मिया, देवेन्द्र महर्जन, दिनेश खनाल, बाबुराम गौतम र मित्रप्रसाद काफ्ले लगायतका महानुभावको विशेष योगदान रहेको छ । । यसको विषय वस्तु सम्पादन हेमराज खतिवडा, भाषा सम्पादन हरिप्रसाद निरौलाबाट भएको हो । यस पाठ्य पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्य पुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्य पुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्य पुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०७२

Curriculum Development Centre

विषय सूची

क्र. स.	शीर्षक	पृष्ठ सङ्ख्या
एकाइ एक : हामी, हाम्रो समुदाय र राष्ट्र		
पाठ १	विकास	२
पाठ २	विकास क्षेत्र	४
पाठ ३	विकास क्षेत्रको महत्त्व र सङ्घीय राज्य	६
पाठ ४	खाने पानी	८
पाठ ५	ऊर्जा	१०
पाठ ६	जनशक्ति	१२
पाठ ७	नेपालमा विकास आयोजना	१४
	पुनरवलोकन अभ्यास	१६
एकाइ दुई : हाम्रो सामाजिक मूल्य र मान्यता		
पाठ १	नेपालका सामाजिक परम्परा र प्रचलन	१८
पाठ २	नेपालमा प्रचलित धर्महरू	२०
पाठ ३	सामाजिक सद्भाव	२२
पाठ ४	सुन्दर फुलबारी नेपाल	२४
पाठ ५	राष्ट्रिय सम्पदा	२६
पाठ ६	अन्तर्राष्ट्रिय व्यक्तित्व	२८
	पुनरवलोकन अभ्यास	३०
एकाइ तिन : सामाजिक समस्या र समाधान		
पाठ १	सामाजिक समस्याहरू	३२
पाठ २	भ्रष्टाचार	३४
पाठ ३	लागु पदार्थ दुर्व्यसन	३६
पाठ ४	द्वन्द्व र त्यसको व्यवस्थापन	३८
पाठ ५	दिगो विकास	४०
पाठ ६	सुशासन	४२
पाठ ७	अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू	४४
	पुनरवलोकन अभ्यास	४६

Curriculum Development Centre

क्र. स.	शीर्षक	पृष्ठ सङ्ख्या
एकाइ चार : नागरिक चेतना		
पाठ १	सामाजिक नियम	४८
पाठ २	मानव अधिकार	५०
पाठ ३	महिला अधिकार	५२
पाठ ४	समावेशीकरण	५४
पाठ ५	नेपालमा समावेशीकरणका प्रावधानहरू	५६
पाठ ६	हाम्रो संविधानका विशेषताहरू	५८
पाठ ७	नागरिक दायित्व	६०
पाठ ८	व्यवस्थापिका	६२
पाठ ९	कार्यपालिका	६४
पाठ १०	न्यायपालिका	६६
	पुनरवलोकन अभ्यास	६८
एकाइ पाँच : हाम्रो पृथ्वी		
पाठ १	ऋतु परिवर्तन	७०
पाठ २	मौसम र हावापानी	७२
पाठ ३	धरातलको तापक्रममा प्रभाव पार्ने तत्त्वहरू	७४
पाठ ४	जलवायु परिवर्तन	७६
पाठ ५	अक्षांश र देशान्तरको प्रभाव	७८
पाठ ६	नेपालका जिल्ला र अञ्चल	८०
पाठ ७	नक्सा अध्ययनमा दुरीको प्रयोग	८२
पाठ ८	नेपालको नक्सा	८४
पाठ ९	भूकम्प	८६
पाठ १०	हावाहुरी	८८
पाठ ११	अफ्रिका महादेश	९०
पाठ १२	उत्तर अमेरिका	९२
पाठ १३	दक्षिण अमेरिकाको यात्रा	९४
	पुनरवलोकन अभ्यास	९६

Curriculum Development Centre

क्र. स.	शीर्षक	पृष्ठ सङ्ख्या
एकाइ छ : हाम्रो विगत		
पाठ १	नेपालको एकीकरण अभियानमा जनताको सहभागिता	९८
पाठ २	नेपालको एकीकरण	१००
पाठ ३	एकीकरणको निरन्तरता र अन्त्य	१०२
पाठ ४	सुगौली सन्धिपछिको राजनीतिक घटना क्रम	१०४
पाठ ५	राणा कालीन राजनीतिक क्रियाकलाप	१०६
पाठ ६	राणा कालीन आर्थिक र सामाजिक कार्यहरू	१०८
पाठ ७	२००७ सालपछिको प्रमुख राजनीतिक घटना क्रम र उपलब्धि	११०
पाठ ८	ग्रिस र रोमको सभ्यता	११२
पाठ ९	पुनर्जागरण	११४
	पुनरवलोकन अभ्यास	११६
एकाइ सात : हाम्रो आर्थिक क्रियाकलाप		
पाठ १	पर्यटन उद्योग	११८
पाठ २	वैदेशिक व्यापार	१२०
पाठ ३	मुद्रा	१२२
पाठ ४	बैङ्क	१२४
पाठ ५	वस्तुको मूल्य निर्धारण र मूल्य वृद्धि	१२६
पाठ ६	पुँजी निर्माण र सहकारिता	१२८
पाठ ७	नेपालमा रोजगारीको अवस्था	१३०
	पुनरवलोकन अभ्यास	१३२
एकाइ आठ : हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग		
पाठ १	हाम्रा मित्र राष्ट्रहरू	१३४
पाठ २	संयुक्त राष्ट्र सङ्घ र यसका अङ्गहरू	१३६
पाठ ३	संयुक्त राष्ट्र सङ्घ र नेपाल	१३८
पाठ ४	कूटनीतिक नियोग	१४०
पाठ ५	अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको योगदान	१४२
	पुनरवलोकन अभ्यास	१४४

Curriculum Development Centre

क्र. स.	शीर्षक	पृष्ठ सङ्ख्या
एकाइ नौ : जनसङ्ख्याको परिचय र जनसाङ्ख्यिक अवस्था		
पाठ १	जनसाङ्ख्यिकीको अवधारणा	१४६
पाठ २	जनसाङ्ख्यिक आधारभूत मापन	१४८
पाठ ३	मृत्यु र बसाइँ सराइ	१५०
पाठ ४	जनसङ्ख्या परिवर्तनका निर्धारकहरू	१५२
पाठ ५	नेपालको जनसङ्ख्या बनोट	१५४
पाठ ६	नेपालमा जनसङ्ख्या वितरण	१५६
पाठ ७	नेपालमा आन्तरिक र बाह्य बसाइँ सराइ	१५८
पाठ ८	विश्वमा जनसङ्ख्याको आकार र वृद्धि दर	१६०
	पुनरवलोकन अभ्यास	१६२
एकाइ दस : जनसङ्ख्या वृद्धि र व्यवस्थापन		
पाठ १	जनसङ्ख्या र गुणस्तरीय जीवन	१६४
पाठ २	जनसङ्ख्या व्यवस्थापन गर्ने उपायहरू	१६६
पाठ ३	नेपालमा जनसङ्ख्या व्यवस्थापनका समस्याहरू	१६८
पाठ ४	अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको भूमिका	१७०
	पुनरवलोकन अभ्यास	१७२

Curriculum Development Centre

एकाइ : एक

हामी, हाम्रो समुदाय र राष्ट्र



Curriculum Development Centre

सिकाइ उपलब्धिहरू

यस एकाइको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

- विकास क्षेत्र र सङ्घीय राज्यको अवधारणा व्यक्त गर्न
- विकासको अवधारणा बताई विकासका पूर्वाधारहरूका रूपमा रहेका खाने पानी, ऊर्जा तथा जनशक्तिको परिचय, महत्त्व र विकासको अवस्था वर्णन गर्न
- हाम्रो देशमा भएका प्रमुख विकास कार्यहरूको खोजी गरी विकासको वर्तमान अवस्था पत्ता लगाउन

पाठ : १

विकास



मानवले आफ्नो जीवनमा सकारात्मक परिवर्तन ल्याउनु विकास हो । विकास कहिल्यै पनि रोकिँदैन बरु विकासको गति ढिलो वा छिटो हुन सक्छ । हाल विश्वमा कतिपय समाज छिटो छिटो विकास भइरहेका छन् । देशमा सबै मानिसहरू इमान्दार, मिहिनेती र जाँगरिला भएमा समाजको छिटो विकास हुन्छ । विकसित समाजमा जनता शिक्षित, तालिम प्राप्त, स्वस्थ र सम्पन्न हुन्छन् । यसलाई मानव संसाधन पनि भनिन्छ ।

शिक्षण सुझाव : विकास उन्नति र प्रगति हो । विकास सम्बन्धी अवधारणा बुझाउन विभिन्न प्रकारका खेल, छलफल र अवलोकन विधिको प्रयोग गर्न सकिन्छ । समुदायमा आएको सकारात्मक परिवर्तनका सम्बन्धमा अग्रजहरूसँग सोधेर प्रतिवेदन तयार पार्न लगाउनुहोस् ।

Curriculum Development Centre

विकासका निमित्त स्रोत तथा साधनको पर्याप्तता र त्यसको उचित परिचालन हुनुपर्छ । यी स्रोत तथा साधनहरूलाई प्राकृतिक, मानवीय र आर्थिक गरी तिन वर्गमा विभाजन गर्न सकिन्छ । प्राकृतिक स्रोतमा खनिज पदार्थ, पानी, हावा, वनस्पति, घाम, सुन्दर भूस्वरूप, हिमाल, पहाड आदि पर्छन् । मानवीय स्रोतमा दक्ष जनशक्ति, बौद्धिक क्षमता, श्रम, सिप आदि पर्छन् । आर्थिक स्रोत तथा साधनमा पुँजी, मुद्रा, वित्तीय व्यवस्था आदि पर्छन् । स्रोत र साधनहरू पर्याप्त मात्रामा उपलब्ध भएको देश सम्पन्न र विकसित हुन्छ । सबै साधन भएर पनि मानवीय साधनको अभाव छ भने त्यस्ता मुलुकहरू विकासमा पछाडि परेको पाइन्छ । देश विकासको मुख्य आधार भनेको नै आर्थिक क्रियाकलाप हो । जनतामा जति धेरै आम्दानी र खर्च गर्ने प्रवृत्ति बढ्दै जान्छ सोही अनुपातमा आर्थिक गतिविधि बढ्दै जान्छ । आर्थिक गतिविधि बढ्दै जाँदा विकासले गति लिँदै जान्छ । देश विकासको निम्ति स्थिर सरकार, इमान्दार राजनीतिज्ञ, दूरदर्शी नेताहरू र प्रतिबद्धता चाहिन्छ । जनतामा जाँगर, सिर्जनशीलता र उद्यमशीलता भएमा मात्र विकासले उपयुक्त गति लिन सक्छ ।

क्रियाकलाप

१. नेपालको विकासका सम्भावनाहरू बुँदागत रूपमा लेख, जस्तै : नेपालमा ग्रामीण पर्यटनको प्रशस्त सम्भावना छ ।

२. तिमी बसेको समाजमा तिमी सानो छँदा र अहिले के कस्ता परिवर्तनहरू आएको देखेका छौ, सूची बनाऊ ।

३. तलको अनुच्छेद पढेर आफ्ना मनमा उब्जेका भावना समेट्दै संवाद तयार पार ।

जल विद्युत् निर्यात नेपालको भाग्य फेर्ने आधार

नेपाल जलस्रोतको भण्डार भएको मुलुक हो । यहाँ ८३ हजार मेगावाट जल विद्युत् उत्पादनको क्षमता छ भन्ने गरिन्छ तर हालसम्म १००० मेगावाट पनि विद्युत् उत्पादन हुन सकेको छैन । १० हजार मेगावाट जल विद्युत् उत्पादन गर्न सकेमा नेपाल विद्युत् निर्यात गरेर धनी र विकसित बन्न सक्छ । नेपालको यो सपना कहिले पुरा होला ?

अभ्यास

१. विकास भनेको के हो ?

२. विकास कसरी हुन्छ ?

३. नेपाललाई विकसित मुलुक बनाउन के गर्नुपर्ला ?

Curriculum Development Centre

पाठ : २

विकास क्षेत्र



विकासलाई समानुपातिक, न्यायोचित र सन्तुलित ढङ्गबाट सञ्चालन गर्न विकास क्षेत्रको अवधारणा आएको हो । यसैअनुरूप नेपाललाई पाँच विकास क्षेत्रमा विभाजन गरिएको छ ।

पूर्वाञ्चल विकास क्षेत्र

पूर्वाञ्चल विकास क्षेत्रले नेपालको पूर्वी क्षेत्रका तिन अञ्चलहरू मेची, कोसी, सगरमाथालाई समेटेको छ । यस विकास क्षेत्रमा उत्तरमा हिमाली प्रदेश, मध्य भागमा पहाडी प्रदेश र दक्षिणमा तराई प्रदेश रहेका छन् । चिया, सुर्ती, उखु यहाँका मुख्य नगदे बाली हुन् । पर्वतारोहण, ञ्याफ्टिङ, मुख्य पर्यटकीय आकर्षण हुन् । यहाँ विश्वको सबैभन्दा अग्लो शिखर सगरमाथा र तेस्रो अग्लो शिखर कन्चनजङ्गा रहेको छ । हलेसी महादेव, बुढासुब्बा, कन्काई, माईस्थान, पाथिभरा यहाँका मुख्य तीर्थस्थल हुन् । अरुण यहाँको मुख्य नदी हो । विर्तामोड, दमक, इटहरी, धनकुटा, धरान, विराटनगर, लाहान, राजविराज यहाँका मुख्य व्यापारिक केन्द्र हुन् ।

मध्यमाञ्चल विकास क्षेत्र

जनकपुर, बाग्मती र नारायणी अञ्चल मिलेर मध्यमाञ्चल विकास क्षेत्र बनेको छ । यहाँ सुर्ती, उखु, तरकारी, कफी, तोरीलगायतका नगदे बाली उब्जाइन्छ । नेपालको राजधानी सहर काठमाडौँ यही विकास क्षेत्रमा रहेको छ । वीरगन्ज, हेटौँडा, चितवन, बनेपा, सिन्धुली, तातोपानीलगायतका व्यापारिक केन्द्रहरू पनि यस विकास क्षेत्रमा रहेका छन् । चिनबाट प्रवेश गर्ने मुख्य नाका कोदारी र भारतबाट प्रवेश गर्ने वीरगन्ज नाका पनि यही विकास क्षेत्रमा पर्छ ।

पश्चिमाञ्चल विकास क्षेत्र

पश्चिमाञ्चल विकास क्षेत्रमा गण्डकी, लुम्बिनी र धवलागिरि अञ्चलहरू रहेका छन् । हिमाली प्रदेशदेखि तराईसम्म फैलिएको यस विकास क्षेत्रमा उखु, कफी, स्याउ, सुन्तलालगायतका नगदे बाली खेती गरिन्छ । पर्वतारोहण, पदयात्रा, जल विहार (ञ्याफ्टिङ) र धार्मिक एवम् ऐतिहासिक स्थलको भ्रमण यहाँका मुख्य पर्यटकीय आकर्षण हुन् । लुम्बिनी, पोखरा, मुस्ताङ, अन्नपूर्ण

शिक्षण सुझाव : विद्यार्थीहरूलाई आफू बसेको विकास क्षेत्रको भौगोलिक अवस्थाको परिचय गराउँदै विकासका सम्भावनाहरूको पहिचान गराउने खालका क्रियाकलापहरू सञ्चालन गराउनुहोस् । साथै नेपालका अन्य विकास क्षेत्रहरूका बारेमा पनि सामान्य जानकारी दिनुहोस् ।

Curriculum Development Centre

संरक्षण क्षेत्र, गोरखा, पाल्पा, रिडी, रेसुङ्गा, ढोरपाटनलगायतका पर्यटकीय स्थल यहाँ रहेका छन् । मर्स्याङ्दी, कालीगण्डकी, नारायणी जस्ता ठुला नदी यस विकास क्षेत्रमा छन् । अन्नपूर्ण, धवलागिरि, माछापुच्छ्रे यहाँका मुख्य हिमालय पर्वत हुन् ।

मध्य पश्चिमाञ्चल विकास क्षेत्र

मध्य पश्चिमाञ्चल विकास क्षेत्र भेरी, कर्नाली, राप्ती अञ्चलहरू मिलेर बनेको छ । यस विकास क्षेत्रको मुख्य नगदे बाली जडीबुटी, कपास, उखु र स्याउ हो । यो नेपालको सबैभन्दा ठुलो विकास क्षेत्र हो । नेपालको सबैभन्दा ठुलो अञ्चल कर्नाली र सबैभन्दा ठुलो जिल्ला डोल्पा पनि यो क्षेत्रमा छ । कर्नाली, भेरी, राप्ती यहाँका मुख्य नदी हुन् । चन्दननाथ, स्वर्गद्वारी यस क्षेत्रका प्रमुख धार्मिक स्थल हुन् भने बर्दिया राष्ट्रिय निकुञ्ज, रारा ताल प्रमुख पर्यटन गन्तव्य हुन् ।

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र

सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा सेती र महाकाली गरी दुई ओटा अञ्चल रहेका छन् । आकारका हिसाबले यो नेपालको सबैभन्दा सानो विकास क्षेत्र हो । महाकाली र सेती यहाँका मुख्य नदी हुन् । यस विकास क्षेत्रमा अपि र सैपाल हिमाल छन् । खप्तड राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा वन्यजन्तु आरक्ष र दोधारा चाँदनी जोड्ने महाकाली नदीको पुल यहाँका आकर्षणहरू हुन् । महाकाली नदीपारि पनि दोधारा र चाँदनी नामका नेपालका दुई गाविसहरू छन् । डँडेलधुरा, धनगढी, महेन्द्रनगर, दिपायल यहाँका मुख्य व्यापारिक केन्द्रहरू हुन् । गहुँ, तोरी र कपास यहाँका मुख्य बालीहरू हुन् ।

क्रियाकलाप

१. तलको तालिका अध्ययन गरी पाँचै विकास क्षेत्रको क्षेत्रफल देखाउने चक्र चित्र बनाऊ :

विकास क्षेत्र	क्षेत्रफल (वर्ग किमि)
पूर्वाञ्चल	२८४५६
मध्यमाञ्चल	२७४१०
पश्चिमाञ्चल	२९३९८
मध्य पश्चिमाञ्चल	४२३७८
सुदूर पश्चिमाञ्चल	१९५३९

२. विकास क्षेत्रहरूलाई क्षेत्रफलका आधारमा ठुलोदेखि सानोसम्मको क्रममा मिलाई तालिकामा देखाऊ ।

३. नेपालको खाली नक्सामा पाँच ओटै विकास क्षेत्र भर र प्रत्येक विकास क्षेत्रलाई फरक फरक रङ लगाऊ ।

अभ्यास

१. पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रका प्रमुख व्यापारिक केन्द्रहरूको नाम लेख ।

२. सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका मुख्य आकर्षणहरू के के हुन् ?

Curriculum Development Centre

पाठ : ३

विकास क्षेत्रको महत्त्व र सङ्घीय राज्य

आज कक्षामा विकास क्षेत्र र सङ्घीय राज्य बारेमा भएको छलफलका केही अंश तल प्रस्तुत गरिएको छ :

विद्यार्थी : सर, विकास क्षेत्रका बारेमा त जानकारी प्राप्त भयो । विकास क्षेत्रको महत्त्वका बारेमा केही बताइदिनुहुन्छ कि ?

शिक्षक : राम्रो जिज्ञासा राख्यौ । नेपालमा विकास क्षेत्रको महत्त्वलाई बुँदागत रूपमा निम्नानुसार भन्न सकिन्छ :

- देशका सबै स्थानमा समानुपातिक विकास गर्नु
- विकेन्द्रीकरणको सिद्धान्तअनुरूप स्थानीय समस्या स्थानीय स्तरबाटै समाधान गर्नु
- सामान्य कार्यका निमित्त पनि केन्द्रसम्म धाउनुपर्ने अवस्थाको अन्त्य गर्नु
- विविधतामा एकता कायम गरी बलियो राष्ट्रिय एकता निर्माण गर्नु
- क्षेत्रीय सन्तुलन कायम गर्नु

विद्यार्थी : हिजोआज पत्रपत्रिका, रेडियो र टेलिभिजनमा सङ्घीयताका बारेमा विभिन्न कुराहरू सुनिन्छ । आज हामीलाई सङ्घीयता भनेको के हो भन्ने विषयमा प्रस्ट पारिदिनुहोस् न, सर ।

शिक्षक : सङ्घीय शासन प्रणालीमा सिङ्गो एक राष्ट्रलाई विभिन्न प्रान्त वा राज्यमा विभाजन गरिएको हुन्छ । राज्यमा केन्द्रीय वा सङ्घीय, प्रान्तीय र स्थानीय गरी तिन तहका सरकार हुन्छन् । केन्द्रमा सङ्घीय सरकार र हरेक प्रान्तमा प्रान्तीय सरकार हुन्छ । यस्तो शासन व्यवस्थामा केन्द्र र प्रान्त दुवै तहमा समानान्तर रूपमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका पनि रहन्छन् । ती दुई तहबिच अधिकार र जिम्मेवारीको बाँडफाँड गरिएको हुन्छ । स्थानीय तहमा विकास निर्माणलगायतका काम गर्न स्थानीय सरकारको व्यवस्था गरिएको हुन्छ ।

शिक्षण सुझाव : नेपालमा क्षेत्रीय विकासको अवधारणाले मात्र विकासको फल देशका कुना कुनाका जनतासम्म पुग्न नसकेको गुनासो छ । त्यसैले सङ्घीयताको माग बढ्दै गएको छ । बाल बालिकाहरूलाई सङ्घीयताको सामान्य अवधारणा जानकारी गराउन व्याख्याभन्दा प्रयोगात्मक क्रियाकलाप गराएर धारणा विकास गराउनुहोस् ।

Curriculum Development Centre

विद्यार्थी : ए मैले बुझेँ सर । हाम्रो विद्यालयमा व्यवस्थापन समिति छ । त्यो चाहिँ केन्द्रीय सरकार जस्तै रहेछ । त्यसअन्तर्गत विभिन्न सदनहरू (शिक्षक र विद्यार्थीका समूहहरू) छन् । ती सदनहरू प्रान्तीय सरकार जस्तै रहेछन् । होइन त सर ?

शिक्षक : तिमीले ठिक भन्यौ । सङ्घ र प्रान्तको हक र दायित्व देशको संविधानमा व्यवस्था भएबमोजिम बाँडफाँड हुने गर्छ । सीमा सुरक्षा, वैदेशिक मामिला, सेना परिचालन, राष्ट्रिय अर्थनीति निर्माण र कार्यान्वयन जस्ता कार्य सङ्घीय सरकारको जिम्मामा हुन्छ । आफ्नो प्रान्तभित्रको आन्तरिक सुरक्षा व्यवस्था मिलाउने, दैनिक प्रशासन सञ्चालन गर्ने कार्य प्रान्त आफैँले गर्छ । विकास नीतिहरू बनाउने, कार्यान्वयन गर्ने र प्राकृतिक स्रोत साधनको प्रयोग गर्ने अधिकार पनि प्रान्तलाई नै हुन्छ ।

विद्यार्थी : त्यसो भए हाम्रो देशमा अहिलेसम्म सञ्चालनमा आएको सङ्घीय व्यवस्था होइन रहेछ ।

शिक्षक : हो, अहिलेसम्म हाम्रो देशमा सङ्घीय शासन प्रणाली लागु भइसकेको छैन ।

क्रियाकलाप

१. कक्षाका विद्यार्थीहरू कम्तीमा चार समूहमा विभाजन होऊ । प्रत्येक समूहबाट एक जना समूह नेता, उपनेता र सदस्य छान । समूहको नाम पनि राख । समूहको आफ्नै नियम बनाऊ र जिम्मेवारी पनि तोक । कक्षा मनिटर, सहायक मनिटर र तिन जना सहयोगी पनि छानी जिम्मेवारी तोक र कक्षाको नियम बनाऊ । कक्षालाई देश र कक्षाका समूहहरू प्रान्त भए मनिटरको समितिलाई केन्द्रीय सरकार मान्न सकिन्छ ।

२. विश्वमा सङ्घात्मक शासन प्रणाली भएका देशहरू विभिन्न स्रोतबाट खोजी तिनीहरूको अवस्थिति एटलसमा पत्ता लगाऊ ।

अभ्यास

१. सङ्घीयता भनेको के हो ?

२. सङ्घीय राज्यको महत्त्वबारे छलफल गरी लेख ।

३. सङ्घीय राज्यका स्वरूपहरू उल्लेख गर ।

४. सङ्घीय सरकार र प्रान्तीय सरकारका तिन तिन ओटा कार्यहरू लेख ।

Curriculum Development Centre

पाठ : ४

खाने पानी



विकासका पूर्वाधारहरूमध्ये खाने पानी पनि एक हो । खाने पानी मानव जीवनका लागि अति आवश्यक छ । विश्वका प्राचीन सभ्यताहरूलाई हेर्ने हो भने पानीको पर्याप्त स्रोत भएका ठाउँमा नै मानव वस्ती केन्द्रित भएको देखिन्छ । जलस्रोतमा सम्पन्न देशहरूमा ब्राजिलपछि नेपाल पर्छ । तर यहाँका अधिकांश ग्रामीण तथा सहरी क्षेत्रका जनताहरूले स्वच्छ खाने पानीको अभाव व्यहोर्नु परेको छ । नेपालमा जुन अनुपातमा जनसङ्ख्या वृद्धि, सहरीकरण र औद्योगिकीकरण भइरहेको छ, सो अनुपातमा स्वच्छ खाने पानीको आपूर्ति हुन सकेको छैन ।

सामान्यतया मानव शरीरमा दुई तिहाइ भाग पानीको मात्रा हुने गर्छ । पानीबाट शरीरका लागि आवश्यक पर्ने लवणलगायत विभिन्न तत्त्वहरू प्राप्त गर्न सकिन्छ । खाने पानीका अतिरिक्त दैनिक घरायसी प्रयोजनका लागि पनि पानी आवश्यक पर्छ । दुषित खाने पानीले हैजा, आउँ, झाडापखला, टाइफाइड, जन्डिस जस्ता सङ्क्रामक रोगहरू लाग्न सक्छ । त्यसबाट देश विकासका लागि आवश्यक पर्ने स्वस्थ जनशक्ति उत्पादनमा समेत बाधा हुन्छ । यस्ता रोगहरूको रोकथाम तथा निराकरणका लागि नागरिक र राष्ट्रले ठुलो रकम खर्च गर्नुपर्ने हुन्छ । यदि स्वच्छ खाने पानी उपलब्ध हुन सकेमा यसका लागि खर्च हुने ठुलो धन राशि जोगिन्छ ।

नेपालका कतिपय स्थानमा खाने पानी लिनका लागि टाढा टाढासम्म धाउनुपर्ने अवस्था छ । यदि उनीहरूलाई स्वच्छ पानी घर घरमै उपलब्ध गराउन सकिएमा समय र श्रमको बचत हुन्छ । उनीहरूले उक्त समय र श्रमलाई अन्य काममा उपयोग गरेर फाइदा लिन सक्छन् । सहरी क्षेत्रमा यो समस्या अझै जटिल छ । यहाँ पर्याप्त धारा नहुनु, भएका धारामा पानी नआउनु, पानी आए पनि पर्याप्त र स्वच्छ पानी नआउनु जस्ता समस्या छन् । तराई क्षेत्रका जनताहरू खाने पानीका लागि भूमिगत जलस्रोतमा भर पर्नुपर्ने अवस्था छ । कतिपय भूमिगत जलस्रोतबाट उपलब्ध हुने पानीमा आर्सेनिक भन्ने विषाक्त रासायनिक तत्त्व पाइएको छ । तराई क्षेत्रमा आर्सेनिक पाइने खाने पानीको धारा वा ट्युबेलमा रातो रङको विशेष चिह्न लगाइन्छ । यस्तो धाराको पानी खान हुँदैन ।

त्यस्तै राष्ट्रिय जल योजनाले सन् २०१५ सम्म सतप्रतिशत जनसङ्ख्यालाई आधारभूत स्तरको खाने पानी सेवा उपलब्ध गराउने लक्ष्य लिएको छ ।

शिक्षण सुझाव : खाने पानीको मितव्ययी प्रयोग र स्रोतहरूका सम्बन्धमा क्षेत्र भ्रमण, भूमिका अभिनय र चेतनामूलक कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउनुहोस् ।

Curriculum Development Centre

क्रियाकलाप

१. तिम्रो समुदायमा खाने पानीका विभिन्न स्रोतहरू पहिचान गरी उक्त स्रोतबाट प्राप्त पानी खान योग्य छ कि छैन, पत्ता लगाऊ । पानी खान योग्य नभएका अवस्थामा खान योग्य बनाउने तरिका चित्र वा प्रयोगात्मक क्रियाकलापद्वारा कक्षामा प्रस्तुत गर ।

२. तिम्रो घरमा प्रयोग हुने पानीको स्रोतको चित्र बनाऊ र कक्षामा प्रदर्शन गर ।

३. तिम्रो विद्यालय वा नजिकको खाने पानीको धारा वरपर सरसफाइ गर्ने कार्यक्रम बनाऊ र शुक्रबारका दिन सरसफाइ गर । यस कार्यलाई महिनाको एक पटक निरन्तर रूपमा सञ्चालन गर ।

४. तल दिइएको खाने पानी कार्यालयको अनुरोध पढी खाने पानीको सदुपयोग गर्न के के गर्नुपर्छ, कक्षामा छलफल गरी प्रस्तुत गर ।

खाने पानी कार्यालयको अनुरोध

तपाईंले बचत गरेको एक गिलास पानीले कसैको जीवन बाँच्न सक्छ । त्यसैले निम्न लिखित कुरामा ध्यान दिऔँ :

- धारा प्रयोग गरिसकेपछि बन्द गर्ने बानी बसालौँ ।
- धारा खुला राखेर अन्य काम नगरौँ ।
- धारामा टुटी राख्ने गरौँ ।
- खाने पानीलाई सिँचाइमा प्रयोग नगरौँ ।
- लुगा धुन र सरसफाइमा आकासे पानीको प्रयोग गरौँ ।
- पानीलाई सिधै नखाऔँ । छानेर, औषधी राखेर, सोडिस गरेर वा उमालेर मात्र खाने बानी बसालौँ ।
- पानी मात्र स्वच्छ भएर हुँदैन । पानी राख्ने भाँडा, पानी थाप्ने स्थान र पानी पिउने भाँडा एवम् हात फोहोर भएमा पानी दुषित भएर रोग लाग्न सक्छ ।
- पानीको मुहान वरपर फोहोर नगरौँ ।
- अपाङ्गता भएका व्यक्ति र बाल बालिकालाई सहज हुने स्थान र उचाइमा धारा राखौँ ।

अभ्यास

१. मानव जीवनमा खाने पानीको महत्त्व बुँदागत रूपमा लेख ।

२. नेपालमा खाने पानीको वर्तमान अवस्था कस्तो छ, चर्चा गर ।

३. तिम्रो घरमा धारामा पानी नआएको हुनाले पानीको लाइन मर्मत गरिदिन खाने पानी समिति वा संस्थानलाई अनुरोध गर्दै एक पत्र लेख ।

Curriculum Development Centre

पाठ : ५

ऊर्जा



बत्ती बाल्न, खाना बनाउन, उपकरणहरू चलाउन र कलकार खाना चलाउन शक्तिको आवश्यकता पर्छ । आगो, बाल्न, हिटर बाल्न र मेसिन घुमाउन शक्तिका रूपमा हामी ऊर्जाको प्रयोग गरिरहेका हुन्छौँ । यस्तो ऊर्जा जल विद्युत्, जेनरेटर, सौर्य शक्ति, बायोग्यास, दाउरा, कोइला, प्राकृतिक ग्यास, पानी घट्ट, वायु शक्ति, ब्याट्री जस्ता स्रोतहरूबाट प्राप्त हुन्छ । त्यस्तै आणविक भट्टी, पेट्रोलियम पदार्थ, जैविक र फोहोरजन्य पदार्थ आदिबाट पनि ऊर्जा प्राप्त हुन्छ ।



हाम्रो दैनिक क्रियाकलापका लागि ऊर्जाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । घरायसी उपयोग, कार्यालय सञ्चालन गर्न, अस्पतालमा विभिन्न उपकरण चलाउन, औद्योगिक प्रयोजनका लागि समेत ऊर्जाको आवश्यकता पर्छ । त्यसकारण ऊर्जा मानव जीवनका लागि नभई नहुने आवश्यकता बनेको छ । विकसित देशमा ऊर्जाको खपत बढी हुन्छ । त्यसैले ऊर्जा विकास मानिसको सुख, संवृद्धि र आर्थिक विकाससँग सम्बन्धित छ ।



नेपालमा ऊर्जा उत्पादनका प्रशस्त सम्भावनाहरू छन् । भिरालो सतहबाट अटुट रूपमा बग्ने नदीहरू प्रशस्त भएकाले नेपालमा ८३ हजार मेगावाट जल विद्युत् उत्पादन हुन सक्ने क्षमता रहेको छ । यसमध्ये करिब ४३ हजार मेगावाट जल विद्युत् उत्पादन गर्न आर्थिक तथा प्राविधिक दृष्टिकोणबाट सम्भव देखिएको छ । तर हालसम्म एक हजार मेगावाट विद्युत् पनि उत्पादन गर्न सकिएको छैन । नेपालमा हालसम्म उत्पादित जलविद्युत् विशेष गरी सहरी क्षेत्रमा बढी उपयोग भइरहेको छ । ग्रामीण एवम् दुर्गम क्षेत्रहरूमा भरपर्दो ऊर्जाको पहुँच पुग्न सकिरहेको छैन ।

क्रियाकलाप

१. तिम्रो घरमा के के कार्यका निम्ति ऊर्जाको प्रयोग गरिन्छ, सूची बनाऊ ।

२. तल बाकसमा दिइएको नागरिकले ध्यान दिनुपर्ने कुराहरू पढी अरूलाई सचेत गराऊ । यी बुँदाहरूमध्ये राम्रो लागेको बुँदा ठुला अक्षरमा लेखी सार्वजनिक स्थलमा टाँस ।

शिक्षण सुझाव : यस पाठमा समुदायमा सञ्चालित नवीकरणीय वैकल्पिक ऊर्जा प्रविधि, लघु जल विद्युत परियोजना जस्ता स्थानहरूको भ्रमण गराउनुहोस् ।

Curriculum Development Centre

जिम्मेवार नागरिकले निम्न लिखित कुरामा ध्यान दिनु जरुरी छ :

- घरमा कम विद्युत् उपयोग गर्ने उपकरणहरूको प्रयोग गर्ने
- विद्युत कम चाहिने सिएफएल चिम वा लिड बत्तीको प्रयोग गर्ने
- कोठामा सेतो वा पहेँलो रङको प्रयोग गर्ने
- सुधारिएको चुलो प्रयोग गर्ने
- ग्यास प्रयोग गर्दा झ्याल खोल्ने र प्रयोग गरिसकेपछि रेगुलेटर बन्द गर्ने
- गुइँठा बाल्नुभन्दा गोबर ग्यासको प्रयोग गर्ने

३. एक क्षण सोच त :

(क) विद्युत् नभए के होला ?

(ख) अहिले भर्खरै विश्वमा पेट्रोल सकियो भन्ने समाचार प्रसारित भयो भने के होला ?

(ग) यदि पेट्रोलियम पदार्थ (पेट्रोल, डिजेल, हवाई इन्धन, मट्टीतेल, खाना पकाउने ग्यास) सकियो भने कस्तो अवस्था होला ?

४. नेपाल जलस्रोतको धनी मुलुक हो । यसबाट जल विद्युत् उत्पादन गरेर विदेशमा निकासी गर्न सकिन्छ । नेपाल बिजुली बेचेर विश्वका धनी र विकसित मुलुकको लहरमा उभिन सक्छ । यसका निमित्त कसले के गर्नुपर्ला, आफ्नो विचार देऊ ।

अभ्यास

१. ऊर्जाको परिचय दिई यसका स्रोतहरू उल्लेख गर ।

२. ऊर्जाको महत्त्व बुँदागत रूपमा लेख ।

३. नेपालमा ऊर्जा सङ्कट उत्पन्न हुन नदिने पाँच ओटा उपाय लेख ।

४. तलको बाकसका कुराहरू अध्ययन गरी नवीकरणीय ऊर्जाको महत्त्व झल्काउने चार्टको नमुना तयार गर ।

के तपाईं लोडसेडिङको समस्या भोगिरहनुभएको छ ? चिन्ता नलिनुहोस् । अब तपाईंको घरमा कहिल्यै बत्ती निभ्ने छैन । सोलार प्यानलले तपाईंलाई कहिल्यै पनि नसकिने सौर्य ऊर्जा उपलब्ध गराइरहन्छ । किन्दा महँगो लाग्ने तर महिनै पिच्छे पैसा तिरिरहनु नपर्ने हुन्छ । नि:शुल्क प्राप्त हुने सौर्य ऊर्जाको उपभोग बढाउनेतर्फ अग्रसर हुनुहोस् । तपाईंको आवश्यकताअनुसारको क्षमतामा पाउनु हुने छ । यसबाट बत्ती बाल्न, रेडियो सुन्न, मोबाइल फोन चार्ज गर्न, कम्प्युटर चलाउन र टिभी हेर्नसमेत सकिने हुन्छ ।

के तपाईं अत्यन्त वायु चल्ने स्थानमा बस्नुहुन्छ ?

हामीसँग अर्को विकल्प पनि छ । सित्तैमा खेर गइरहेको हावालाई ऊर्जामा बदल्न सकिन्छ । नि:शुल्क प्राप्त हुने ऊर्जाको उपभोग बढाउन सकिन्छ । हामी वायुबाट बिजुली निकाल्ने उपकरण जडान गरिदिने छौँ । अब लोडसेडिङको चिन्ता छाडौँ । वैकल्पिक ऊर्जा रोजौँ ।

वैकल्पिक ऊर्जा विकास कार्यक्रम

सामुदायिक कार्य

तिम्रो घरपरिवार, विद्यालय वा समुदायमा प्रयोग भएका विभिन्न किसिमका ऊर्जाहरूको नाम सङ्कलन गरी कुन कुन कार्यका लागि तिनको प्रयोग गरिएको छ, लेख ।

Curriculum Development Centre

पाठ : ६

जनशक्ति



मानिस, परिवार, समुदाय वा देशको समग्र पक्षमा हुने सकारात्मक परिवर्तनलाई विकास भनिन्छ । यो दीर्घकालसम्म निरन्तर चलिरहने प्रक्रिया हो । यही विकासकै परिणाम स्वरूप हिजोका हाम्रा पुर्खाहरूको जीवन स्तरभन्दा आज हाम्रो जीवन स्तरमा सुधार आएको छ । विकास नभएको भए हामी र हाम्रा पुर्खाहरूको जीवन पद्धति आजको अवस्थामा आउने थिएन । देशको सामाजिक र आर्थिक विकासका लागि मानव संसाधनलाई एउटा महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ ।

शिक्षा, ज्ञान, सिप र अनुभव प्राप्त, शारीरिक रूपमा स्वस्थ र मानसिक रूपमा सचेत एवम् विवेकशील सक्रिय जनसङ्ख्यालाई मानव संसाधन भनिन्छ । मानव साधनलाई जनशक्ति, श्रमशक्ति अथवा मानव पुँजी पनि भन्ने गरिन्छ । मानव संसाधनलाई अदक्ष, अर्धदक्ष र दक्ष गरी तिन भागमा विभाजन गर्न सकिन्छ । देश विकासका लागि सबै प्रकारका जनशक्तिको आवश्यकता पर्छ । जनशक्ति आफैँ देश विकासका लागि पर्याप्त भने होइन । यसका लागि देशमा अन्य स्रोत र साधनहरू पनि उपलब्ध हुनुपर्छ । विभिन्न किसिमका जनशक्तिको परिचालनबाट देशमा उपलब्ध साधन र स्रोतको समुचित सदुपयोग हुन जान्छ ।

देशको समग्र विकासका लागि सबै क्षेत्रको समानुपातिक विकास हुनुपर्छ । स्वास्थ्य क्षेत्रको विकासका लागि महिला स्वास्थ्य स्वयम्सेविका, ग्रामीण स्वास्थ्य कार्यकर्ता, मातृशिशु कार्यकर्ता, स्वास्थ्य सहायकको आवश्यकता पर्छ । त्यस्तै परिचारिका (नर्स), ल्याब एसिस्टेन्ट, वैद्य, कविराज, डाक्टर, फर्माकोलोजिस्ट, प्रशासक आदिको आवश्यकता पर्छ ।

शिक्षण सुझाव : यस पाठमा जनशक्तिसँग सम्बन्धित विभिन्न चित्र, चार्टको प्रयोग गरी अदक्ष, अर्धदक्ष र दक्ष जनशक्तिका बारेमा कक्षामा छलफल गराउनुहोस् ।

Curriculum Development Centre

कृषि क्षेत्रको विकासका लागि कृषक, जे. टी. ए., जे. टी., कृषि मजदुर आदिको आवश्यकता पर्छ । कृषकलाई तालिमको व्यवस्था गर्न सकिएमा नेपालमा राम्रो सम्भावना भएको मत्स्य पालन व्यवसाय फस्टाउन सक्छ । त्यस्तै फलफुल खेती, तरकारी खेती, पशुपक्षी पालन, पुष्प व्यवसाय आदि सफलतापूर्वक सञ्चालन हुन सक्छ । स्वास्थ्य, कृषि, शिक्षा, पर्यटन, निर्माण उद्योग, यातायात, सञ्चार जस्ता क्षेत्रको विकासको पनि प्रशस्त सम्भावना छ । यसका लागि यिनै क्षेत्रसँग सम्बन्धित जनशक्तिको आवश्यकता पर्छ । तर सिपयुक्त जनशक्तिको अभावले गर्दा यी क्षेत्रको विकासमा हामी पछि परेका छौँ ।

अर्थतन्त्रका क्षेत्रहरूमध्ये कृषि, व्यापार, निजामती सेवालगायतका क्षेत्रमा जनशक्तिको पर्याप्तता भए पनि औषधी विज्ञान, इन्जिनियरिङ, सञ्चारलगायतका क्षेत्रमा जनशक्ति न्यून छ । यी क्षेत्रमा आवश्यक जनशक्तिको अभावले विकासका क्रियाकलाप सुचारु रूपले सञ्चालन हुन सकेका छैनन् । समाजमा काम सानो वा ठुलो भन्ने भेदभाव कायम रहेमा बेरोजगारीको समस्या बढ्दै जान्छ । समाजमा सबै किसिमका काम र जनशक्तिको समान महत्त्व छ भन्ने भावनाको विकास हुनु आवश्यक छ । कुनै एक किसिमको जनशक्तिको अभावले पनि हाम्रो जीवन कठिन हुन जान्छ र देशको विकासमा बाधा उत्पन्न हुन जान्छ । सबै जनताले आफ्नो ज्ञान र सिप प्रयोग गरेर सिर्जनशील, दक्ष र इमान्दारीपूर्वक काम गरेमा मात्र देशको विकास हुन्छ । दक्ष जनशक्तिको विकासका लागि शिक्षा तथा तालिमको आवश्यकता पर्छ । शिक्षा र तालिमले व्यक्तिलाई सिर्जनशील, उत्तरदायी, सहयोगी, स्वावलम्बी र विवेकशील बनाउँछ ।

नेपालको आर्थिक विकासको दर बढाउन विज्ञान र प्रविधिका क्षेत्रमा सिपयुक्त सिर्जनशील एवम् योग्य जनशक्ति उत्पादन गर्नुपर्ने देखिन्छ । राज्यले हरेक क्षेत्रको विकासका नीति र रणनीति तथा योजनाको निर्माण र प्रभावकारी कार्यान्वनका लागि आफ्नै देशको मानव स्रोतमाथि भर पर्नुपर्छ ।

क्रियाकलाप

१. तिम्रो समुदायमा कुन कुन किसिमका जनशक्ति छन्, तिनको सूची बनाऊ ।

२. तिमी भविष्यमा देश विकासका लागि कस्तो किसिमको जनशक्ति बन्न चाहन्छौ, कारण देऊ ।

अभ्यास

१. देशको विकासमा जनशक्तिको भूमिकाबारे व्याख्या गर ।

२. नेपालमा आर्थिक र सामाजिक विकासका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न के कस्ता प्रयासहरू भएका छन् ?

३. दक्ष जनशक्ति र अदक्ष जनशक्तिमा के भिन्नता हुन्छ, उल्लेख गर ।

Curriculum Development Centre

पाठ : ७

नेपालमा विकास आयोजना

नेपालमा सडक, खाने पानी, सञ्चार, विद्युत्, सरसफाइ, शिक्षा, स्वास्थ्यसँग सम्बन्धित आयोजनाहरू सञ्चालन भइरहेका छन् । तीमध्ये कतिपय सम्पन्न भइसकेका छन् भने कतिपय सञ्चालन हुने तयारीमा छन् । यस्ता आयोजनाका केही उदाहरण यस प्रकार छन् :

पश्चिम नेपालमा ग्रामीण खाने पानी तथा सरसफाइ आयोजना : पश्चिम नेपालको ग्रामीण क्षेत्रमा खाने पानी र सरसफाइको अवस्था सुधारका लागि फिनल्यान्ड सरकारको सहयोगमा नेपाल सरकारले पश्चिमाञ्चलका धवलागिरि, गण्डकी, लुम्बिनी र मध्य पश्चिमाञ्चलको राप्ती अञ्चलमा यो आयोजना सञ्चालन गरेको छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम : नेपाल सरकारले ७५ ओटै जिल्लामा यो कार्यक्रम सञ्चालन गरेको छ । यसले विद्यालयबाहिर रहेका सबै बाल बालिकालाई शिक्षामा पहुँच विस्तार गर्ने र शैक्षिक संरचनामा सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने जस्ता उद्देश्यहरू लिएको छ । यस कार्यक्रमलाई विभिन्न दातृ निकायको पनि सहयोग प्राप्त छ । यसअन्तर्गत विद्यालयको भौतिक पूर्वाधार विकास, बाल विकास केन्द्रको स्थापना, पाठ्यक्रम, शिक्षक तालिम, परीक्षा प्रणालीमा सुधार जस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

धुलिखेल-सिन्धुली-बर्दीबास सडक आयोजना : मित्र राष्ट्र जापानको अनुदान सहयोगमा धुलिखेल-सिन्धुली-वर्दीबास सडक आयोजना सञ्चालनमा रहेको छ । सन् १९९६ को नोभेम्बरदेखि सडक निर्माण कार्य सुरु गरेको यस आयोजनाको मुख्य उद्देश्य पूर्वी तराईका जिल्लाहरूलाई सडकमार्फत् राजधानी काठमाडौँसँग जोड्नु रहेको छ । यस मार्गले त्यस क्षेत्रका जनताको सामाजिक र आर्थिक परिवर्तन ल्याउने विश्वाससमेत गरिएको छ । यस सडकको लम्बाइ १५८ किमि हुने अनुमान छ । यसलाई काठमाडौँ जोड्ने वैकल्पिक मार्गका रूपमा समेत लिइएको छ ।

नेपालका ७५ ओटै जिल्लामा विद्युत् लाइन पुग्यो

नेपालका ७५ जिल्लामध्ये मुगु जिल्ला विद्युत्बाट वञ्चित थियो । विकट भौगोलिक अवस्था र यातायातको असुविधाका कारण लामो समयसम्म पनि त्यहाँ विद्युत् वितरण गर्न सकिएको थिएन । यहाँ वि. सं. २०५८ मा निर्माण सुरु भएको अगमगाढ खोला विद्युत् आयोजना अधुरो अवस्थामा छाडिएको थियो । नेपाल विद्युत् प्राधिकरणले यस आयोजनालाई आफ्नै प्रयासमा सम्पन्न गरेपछि त्यहाँ बिजुली पुगेको हो । हाल मुगुका पाँच गाविसले यो सुविधा पाएका छन् । नेपालमा वि. सं. १९६८ मा सर्वप्रथम विद्युत् उत्पादन सुरु भएको थियो । यसको १०० वर्ष पुगेकै वर्ष नेपालमा ७५ ओटै जिल्लामा विद्युत् पुगेको छ ।

शिक्षण सुझाव : नेपालमा सञ्चालित विभिन्न विकास आयोजनाहरूका बारेमा पत्र पत्रिकाहरूमा प्रकाशित समाचारहरू सङ्कलन गर्न लगाई कक्षामा छलफल गराउनुहोस् ।

Curriculum Development Centre

क्रियाकलाप

१. नेपालमा सञ्चालित विकास आयोजनाहरूका सम्बन्धमा समाचारका नमुनाहरू बनाऊ र कक्षामा प्रस्तुत गर ।

२. तिम्रो समुदायमा पनि विकास आयोजनाहरू सञ्चालन भएका होलान् । यी आयोजनाहरूका बारेमा आफ्ना अभिभावक वा छरछिमेकका जानकार व्यक्तिसँग सोध । उक्त विकासका कार्य कसरी, कसले, कहिले र के गरेका रहेछन् भन्ने सम्बन्धमा प्रतिवेदन तयार पारी कक्षामा सुनाऊ ।

३. विकास आयोजनाहरूको सञ्चालनबाट हामीहरूलाई के कस्ता फाइदा पुग्ने रहेछ भन्ने सम्बन्धमा समूहमा छलफल गरी निष्कर्ष निकाल ।

४. तिम्रो समुदायमा के कस्ता विकासका कार्यहरू आवश्यक होलान् ?

अभ्यास

१. पश्चिम नेपालमा ग्रामीण खाने पानी तथा सरसफाइ आयोजनाको मुख्य काम उल्लेख गर ।

२. विद्यालय क्षेत्र सुधार कार्यक्रमले के कस्ता कार्यक्रमहरू सञ्चालन गरेको छ ?

३. धुलिखेल-सिन्धुली-बर्दीबास सडक आयोजनाको मुख्य उद्देश्य के हो ?

सामुदायिक कार्य

समूहमा विभाजन भई आफ्नो समुदायमा सञ्चालित कुनै विकास कार्य वा परियोजना स्थलको अध्ययन भ्रमण गर । भ्रमणका आधारमा प्रतिवेदन तयार पारी कक्षामा प्रदर्शन गर । भ्रमण गर्न नसकिएमा स्थानीय स्तरमा काम गर्ने गैर सरकारी संस्था वा समाजसेवीलाई भेट । समुदायमा सञ्चालित गाविस वा गैर सरकारी संस्थाका क्रियाकलाप र त्यसले जनतालाई भएको फाइदाका सम्बन्धमा छलफल गर ।

Curriculum Development Centre

पुनरवलोकन अभ्यास

१. तल दिइएको तालिकाबाट खाने पानीको त्रिवर्षीय परिमाणात्मक लक्ष्य अध्ययन गरी सोधिएका प्रश्नको जवाफ देऊ :

क्र. स.	विवरण	वर्तमान स्थिति	त्रिवर्षीय लक्ष्य
१.	आधारभूत खाने पानी सेवा कुल लाभान्वित जनसङ्ख्या (प्रतिशतमा)	८०	८५
२.	मध्य/उच्च स्तरको खाने पानी सेवा कुल लाभान्वित जनसङ्ख्या (प्रतिशत)	१०.५	१५

(क) आधारभूत खाने पानी सेवा ८० प्रतिशतबाट ८५ प्रतिशत पुऱ्याउन के कस्ता कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ ?

(ख) उच्च स्तरको खाने पानी सेवा तिन वर्षमा लक्ष्यमा पुग्न सम्भव छ वा छैन, आफ्नो विचार प्रस्तुत गर ।

२. एटलस, सन्दर्भ सामग्रीहरू र पाठका आधारमा तलको तालिका भर :

विकास क्षेत्र	व्यापारिक केन्द्र	पर्यटकीय स्थल	प्रसिद्ध कुरा	खनिज	कृषि उत्पादन

३. तलका प्रश्नको छोटो उत्तर देऊ :

(क) वैकल्पिक ऊर्जाको महत्त्व सम्बन्धमा संवाद तयार गर ।

(ख) 'स्वच्छ खाने पानी स्वच्छ जीवन' शीर्षकमा गीत वा कविता लेखी कक्षामा प्रस्तुत गर ।

(ग) दक्ष जनशक्तिको महत्त्व उल्लेख गर ।

Curriculum Development Centre

एकाइ : दुई

हाम्रो सामाजिक मूल्य र मान्यता



सिकाइ उपलब्धि

यस एकाइका अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

- नेपालको सामाजिक तथा धार्मिक परम्परा र प्रचलनहरूको खोजी गरी संरक्षण कार्यमा सहभागी हुन
- विविधतामा एकताका रूपमा नेपालको परिचय दिई सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न
- नेपालका राष्ट्रिय सम्पदाहरूको पहिचान गरी संरक्षण कार्यमा सहयोग गर्न
- विभिन्न अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको कामबाट प्रेरणा लिन

Curriculum Development Centre

पाठ : १

नेपालका सामाजिक परम्परा र प्रचलन

कक्षामा प्रवचन कार्यक्रम चल्दै छ । नेपाली समुदायमा छरिएर रहेका विभिन्न परम्परा र प्रचलनका सम्बन्धमा वक्ताहरू पालैपालो बोलिरहेका छन् ।

ज्ञानी महर्जन : आदरणीय सभाध्यक्षज्यू,

नेवार समुदायमा प्रचलित एक महत्त्वपूर्ण परम्परा गुठी हो । नेपालमा गुठी परम्पराको विकास लिच्छवि कालको गोष्ठीबाट भएको मानिन्छ । संस्कृतिको संरक्षण, धार्मिक सम्पत्तिको व्यवस्थापन र रेखदेख, जात्रा, जन्म र मृत्यु संस्कार आदिमा गुठीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । गुठीमा प्रतिनिधित्व गर्ने घर मूलीलाई गुठियार र गुठीका मुख्य व्यक्तिलाई थकाली भनिन्छ । गुठीका गुठियारहरू बिचमा कामको बाँडफाँड गरिएको हुन्छ । देवाली गुठी, सना गुठी, सि गुठी आदि नेवार समुदायमा प्रचलित गुठीहरू हुन् ।

धनबहादुर मगर : आदरणीय शिक्षक र साथीहरू,

मगर समुदायमा कुनै सामाजिक लक्ष्य प्राप्त गर्ने उद्देश्यले सङ्गठित संस्थालाई भेजा भनिन्छ । भेजाले मगर समुदायमा धार्मिक, कृषि, आर्थिक, सामुदायिक एकता र मनोरञ्जन जस्ता कार्यहरूलाई व्यवस्थापन, सञ्चालन र नियन्त्रण गर्छ । समुदायका वरिष्ठ व्यक्तिलाई भेजाका सदस्यहरूको बैठकले मुखियाका रूपमा छनोट गर्छन् । भेजाले पुराना रीतिरिवाजमा परिमार्जन र पुजारीको छनोट गर्छ ।

शिक्षण सुझाव : पाठमा उल्लेख गरिए जस्तै स्थानीय समुदायमा विभिन्न सामाजिक प्रचलनहरू रहेका हुन सक्छन् तिनले उक्त समुदायको आर्थिक, सामाजिक एवम् सांस्कृतिक उत्थानमा सहयोग पुऱ्याउँछन् । त्यस्ता सामाजिक परम्पराहरूको खोजी गरी तिनीहरूको महत्त्व र संरक्षणका उपायबारे छलफल गराउनुहोस् ।

Curriculum Development Centre

नथुनी थारु : उपस्थित महानुभावहरू,

नेपालको थारु समुदायमा बडघर प्रथा प्राचीनकालदेखि चलिआएको छ । गाउँ वा समुदायको प्रमुख व्यक्तिलाई जनाउने शब्द नै बडघर हो । गाउँ वा समुदायमा एकता कायम गराउन, जन्म, मृत्यु आदि संस्कार सम्पन्न गराउन र सामाजिक नियमको पालना गराउन बडघरले नेतृत्व गर्छ । प्रत्येक वर्ष थारु समुदायले माघ महिनामा बडघरको छनोट गर्छन् ।

पहलमान गुरुङ : आदरणीय गुरु र साथीहरू,

रोदी गुरुङ समुदायमा प्रचलित एउटा सामाजिक परम्परा हो । घर मूलीको निर्देशनमा साँझको समयमा युवायुवतीहरू रोदीघरमा जम्मा भई नाचगान गर्छन् । रोदीघरमा हुने भेटघाटले समुदायमा आपसी सम्बन्ध बलियो बनाउँछ । रोदीघरमा भोलिपल्ट कहाँ र कस्तो काम गर्ने भन्ने विषयमा पनि छलफल हुन्छ ।

क्रियाकलाप

१. समुदाय र समुदायका सदस्यहरूलाई फाइदा पुऱ्याउने यस्ता परम्परा र प्रचलनहरू संरक्षण गर्ने उपाय सम्बन्धमा आफ्नो बेन्चका साथीहरूबिचमा छलफल गरी बुँदाहरू तयार पार ।

२. सामाजिक परम्परा शीर्षकमा गीत वा पोस्टर तयार पार र भित्ते पत्रिकामा प्रदर्शन गर ।

३. तलको समाचार अध्ययन गरी आफ्नो समुदायमा प्रचलित यस्तै कुनै एक प्रचलनका सम्बन्धमा एक समाचार तयार पार ।

ढिकुटीले सन्तुको जीवन परिवर्तन

पोखरा, ६ असोज - थाकखोलाकी सन्तु हिराचनको जीवनमा ठुलो परिवर्तन आएको छ । आफ्नो खेतबारीको आम्दानीले वर्ष दिन धान्न कठिनाइ भोगिरहेकी सन्तुले समुदायको ढिकुटीमा थोरै थोरै रकम जम्मा पार्दै आइरहेकी थिइन् । छ महिनापछि उनले एकमुष्ट रकम प्राप्त गरिन् । सो रकमले पसल सञ्चालन गर्न थालिन् । उनी आज परिवारको आवश्यकता सजिलै पुरा गर्न सक्छिन् । थकाली समुदायमा प्रचलित ढिकुटीलाई ढिकुरी अथवा ढिकुर पनि भनिन्छ । आलोपालो गरी सदस्यहरूले ढिकुटीको कोषमा रहेको नगद वा जिन्सी उपयोग गर्छन् । ढिकुटी सञ्चालकलाई घोपा भनिन्छ । घोपा नै ढिकुटीको जिम्मेवार मानिन्छ । यसका सदस्यबिच विश्वासको वातावरण हुनुपर्छ ।

४. हिजोआज ढिकुटीको नाममा आर्थिक सङ्कलन गरी ठगी भएका समाचारहरू पनि सुन्नमा आउने गरेको छ । हाम्रो परम्परालाई जोगाउँदै यस्ता ठगीबाट बच्न के कस्ता सावधानी अपनाउनु पर्ला, सूची तयार गरी प्रस्तुत गर ।

अभ्यास

१. भेजा, बडघर, रोदी र गुठीबिचका समानता र भिन्नताहरू उल्लेख गर ।

२. नेपालमा प्रचलित सामाजिक प्रचलनहरूको महत्त्वमाथि प्रकाश पार ।

सामुदायिक कार्य

तिम्रो समुदायका सामाजिक परम्परा र प्रचलनहरूको खोजी गरी तिनको संरक्षणका उपायहरूबारे समुदायमा छलफल गर र प्राप्त निष्कर्षहरू कक्षामा प्रस्तुत गर ।

Curriculum Development Centre

पाठ : २

नेपालमा प्रचलित धर्महरू

धर्म भन्नाले आनीबानी र आचरण सुधार गरी जीवनलाई सहज बनाउने संस्थागत अभ्यासको धारणा हो । नेपालमा प्रचलित मुख्य धर्महरू निम्नानुसार छन् :

हिन्दु धर्म : हिन्दु धर्म सनातनदेखि चलिआएको धर्म हो । हिन्दु धर्मावलम्बीहरू भगवान्का विभिन्न रूप र अवतारहरू छन् भन्ने कुरामा विश्वास गर्छन् । हिन्दुहरू धर्म गरे स्वर्ग पुगिन्छ र पाप गरे नर्क परिन्छ भन्ने विश्वास गर्छन् । त्यसैले दया गर्नु, सत्य बोल्नु, अरूलाई सहयोग गर्नु, माया गर्नु, इमानदारिता र असल आचरणलाई धर्म मानिएको छ । वेद, पुराण, महाभारत, गीता, रामायण आदि हिन्दु धर्मग्रन्थ हुन् । दसैं, तिहार, छठ, होली आदि यस धर्मका मुख्य चाडपर्वहरू हुन् ।

बौद्ध धर्म : नेपालको लुम्बिनी भगवान् बुद्धको जन्म स्थल हो । सत्य बोल्नु, हिंसा नगर्नु, चोरी नगर्नु, खराब आचरण नगर्नु, झुटो नबोल्नु, मादक पदार्थ सेवन नगर्नु र धर्ममा श्रद्धा राख्नु बुद्धका उपदेशहरू हुन् । बौद्ध धर्मावलम्बीहरूले प्रार्थना र अध्ययन गर्ने स्थानलाई विहार र गुम्बा भनिन्छ । त्रिपिटक र जातक कथा बौद्ध धर्मका ग्रन्थ हुन् । वैशाख पूर्णिमा बौद्ध धर्मको महान् पर्व हो ।

किराँत धर्म : किराँत धर्म निकै प्राचीन धर्म हो । यस धर्मअनुसार आगो, रुख, पहाड, जङ्गल, नदी आदिको पूजा गरिन्छ । किराँतहरूको धार्मिक स्थललाई मार्गाथान पनि भन्ने गरिन्छ । फाल्गुनन्द लिङ्देनलाई यस धर्मका गुरु मानिन्छ । उधौली र उभौली किराँत धर्मावलम्बीहरूको मुख्य पर्व हो । मुन्धुम किराँत धर्मको धर्म ग्रन्थ हो । पारुहाङ र सुम्निमालाई मुख्य देवताका रूपमा पूजा गरिन्छ ।

इसाई धर्म : जिसस क्राइस्ट (यिसु ख्रिस्ट) द्वारा प्रतिपादित इसाई धर्मलाई क्रिश्चियन धर्म पनि भनिन्छ । क्रिस्चियन धर्मको धर्म ग्रन्थ बाइबल हो । इसाई धर्मको प्रार्थना स्थललाई चर्च भनिन्छ । यस धर्मको सबैभन्दा ठुलो पर्व क्रिस्मस हो । क्षमा गर्नु, असल आचरण गर्नु, अरूलाई सहयोग गर्नु, दुःखीहरूको सेवा गर्नु यस धर्मका मुख्य उपदेश हुन् ।

इस्लाम धर्म : इस्लाम धर्मावलम्बीहरू हजरत मोहम्मदलाई मान्छन् । उनले विश्वका मानिसलाई दुःखबाट मुक्त गर्न उपदेशहरू दिए । दान गर्नु, असल आचरण गर्नु, सत्यको पक्षमा लाग्नु, दुःखीहरूको सेवा गर्नु, धर्मको रक्षा गर्नु यस धर्मका उपदेश हुन् । इस्लाम धर्मावलम्बीहरू अल्लाह वा खुदालाई मान्छन् र आफ्नो धर्म ग्रन्थलाई कुर्आन भन्छन् । यस धर्मको धार्मिक स्थललाई मस्जिद भनिन्छ । इद, बकर इद, रमजान यस धर्मका मुख्य पर्वहरू हुन् ।

सिक्ख धर्म : गुरु नानकद्वारा प्रतिपादित सिक्ख धर्मको मुख्य धर्म ग्रन्थ गुरु ग्रन्थ साहिब हो । सिक्खहरू मूर्ति पूजा गर्दैनन् । भगवान्को वाणी (उपदेश) का रूपमा पनि गुरु ग्रन्थ साहिबलाई लिने

शिक्षण सुझाव : नेपालमा प्रचलित विभिन्न धर्महरूसँग सम्बन्धित चित्र तस्बिर प्रदर्शन गर्दै धर्महरूका बारेमा छलफल गराउनुहोस् ।

Curriculum Development Centre

गरिन्छ । सिक्खहरूको भजन र प्रार्थना गर्ने स्थानलाई गुरुद्वारा भनिन्छ । गुरुवाणीको पालना गर्नु, दु:खीको सेवा गर्नु, हिंसा नगर्नु, सबैसँग मैत्री भाव राख्नु र धर्मको रक्षा गर्नु सिक्ख धर्मका मुख्य उपदेश हुन् ।

माथि प्रस्तुत गरिएका मुख्य धर्महरू बाहेक अन्य धर्महरू, जस्तै : जैन, बहाइ, सिन्तो, ताओ आदि धर्म पनि विश्वमा प्रचलनमा रहेको पाइन्छ । नेपालमा हालसम्म धार्मिक विवादहरू भएको पाइँदैन । हिन्दु राष्ट्रका रूपमा रही आएको नेपाल वि. सं. २०६३ जेठ ४ मा धर्म निरपेक्ष राष्ट्रका रूपमा घोषणा भयो । धर्म निरपेक्ष भनेको जनताले जुनसुकै धर्म माने पनि राज्यले हस्तक्षेप नगर्ने पद्धति हो । नेपालीहरू एक अर्काको धर्मको सम्मान गर्छन् । आपसमा मिलेर बस्छन् । एक अर्काका धार्मिक क्रियाकलापमा सहभागी हुन्छन् । यसैलाई धार्मिक सहिष्णुता भनिन्छ ।

क्रियाकलाप

१. कक्षामा विभिन्न धर्मका विद्यार्थी हुन सक्छन् । एक धर्मको एक समूह बनाऊ । एउटै समूहमा धेरै विद्यार्थी भए त्यसलाई पनि दुई तिन समूह बनाऊ । प्रत्येक समूहले आआफ्नो धर्म, संस्कृति, चाड पर्व, प्रचलन आदिका बारेमा विवरण वा बिगबुक तयार पारी कक्षामा प्रस्तुत गर । यदि एउटै धर्मका विद्यार्थी मात्र भएमा एक समूहले एक धर्मका बारेमा खोजी गरी यस्तै सामग्री तयार पार ।

२. समुदायमा विभिन्न धर्म मान्ने व्यक्तिलाई भेट्ने कार्यक्रम बनाऊ । उनीहरूसँग सम्बन्धित धर्मका सम्बन्धमा छलफल वा अन्तरक्रिया गर ।

अभ्यास

१. सबै धर्मका समान र फरक कुराहरू तलको तालिकामा देखाऊ :

समान कुरा	फरक कुरा					
	हिन्दु	बौद्ध	इस्लाम	इसाई	किरात	सिक्ख
उपदेश						
धर्म ग्रन्थ						

२. आआफ्ना धर्मका आदर्शहरू के के हुन्, लेख ।

Curriculum Development Centre

पाठ : ३

सामाजिक सद्भाव

आजको कक्षामा वक्तृत्व कला प्रतियोगिताका वक्ताहरू आआफ्नो तर्कसहित मन्तव्य दिन तयार छन् ।

उद्घोषक : अब पहिलो वक्ताका रूपमा विनोद श्रेष्ठ आफ्नो भनाइ राख्दै हुनुहुन्छ ।

विनोद श्रेष्ठ : आदरणीय सभापतिज्यू, निर्णायक मण्डल र विद्यार्थी साथीहरू । आज हाम्रो कक्षामा हुन गइरहेको 'सामाजिक सद्भाव नेपालीको स्वभाव' विषयक वक्तृत्व कला प्रतियोगितामा आफ्ना भनाइहरू राख्ने अनुमति चाहन्छु । नेपाल भौगोलिक विविधताले भरिएको मुलुक हो । यस देशको प्रत्येक प्रदेशमा बसोबास गर्ने जाति, धर्म, भाषा, रहनसहन र संस्कृतिमा विविधता छ । प्रत्येक प्रदेशको हावापानी फरक छ तापनि एक प्रदेश अर्को प्रदेशसँग निर्भर रहेको पाइन्छ । हिमाली र पहाडी प्रदेशबाट पानी नबगिदिए तराईमा सुक्खा लाग्छ । तराईको अन्न हिमाली र पहाडी प्रदेशमा नपुगे अनिकाल पर्छ । दक्षिणको समुद्रबाट आएको बादललाई पहाडले नछेकिदिए नेपालको कुनै प्रदेशमा पनि वर्षा हुँदैन । पहाडमा निकालिएको बिजुली तराईमा उपयोग हुन्छ । यसरी हामी नेपाली हिमाल, पहाड र तराई जहाँ रहे पनि एक अर्काप्रति आश्रित छौँ । एकले अर्काको सम्मान गर्छौँ । आपसमा मिलेर काम गर्छौँ । यही नै सच्चा सामाजिक सद्भाव हो । यही नै नेपालीको मौलिक स्वभाव हो । यति भन्दै मेरा भनाइहरू यहीँ अन्त्य गर्छु । धन्यवाद ।

उद्घोषक : अब अन्तिम वक्ताका रूपमा आउँदै हुनुहुन्छ, बहिनी सन्तु राजवंशी ।

सन्तु राजवंशी : आदरणीय सभापतिज्यू, निर्णायक मण्डल र मेरा प्यारा साथीहरू । नेपाल बहु भाषिक, बहु धार्मिक र बहु सांस्कृतिक मुलुक हो । नेपालमा कुनै पनि गाविस वा नगरपालिका

शिक्षण सुझाव : समुदायमा मेलमिलाप भएको घटना झल्कने भूमिका, अभिनय, घटना अध्ययन जस्ता क्रियाकलाप गराएर बाल बालिकालाई सद्भाव कायम राख्न प्रेरित गराउनुहोस् ।

Curriculum Development Centre

त्यस्तो छैन होला, जहाँ एउटै जाति वा धर्म वा भाषाका मानिसहरू मात्र बस्छन् । हाम्रो देशको विशेषता भनेकै विविधतामा एकता हो । एउटै समाजमा विविध जात, जाति, भाषा, धर्म, उमेर, लिङ्ग, रहनसहन, संस्कृति र भौगोलिक क्षेत्रका व्यक्तिहरू आपसमा मिलेर बस्छन् । हिमालको व्यक्ति तराईमा गएर काम गर्छ । मलाई नै हेर्नुहोस् न, म तराईबाट पहाडमा आएर पढ्दै छु । हाम्रो जोगेन्द्र सर पनि तराईदेखि पहाडमा आएर काम गरेको धेरै वर्ष भइसक्यो । पेमा मिस तराईमा सरुवा हुनुभएको छ । हामीले एक अर्काबाट सहयोग र सम्मान पाएका छौँ । आजको एक्काइसौँ शताब्दीको युगमा हामीले भाषा र जातीय कुरामा मात्र अल्झिएर बस्ने होइन । बरु आआफ्नो पहिचान कायम राख्दै विकासको काममा जुट्नुपर्छ । अन्त्यमा 'जाति, भाषा, धर्म फरक हुन सक्छ, आपसमा मिले मात्र विकास हुन सक्छ ।' यही सन्देश दिँदै म यस मञ्चबाट बिदा हुन्छु । धन्यवाद !

क्रियाकलाप

१. सामाजिक सद्भाव शीर्षकमा एक वक्तृत्व कला प्रतियोगिता आयोजना गर । उद्घोषक, निर्णायक मण्डल, समय पालक र सभापति पनि आफूहरूमध्येबाट नै छान ।

२. समाजमा सामाजिक सद्भाव कायम राख्न तिमीले र तिम्रो परिवारले के के गर्नुपर्छ, बुँदागत रूपमा लेख ।

३. आफ्नो समुदायमा सामाजिक सद्भाव कायम भएका घटनाहरू कक्षामा सुनाऊ ।

अभ्यास

१. सामाजिक सद्भाव भनेको के हो ?

२. समाजमा सामाजिक सद्भाव कायम गर्ने उपायहरू बुँदागत रूपमा लेख ।

३. तिमीले अन्य जाति, भाषा, क्षेत्रका वा अपाङ्गता भएका व्यक्तिलाई सहयोग गरेका छौ वा सहयोग लिएका छौ, छौ भने के कसरी गऱ्यौ, लेख ।

४. तिमीले आफ्नो परम्परागत पहिचान रक्षा गरी अन्य परम्पराका व्यक्तिसँग कसरी व्यवहार गर्छौ ?

सामुदायिक कार्य

तिम्रो समुदायमा भएका कम्तीमा २० घरमा गई तलको तालिकाअनुसारको विवरण भर । त्यसपछि 'मेरो समुदायमा सामाजिक सद्भाव' शीर्षकमा एक प्रतिवेदन तयार पार ।

घरमुलीको नाम	जाति/थर	मातृभाषा	धर्म	अपाङ्गता छ/छैन

Curriculum Development Centre

पाठ : ४

सुन्दर फुलबारी नेपाल

नेपाल सांस्कृतिक रूपले धनी मुलुक मानिन्छ । यहाँ विभिन्न वेषभूषा, गीत, सङ्गीत, नृत्य, कला र रीतिरिवाजहरू पाइन्छन् । चालचलन मात्र होइन हिमालदेखि तराईसम्म र पूर्वदेखि पश्चिमसम्म फरक फरक अनुहारका फरक फरक भाषा बोल्ने नेपाली नागरिकहरू पाइन्छन् । एउटा फुलबारीमा विभिन्न जात, रङ, आकार र वासना आउने फुलहरूले सुन्दरता प्रदान गरी मनमोहक बनाउँछ । त्यस्तै नेपाल पनि विभिन्न जाति, भाषा, वेषभूषा, रहनसहन, कला र संस्कृतिले भरिपूर्ण सुन्दर फुलबारी जस्तै सजिएको छ । यसलाई एक सुन्दर फुलबारीका रूपमा प्रत्येक नेपालीले गर्व गर्न पाएका छन् । सबै नेपाली यसैमा रमाएका छन् ।

वि. सं. २०६८ को जनगणनाअनुसार नेपालमा १२३ भाषाहरू बोलिन्छन् । धेरैजसो भाषाका भाषिकाहरू पनि छन् । यी भाषाहरू हाम्रो मौलिक पहिचान हुन् । यी सबै भाषा राष्ट्र भाषा हुन् । सबै भाषा सबै नेपालीले बुझ्दैनन् । त्यसैले साझा भाषाका रूपमा नेपाली भाषालाई प्रयोग गरिएको हो । यो सरकारी कामकाजको भाषा पनि हो । त्यस्तै नेपालमा १२६ जातजाति र १० भन्दा बढी धर्म मान्ने मानिसहरू बस्छन् ।

शिक्षण सुझाव : विविधतामा एकता झल्किने गीत, नृत्य, कविता, चित्रकला वा वेषभूषा प्रदर्शनी गराउनुहोस् ।

Curriculum Development Centre

क्रियाकलाप

१. तलको तस्बिर हेरी आफ्ना मनमा उब्जेका भावनाहरू समेट्दै गीत, कविता वा चित्र लेख :

२. तलका प्रश्नहरूमा एक क्षण विचार गर त :

(क) एकै प्रकारको मात्र फुल भएको फुलबारी कस्तो देखिएला ?

(ख) नेपालमा एकै प्रकारको वेषभूषा मात्र लगाउने मानिसहरू भएको भए कस्तो हुन्थ्यो ?

३. एउटा सुन्दर फुलबारीको चित्र तयार पार । सबैले तयार पारेका चित्रहरू लामो धागोमा टाँगेर प्रदर्शन गर । तीमध्ये आफूलाई मन परेको कुनै दुई चित्रको छेउमा सिसाकलमले १ लेख । जुन चित्रले सबैभन्दा धेरै १ पाउँछ, त्यसैलाई उत्कृष्ट चित्र घोषणा गर ।

४. नेपालका विभिन्न वेषभूषा वा चाडपर्व वा संस्कृति वा रीतिरिवाज झल्कने चित्र बनाऊ । कक्षामा चित्रकला प्रदर्शनी आयोजना गर । अन्य कक्षाका साथीहरूलाई पनि देखाऊ ।

अभ्यास

१. 'विविधतामा एकता' भनेको के हो ?

२. 'नेपाल एक सुन्दर फुलबारी हो ।' यस भनाइलाई पुष्टि गर ।

३. 'विविधतामा रमाऔँ' भनेको के होला ?

Curriculum Development Centre

पाठ : ५

राष्ट्रिय सम्पदा

व्यक्ति, समूह वा सम्प्रदायको निजी स्वामित्वमा नरहेका तर देशका सबै नागरिकको साझा स्वमित्वमा रहेका सम्पत्तिलाई राष्ट्रिय सम्पदा भनिन्छ । देशको कुनै पनि स्थानमा बस्ने नागरिकको उक्त सम्पदामाथि उत्तिकै अधिकार रहन्छ । नेपालका प्रत्येक धार्मिक स्थल, देवालय, हिमालय, जङ्गल, पहाड, नदी जस्ता चिज तथा वस्तुहरू राष्ट्रिय सम्पदा हुन् । यसै गरी हाम्रा सांस्कृतिक वेषभूषा, लोक बाजा, चाडपर्व, रीतिरिवाज, गीत, सङ्गीत, नाचहरू, जात्रा, पुरातात्त्विक एवम् ऐतिहासिक स्थल एवम् वस्तुहरू पनि राष्ट्रिय सम्पदा हुन् ।

बागमती नदी सरसफाइमा जनसहभागिता

स्थानीय युवा क्लबको सक्रियतामा बागमती नदी सरसफाइ गरिएको छ । मरु टोलका ज्येष्ठ नागरिक श्री श्यामलाल व्यञ्जनकारबाट सरसफाइ कार्यको सुरुवात गरिएको थियो । यसमा काठमाडौँ र ललितपुरका ५० भन्दा बढी गुठीहरू र ३० भन्दा बढी गैर सरकारी संस्थाको सहभागिता थियो । ५० भन्दा बढी सहकारीहरू, ४० भन्दा बढी महिला समूहहरू, नागरिक समाजका पदाधिकारीहरू, सेना, प्रहरी, शिक्षक र विद्यार्थीहरूसमेतको सहभागिता थियो । "बागमती नदी सनातनदेखि पानीको स्रोत हो । हाम्रा पुर्खाले यसको संरक्षण गर्दै आएका थिए । पशुपतिनाथको दर्शन गर्न आउने तीर्थयात्रीहरूले पवित्र गङ्गाजलका रूपमा बागमतीको पानी घरमा लिएर जान्थे । आज बागमतीको यो दुर्दशा देखेर रुन मन लाग्छ । हेर्नुहोस्, हामी सबै जना मिलेर बागमतीलाई सफा गरेरै छाड्छौँ", एक गुठीका थकालीले भने । बागमतीमा सयौँ मानिसहरू एकै पटक सरसफाइका लागि सहभागी हुँदा निकै रोचक दृश्य देखिएको थियो ।

विश्वका अद्वितीय नमुनाका रूपमा रहेका सम्पदाहरूलाई युनेस्को नामक संस्थाले विश्व सम्पदा सूचीमा सूचीकृत गर्छ । यस्तो सूचीमा परेका सम्पदाहरू कुनै एक राष्ट्रको मात्र नभएर विश्वभरिकै सम्पदा बन्न पुग्छन् । यसरी आफ्नो देशको सम्पदा विश्व सम्पदा सूचीमा सूचीकृत हुन पाउनु राष्ट्रका लागि गौरवको कुरा हो । हालसम्म नेपालका १० सम्पदाहरू विश्व सम्पदा सूचीमा सूचीकृत भइसकेका छन् ।

शिक्षण सुझाव : बाल बालिकाहरूलाई राष्ट्रिय सम्पदाको संरक्षणमा सहभागी हुने खालका परियोजना कार्यहरू गराउनुहोस् । साथै कुनै स्थानीय सम्पदाको अध्ययन भ्रमण गराउनुहोस् ।

Curriculum Development Centre

विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरू :

१. सगरमाथा राष्ट्रिय निकुञ्ज
२. भक्तपुरको चाँगुनारायण मन्दिर
३. चितवन राष्ट्रिय निकुञ्ज
४. भक्तपुर दरबार क्षेत्र
५. लुम्बिनीको मायादेवी मन्दिर
६. काठमाडौँको हनुमानढोका दरबार क्षेत्र
७. स्वयम्भू चैत्य
८. बौद्धनाथ चैत्य
९. पशुपतिनाथ मन्दिर
१०. पाटन दरबार क्षेत्र

क्रियाकलाप

१. तिम्रो समुदाय र वरपर रहेका प्राचीन तथा महत्त्वपूर्ण सम्पदाहरूको सूची तयार पार ।

२. तिम्रो विद्यालय नजिक कुनै सार्वजनिक स्थल, चउर, चौतारो, पाटी, पौवा, ऐतिहासिक स्थल, धार्मिक स्थल, धारा आदि होलान् । तीमध्ये कुनै एकको सरसफाइ गर्ने कार्यक्रम बनाऊ र सरसफाइ गर ।

३. आफ्नो समुदाय वरपर रहेको कुनै राष्ट्रिय सम्पदाको महत्त्व दर्साऊ । उक्त स्थानलाई विश्व सम्पदा सूचीमा सूचीकृतका निमित्त सिफारिस गरिदिन अनुरोध गर्दै गाविस वा नगरपालिकाको नाममा पत्र तयार पार ।

अभ्यास

१. राष्ट्रिय सम्पदाको परिचय देऊ ।

२. आफैँ भ्रमण गरेको जस्तै गरी विश्व सम्पदा सूचीका बारेमा जानकारी सङ्कलन गरेर यात्रा विवरणको नमुना तयार पार ।

३. हाम्रा सम्पदाहरू दिन प्रतिदिन नास हुँदै छन् । तिनीहरूलाई जोगाउने उपायहरूको सूची बनाऊ ।

४. विश्व सम्पदा सूचीमा नपरेका तिम्रो क्षेत्रको महत्त्वपूर्ण सम्पदाको परिचय देऊ ।

परियोजना कार्य

तिम्रो समुदायमा रहेको कुनै ऐतिहासिक वा धार्मिक वा पर्यटकीय वा यस्तै कुनै सार्वजनिक महत्त्वको स्थलको भ्रमण गर । त्यसपछि तलका बुँदाहरू समेटिने गरी प्रतिवेदन तयार पार ।

भ्रमणको पृष्ठभूमि, उद्देश्य, विधि, पत्ता लगाइएका कुरा, निष्कर्ष र सुझाव

Curriculum Development Centre

पाठ ६

अन्तर्राष्ट्रिय व्यक्तित्व

फ्लोरेन्स नाइटिङ्गेल

हामीले अस्पतालमा बिरामीको सेवा गर्ने नर्सहरूलाई देखेका छौँ । ती नर्सहरू रात दिन बिरामीको हेरचाहमा खटिएका हुन्छन् । उनीहरू बिरामीलाई औषधी दिने, हेरचाह गर्ने र सहयोग गर्ने काममा व्यस्त देखिन्छन् । पहिले पहिले अस्पतालहरूमा यसरी बिरामीको हेरचाह गर्न पुरुष नर्सहरू बसेका हुन्थे । त्यति बेला नर्सिङ पेसालाई राम्रो पेसा मानिँदैनथ्यो । यस्तो अवस्थामा फ्लोरेन्स नाइटिङ्गेलले महिलाहरू पनि बिरामीको हेरचाह गर्ने काम गर्न सक्छन् भन्ने उदाहरण प्रस्तुत गरिन् ।

फ्लोरेन्सको जन्म सन् १८२० मा इटलीमा भएको थियो । उनका अभिभावकहरूले उनलाई धनी केटासँग विवाह गरिदिने विचार गरेका थिए तर नाइटिङ्गेल भने बिरामीको सेवा गर्ने कार्यमा जुटिन् । उनी सानैदेखि पुतलीको खेलौना हेरचाह गर्ने गर्थिन् । गाउँका बिरामीहरूलाई सहयोग र हेरचाह गर्थिन् । १७ वर्षकी हुँदा बिरामीको सेवा गर्ने नर्सिङको काम गर्ने इच्छा उनलाई जागेर आयो । भगवान्ले नै उनलाई यो काम गर्न प्रेरित गरेको ठानिन् । उनले जर्मनीको कैससवर्थ गएर नर्सिङ अध्ययन गरिन् । सन् १९५४ मा क्रिमियाको युद्धमा घाइते भएका सैनिकको उपचार गर्न ३८ जना नर्सहरूसहित उनी बेलायतको मिलिटरी अस्पताल पुगिन् । त्यहाँ अत्यन्त फोहोर थियो । राम्रो हेरचाह नपाएर घाइतेहरू मरिरहेका थिए । फ्लोरेन्सको टोलीले त्यहाँ सरसफाइ गऱ्यो । फ्लोरेन्स रातभरि हातमा बत्ती लिएर प्रत्येक बिरामीको हेरचाह गर्थिन् । सैनिकका परिवारलाई चिठी लेखेर पठाइदिन्थिन् । आफ्नो तलबको पैसासमेत उनले बिरामीको सेवामा खर्च गरिन् । त्यसैले बिरामीहरू उनलाई बत्ती लिएकी केटी (Lady with the Lamp) वा असल साथी पनि भन्ने गर्थे । क्रिमियाबाट फर्केपछि उनले धेरै प्रशंसा र पुरस्कारहरू पाइन् । उनले स्कुटरी अस्पतालको स्थापना गरिन् । जीवनभर बिरामीको सेवा गर्दागर्दै सन् १९१० मा उनले देह त्याग गरिन् ।

महात्मा गान्धी

विश्वमा अहिले जताततै शान्तिको कुरा चलिरहेको छ । हिंसा नभएको सुख र सन्तुष्टि भएको अवस्था शान्ति हो । हिंसा, तोडफोड, आगजनी जस्ता उग्र क्रियाकलापबिना पनि आफ्ना असन्तुष्टि पोख्न र आन्दोलन सञ्चालन गर्न सकिन्छ भनी महात्मा गान्धीले प्रमाणित गरिदिए । भारतमा उनकै नेतृत्वमा शान्तिपूर्ण र अहिंसात्मक आन्दोलन भएको थियो । सो आन्दोलनमार्फत् भारतलाई सन् १९४७ मा ब्रिटिस शासनबाट मुक्त गर्न सफलता मिलेको थियो । यस्ता शान्तिका अग्रदुतको जन्म अक्टोबर २, १८६९ मा भारतको गुजरातमा भएको थियो ।

महात्मा गान्धीको नेतृत्वमा असहयोग आन्दोलन, भद्र अवज्ञा आन्दोलन र भारत छोड आन्दोलन जस्ता अहिंसात्मक आन्दोलनहरू सञ्चालन भएका थिए । असहयोग आन्दोलनका क्रममा आन्दोलनकारीहरूले प्रहरी चौकीमा आगो लगाएर प्रहरीको हत्या गरेपछि उनले आन्दोलन स्थगित गरेका थिए । आफ्ना सहयोगीहरूले कडा आन्दोलन गर्न सल्लाह दिए पनि उनी अहिंसात्मक आन्दोलनका पक्षमा नै उभिए । अन्त्यमा उनकै जित भयो । सन् १९४७ मा भारत स्वतन्त्र भयो ।

CurriculumDevelopment.Centre

महात्मा गान्धी 'सादा जीवन उच्च विचार' राख्ने व्यक्ति थिए । उनी तन्ना मात्र ओछ्याएर भुइँमा सुत्थे । सामान्य जनताले लगाउने जस्तै कपडा लगाउँथे । आफ्नै देशमा बनेका कपडाको प्रयोग गर्नुपर्छ भनी उनले चर्खा आन्दोलन चलाएका थिए । स्वदेशी सामान प्रयोग गरेमा मात्र देश विकास हुन्छ भन्ने उनको विचार थियो । हत्याको प्रसङ्ग राख्न उपयुक्त छैन । यो किताब हो । यस्ता नेता महात्मा गान्धी भारतमा मात्र नभएर विश्वमा नै अहिंसा र शान्तिका प्रतीकका रूपमा चिनिन्छन् ।

क्रियाकलाप

१. चार पाँच जनाको समूहमा बसेर फ्लोरेन्स नाइटिङ्गेल र महात्मा गान्धीको जीवनी झल्किने तस्बिरहरू सङ्कलन गरी पोस्टर तयार पार ।

२. विद्यालय नजिक अस्पताल वा स्वास्थ्य चौकी भए त्यहाँको भ्रमण गर । त्यहाँ नर्सले कसरी काम गर्छन्, हेर । नभएमा स्थानीय महिला स्वास्थ्य स्वयम्सेवीसँग भेटेर बिरामीको हेरचाह कसरी गर्नुपर्छ भन्ने सम्बन्धमा छलफल गर ।

३. नेपालको सन्दर्भमा शान्तिपूर्ण विरोधका तरिकाहरू के के हुन सक्छन्, समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर ।

४. 'सादा जीवन उच्च विचार' भन्ने विषयमा प्रवचन कार्यक्रमको आयोजना गर । कार्यक्रममा समुदायका समाज सेवीलाई पनि निम्ता गर । कार्यक्रम निर्माण र उद्घोषण पनि आफूहरूमध्येबाट नै गर ।

५. तल दिइएका जस्तै शान्ति सन्देश सम्बन्धी विभिन्न व्यक्तित्वहरूका भनाइहरू सङ्कलन गर । तिनलाई ठुलो कागजमा लेखेर विद्यालयको विभिन्न स्थान र कक्षामा पनि टाँस ।

   जहाँ महिलाको सम्मान हुन्छ, त्यहाँ देवताहरू रमाउँछन् । (मनु)

   बाँच्नु भनेको जिउँदो रहनु मात्र होइन, अरूको लागि केही गर्नु नै बाँच्नुको अर्थ हो । (नेल्सन मन्डेला)

   म शत्रुहरूलाई सिध्याउँदिन बरु साथी बनाउँछु । (अब्राहम लिङ्कन)

   हिंसा र मारकाट नगर, दुःखमा परेकालाई सहयोग गर, सत्य बोल र नशालु पदार्थको सेवन नगर । (गौतम बुद्ध)

   भगवान्ले एक लिए तापनि दुई थोक दिन्छन् । (हेलेन केलर)

अभ्यास

महात्मा गान्धी र फ्लोरेन्स नाइटिङ्गेलका जीवनीबाट सिक्न सकिने कुराहरू उल्लेख गर्दै आफ्नो साथीलाई पत्र लेख ।

सामुदायिक कार्य

आफ्नो समुदायका समाजसेवी वा अरूको भलाइ गर्ने व्यक्तिका बारेमा अभिभावकसँग सोधी प्रतिवेदन तयार पार ।

Curriculum Development Centre

पुनरवलोकन अभ्यास

तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर देऊ :

(क) थारू समुदायमा बडघर किन आवश्यक मानिन्छ ?

(ख) नेवारी समुदायमा प्रचलित गुठीबाट गुठीयारहरूले के के फाइदा पाउन सक्छन् ?

(ग) गुरुङ समुदायमा रोदी नभएको भए के हुन्थ्यो होला ?

(घ) भेजाले कसरी समुदायलाई एकतामा बाँध्छ ?

(ङ) थकाली जातिको ढिकुटी प्रथाको परिचय देऊ ।

परियोजना कार्य

आफ्नो समुदायमा पैँचो वा पर्मको प्रचलन छ वा छैन वा भएमा कुन अवस्थामा छ भन्ने सम्बन्धमा तलका प्रश्नहरूका आधारमा १० परिवारका मूलीहरूसँग सोधेर प्रतिवेदन तयार पार ।

समुदायमा घर मूलीसँग सोधिने प्रश्नहरू :

(क) के तपाईंलाई पर्म र पैँचो प्रचलनका बारेमा थाहा छ ?

(ख) के सानोतिनो रकम सापटी दिँदा वा लिँदा व्याज लिने दिने चलन छ ?

(ग) पर्म वा पैँचोबाट के के फाइदा हुन्छ ?

(घ) यस्ता प्रचलनहरू जोगाइराख्न के गर्नुपर्ला ?

परियोजना कार्यको प्रतिवेदन लेख्ने तरिकाको उदाहरण

मेरो समुदायमा पर्म र पैँचो प्रचलनको अवस्था

मेरो समुदाय ग्रामीण समुदाय हो । यस गाउँमा नेपाली समुदायमा प्रचलित पर्म र पैँचो प्रचलनको अवस्था कस्तो छ भनी हामीले भदौ २७ गते एक अध्ययन गऱ्यौँ । हामीले हाम्रो घर वरपरका १० परिवारमा प्रश्न सोधेका थियौँ । यस अध्ययनबाट निम्न लिखित तथ्यहरू पत्ता लाग्यो :

मेरो समुदायका ७० प्रतिशत (१० परिवारमा ७) परिवारलाई पर्म वा पैँचो प्रचलनका बारेमा जनकारी रहेछ । पर्म लगाउने चलन भने केही वर्ष पहिलेसम्म व्यापक रूपमा प्रचलनमा रहेको पाइयो । हिजोआज ज्यालामा काम गर्ने चलन बढेको हुँदा पर्मको चलन हराउँदै गएको देखियो । पर्म र पैँचो प्रचलनबाट समुदायमा सहयोग र मेलमिलाप कायम हुने रहेछ । यस्तो प्रचलन बचाइराख्न पैँचो लिएको वस्तु समयमा नै फिर्ता गर्ने, इमान्दारिताका साथ जस्तो सामान ल्याएको हो त्यस्तै फिर्ता गर्नुपर्ने रहेछ । आफूले काममा लगाएपछि अरूलाई पनि आवश्यक पर्ने वित्तिकै पर्म तिर्ने, पर्म तिर्न जाँदा ज्यालामा काम गरेको जस्तै गरी राम्रोसँग काम गरिदिने गर्नुपर्ने रहेछ । समुदायमा पर्म र पैँचोको प्रचलन कायम रहेछ र यसको संरक्षण गर्न सकेमा छरछिमेकमा सहयोग र मेलमिलाप कायम हुन सक्ने देखिन्छ ।

Curriculum Development Centre

एकाइ : तिन

सामाजिक समस्या र समाधान



सिकाइ उपलब्धि

यस एकाइको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

- विभिन्न सामाजिक समस्या तथा विकृति पहिचान गरी समाधानका उपायहरू पत्ता लगाउन र उक्त कार्यमा विभिन्न अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको भूमिका उल्लेख गर्न
- समाजमा हुने द्वन्द्वका कारण पत्ता लगाई यसको व्यवस्थापनका उपायहरू खोजी गरी द्वन्द्व व्यवस्थापनमा सहयोग गर्न

Curriculum Development Centre

पाठ : १

सामाजिक समस्याहरू

विद्यालय नजिकको सामुदायिक अध्ययन केन्द्रको सभा हलमा प्रौढ साक्षरहरूबिचमा प्रवचन कार्यक्रम आयोजना भएको थियो । प्रवचनको विषय 'सामाजिक समस्या र समाधान' भन्ने थियो । कार्यक्रममा दाइजो प्रथा विरुद्ध अभियानका संयोजक श्री मीना पासवानले आफ्ना विचारहरू यसरी व्यक्त गर्नुभयो ।

"आदरणीय दाजुभाइ तथा दिदी बहिनीहरू, दाइजो प्रथा हाम्रो समाजमा एउटा ठुलो समस्याका रूपमा खडा भएको छ । विवाहमा केटी पक्षलाई केटा पक्षको मागबमोजिम सम्पत्ति दिन बाध्य पार्ने कुचलन नै दाइजो प्रथा हो । सो माग पुरा गर्न केटी पक्षका अभिभावकले ऋण लिन वा घर खेत बन्धक राख्न वा बिक्री गर्न बाध्य पार्नु आर्थिक शोषण हो । मागबमोजिमको नगद वा सम्पत्ति नपाउँदा केटा पक्षले दुलहीलाई मानसिक दबाब, शारीरिक यातना र मनोवैज्ञानिक असर दिएका समाचारहरू पत्रपत्रिकामा आइरहन्छन् । कतिपय महिलाहरू दाइजो लिएर आउन नसकेकै कारण घरेलु हिंसाको सिकार हुनुपरेको छ । यस्तो स्थितिको अन्त्य हुनु जरुरी छ । तराई र सहरी क्षेत्रमा यो समस्या विकराल बन्दै छ । सम्पत्ति र दाइजोका लागि नभई सुखी र खुसी जीवनका लागि विवाह हुनुपर्छ । दुई आत्माको आत्मिक सम्बन्ध र प्रेमका लागि विवाह हुनुपर्छ भन्ने सन्देश हामीले छर्न सक्नुपर्छ । यति भन्दै म मेरा भनाइहरू यहीँ अन्त्य गर्न चाहन्छु । धन्यवाद !"

अर्का वक्ता रसिला चौधरीले बौद्धिक पलायन सम्बन्धमा आफ्ना विचारहरू यसरी व्यक्त गर्नुभयो । "उपस्थित महिला तथा सज्जनवृन्द ! तीक्ष्ण बुद्धि र प्राविधिक सिप भएका व्यक्तिहरू देश छाडेर अन्य देशमा बाहिरिने प्रक्रिया नै बौद्धिक पलायन हो । बौद्धिक पलायनलाई मानव पुँजी पलायन पनि भनिन्छ । हाम्रो देशबाट कामको खोजीमा हजारौँ युवाहरू विदेसिएका छन् । अवसर सिर्जना गर्न सक्ने क्षमतावान् नागरिक नै विदेश पलायन भएपछि यहाँको विकास गर्ने कसले ? देश हाँक्न सक्ने युवाहरू विदेशी दासता स्वीकार्दै पलायन भएपछि राजनीतिक स्थिरता ल्याउने कसले ? देशमा उद्योग धन्दा खोल्न सक्ने श्रम, पुँजी, सिप र उद्यमशीलता भएका युवाहरू विदेशिएपछि उद्योग खोलिदिने कसले ? देशको चिन्ता गर्नेहरू नै नभएपछि देश बनाइदिने कसले ? यी प्रश्नहरूको उत्तर खोज्न हामीले विकसित देशहरूको इतिहास पढ्नुपर्छ । उनीहरूले पनि लामो सङ्घर्ष र मिहिनेत गरेर मात्र देशको उन्नति गरेका हुन् । त्यसैले युवा शक्तिको विदेश पलायन रोक्न राज्यले पनि देशमै गुणस्तरीय शिक्षा प्राप्तिको अवसर प्रदान गरिदिनुपर्छ । देशमै रोजगारीका अवसरहरू

शिक्षण सुझाव : विद्यार्थीहरूलाई पुस्तक, इन्टरनेट, पत्रपत्रिका आदि अध्ययन गरी दाइजो प्रथा विरुद्धका घटनाहरू र बौद्धिक पलायनसँग सम्बन्धित सूचना वा जानकारीहरू सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

सिर्जना गर्नुपर्छ । देशमै रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ । व्यक्तिले पनि राज्यप्रतिको दायित्व बुझ्नुपर्छ । जन्म भूमिको माया गर्नुपर्छ । देश निर्माणको कर्तव्य भुल्नु हुन्न भन्दै मेरा विचारहरू यहीँ अन्त्य गर्न चाहन्छु । धन्यवाद !"

क्रियाकलाप

१. दाइजोका कारण हुने घरेलु हिंसा वा दाइजोविरुद्धको अभियानका सम्बन्धमा रेडियो वा टेलिभिजनमा आएका समाचारको एक हप्तासम्मको सूचना सङ्कलन गर । उक्त सूचनालाई निम्नानुसारको तालिकामा प्रस्तुत गरी छलफल गर :

समाचारको मिति	घटना भएको समय	घटनाको प्रकृति	घटनाको कारण	अन्य

२. काम र रोजगारको खोजीमा तिम्रो समुदायबाट विदेश पलायन हुनेहरूको तथ्याङ्क सङ्कलन गर र कक्षामा प्रस्तुत गर ।

३. युवाको पलायनले समाजमा पारेको असर सम्बन्धमा वक्तृत्व कला प्रतियोगिता आयोजना गर ।

४. विदेश पलायन हुने शिक्षित नागरिकलाई विदेश नजान र आफ्नै देशमा आफ्नो बुद्धि र श्रम लगाउन प्रेरित गर्ने खालका नाराहरू, पर्चा, पम्प्लेट तयार पार र समुदायमा प्रदर्शन गर, जस्तै : 'विदेसिएर धन आर्जन गर्नुभन्दा स्वदेशमा काम गरी स्वावलम्बी बनौँ ।'

५. घरेलु हिंसा वा दाइजो प्रथा विरुद्ध गीत, कविता, कथा वा नाटक तयार गरी कक्षामा प्रस्तुत गर ।

६. इन्टरनेट, मोबाइल आदिको दुरूपयोग गरी अरूलाई धम्की दिने, अरूको फोटो बिगार्ने वा फोटोलाई आपत्तिजनक फोटोसँग जोड्ने र इमेल पासवर्ड चोरेर अरूको बदनाम गर्ने जस्ता अपराध पनि आज एउटा सामाजिक समस्याको रूपमा रहेका छन् । विभिन्न पत्रपत्रिकाबाट यस्ता अपराधका घटनाहरू सङ्कलन गर र कक्षामा प्रस्तुत गर ।

अभ्यास

१. दाइजो भनेको के हो ?

२. दाइजो प्रथालाई किन सामाजिक समस्या भनिएको हो ?

३. बौद्धिक पलायनले देश विकासमा के असर पर्छ ?

४. बौद्धिक पलायन रोक्न विद्यालयको भूमिका के हुन सक्छ, छलफल गर ।

Curriculum Development Centre

पाठ : २

भ्रष्टाचार

सदाचारको उल्टो शब्द भ्रष्टाचार हो । भ्रष्ट र आचार मिलेर बनेको भ्रष्टाचारको अर्थ खराब आचरण हुन्छ । निजी वा व्यक्तिगत फाइदाका लागि सार्वजनिक पदको हैसियतले कानुन विपरीत आचरण गर्ने वा सरकारी सम्पत्तिको हिनामिना वा घुसखोरी गर्ने कार्यलाई भ्रष्टाचार भनिन्छ । भ्रष्टाचारको प्रवृत्तिलाई चार ओटा रूपबाट हेर्न सकिन्छ ।

भ्रष्टाचार हुने धेरै कारणहरू छन् । केही प्रमुख कारणहरू निम्नानुसार प्रस्तुत गरिएका छन् :

भ्रष्टाचारका कारणहरू

- मानिसमा धनप्रति मोह र तडक भडक बढ्दै जानु
- थोरै समयमा धनी बन्ने प्रवृत्ति बढ्नु
- सरकारी निगरानी कमजोर रहनु
- समाजले सम्पत्तिको स्रोतलाई भन्दा स्वरूपलाई महत्त्व दिनु
- पारदर्शिताको कमी
- जनचेतनाको अभाव हुनु
- नागरिक समाजको सक्रियता नहुनु

शरीरमा रोग लागेमा मानिस कमजोर हुन्छ । त्यसै गरी भ्रष्टाचार भएमा देशको स्थिति कमजोर हुन्छ । विकासले गति लिन सक्दैन । निमुखा र सर्वसाधारणले न्याय पाउन सक्दैनन् । अनि गरिब र कमजोरले सहज तथा सरल रूपमा वस्तु र सेवा प्राप्त गर्न सक्दैनन् । त्यसैले भ्रष्टाचारलाई समयमै रोक्न जरुरी छ ।

शिक्षण सुझाव : भ्रष्टाचार विरुद्ध अभिवृत्तिको विकास गर्ने खालका क्रियाकलापहरू, जस्तै : गोष्ठी, ऱ्याली, पम्प्लेटिङ आदिमा सहभागी गराउनुहोस् । भ्रष्टाचारबारेमा जानकार व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा कक्षामा शिक्षण गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

भ्रष्टाचार निवारणका उपायहरू

(क) भ्रष्टाचार विरुद्धमा चेतना फैलाउने

(ख) नैतिक शिक्षा र सदाचार शिक्षाको व्यावहारिक पक्षमा जोड दिने

(ग) भ्रष्टाचारी व्यक्तिको नामावली सार्वजनिक गर्ने

(घ) भ्रष्टलाई सामाजिक बहिष्कार गर्ने

(ङ) सरकारी काम कारबाही र विकास निर्माणका कामलाई पारदर्शी बनाउने

(च) अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रलाई सक्रिय एवम् साधन स्रोत सम्पन्न बनाउने

(छ) फजुल खर्च गर्ने बानीमा सुधार गरी सामाजिक सदाचारलाई महत्त्व दिने

(ज) आर्थिक पारदर्शिता नदेखाउने राजनीतिक दललाई चुनावमा भाग लिन नपाउने कानुनी व्यवस्था गर्ने

(झ) भ्रष्टाचार विरुद्ध उजुर गर्ने बानीको विकास गर्ने

क्रियाकलाप

१. कक्षाका साथीहरू चार समूहमा विभाजित होऊ । एक समूहले घूस खाने विरुद्ध जनचेतना जगाउने, अर्को समूहले भ्रष्टाचारबाट समाजमा पारेको असर एवम् तेस्रो समूहले भ्रष्टाचारीलाई कारबाही गरेको र चौथो समूहले भ्रष्टाचारीलाई समाजबाट बहिष्कार गरेको देखाउने नाटक तयार पार । पालैपालो नाटक प्रदर्शन गर र छलफल गर ।

२. भ्रष्टाचारविरुद्ध पोस्टर तयार पारी प्रदर्शन गर ।

३. पुराना पत्रपत्रिका उपलब्ध भएमा भ्रष्टाचार सम्बन्धी समाचार, लेख, सम्पादकीय, कार्टुन चित्र र तस्बिरहरूको कटिङ निकाली भित्ते पत्रिकामा टाँसेर भ्रष्टाचार विरोधी विशेषाङ्क तयार पार ।

अभ्यास

१. भ्रष्टाचार भनेको के हो ?

२. भ्रष्टाचार एक सामाजिक अपराध हो, किन ?

३. भ्रष्टाचार नियन्त्रण गर्न विद्यार्थीको भूमिका के के हुन सक्छ, लेख ।

Curriculum Development Centre

पाठ : ३

लागु पदार्थ दुर्व्यसन



(विक्रम ओछ्यानमा पल्टिरहेको छ । उसलाई विगतका घटनाहरूले झस्काइरहेको छ । निद्रा परेको छैन । ऊ कोल्टे फेर्छ, आज फेरि बिर्सिसकेको घटना सम्झन्छ, ऊ निदाउन सक्दैन, उसको दिमागमा विगतका घटनाहरू स्मरण भइरहेका छन् ।)

हिजो साथीले भनेको कुरामा नाइँ भन्न सकेको भए आज यसरी पछुताउन पर्दैनथ्यो । खराब साथीहरूको सङ्गतले लहलहैमा लागेर चुरोट खान सिकियो । अनि बिस्तारै गाँजाको अम्मली बनेको विगतको तितो यथार्थ आँखा अगाडि ऐना बनेर प्रस्तुत भएको छ ।

फेरि किन पुराना यादहरू कोट्टिन्छन् ? (ऊ विगतका कुरा बिर्सन खोज्छ) आज म जे छु ठिक छु । समयमै काकाले थाहा पाउनुभयो र राम्रो भयो । हुन त म पनि कस्तो ? परिवारका सदस्यले

शिक्षण सुझाव : यस पाठमा लागु पदार्थ विरुद्ध अभिवृत्तिको विकास हुने खालका क्रियाकलापहरू गराउनुहोस् । स्थानीय स्वास्थ्यकर्मी वा जानकार व्यक्तिबाट अन्तरक्रिया गराउनुहोस् ।

Curriculum Development Centre

थाहा नपाउन् भनेर ढाँटी ढाँटी र लुकी लुकी लागु पदार्थ प्रयोग गर्दै हिँडियो । पछि त नराम्रो दुर्व्यसनी पो बन्न पुगेछु । काकाले पुनर्स्थापना केन्द्रमा उपचार नगराउनु भएको भए म सायद मृत्युको मुखमा पुगिसकेको हुन्थेँ होला । हर्के जस्तै पैसाको अभावमा चोरी र लुटपाटमा लागेर जेलको फन्दातिर पो हुन्थे कि ? मेरो परिवार र मेरो इज्जत कहाँ पुग्थ्यो होला ? धन्य भगवान् ! मलाई समयमै कुकर्मबाट छुट्कारा दियौ ।

लागु पदार्थ र त्यसबाट बच्ने उपाय सरले कक्षामा पढाउनु भएकै हो । उचित पारिवारिक परामर्श र जीवनोपयोगी सिपको अभाव भएर म फसेँ । कापी, कलम र शैक्षिक सामग्रीमा खर्च गर्नुपर्ने पैसा लागु औषध जस्तो विष किनेर खान खर्च गरेँ । त्यसो नगरेको भए मैले पनि राम्रो काम पाउँथे होला । देशको सेवा गर्ने सच्चा राष्ट्रसेवक बन्थेँ होला । म र मेरा ती दिनलाई धिक्कार छ । गाँजा र लागु पदार्थको सर्को तथा इन्जेक्सनको नशामा महत्त्वपूर्ण समय नष्ट गरे । त्यो त भ्रम पो रहेछ । त्यो त जिन्दगीबाट कहिल्यै नउत्रने दलदल पो रहेछ ।

(यतिकैमा उ भुसुक्क निदाएछ, बिउझँदा त झलमल्ल उज्यालो भइसकेको थियो ।)

क्रियाकलाप

१. लागु पदार्थको दुर्व्यसनमा लाग्न नदिन परिवारको भूमिका के रहन्छ ? अभिभावकलाई सोधी कक्षामा प्रस्तुत गर ।

२. सहरमा रहेका आफ्नो दाजुलाई लागु पदार्थको दुर्व्यसनबाट बच्न अपनाउनुपर्ने सावधानीका कुराहरू उल्लेख गरी पत्र लेख ।

३. लागुपदार्थ सेवनका असरहरू झल्कने चार्ट बनाई कक्षामा टाँस ।

अभ्यास

१. कस्ता कस्ता पदार्थलाई लागु पदार्थ भनिन्छ ?

२. लागु पदार्थको दुर्व्यसनले व्यक्ति, परिवार र समाजमा के कस्ता हानी गर्छ ?

सामुदायिक कार्य

लागु पदार्थ दुर्व्यसन विरुद्ध जनचेतना जगाउन सडक नाटक तयार पार र समुदायमा प्रदर्शन गर ।

Curriculum Development Centre

पाठ : ४

द्वन्द्व र त्यसको व्यवस्थापन

द्वन्द्व व्यवस्थापनका सम्बन्धमा द्वन्द्व विश्लेषक मित्रलालसँग लिइएको अन्तर्वार्ताको अंश ।

पत्रकार : द्वन्द्वलाई यहाँले कसरी बुझ्नुभएको छ ?

मित्रलाल : व्यक्ति वा समूहबिचको मतभेद द्वन्द्व हो । फरक फरक सोचाइ र असहमतिले द्वन्द्व निम्त्याउँछ । द्वन्द्व सकारात्मक र नकारात्मक दुवै हुन्छ । हामीले धेरै जसो समय साथी, परिवार र विद्यालयमा बिताउँछौँ । कतिपय अवस्थामा साथी र परिवारका सदस्यसँग विचार मिल्दैन । आफूले भनेका कुरामा उनीहरू समर्थन गर्दैनन् । उनीहरूले भनेका कुरा मन पर्दैन । विचार नमिलेपछि रिस उठ्छ अनि झगडाको अवस्था उत्पन्न हुन्छ । यस्तो अवस्थालाई द्वन्द्व भनिन्छ । यसरी फरक फरक व्यक्तिको फरक फरक किसिमको बुझाइले द्वन्द्व उत्पन्न हुन्छ ।

पत्रकार : द्वन्द्व किन हुन्छ भन्ने लाग्छ तपाईंलाई ?

मित्रलाल : द्वन्द्व उत्पन्न हुने धेरै कारणहरू छन्, जस्तै : विचार नमिल्नु, भेदभावपूर्ण व्यवहार हुनु, काम नपाउनु । त्यस्तै राजनीतिक विचार नमिल्नु, गलत सूचना पाउनु, सीमित स्रोत साधन हुनु, विभेद हुनु पनि द्वन्द्वका कारण हुन् ।

पत्रकार : द्वन्द्व व्यवस्थापनमा समाजको कस्तो भूमिका हुन्छ नि ?

मित्रलाल : द्वन्द्व समाधानमा समाज वा समुदायको महत्त्वपूर्ण भूमिका रहन्छ । हजारौँ विवाद र असहमतिहरू समाजमा नै टुङ्गो लगाइएका उदाहरणहरू छन् । समाजले द्वन्द्व समाधानमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । समाजमा विद्यमान द्वन्द्वको कारण पहिचान गर्ने, समाजका प्रबुद्ध व्यक्तिहरू वा सामाजिक परिचालकमार्फत मध्यस्थता गर्ने, दुवैका कुरा सुन्ने र वार्ता गराउने र सहमतिको साझा विन्दु खोजी गरी सम्झौता गराउने द्वन्द्व व्यवस्थापनका उपायहरू हुन् ।

पत्रकार : द्वन्द्व व्यवस्थापनमा दोहोरो सञ्चारको के भूमिका रहन्छ ?

मित्रलाल : द्वन्द्वका विभिन्न कारणहरूमध्ये सञ्चारको अस्पष्टता पनि एक हो । गलत सञ्चार वा कम बुझाइ वा गलत बुझाइले द्वन्द्व सिर्जना गर्ने वा बढाउने काम गरिरहेको हुन्छ । यस्तो स्थितिमा दुवै पक्षबिच आपसमा कुराकानी वा संवाद गर्नुपर्छ । यसले दुवै पक्षका बिचको सोचाइ र बुझाइलाई बुझ्न र समस्या समाधानका बाटाहरू खोज्न

शिक्षण सुझाव : स्थानीय परिवेशमा हुने द्वन्द्वका उदाहरणहरू प्रस्तुत गर्न लगाई ताजा घटनाहरूमा द्वन्द्व कसरी उत्पन्न भएको थियो ? द्वन्द्व कसरी बढ्दै गयो ? कसले मिलाइदियो ? कसरी मिल्यो ? अहिलेको अवस्था कस्तो छ आदि जस्ता विषयमा छलफल गरी द्वन्द्व व्यवस्थापनका चरणहरू बारेमा छलफल गराउनुहोस् ।

Curriculum Development Centre

मद्दत गर्छ । सञ्चारले विचारमा स्पष्टता ल्याउँछ । आपसमा मतभेदको यथार्थ कारण बुझ्न सहयोग गर्छ । समस्या समाधानका विकल्प खोज्न आधार दिन्छ । सही निष्कर्षमा पुग्न मद्दत गर्छ ।

यसरी हामीलाई समाजमा भएको द्वन्द्वबाट बचाउन संवादको प्रयोग हुनु जरुरी छ । व्यक्ति, संस्था वा समुदायमा कुनै न कुनै रूपमा केही न केही विवाद हुन्छ । त्यसलाई अरू बढ्न र बिग्रन नदिई समयमै तिनलाई सम्हाल्नुपर्छ । समाजमा द्वन्द्व/विवाद सम्हाल्ने प्रणालीको स्थापना गरी शान्ति बहाली गर्न प्रयत्न गर्नुपर्छ ।

पत्रकार : संवाद वा वार्ताले द्वन्द्व व्यवस्थापनमा कसरी सहयोग पुऱ्याउँछ ?

मित्रलाल : संवाद दोहोरो सञ्चारको प्रभावकारी विधि हो । यसले द्वन्द्वरत दुवै पक्षलाई जितको अवस्थामा पुऱ्याउँछ । कसैको हार हुँदैन । यसले भविष्यमा फेरि द्वन्द्व नहुने अवस्था बनाउँछ ।

क्रियाकलाप

१. 'विद्यालयलाई शान्ति क्षेत्र बनाऔँ' भन्ने जस्ता विभिन्न नारा तयार गरी कक्षा कोठामा प्रदर्शन गर ।

२. द्वन्द्व व्यवस्थापनका चरणहरू उल्लेख गर ।

३. तल दिइएको तालिका अध्ययन गरी कक्षामा छलफल गर ।

द्वन्द्व व्यवस्थापनका उपायहरूको सिलसिलेवार तालिका

द्वन्द्वमा संलग्न पक्षले नै समाधान		तेस्रो पक्षको सहयोगमा समाधान		बाह्य शक्तिको प्रयोग	
स्वव्यवस्थापन गरी हरेक व्यक्तिले द्वन्द्वका कारण जस्तै रिस, तनाव र लोभ आदि नियन्त्रण गर्ने ।	छलफलबाट समस्या समाधान गर्ने	मध्यस्तकर्ताको सहयोग लिएर समस्या समाधान गर्ने ।	पञ्च भलाद्मीले फैसला गरिदिने	कानुनी निकायबाट फैसना गरिदिने	हतियार प्रयोग गरी दबाउने

कम ← बलको प्रयोग तथा हार जितको सम्भावना → बढी

अभ्यास

१. द्वन्द्व भनेको के हो ?

२. द्वन्द्व समाधानमा समाजको के के भूमिका हुन्छ ?

३. द्वन्द्वका कारणहरू उल्लेख गर ।

सामुदायिक कार्य

समुदायमा भएका विभिन्न द्वन्द्वका घटनाहरू र ती घटनाहरू कसरी समाधान गरिए भनी समुदायका विभिन्न व्यक्तिलाई सोधी कक्षामा प्रस्तुत गर ।

Curriculum Development Centre

पाठ : ५

दिगो विकास

विकासका लाभ र गतिलाई वर्तमानका अतिरिक्त भविष्यसम्म सुनिश्चितता दिने अवधारणा दिगो विकास हो । यसले वर्तमानमा स्रोतको अत्यधिक प्रयोगले भावी पुस्तालाई स्रोतविहीन बनाउनु हुँदैन भन्ने मान्यता राख्छ । दिगो विकास आफैँमा धानिन सक्ने विकास हो । वातावरण मैत्री विकास र टिकाउ हुने विकासका रूपमा दिगो विकासलाई लिने गरिन्छ ।

दिगो विकासलाई तलको चार्टले स्पष्ट पार्छ :



दिगो विकासका उद्देश्यहरू

(क) जनसहभागितामा वृद्धि गर्नु

(ख) वातावरणको संरक्षण गर्नु

(ग) प्राकृतिक स्रोत र साधनको सावधानी र सचेतपूर्ण उपयोग गर्नु

(घ) आर्थिक वृद्धि गर्नु र सामाजिक उन्नति गर्नु

(ङ) सामाजिक सद्भाव वृद्धि गरी मानवीय विकासका पक्षहरूलाई सवलीकरण गर्नु

शिक्षण सुझाव : बाल बालिकाहरूलाई आफ्नो समुदायमा दिगो विकासको अवधारणाअनुरूप आचरण गर्न प्रेरणा दिने खालका क्रियाकलाप गराउनुहोस् ।

Curriculum Development Centre

दिगो विकास गर्न के गर्नुपर्छ ?

(क) वृक्षरोपण, वन जङ्गलको संरक्षण र वातावरण संरक्षण गर्नुपर्छ ।

(ख) साना र स्थानीय प्रविधिमुखी विकास निर्माणमा जोड दिनुपर्छ ।

(ग) वैकल्पिक र नवीकरणीय ऊर्जाको प्रयोगमा जोड दिनुपर्छ ।

(घ) सहर बजारमा निस्कने फोहोरको उचित व्यवस्थापन गर्नुपर्छ ।

(ङ) खोलाबाट जथाभावी ढुङ्गा, गिटी, बालुवा झिक्ने कार्य बन्द गर्नुपर्छ ।

(च) जनसङ्ख्या वृद्धि दरमा नियन्त्रण गर्नुपर्छ ।

(छ) जैविक (organic) खेतीलाई जोड दिनुपर्छ ।

क्रियाकलाप

१. तिम्रो विद्यालयको वातावरणीय सुधार (फुलबारी, वृक्षरोपण, सरसफाइ) का निम्ति योजना बनाई कार्यान्वयन गर ।

२. दिगो विकासको निम्ति नागरिकले खेल्नुपर्ने भूमिका सम्बन्धमा समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर ।

३. समाजमा पछाडि रहेका वर्ग, लिङ्ग, क्षेत्र, जाति, अपाङ्गता भएका व्यक्तिलाई राज्य वा समुदायले विशेष सुविधा वा अवसर प्रदार गरी अरू व्यक्ति सरहको अवस्थामा पुऱ्याउन गरिने प्रयास सामाजिक न्याय हो । तिम्रो समुदायमा पछि रहेका त्यस्ता समूहका मानिसहरूले सामाजिक न्याय पाएका छन् त ? कक्षामा छलफल गर र लेख ।

अभ्यास

१. दिगो विकास भनेको के हो ?

२. दिगो विकासले के कुराको माग गर्छ ?

३. दिगो विकास गर्न के गर्नुपर्छ ?

सामुदायिक कार्य

आफ्नो समुदायमा दिगो विकासका निम्ति पाठमा दिए जस्तै उपायहरू अवलम्बन भएको छ वा छैन, तलको तालिकामा देखाऊ :

कार्यान्वयन भएका बुँदा	कार्यान्वयन नभएका बुँदा

Curriculum Development Centre

पाठ : ६

सुशासन

सुशासनलाई राम्रो शासन वा असल शासनका रूपमा चिन्ने गरिन्छ । उत्तम किसिमको शासन तथा उत्तम राज्य व्यवस्था हुनु सुशासन हो । प्रशासनिक अधिकारको समुचित प्रयोग नै सुशासन हो । जनताप्रति उत्तरदायी सरकार, पारदर्शी निर्णय प्रक्रिया र भ्रष्टाचार मुक्त समाज सुशासनका आधारभूत पक्षहरू हुन् । जनताको व्यापक सहभागिता र कानुनी शासन पनि सुशासनका आधार हुन् ।

सुशासनका लागि के गर्ने ?

- कानुनको पालना सबैले गर्नुपर्ने
- असल शासनको प्रत्याभूत हुनुपर्ने
- हरेक काम र क्रियाकलापमा पारदर्शिता हुनुपर्ने
- हरेक कार्यालयमा नागरिक बडापत्रको व्यवस्था हुनुपर्ने
- जनतालाई छिटो छरितो सेवा दिनुपर्ने

सुशासनले के हुन्छ ?

- भ्रष्टाचारमा कमी आउँछ ।
- देशमा शान्ति अमनचयन कायम हुन्छ ।
- सहज र सरल रूपमा वस्तु वा सेवा प्राप्त हुन्छ ।
- शासक र जनताबिच सुमधुर सम्बन्ध स्थापित हुन्छ ।
- सबैलाई समान सामाजिक न्याय प्राप्त हुन्छ ।
- साधन र स्रोतको न्यायोचित वितरण हुन्छ ।

क्रियाकलाप

१. तिम्रो गाविस वा नगरपालिकामा भएको सुशासनको अभ्यासबारे गाविस सचिव वा नगरपालिकाका कार्यकारी अधिकृतलाई सोध्ने प्रश्नावलीको नमुना तयार पार । कक्षामा छलफल गरी त्यसलाई अन्तिम रूप दिई गाविस सचिव वा कार्यकारी अधिकृतलाई सोध । गाविस वा नगरपालिका टाढा भएमा पत्राचार गर र प्राप्त जवाफ कक्षामा प्रस्तुत गर ।

शिक्षण सुझाव : सुशासनका बारेमा कक्षामा वक्तृत्व कला वा कविता वा निबन्ध प्रतियोगिता गराउनुहोस्, जसमा शिक्षकले सहजीकरण गरी विद्यार्थीलाई नै व्यवस्थापन र सञ्चालन गर्न अभिप्रेरित गर्नुहोस् ।

Curriculum Development Centre

२. विद्यालय व्यवस्थापन र प्रशासन सञ्चालनमा सुशासनको आवश्यकता पर्छ ? तिम्रो विद्यालयले सुशासनलाई प्रवर्धन गर्न गरेका मुख्य मुख्य गतिविधिहरू लेख ।

३. तल दिइएको राष्ट्रिय सूचना आयोगको सन्देशलाई राम्रा अक्षरमा लेखेर पर्चा वा पोस्टर बनाऊ । सार्वजनिक स्थान एवम् विद्यालयको सूचना पाटीमा टाँसेर जनताको सुसूचित हुने अधिकारलाई संरक्षण गर्ने कार्यमा सहभागी होऊ ।

अभ्यास

१. सुशासन भनेको के हो र सुशासनका तत्त्वहरू के के हुन् ?

२. सुशासन नभएको समाजमा के हुन्छ ? आफ्नो विचार प्रस्तुत गर ।

परियोजना कार्य

तिम्रो विद्यालयमा निम्नानुसारका कार्यहरू भएका छन् वा छैनन् बुझ । त्यसका आधारमा एक छोटो प्रतिवेदन तयार पार । यी सबै कुराहरू भएको भएमा विद्यालयमा सुशासन भएको मानिन्छ ।

नियमित रूपमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, शिक्षक अभिभावक सङ्घका बैठकहरू बस्ने गरेका हुन्छन् । ती बैठकहरूमा विद्यार्थीहरू पनि सहभागी बन । विद्यालयमा शिक्षक आचार संहिता, विद्यार्थी आचार संहिता र कक्षा नियम एवम् चार्टहरूको व्यवस्था भएको र त्यसको पालना हुने गरेको छ वा छैन, अवलोकन गर । साथै विद्यालयका सबै गतिविधिहरू अभिभावक भेला र वार्षिक कार्यक्रममा जानकारी गराउने गरेको वा नगरेको पनि अनुगमन गराउने एवम् गरेको वा नगरेको पनि अवलोकन गर ।

राष्ट्रिय सूचना आयोगको सन्देश

एक सचेत नागरिकले याद राख्नुपर्ने कुरा

(क) सरकारी कर्मचारीको तलब र सरकारी कार्यालयको खर्च हामीले तिरेको करबाट चल्छ ।

(ख) आफूले तिरेको कर के काममा कहाँ र कसरी खर्च हुन्छ भनी जान्ने हाम्रो मौलिक अधिकार हो ।

(ग) हामीले कुनै सार्वजनिक निर्माण कार्यको लिखित, फाइल, हेर्न र निर्माण कार्यको निरीक्षण गर्न सक्छौँ । सार्वजनिक महत्त्वको कुनै काम, कागजपत्र, अभिलेख हेर्न/जाँच्न सकिने छ ।

(घ) कागजपत्र वा रेकर्डको टिपोट, प्रमाणित प्रतिलिपि, मुद्रित डिस्केट, पेन ड्राइभ, टेप, भिडियो, क्यासेट वा कुनै पनि इलेक्ट्रोनिक वा मुद्रण रूपमा सूचना प्राप्त गर्न सकिने छ ।

(ङ) सार्वजनिक महत्त्व सूचना लिने दिने बानी बसालौँ र खुला सूचना संस्कृतिको विकास गरौँ ।

राष्ट्रिय सूचना आयोग, कोटेश्वर, काठमाडौँ
टोल फ्रि नम्बर १६६०-०१-६०००
(www.nic.gov.np)

Curriculum Development Centre

पाठ : ७

अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू

ट्रान्सपरेन्सी इन्टरनेसनल (Transparency International)

ट्रान्सपरेन्सी इन्टरनेसनल अन्तर्राष्ट्रिय गैरसरकारी संस्था हो । सन् १९९३ को मे महिनामा स्थापित यस संस्थाले अन्तर्राष्ट्रिय तहमा र ाजनीतिक भ्रष्टाचारको अनुगमन र प्रचार प्रसार गर्छ । यसको प्रधान कार्यालय जर्मनीको बर्लिनमा छ । यसले गतिविधिहरूलाई ७० भन्दा बढी देशका आफ्ना च्याप्टरमार्फत सञ्चालन गर्छ । यसका संस्थापनमा पिटर एइजेन (Peter Eigen) को नाम प्रमुख रूपमा आउँछ । यस संस्थाले १९९५ देखि Corruption Perception Index (CPI) र १९९९ देखि Bribe Payers Index (BPI) प्रकाशन गर्दै आइरहेको छ । यस संस्थाको मुख्य उद्देश्य भ्रष्टाचार र ोकी समाजका हरेक तह तथा क्षेत्रमा पारदर्शिता, उत्तरदायित्व र इमान्दारिताको प्रवर्धन गर्नु हो । त्यस्तै पारदर्शिता, उत्तरदायित्व, विश्वास, ऐक्यबद्धता, साहस, न्याय र लोकतन्त्र यसमा मुख्य मूल्यहरू (core values) हुन् । सरकार, राजनीति, व्यापार, नागरिक समाज र जनताको दैनिक जीवनका सबै क्षेत्रमा भ्रष्टाचारको अन्त्य गरी भ्रष्टाचारमुक्त संसारको स्थापना गर्नु यसको उद्देश्य रहेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको नेपाल च्याप्टरका रूपमा ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल नामक गैरसरकारी संस्था भ्रष्टाचार विरुद्धको कार्यमा संलग्न छ ।

युनिसेफ (UNICEF)

युनिसेफ सन् १९४६ डिसेम्बरमा स्थापना भएको हो । यस अन्तर्राष्ट्रिय संस्थाले बाल बालिकाका क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । विकासोन्मुख देशहरूका जोखिममा रहेका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र सुरक्षित मातृत्वको क्षेत्रमा यसको योगदान उल्लेखनीय छ । यस संस्थाले अहिले करिब १६० देशमा क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ । यस संस्थामार्फत नेपालमा पनि बाल बालिकाहरूको हितमा विभिन्न कार्यक्रमहरू

शिक्षण सुझाव : यस पाठमा भएकाभन्दा बढी सूचनाहरू विद्यार्थीलाई जानकारी गराउन यी बाहेकका अन्तर्राष्ट्रिय संस्थाहरूले सामाजिक समस्या र विकृति निवारण गर्न सहयोग पुऱ्याएका हुन सक्छन् । यस सम्बन्धमा समेत जानकारी गराउनुहोस् ।

Curriculum Development Centre

सञ्चालन हुँदै आएको छ । यसले सामाजिक समस्या समाधानमा गर्दै आएका मुख्य मुख्य कार्यहरू निम्नानुसार छन् :

१. गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमहरू

२. आमाबाट बच्चामा एच.आई.भी.एड्स सङ्क्रमितको रोकथाम र परामर्श

३. लागु पदार्थ दुर्व्यसनमा संलग्न महिला र बाल बालिकाका क्षेत्रमा रोकथाम र परामर्श

४. लैङ्गिक विभेद उन्मूलन सम्बन्धी कार्यहरू

५. बाल अधिकारका लागि नीति तर्जुमा, परामर्श र सहकार्य

६. हिंसा, शोषण र दुर्व्यसनमा परेका महिला तथा बाल बालिकाको सुरक्षा

सेभ द चिल्ड्रेन (Save the Children)

सन् १९१९ अप्रिल १५ मा बेलायतमा स्थापना भएको यस संस्थाका हाल विश्वभरि धेरै संस्थाहरू कार्यरत छन् । यस अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले बाल संरक्षण, एच.आई.भी. एड्स र भोक र गरिबी प्रभावित बाल बालिकाहरूका क्षेत्रमा कार्य गर्दै आइरहेको छ । आपतकालीन सहयोग र उद्धार एवम् द्वन्द्व प्रभावित बाल बालिकाको उद्धार एवम् सुरक्षामा यस संस्थाको चासो रहने गरेको छ । यस संस्थाले विद्यालयका बाल बालिकाहरूलाई विभिन्न चेतनामूलक र अधिकार प्राप्तिका कार्यक्रममार्फत सामाजिक विकृति र समस्याहरूसँग निराकरण गर्न सहयोग गरिरहेको छ ।

क्रियाकलाप

१. पाठमा उल्लिखित संस्थाहरूले नेपालको सामाजिक समस्या समाधानमा खेलेको भूमिकाका बारेमा विभिन्न पत्र पत्रिका तथा सन्दर्भ सामग्री खोजी रिपोर्ट तयार गर र कक्षामा प्रस्तुत गर ।

अभ्यास

१. सामाजिक समस्या समाधानमा युनिसेफको भूमिका उल्लेख गर ।

२. सेभ द चिल्ड्रेनले गर्दै आएका कामहरूको सूची बनाऊ ।

३. ट्रान्सपरेन्सी इन्टरनेसनले नेपालमा भ्रष्टाचार रोक्न के के काम गर्दै आएको छ, कामको सूची बनाऊ ।

Curriculum Development Centre

पुनरवलोकन अभ्यास

१. तल दिइएको Corruption Perception Index अध्ययन गर र दिइएका प्रश्नहरूको उत्तर देऊ :

भ्रष्टाचार कम गर्नेमा प्राप्त स्थान	देशको नाम	प्राप्त गरेको अङ्क
१	डेनमार्क	९०
७९	श्रीलङ्का	४०
९४	भारत	३६
१३९	नेपाल	२७
१४४	बङ्गलादेश	२६
१७४	सोमालिया	८

स्रोत : ट्रान्सपरेन्सी इन्टरनेसनल, २०१२

(क) नेपाल भ्रष्टाचार कम गर्ने मुलुकको सूचीमा कति नम्बरमा पर्छ ?

(ख) दक्षिण एसियामा सबैभन्दा बढी र कम भ्रष्टाचार हुने देशहरू कुन कुन हुन् ?

(ग) विकसित देशमा किन कम भ्रष्टाचार भएको होला, आफूलाई लागेको कारण देऊ ।

(घ) बढी भ्रष्टाचार हुनुका कारणहरू उल्लेख गर ।

२. कक्षामा भ्रष्टाचार विरोधी नाराहरू समेटी प्लेकार्ड तयार गर र विद्यालय कम्पाउन्डभित्र भ्रष्टाचार विरुद्ध ञ्याली निकाल ।

३. तल लिइएका बुँदामा साथीहरूसँग विचार विमर्श गर :

(क) बौद्धिक पलायन भएका सबै व्यक्तिहरू नेपाल फर्के भने के होला ?

(ख) भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्दा के होला ?

(ग) समाजमा द्वन्द्व बढ्दै गयो भने के होला ?

Curriculum Development Centre

एकाइ : चार

नागरिक चेतना

सिकाइ उपलब्धिहरू

यस एकाइको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

- सामाजिक नियमहरूको पालना गर्न
- मानव अधिकारको उपयोग र संरक्षण गर्न
- समावेशीकरणको अवधारणाअनुसार व्यवहार गर्न
- वर्तमान संविधानका विशेषताहरू पत्ता लगाउन
- देशको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको परिचय दिन
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा नागरिकले खेल्नुपर्ने भूमिका बताउन र सो अनुरूप व्यवहार गर्न

Curriculum Development Centre

पाठ : १

सामाजिक नियम

समाजका सदस्यहरूको सहमतिमा समाजलाई स्वस्थ, सुन्दर र व्यवस्थित राख्न नियमहरू बनाएका हुन्छन् । यस्ता नियमहरू नै सामाजिक नियम हुन् । सबै सामाजिक नियमहरूले कानुनी मान्यता पाएका हुँदैनन् । तर समाजमा आपसी सद्भाव, सहयोग र भाइचारा कायम राख्न यसले मद्दत गर्छ । यस्ता नियमहरूले सामाजिक अपराध न्यून गर्न समेत सहयोग पुऱ्याउँछ । समाजका प्रत्येक व्यक्तिले समाजका नियमहरू पालना गर्नुपर्छ ।

सामाजिक नियमहरू परम्परागत रूपमा स्थापित मान्यतामा आधारित हुन्छन् । यी नियमहरू समाजअनुसार फरक फरक हुन सक्छन् । सामाजिक नियमहरूलाई कार्यान्वयन गराउन गुठी, टोल सुधार समिति, आमा समूह, स्थानीय क्लबहरू जस्ता सङ्घ संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सामाजिक नियमहरूको पालना नगर्ने व्यक्तिलाई समाजले दण्डित वा बहिष्कृत गर्छ । समय र परिस्थितिसँगै समाजका सदस्यहरूले यस्ता नियमहरूलाई परिवर्तन गर्छन् । समय र परिस्थितिअनुरूप परिवर्तन हुन नसक्दा यसले सामाजिक कुरीतिको रूपसमेत लिन सक्छ ।

स्थानीय पत्रिकामा प्रकाशित निम्न लिखित समाचारको अध्ययन गरौँ :

गाउँ भेलाद्वारा सामाजिक नियम पारित

गाउँलाई स्वस्थ र सुन्दर बनाउने उद्देश्यले गाउँ भेलाले स्थानीय टेकबहादुर मुखियाको संयोजकत्वमा टोल सुधार समिति गठन गरेको छ । भेलाले केही सामाजिक नियमहरू पनि पारित गरेको छ । उक्त नियम नमान्ने व्यक्तिलाई टोल सुधार समितिको नियमअनुसार कारबाही गर्ने निर्णयसमेत गरिएको छ ।

भेलाले पारित गरेका सामाजिक नियमहरू :

(क) गाउँमा मादक पदार्थ बेच बिखन गर्न नपाइने

(ख) रातिको ११ बजेपछि अत्यन्त जरुरी काममा बाहेक हिँडडुल गर्न नपाइने

(ग) फोहोर मैला जथाभावी फाल्न नपाइने

(घ) कसैको घरमा आपत् विपत् पर्दा गाउँका सबै घरबाट अनिवार्य रूपमा भेला भई सहयोग गर्नुपर्ने

(ङ) विवाद उत्पन्न भएमा गाउँलेहरूको रोहवरमा टुङ्गो लागाउने ।

शिक्षण सुझाव : सामाजिक नियमहरूको पालना गराउन उत्प्रेरणा जगाउने खालका क्रियाकलापहरू गराउन अर्ती उपदेशभन्दा पनि व्यावहारिक कार्यहरूको अभ्यासद्वारा अनुभूति जगाउने खालका प्रयोगात्मक क्रियाकलाप गराउनुहोस् ।

Curriculum Development Centre

क्रियाकलाप

१. तिम्रो समाजमा प्रचलनमा रहेका सामाजिक नियमहरूका बारेमा अभिभावकहरूसँग सोधी सूची तयार पार । चार/पाँच जनाको समूहमा बसेर छलफल गरी साझा सूची तयार पार । त्यसपछि कक्षामा प्रस्तुत गर र छलफल गर ।

२. तिम्रो गाउँ समाजमा भएका सामाजिक सङ्घ संस्थाहरूको पहिचान गर । ती संस्थाले सामाजिक नियमको पालनामा खेलेका भूमिकाहरूका बारेमा उक्त संस्थाका पदाधिकारीहरूसँग जानकारी लिई संस्थाको परिचय, उद्देश्यहरू, पदाधिकारीहरू र संस्थाले हालसम्म गरेका कामहरूका सम्बन्धमा प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर ।

३. तिम्रो समाजमा रहेका सामाजिक कुरीतिहरूको खोजी गरी तिनीहरूलाई परिवर्तन गर्न कस्तो भूमिका खेल्छौ, कक्षामा प्रस्तुत गर ।

४. तलको समाचार पढी सोधिएका प्रश्नहरूको जवाफ देऊ :

> **बाल बालिकाहरूलाई विद्यालय नपठाउने अभिभावकहरूलाई मासिक रु. १०० जरिवाना**
>
> खोटाङ, २० असार - वुइपा गाउँका सर्वसाधारणहरूको भेलाले गाउँमा अनिवार्य शिक्षा लागु गर्ने निर्णय गरेको छ । पाँच वर्ष पुगेपछि पनि बाल बालिका विद्यालय नपठाउने अभिभावकहरूलाई मासिक रु. १०० जरिवाना तोकेको छ । गाउँमा विद्यालय नजाने बाल बालिका अत्यधिक रहेकाले यस्तो कदम चाल्नुपरेको कुरा स्थानीय समाजसेवी चम्पा राईले बताउनुभयो । टोल सुधार समितिले यसको कार्यान्वयन गर्ने छ ।

(क) वुइपा गाउँमा बनाइएको सामाजिक नियम के हो र कसले बनाएको हो ?

(ख) यस नियमले समाजमा कस्तो परिवर्तन ल्याउन सक्छ ?

(ग) तिम्रो समाजमा परम्परागत रूपमा चलिआएका नियमहरू के के छन् ?

अभ्यास

१. 'सामाजिक नियमहरूको पालना गर्नु हाम्रो कर्तव्य हो ।' यस भनाइलाई पुष्टि गर ।

२. सामाजिक नियमहरू किन बनाइएका हुन्छन् ?

३. कस्ता नियमहरूलाई सुधार गर्दै लैजानुपर्छ, उदाहरणसहित लेख ।

४. सामाजिक नियमको पालनाले व्यक्ति र समाजलाई के कस्ता फाइदाहरू पुग्छ ?

Curriculum Development Centre

पाठ : २

मानव अधिकार

मानिस चेतनशील प्राणी हो । ऊ अन्य प्राणीभन्दा फरक छ । राज्य र समाजले व्यक्तिप्रति गर्ने व्यवहार मानवीय मूल्य र आदर्शअनुरूप हुनुपर्छ । शान्ति, स्वतन्त्रता र न्यायमा आधारित हुनुपर्छ । मानव भएका कारणले उसले पाउनुपर्ने अधिकारहरू नै मानव अधिकार हो । मानव अधिकारको अवधारणा इलेनोर रुजवेल्टले सर्वप्रथम अन्तर्राष्ट्रिय रूपमा चर्चामा ल्याइन् । उनको विशेष पहलमा संयुक्त राष्ट्र सङ्घले १० डिसेम्बर १९४८ का दिन मानव अधिकारको विश्वव्यापी घोषणा पत्र जारी गऱ्यो । यसले विश्वव्यापी रूपमा मानव अधिकारलाई सुनिश्चित गर्न र यसको संवर्धन गर्न मद्दत गरेको छ । यसै दिनको सम्झनामा प्रत्येक वर्ष १० डिसेम्बरलाई अन्तर्राट्रिय मानव अधिकार दिवसका रूपमा मनाउने गरिन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको सार सङ्क्षेप :

१. सबै स्वतन्त्र जन्मन्छन् र समान छन्

२. कसैलाई कुनै पनि आधारमा विभेद गर्न पाइँदैन

३. सुरक्षित रूपमा बाँच्न पाउने अधिकार

४. दासत्व विरुद्धको अधिकार

५. यातना विरुद्धको अधिकार

६. मानिस जहाँ भए पनि अधिकार समान हुन्छ

७. कानुनको अगाडि सबै समान छन्

८. कानुनद्वारा अधिकार संरक्षण

९. बिनाकसुर थुनामा राख्न नपाइने र देश निकाला गर्न नपाइने

१०. कानुनी उपचारको अधिकार

११. कसुर प्रमाणित नभएसम्म निर्दोष मानिने

१२. गोपनीयताको अधिकार

१३. देशभित्र आवत जावतमा स्वतन्त्रता

१४. आफू सुरक्षित हुन जहाँसुकै जान पाउने

१५. नागरिकताको अधिकार

१६. विवाह गर्ने र परिवार बसाउने अधिकार

१७. आफ्नो सम्पत्तिमाथिको अधिकार

१८. धार्मिक स्वतन्त्रता

१९. अभिव्यक्ति स्वतन्त्रता

२०. भेला र सङ्गठित हुने अधिकार

२१. मत दिने अधिकार

२२. सामाजिक सुरक्षाको अधिकार

शिक्षण सुझाव : मानव अधिकार हाम्रो आधारभूत अधिकार हो । विद्यार्थीमा मानव अधिकारका विविध पक्षहरूका बारेमा कक्षामा छलफल गराउनुहोस् । 'मानव अधिकार हाम्रो अधिकार' विषयमा वक्तृत्व कला कार्यक्रम सञ्चालन गर्नुहोस् ।

Curriculum Development Centre

२३. काम र न्यायोचित ज्यालाको अधिकार

२४. निश्चित समयको कामपछि विश्राम र मनोरञ्जन गर्न पाउने अधिकार

२५. गाँस, बास र असक्तहरूका लागि हेरचाहको अधिकार

२६. शिक्षाको अधिकार

२७. आफ्नो सिर्जनाको प्रतिलिपि अधिकार

२८. मानव अधिकारको उपभोग

२९. अरूको अधिकारको हनन नगर्ने दायित्व

३०. मानव अधिकार उल्लङ्घन नगर्ने

नेपालमा पनि मानव अधिकारको सुनिश्चतताका लागि राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरिएको छ । यसले संविधान र कानुनमा व्यवस्था भएअनुरूप मानव अधिकारको सुनिश्चितता गराउने प्रयास गर्छ । एम्नेस्टी इन्टरनेसनल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), इन्हुरेड जस्ता संस्थाहरू पनि नेपालमा मानव अधिकार क्षेत्रमा कार्यरत छन् । यिनीहरूले मानव अधिकारप्रति सरकार र जनतालाई सचेत गराउने कार्य गर्छन् ।

क्रियाकलाप

१. मानव अधिकार हननका घटनाहरूलाई फेरि दोहोरिन नदिन कसले के गर्नुपर्छ, कक्षामा छलफल गरी निचोड निकाल ।

सरकार	समुदाय	आफू

२. मानव अधिकारको विश्वव्यापी घोषणा पत्रका कुन कुन धाराहरूले बाल बालिकाको अधिकारलाई समेटेको छ, समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर ।

३. पुराना पत्रपत्रिकाहरू सङ्कलन गर । त्यसबाट मानव अधिकार सम्बन्धी समाचार, चित्र, तस्बिर आदि सङ्कलन गर र विगबुक वा पोस्टर बनाई प्रदर्शन गर ।

अभ्यास

१. सामाजिक सुरक्षा भनेको के हो ?

२. अभिव्यक्ति स्वतन्त्रताअन्तर्गत के के कुराहरू पर्छन् ?

३. राष्ट्रिय मानव अधिकार आयोगले कस्ता कार्यहरू गर्छ ?

Curriculum Development Centre

पाठ : ३

महिला अधिकार

शैलजा कक्षा आठमा अध्ययन गर्छिन् । उनकी आमा महिला तथा बाल बालिका कार्यालयमा काम गर्नुहुन्छ । शैलजा र उनकी आमाको बिचमा भएको वार्तालाप तल दिइएको छ :

शैलजा : आमा, भोलि हामीलाई सरले महिला अधिकारका बारेमा कक्षामा छलफल गराउने भन्नुभएको छ । महिला अधिकार भनेको के हो बताइदिनुहोस् न ।

आमा : ए, म भनिदिन्छु नि ! तिमीहरूले मानव अधिकारका बारेमा पढेका छौ । महिला अधिकार भनेको पनि मानव अधिकारकै एउटा महत्त्वपूर्ण पाटो हो । सन् १९६७ मा संयुक्त राष्ट्र सङ्घको साधारण सभाले महिलाहरूको हक हितसँग सम्बन्धित मानव अधिकारहरूका बारेमा थप व्याख्या गर्दै औपचारिक रूपमा एउटा वक्तव्य प्रकाशित गऱ्यो । यिनै अधिकारहरूलाई महिला अधिकार भनिन्छ ।

शैलजा : महिला अधिकारभित्र के के कुराहरू पर्छन् त आमा ?

आमा : महिला अधिकारलाई बुँदागत रूपमा यसरी भन्न सकिन्छ :

- महिला हिंसा तथा लिङ्गका आधारमा महिलामाथि हुने भेदभावको अन्त्य
- सुत्केरी हुँदा तलबी बिदा पाउनुपर्ने, मातृ स्वास्थ्य, लैङ्गिक तथा प्रजनन अधिकार र समान प्रकृतिको कामका लागि पुरुष सरह समान ज्याला
- पैतृक सम्पत्तिमाथि महिलाको समान अधिकार
- वैवाहिक, पारिवारिक तथा धार्मिक एवम् शिक्षा पाउने अधिकार
- बाल विवाह जस्ता सामाजिक कुरीतिको अन्त्य

शैलजा : आमा, महिलाहरू पछि पर्नुको कारण के हो ?

आमा : महिलाहरू पछि पर्नाका कारणहरू निम्नानुसार छन् :

- समाज पितृ सत्तात्मक र पुरुष प्रधान हुनु
- परम्परावादी सोच तथा महिला र पुरुषबिच भेदभाव गरिनु
- शिक्षाको अवसरबाट महिलाहरूलाई वञ्चित गरिनु

शिक्षण सुझाव : यस पाठमा समाजमा रहेका महिला अधिकार सम्बन्धी काम गर्ने सङ्घ संस्थाका प्रतिनिधिहरूसँग विद्यार्थीहरूको अन्तरक्रिया गराउनुहोस् ।

Curriculum Development Centre

- महिलाहरू निर्बल हुन्छन् भन्ने मान्यता व्याप्त हुनु
- प्रजनन स्वास्थ्य सेवाको उपलब्धता पर्याप्त नहुनु
- महिला सशक्तीकरण सम्बन्धी कार्यक्रमहरू व्यापक र प्रभावकारी नहुनु

शैलजा : महिला अधिकारलाई स्थापित गर्न र महिला सशक्तीकरण गर्न के कस्ता प्रयासहरू भएका छन् ?

आमा : नेपालको अन्तरिम संविधान २०६३ ले लैङ्गिक विभेदको अन्त्य गरी पैतृक सम्पत्तिमाथि महिलाको समान अधिकारलाई स्थापित गरेको छ । उनीहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीका लागि राज्यले विशेष नीति अवलम्बन गर्ने, महिलामाथि हुने सबै प्रकारका हिंसाजन्य क्रियाकलापहरू दण्डनीय हुने जस्ता महिला अधिकारका कुराहरू यसमा समावेश गरिएको छ । त्यसैगरी राज्यका सबै अङ्गहरूमा महिलाहरूको समानुपातिक सहभागितालाई सुनिश्चित गर्ने कुरासमेत उल्लेख भएको छ । अशक्त, बाल बालिका तथा महिलाहरूको हकहितका लागि नीतिहरू तर्जुमा गर्न र तिनको कार्यान्वयन गर्न महिला, बाल बालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना गरिएको छ । राष्ट्रिय महिला आयोगको गठन गरिएको छ । महिलाउपर हुने सबै प्रकारका भेदभावको उन्मूलन गर्ने महासन्धि १९७९ लाई नेपालले पनि अनुमोदन गरिसकेको छ । प्रत्येक वर्ष ८ मार्चका दिन अन्तर्राष्ट्रिय महिला दिवस मनाइन्छ ।

क्रियाकलाप

१. तिमीले देखे सुनेका महिला अधिकार हननका घटनाहरू, महिला माथि हुने हिंसा, त्यसले पार्ने असर र हिंसाबाट जोगिने उपाय सम्बन्धमा छलफल गरी कक्षामा प्रस्तुत गर ।

२. मानव अधिकारको विश्वव्यापी घोषणाले महिला अधिकार सम्बन्धी कुन कुन पक्षलाई समेटेको छ, समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर ।

३. कक्षामा महिला अधिकार दिवसको आयोजना गर ।

अभ्यास

१. महिला अधिकार भनेको के हो, उल्लेख गर ।

२. महिलामाथि हुने हिंसाजन्य क्रियाकलापहरू के के हुन्, सूची तयार गर ।

३. महिला सशक्तीकरणका उपायहरू उल्लेख गर ।

४. राष्ट्रिय महिला आयोगले के कस्ता कार्यहरू गर्छ, खोजी गरी बुँदागत रूपमा उल्लेख गर ।

Curriculum Development Centre

पाठ : ४

समावेशीकरण



नेपाल विविधताले भरिएको देश हो । यहाँ हिमाल, पहाड, तराई र उपत्यका जस्ता धरातलीय विविधता रहेको छ । सोहीअनुरूप हावापानी, जीवजन्तु तथा वनस्पतिमा समेत विविधता पाइन्छ । विविध क्षेत्रमा बस्ने नेपालीहरूको आआफ्नो वेषभूषा, रहनसहन र संस्कृति छ । सामाजिक रूपले नेपाली समाज विभिन्न जात जातिमा विभक्त छ । यहाँ हिन्दु, बौद्ध, मुस्लिम, किरात, इसाईलगायत विभिन्न धर्मका मानिसहरू बसोबास गर्छन् । स्थायी बसोबास गर्दै आएका सबै जाति, भाषा, धर्म, लिङ्ग र संस्कृतिका मानिसहरूको देश नेपाल हो । यी सबैको राष्ट्रिय पहिचान नेपाली हो । यहाँ कसैले पनि आफू उपेक्षित भएको महसुस गर्ने अवस्था हुनु हुँदैन । सबै नेपालीले 'हामी नेपाली, हाम्रो देश नेपाल' भनी गर्व गर्ने अवस्थाको सिर्जना हुनुपर्छ । यस्तो स्थितिको सिर्जना गर्नु राज्यको पनि दायित्व हो ।

सामाजिक र आर्थिक रूपले पछाडि परेका विभिन्न जात, जाति, वर्ण, भाषा, क्षेत्र, लिङ्गका मानिसलाई राज्यले शिक्षा, रोजगारलगायत विभिन्न अवसरमा न्यायोचित रूपमा समावेश गरी मूल प्रवाहीकरण गर्ने प्रक्रिया नै समावेशीकरण हो । यो अवसर सबै जाति, वर्ण, धर्म, लिङ्ग, क्षेत्र वा पृष्ठभूमिका नागरिकलाई प्राप्त हुनुपर्छ । देशको राज्य संयन्त्र र शासनले यस कुराको सुनिश्चितता

शिक्षण सुझाव : यस पाठमा समावेशीकरण सम्बन्धी अभिनय गराउनुहोस् ।

Curriculum Development Centre

गर्नुपर्छ । विभिन्न वर्ग र समुदायका मानिसहरूको अवस्था समान नभएसम्म समान अवसर प्राप्त हुन सक्दैन । सामाजिक, सांस्कृतिक, जातीय, धार्मिक, आर्थिक, भाषिक, लैङ्गिक र अपाङ्गताका कारणले उत्पीडनमा परेका व्यक्तिहरूलाई राज्यले हेर्नुपर्छ । यिनीहरूलाई मूल प्रवाहीकरणमा ल्याउन राज्यले ठोस नीति तथा कार्यक्रमहरू ल्याउन आवश्यक हुन्छ । यसबाट समावेशीकरणको सुनिश्चिता प्रदान गर्न सकिन्छ । समावेशीकरणका लागि निम्नानुसारका उपायहरूको अवलम्बन गर्नु आवश्यक हुन्छ :

(क) राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्ने

(ख) शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरहरू वृद्धि गर्ने

(ग) नीति निर्माण गर्ने तथा निर्णय लिने तहमा पिछडिएका वर्गका लागि स्थान सुरक्षित गर्ने

(घ) सबै जाति, वर्ण, भाषा, धर्म र लिङ्गका व्यक्तिको पहिचानलाई सम्मान गर्ने

(ङ) सबै नागरिकलाई न्यायको अनुभूति गराउने

(च) अशक्त र अपाङ्गहरूका लागि विशेष अवसर प्रदान गर्ने

(छ) विकास निर्माणमा सबैको सहभागिता र क्षेत्रीय सन्तुलन कायम गर्ने

(ज) धार्मिक र सांस्कृतिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम राख्ने

क्रियाकलाप

१. हाम्रो राष्ट्रिय गानमा उल्लिखित 'सयौँ थुँगा फुलका हामी, एउटै माला नेपाली' किन भनिएको हो ?

२. सबै नागरिकलाई न्यायको अनुभूति गराउन के गर्नुपर्ला, सोधखोज गरी टिपोट गर र कक्षामा छलफल गर ।

३. समतामूलक समाज र सकारात्मक विभेद भन्ने विषयमा कक्षा कोठामा बहस गर ।

अभ्यास

१. समावेशीकरण भनेको के हो ?

२. राज्यलाई कसरी समावेशी बनाउन सकिन्छ, बुँदागत रूपमा प्रस्तुत गर ।

३. समावेशीकरणले कसरी राष्ट्रिय एकतालाई बलियो बनाउन सक्छ, उल्लेख गर ।

४. विकास निर्माणमा क्षेत्रीय सन्तुलन कायम गर्न के गर्नुपर्ला, चर्चा गर ।

Curriculum Development Centre

पाठ : ५

नेपालमा समावेशीकरणका प्रावधानहरू

नेपालमा समावेशीकरणका प्रावधानहरूका सम्बन्धमा शिक्षक र विद्यार्थीहरूबिच भएको छलफलको अंश तल दिइएको छ । थप स्पष्ट हुन तिमीहरू पनि आफ्नो शिक्षकसँग छलफल गर ।

विद्यार्थी : सर, हजुरले संविधान भनेको देशको मूल कानुन हो भन्नुभएको थियो । हाम्रो देशको संविधानमा राज्यलाई समावेशी बनाउन के कस्ता प्रावधानहरू राखिएको छ, बताइदिनुहोस् न ।

शिक्षक : तिमीहरूले राम्रो प्रश्न गऱ्यौ । नेपालको संविधानमा हाम्रो देशलाई समावेशी बनाउन पर्याप्त प्रावधानहरूको व्यवस्था गरिएको छ । लौ हेर, यो चार्टमा यहाँ राज्यलाई समावेशी बनाउन संविधानमा व्यवस्था भएका प्रमुख प्रावधानहरू उल्लेख गरिएको छ :

नेपालको अन्तरिम संविधान २०६३

प्रस्तावना : देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने ...

भाग १ धारा ३ राष्ट्र : बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, ... सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो ।

भाग १ धारा ५. राष्ट्र भाषा : (१) नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्र भाषा हुन् ।

भाग ३ धारा १३. समानताको हक : (३) राज्यले नागरिकहरूका बिच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराका आधारमा भेदभाव गर्ने छैन । तर महिला, दलित, आदिवासी जनजाति, मधेसी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

(४) समान कामका लागि महिला र पुरुषका बिच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

शिक्षण सुझाव : संविधानले व्यवस्था गरेका समावेशीकरणका प्रावधानहरूको चार्ट प्रस्तुत गरी नेपालमा भएका विभिन्न उदाहरणहरू बताई विद्यार्थीहरूबिच छलफल गराउनुहोस् ।

Curriculum Development Centre

भाग ३ धारा १४. **छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक** : (१) कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुने छ ।

भाग ३ धारा २१. **सामाजिक न्यायको हक** : आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुने छ ।

(घ) १. मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा मधेसी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने,

भाग ७ धारा ६३ संविधान सभाको गठन : (४) ..... राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्ने छ र ..... महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसीलगायत अन्य वर्ग समेतको कानुनमा व्यवस्था भएबमोजिम समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने छ ।

क्रियाकलाप

१. पाठमा दिइएको तालिकामा भएका संवैधानिक व्यवस्थाका बारेमा कक्षा कोठामा बुँदागत रूपमा छलफल गर । उक्त संवैधानिक प्रावधानले समावेशीकरणका कुन कुन पक्षहरूलाई सम्बोधन गरेको छ, बुँदागत रूपमा टिपोट गरी कक्षामा प्रस्तुत गर ।

२. नेपालमा समावेशीकरणका लागि भएका अन्य प्रयासहरूका बारेमा शिक्षकसँग छलफल गर ।

अभ्यास

१. समानुपातिक प्रतिनिधित्व भनेको के हो, उल्लेख गर ।

२. राज्यका सबै निकायहरूमा समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्न नेपालको अन्तरिम संविधानमा कस्तो व्यवस्था गरिएको छ, चर्चा गर ।

३. विभिन्न जाति र समुदायका मानिसहरूको भाषिक पहिचानलाई सम्मान गर्न नेपालको अन्तरिम संविधानमा भएका प्रावधानहरूको उल्लेख गर ।

४. बालक, वृद्ध, अपाङ्ग र अशक्तहरूको संरक्षण कसरी गर्न सकिन्छ, उल्लेख गर ।

Curriculum Development Centre

पाठ : ६

हाम्रो संविधानका विशेषताहरू

संविधान र कानुनबमोजिम देशको शासन व्यवस्था सञ्चालन हुन्छ । २०५२ सालदेखि सुरु भएको सशस्त्र द्वन्द्व र २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनपश्चात् नेपालमा तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को खारेजी भयो । संविधान सभाबाट अर्को संविधान निर्माण नभएसम्म शासन सञ्चालनलाई व्यवस्थित गर्न नेपालको अन्तरिम संविधान, २०६३ जारी भई लागु भयो । यो संविधान २०६३ साल माघ १ गते तत्कालीन प्रतिनिधि सभाबाट जारी भएको हो । यस संविधानका प्रमुख विशेषताहरू निम्नानुसार रहेका छन् :

१. **सङ्घर्ष र आन्दोलनबाट स्थापित संविधान** : यो संविधान ऐतिहासिक सङ्घर्ष र जनआन्दोलनमार्फत प्रकट भएको जन चाहनाबमोजिम स्थापित संविधान हो ।

२. **राजनीतिक सहमतिको दस्तावेज** : यो संविधान संविधान सभाबाट नयाँ संविधान नबनेसम्मका लागि राजनीतिक सहमतिबाट तयार गरिएको हो ।

३. **सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान** : यस संविधानले नेपालमा २३८ वर्षदेखि शासन गर्दै आएको राजतन्त्रको अन्त गरी लोकतान्त्रिक गणतन्त्रको स्थापना गरेको छ । यसमा राष्ट्रपति राष्ट्र प्रमुख हुने व्यवस्था गरिएको छ ।

४. **सार्वभौमसत्ता जनतामा निहित** : यस संविधानले राज्य सञ्चालनको स्रोत जनता हुन् भन्ने मान्यतालाई अङ्गिकार गरेको छ । जनताको सर्वोच्चतालाई स्थापित गरेको छ । यसले नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित रहेको कुरालाई स्पष्ट गरेको छ ।

५. **मानव अधिकारको पूर्ण प्रत्याभूति** : यस संविधानले मानव अधिकारको विश्वव्यापी घोषणाका प्रावधानलाई स्वीकारेको छ । यसले जनताको मौलिक हकको पूर्ण प्रत्याभूति गरेको छ ।

६. **स्वतन्त्र न्यायपालिका र कानुनी राज्य** : यस संविधानले स्वतन्त्र न्यायपालिका र कानुनी राज्यको अवधारणालाई आत्मसात गरेको छ । कानुनको नजरमा सबै समान हुने, कानुनबमोजिमबाहेक कसैलाई सजाय नहुने, कानुनको समान संरक्षणबाट कसैलाई पनि वञ्चित नगरिने व्यवस्था गरिएको छ ।

७. **बहुदलीय प्रतिस्पर्धा** : यस संविधानले आफ्नो विचारधारा र दर्शनअनुरूप राजनीतिक दलहरू खोल्न, सञ्चालन गर्न र जनताको समर्थन प्राप्त गर्न पाइने व्यवस्था गरेको छ । संविधानको

शिक्षण सुझाव : नेपालको अन्तरिम संविधानलाई शैक्षिक सामग्रीका रूपमा प्रयोग गरी पाठमा उल्लिखित विशेषताहरूका बारेमा विद्यार्थीहरूबिच छलफल गराउनुहोस् ।

Curriculum Development Centre

भावनाअनुरूप हुने गरी खोलिएको कुनै पनि राजनीतिक दलमाथिको प्रतिबन्धलाई संविधानले निषेध गरेको छ ।

८. **समावेशी संविधान** : यस संविधानले जात, जाति, वर्ण, भाषा, धर्म, लिङ्गका आधारमा कुनै किसिमको भेदभाव नगर्ने, सबैको पहिचानको सम्मान गर्ने कुरा उल्लेख गरेको छ । त्यसैगरी सामाजिक उत्पीडनमा परेका व्यक्ति तथा समुदायको उत्थान गर्ने र सामाजिक न्याय स्थापित गर्ने कुरामा समेत जोड दिएको छ । तसर्थ यस संविधानलाई समावेशी संविधानका रूपमा लिन सकिन्छ ।

९. **संविधान सभाको व्यवस्था** : यो संविधान सभाबाट नयाँ संविधान नबनेसम्मका लागि तयार गरिएको अन्तरिम संविधान भएकाले यसमा संविधान सभाको व्यवस्था गरिएको छ ।

१०. **धर्म निरपेक्षता** : यस संविधानले नेपाललाई धर्म निरपेक्ष राष्ट्रका रूपमा स्थापित गरेको छ । विभिन्न धर्मका बिच समानता एवम् सहअस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्बन्ध विकसित गर्ने कुरा संविधानमा उल्लेख गरिएको छ ।

क्रियाकलाप

१. नेपालको अन्तरिम संविधान, २०६३ का प्रमुख विशेषताहरूको चार्ट तयार गरी कक्षा कोठामा टाँस ।

अभ्यास

१. अन्तरिम संविधान भनेको कस्तो संविधान हो ?

२. नेपालको अन्तरिम संविधानलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान किन भनेको हो ? उल्लेख गर ।

३. नेपालको अन्तरिम संविधानलाई समावेशी संविधान भन्नुको औचित्य खुलाऊ ।

४. हाम्रो संविधानमा धर्म निरपेक्षता सम्बन्धी कस्तो व्यवस्था गरिएको छ ?

५. राष्ट्राध्यक्ष भनेको के हो ? नेपालको अन्तरिम संविधान, २०६३ लागु हुनुपूर्व राष्ट्राध्यक्ष को हुने व्यवस्था थियो ?

Curriculum Development Centre

पाठ : ७

नागरिक दायित्व

लोकतान्त्रिक शासन विश्वमै उत्कृष्ट व्यवस्था मानिन्छ । यस किसिमको शासन व्यवस्थामा जनता नै शासन सञ्चालनका स्रोत हुन्छन् । स्थायी रूपमा बसोबास गर्दै आएका बासिन्दाहरू नै संविधान र कानुनमा व्यवस्था भएअनुरूप त्यस देशका नागरिक हुन्छन् । नागरिकको सुख, शान्ति र सुरक्षा गर्नु राज्यको दायित्व हो । यसैगरी राज्यले पनि आफ्ना नागरिकहरूबाट केही अपेक्षा गरेको हुन्छ जसलाई पुरा गर्नु जिम्मेवार नागरिकको दायित्व हुन्छ । देशका जिम्मेवार नागरिकले निर्वाह गर्नुपर्ने नागरिक दायित्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. **कानुनको पालना** : कानुन सबैका लागि समान हुन्छ । कानुनका परिधिभित्र रहेर सरकारले विभिन्न नियमहरू बनाएको हुन्छ । नियम र कानुनको पालना गर्नु असल नागरिकको कर्तव्य हो ।

२. **मताधिकारको प्रयोग** : लोकतान्त्रिक शासन व्यवस्थामा जनताबाट निर्वाचित जनप्रतिनिधिबाट कानुन निर्माण हुन्छ । तसर्थ निर्वाचनमार्फत आफ्नो मताधिकारको प्रयोग गरी विवेकपूर्ण रूपमा मत प्रकट गर्नु नागरिकको दायित्व हो ।

३. **सरकार सञ्चालनमा सहयोग** : लोकतान्त्रिक शासन व्यवस्थामा जनमतका आधारमा सरकारको निर्माण हुन्छ । तसर्थ सरकार सञ्चालनमा सहयोग गर्नु नागरिकको दायित्व हुन्छ ।

४. **कर तिर्नु** : जनताद्वारा सङ्कलित करबाट नै सरकारले विकास निर्माण र अन्य जनहितका कार्यहरू सञ्चालन गर्छ । तसर्थ कानुनले निर्धारण गरेबमोजिमको कर समयमै तिर्नु नागरिकको दायित्व हो ।

५. **विकास निर्माणमा सहभागी हुनु** : स्थानीय स्तरमा आवश्यक शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत् तथा सडक निर्माण जस्ता विकास निर्माणका कार्यहरूको पहिचान गर्नु र यस्ता आवश्यकता आफ्ना प्रतिनिधिहरूमार्फत सरकारलाई बोध गराउनु आवश्यक हुन्छ । यस्ता कार्यहरूमा विभिन्न रूपमा आफ्नो सहभागिता जनाउनु पनि असल नागरिकको कर्तव्य हुन्छ ।

शिक्षण सुझाव : विद्यालयभित्र विद्यार्थीको दायित्व के के हुन्छ भन्ने कुराहरूसँग तुलना गरी नागरिक दायित्वका बारेमा विद्यार्थीहरूमा छलफल गराउनुहोस् । विद्यार्थीहरूले पनि नागरिकको हैसियतले नागरिक दायित्व निर्वाह गर्नुपर्ने कुरामा जोड दिनुहोस् ।

Curriculum Development Centre

६. **अरूको अधिकारको सम्मान गर्नु :** आफ्नो अधिकारको उपयोग गर्दा अरूको अधिकारको हनन नहुनेतर्फ सचेत रहनुपर्छ । यसरी अरूको अधिकारको सम्मान गर्नु नागरिकको दायित्वभित्र पर्छ ।

७. **राष्ट्रिय हित विपरीतका कुरामा खबरदारी गर्नु :** स्वदेशी वा विदेशी कुनै पनि सङ्घ संस्था वा अरू कसैबाट पनि राष्ट्रिय अखण्डता र स्वाभिमानमा आँच पुग्ने काम हुनु हुँदैन । कसैले राष्ट्रिय हित विपरीतको कार्य गरेमा त्यस्तो कुराको निगरानी र खबरदारी गर्नु नागरिकको दायित्व हो ।

८. **समकालीन घटनाप्रति सचेत हुनु :** सरकारले गरेका काम कारबाही तथा अन्य समकालीन घटनाप्रति सुसूचित हुनु र आवश्यक देखिएमा आफ्नो प्रतिक्रिया व्यक्त गर्नु पनि जिम्मेवार नागरिकको कर्तव्य हो ।

९. **सार्वजनिक सम्पत्तिको सदुपयोग र संरक्षण गर्नु :** सार्वजनिक सम्पत्ति भनेको जनताको सम्पत्ति हो । यसको सदुपयोग र संरक्षण गर्नु नागरिकको दायित्व हो ।

क्रियाकलाप

१. 'चुनावमा जसलाई भोट हालेर जिताए पनि आफ्नो काम जस्ताको तस्तै, कसैले केही गर्ने होइनन् । चुनाव जितिसकेपछि कोही फेरि फर्केर आउने होइन' यस्तो भनाइ राख्ने तिम्रो समुदायका व्यक्तिहरूलाई कसरी निर्वाचनको महत्त्व बुझाई आफ्नो मताधिकारको प्रयोग गर्न प्रेरित गर्छौ, कक्षामा छलफल गरी कार्य योजना निर्माण गर ।

२. कक्षालाई चार पाँच जनाको विभिन्न समूहमा विभाजन गरी हालसालै देशमा घटेका घटनाहरूका बारेमा छलफल गरी सूची तयार गर र कक्षामा प्रस्तुत गर ।

३. 'राष्ट्रिय हित विपरीतको कुरामा खबरदारी गर्नु नागरिकको दायित्व हो ।' यस विषयमा शिक्षकको सहयोग लिई वक्तृत्व कला प्रतियोगिता गर ।

अभ्यास

१. लोकतान्त्रिक शासन व्यवस्थालाई उत्कृष्ट व्यवस्था किन भनिएको हो, तर्कहरू प्रस्तुत गर ।

२. राज्यको नागरिकप्रति दायित्व के हो र राज्यले नागरिकबाट के अपेक्षा राखेको हुन्छ, उल्लेख गर ।

३. अरूको अधिकारको सम्मान कसरी गर्छौ, बुँदागत रूपमा प्रस्तुत गर ।

Curriculum Development Centre

पाठ : ८

व्यवस्थापिका

व्यवस्थापिका संसद्ले प्रयोग गरेको भवन

व्यवस्थापिका राज्यका तिन प्रमुख अङ्गहरूमध्ये महत्त्वपूर्ण अङ्ग हो । हरेक राष्ट्रमा शासन व्यवस्था सुचारु रूपमा सञ्चालन गर्नका लागि ऐन, कानुन, नीति र नियमहरूको आवश्यकता पर्छ। लोकतान्त्रिक शासन व्यवस्थामा ऐन, कानुनहरू बनाउने कार्य जनताबाट निर्वाचित जनप्रतिनिधिमूलक संस्थाले गर्छ । जनप्रतिनिधिमूलक संस्थालाई व्यवस्थापिका भनिन्छ । कानुन बनाउनु राज्यको सर्वोच्च कार्य हो । यसरी निर्माण गरिएको कानुनको दायराभित्र रहेर कार्यपालिकाले अन्य नीति तथा नियमहरू निर्माण गर्दछ । व्यवस्थापिकाले राज्यमा देखिने विविध समस्याहरूको पहिचान गरी त्यस्ता समस्याहरूको समाधानका लागि आवश्यक ऐन, कानुनहरूको निर्माण गर्छ । यसले निर्माण गरेका कानुनको अधीनमा रहेर राष्ट्र सञ्चालन हुन्छ ।

राष्ट्रका हरेक क्षेत्र, वर्ग, जाति, वर्ण लिङ्गका जनताको हित, उन्नति र कल्याण हुने किसिमले कानुन निर्माण गर्नु व्यवस्थापिकाको प्रमुख कार्य हो । त्यसैले यसले निर्माण गर्ने ऐन, कानुनहरू जनताको हित अनुकूल हुनुपर्छ । नेपालको अन्तरिम संविधान २०६३ को भाग ६ मा व्यवस्थापिका संसद्का बारेमा उल्लेख गरिएको छ । संविधान सभाबाट नेपालको नयाँ संविधान निर्माण गर्ने क्रम रहेकाले व्यवस्थापिका संसद्को कार्यसमेत संविधान सभाले गर्ने व्यवस्था गरिएको छ । संविधान सभाको सदस्य हुनका लागि निम्नानुसारको योग्यता हुनुपर्छ :

१. नेपाली नागरिक भई कम्तीमा २५ वर्ष उमेर पुरा भएको हुनुपर्छ ।

२. नैतिक पतन देखिने कुनै फौजदारी कसुरमा सजाय नपाएको हुनुपर्छ ।

३. कानुनले अयोग्य नभएको र कुनै लाभको पद धारण नगरेको हुनुपर्छ ।

व्यवस्थापिकाको बैठक सञ्चालनलाई व्यवस्थित गर्न सभामुख तथा उपसभामुख रहने व्यवस्था समेत संविधानले गरेको हुन्छ । कानुन बनाउनका लागि व्यवस्थापिका संसद्मा प्रस्तुत हुने मस्यौदा प्रस्तावलाई विधेयक भनिन्छ । व्यवस्थापिका संसद्को सभालाई सदन भनिन्छ । व्यवस्थापिका

शिक्षण सुझाव : कक्षा कोठालाई मिनी पार्लियामेन्ट (सानो संसद्) मानी संसदीय अभ्यासको भूमिका अभिनय गराउनुहोस् ।

Curriculum Development Centre

संसद्का सदस्यहरूले सदनमा विधेयक प्रस्तुत गर्छन् । यसरी प्रस्तुत भएको विधेयकलाई सदनको कुल सङ्ख्याको सामान्य बहुमतले स्वीकृति दिएमा उक्त विधेयक पारित भएको मानिन्छ । यसरी सदनबाट पारित विधेयकलाई राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि कानुन बन्छ ।

व्यवस्थापिका संसद्ले गर्ने प्रमुख कार्यहरू निम्नानुसार छन् :

(क) कानुन निर्माण सम्बन्धी कार्य

(ख) प्रधान मन्त्रीको चयन गर्ने कार्य

(ग) आर्थिक नियन्त्रण सम्बन्धी कार्य

(घ) सरकारको काम कारबाहीको निगरानी र नियन्त्रण

(ङ) संविधान संशोधन सम्बन्धी कार्य

विश्वका कतिपय राष्ट्रहरूले व्यवस्थापिका सम्बन्धी आआफ्नै किसिमका भिन्न भिन्न व्यवस्था गरेका हुन्छन् । राज्यको जनसङ्ख्या, क्षेत्रफल, भौगोलिक अवस्था आदिका आधारमा व्यवस्थापिकाको निर्वाचन प्रक्रिया, सदस्य सङ्ख्या एवम् कार्यविधि निर्धारण गरिएको हुन्छ । जुन व्यवस्था एक अर्का राष्ट्रसँग मेल नखान पनि सक्छ । हाम्रो देशको सन्दर्भमा जनताबाट प्रत्यक्ष निर्वाचित तथा राजनीतिक दलद्वारा समानुपातिक मतका आधारमा मनोनित जनप्रतिनिधिहरू व्यवस्थापिकामा रहने व्यवस्था छ ।

क्रियाकलाप

१. तिम्रो आफ्नो जिल्लाबाट संविधान सभामा प्रतिनिधित्व गरेका राजनीतिक दल र सदस्यको सूची तयार गरी कक्षामा प्रस्तुत गर ।

२. तिम्रो कक्षा कोठालाई एउटा व्यवस्थापिका संसद् जस्तै मानी सभामुख र उपसभामुख छनोट गर र कक्षाका आफ्ना नियमहरू पारित गर ।

अभ्यास

१. व्यवस्थापिकाले कानुन निर्माण गर्दा के कस्ता कुरालाई ध्यान दिएको हुन्छ, उल्लेख गर ।

२. ऐन, कानुन र नीति नियममा के फरक छ, उल्लेख गर ।

३. व्यवस्थापिकाले गर्ने कार्यहरूलाई बुँदागत रूपमा प्रस्तुत गर ।

४. विधेयक भनेको के हो, विधेयक कसरी कानुन बन्छ ?

Curriculum Development Centre

पाठ : ९

कार्यपालिका

सिंहदरबारको नाउँबाट चिनिने प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको भवन

कार्यपालिकालाई राज्यका प्रमुख तिन अङ्गमध्ये कानुनको कार्यान्वयन गर्ने अङ्गका रूपमा चिनिन्छ । नेपालको अन्तरिम संविधान २०६३ को भाग ५ मा कार्यपालिकाको व्यवस्था गरिएको छ । संविधानअनुसार नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहेको हुन्छ । विशेष परिस्थितिमा बाहेक व्यवस्थापिका संसद्को बहुमत सदस्यको विश्वास प्राप्त व्यक्ति प्रधान मन्त्री हुने व्यवस्था छ र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुन्छ । मन्त्रिपरिषद्मा आवश्यकताअनुसार उपप्रधान मन्त्री र अन्य मन्त्रीहरू रहन्छन् । त्यसैले यसलाई सरकार, मन्त्रिपरिषद् जस्ता नामबाट समेत चिनिन्छ । सरकारले गर्ने जुनसुकै कार्य देशको संविधान र कानुनको मातहतमा रहेर गर्नुपर्ने हुन्छ ।

सरकारले गर्ने कार्यलाई सहज र व्यवस्थित गर्न यस्ता कार्यहरूको बाँडफाँडसहित विभिन्न मन्त्रालयहरूको गठन गरिएको हुन्छ । प्रत्येक मन्त्रालयको नेतृत्व सम्बन्धित मन्त्रीले गरेका हुन्छन् । प्रधान मन्त्रीलगायत अन्य उपप्रधान मन्त्री र मन्त्रीहरूसहितको संयुक्त रूपलाई मन्त्रिपरिषद् भनिन्छ । यसले प्रशासनिक दक्षताका आधारमा भर्ना गरिएका प्रशासनका सचिवदेखि

शिक्षण सुझाव : यस पाठलाई भूमिका अभिनयमार्फत शिक्षण पनि गराउनुहोस् ।

Curriculum Development Centre

कार्यालय सहयोगी समेतका कर्मचारीहरूको देशव्यापी कर्मचारीतन्त्रमार्फत आफ्नो कार्य गर्छ । प्रधान मन्त्री र अन्य मन्त्रीहरू आफूले गरेको कुनै पनि काम कारबाहीका लागि व्यवस्थापिकाप्रति उत्तरदायी हुन्छन् । सरकारले गरेका काम कारबाहीहरू देश र जनताको हित अनुकूल छैन भनी लागेमा व्यवस्थापिका संसद्का बहुमत सदस्यहरूले अविश्वासको प्रस्ताव पारित गरी प्रधान मन्त्रीलाई जुनसुकै बखत हटाई अर्को प्रधानमन्त्रीको चयन गर्न सक्छन् ।

कार्यपालिकाले जनताको गाँस, बास, लत्ताकपडा, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सुरक्षासँग सम्बन्धित कार्यहरूका साथै राष्ट्रिय विकासका हरेक पक्षमा सरकारले जिम्मेवारी लिनुपर्छ ।

बुँदागत रूपमा कार्यपालिकाले गर्ने कार्यहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) व्यवस्थापिकाद्वारा पारित कानुनको कार्यान्वयन गर्ने

(ख) संविधान र अन्य कानुनको अधीनमा रही राज्यको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने

(ग) मुलुकमा अमनचयन कायम राख्नुका साथै शान्ति सुरक्षाको व्यवस्था गर्ने

(घ) देशको वार्षिक बजेट तयार गर्ने र कार्यान्वयन गर्ने

(ङ) बाह्य अतिक्रमण र आक्रमणबाट देशको रक्षा गर्ने

(च) परराष्ट्र मामिला सम्बन्धी कार्य गर्ने

(छ) कर निर्धारण गर्ने, कर असुली गर्ने, नयाँ कर प्रस्ताव गर्ने, राष्ट्रिय ढुकुटीबाट रकम झिक्ने, राज्यलाई आवश्यक पर्ने ऋण लिने

(ज) शिक्षा, स्वास्थ्य, पर्यटन, यातायात, खाने पानी जस्ता देश विकासका कार्यहरू सञ्चालन गर्ने

क्रियाकलाप

१. विभिन्न स्रोतहरूबाट सोधखोज गरी नेपालमा रहेका मन्त्रालयहरूको सूची तयार गर र कक्षामा छलफल गर ।

२. तिम्रो समुदायमा सरकारले गरेका कार्यहरूको सोधखोज गरी विवरण तयार पार र कक्षामा प्रस्तुत गर ।

३. तिमीले सुनेका वा थाहा पाएका सरकारी कार्यालयहरूका नाम र कामको सूची बनाऊ ।

अभ्यास

१. कार्यपालिका भनेको के हो, नेपालको कार्यकारी अधिकार कसमा निहित रहेको छ ?

२. मन्त्रिपरिषद् भनेको के हो, मन्त्रिपरिषद्को गठन कसरी हुन्छ, उल्लेख गर ।

३. प्रधान मन्त्री र अन्य मन्त्रीहरू कोप्रति उत्तरदायी हुन्छन् ?

४. सरकारले कानुनको पालना कसरी गराउँछ, उल्लेख गर ।

५. कार्यपालिकाले गर्ने प्रमुख कार्यहरू के के हुन्, बुँदागत रूपमा प्रस्तुत गर ।

Curriculum Development Centre

पाठ : १०

न्यायपालिका

कानुनी राज्यको अवधारणालाई मूर्त रूप दिन कुनै पनि मुलुकमा स्वतन्त्र न्यायपालिकाको स्थापना गरिएको हुन्छ । यो राज्यका प्रमुख तिन अङ्गमध्येको एक हो । यसले अन्यायमा परेका जनतालाई न्याय दिने तथा कानुन तोड्नेलाई स्वतन्त्र र निष्पक्ष भएर सजाय दिई कानुनको संरक्षण गर्छ । न्यायपालिकाले व्यक्ति र राज्यबाट हुने थिचोमिचो रोकी निष्पक्ष रूपमा न्याय सम्पादन गर्छ । यसले नागरिकको मौलिक हक तथा स्वतन्त्रताको संरक्षण गर्नुका साथै संविधान र कानुनको व्याख्या गर्ने कार्यसमेत गर्छ ।

सर्वोच्च अदालत

संविधानमा व्यवस्था भएअनुरूप नेपालमा निम्नानुसार तिन तहका अदालतहरू रहेका छन् :

१. **सर्वोच्च अदालत** : सर्वोच्च अदालत न्यायपालिकाको सबैभन्दा माथिल्लो तहको अदालत हो । यस अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा १४ जनासम्म अन्य न्यायाधीशहरू रहने व्यवस्था छ । प्रधान न्यायाधीशको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुन्छ । अन्य न्यायाधीशहरूको नियुक्ति न्यायपरिषद्को सिफारिसमा प्रधान न्यायाधीशबाट हुन्छ । सर्वोच्च अदालतको न्यायाधीश भई कम्तीमा तिन वर्ष काम गरिसकेको व्यक्तिमात्र प्रधान न्यायाधीशका लागि योग्य हुन्छ । यस अदालतले आफ्नो मातहतमा रहेका अन्य अदालत तथा न्यायिक निकायको सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिने कार्यसमेत गर्छ । सर्वोच्च अदालत अभिलेख अदालत पनि हो । यसले गरेका निर्णय नजिरका रूपमा कानुन सरह मान्य हुन्छन् । यस अदालतको फैसला अन्तिम हुन्छ ।

२. **पुनरावेदन अदालत** : नेपालमा हाल १६ ओटा पुनरावेदन अदालत रहेका छन् । जिल्ला अदालत वा अन्य कुनै सरकारी कार्यालयले गरेको निर्णय चित्त नबुझेमा यस अदालतमा उजुरी गर्न पाइन्छ । यसले दिएको निर्णय पनि चित्त नबुझेमा सर्वोच्च अदालतमा उजुरी गर्न सकिन्छ ।

शिक्षण सुझाव : अन्यायमा परेका व्यक्तिको न्यायका लागि अदालतमा हुने बहसको भूमिका अभिनय गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

३. **जिल्ला अदालत** : नेपालको हरेक जिल्लामा एउटा एउटा जिल्ला अदालत स्थापना गरिएको छ । आफूलाई अन्याय परेमा जिल्ला अदालतमा उजुरी दिनुपर्छ । यदि कुनै व्यक्ति यस अदालतको फैसलाबाट असन्तुष्ट भए पुनरावेदन अदालतमा उजुरी दिन सक्छन् ।

न्यायपालिकाले सम्पादन गर्ने प्रमुख कार्यहरू निम्नानुसार छन् :

(क) प्रचलित कानुनको प्रयोग गरी नागरिकलाई न्याय प्रदान गर्ने

(ख) जनताका विभिन्न प्रकारका हक, अधिकार र स्वतन्त्रताको संरक्षण गर्ने

(ग) कानुनको व्याख्या गरी कानुनको अर्थ प्रस्ट पार्ने

(घ) कानुन तोड्नेलाई कानुनमा व्यवस्था भएअनुरूप दण्ड सजाय तोक्ने

(ङ) विभिन्न जटिल कानुनी प्रश्न र समस्याहरूमा कार्यपालिका र व्यवस्थापिकालाई परामर्श दिने

(च) कानुनको कार्यान्वयन उचित तवरले भए/नभएको हेर्ने

क्रियाकलाप

१ दायाँपट्टि दिइएको चित्रका बारेमा कक्षामा छलफल गर र यसले के कुराको सङ्केत गर्छ, टिपोट गरी प्रस्तुत गर ।

२. तिम्रो जिल्लाको जिल्ला अदालतमा के कस्ता विषयमा मुद्दाहरू पर्ने गर्छन् । आफ्नो अभिभावकसँग सोधी उल्लेख गर र कक्षामा प्रस्तुत गर ।

३. तल दिइएका शब्दहरूको अर्थ शब्दकोषबाट पत्ता लगाई लेख र कक्षामा छलफल गर :

वकिल, वारेस, तारेख, इजलास, सुनुवाइ, पक्ष, विपक्ष, रिट, पुनरावेदन, फैसला ।

अभ्यास

१. न्यायपालिका भनेको के हो ? नेपालको अन्तरिम संविधानमा यस सम्बन्धी कस्तो व्यवस्था गरिएको छ, सङ्क्षेपमा उल्लेख गर ।

२. प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्ति कसरी हुन्छ, उल्लेख गर ।

३. अभिलेख अदालत भनेको के हो ?

४. नेपालमा कति तहका अदालतहरू छन् र ती के के हुन्, उल्लेख गर ।

५. न्यायपालिकाले सम्पादन गर्ने प्रमुख कार्यहरू के के हुन्, बुँदागत रूपमा उल्लेख गर ।

Curriculum Development Centre

पुनरवलोकन अभ्यास

१. तलका प्रश्नको उत्तर देऊ :

(क) सामाजिक नियमले कसरी समाजलाई व्यवस्थित गर्न सहयोग गर्छ ?

(ख) मानव अधिकार भनेको के हो ?

(ग) महिलाहरू पछि पर्नुका कारणहरू उल्लेख गर ।

(घ) नागरिक दायित्व कसरी पुरा गर्न सकिन्छ ?

(ङ) कार्यपालिकाका कार्यहरूको सूची बनाऊ ।

२. न्यायपालिकाका कार्यहरूको चार्ट बनाई कक्षामा प्रस्तुत गर ।

३. तिम्रो कक्षा कोठाको नियम (house rule) पनि सामाजिक नियम हो भन्ने बारेमा संवाद तयार पार ।

४. समावेशीकरण राष्ट्रिय एकताको मूल आधार हो भन्ने पक्ष र विपक्षमा वाद विवाद प्रतियोगिता सञ्चालन गर ।

५. तिम्रो समुदायका कुनै पाँच ओटा घरमा गई तिनीहरूले तलका क्षेत्रमा आफ्नो दायित्व निर्वाह गरेको अवस्थालाई सूचीमा उल्लेख गर र प्राप्त निष्कर्षलाई कक्षामा प्रस्तुत गर ।

घर सङ्ख्या :

घरमुलीको नाम :

क्र. स.	दायित्व	दायित्व निर्वाह गरेको अवस्था		
		सधैँ गर्ने गरेको काम	कहिलेकाहीँ गर्ने काम	कहिल्यै नगर्ने काम
१.	कानुनको पालना गर्नु			
२.	मतदान गर्नु			
३.	कर तिर्नु			
४.	विकास निर्माणमा सहभागी			
५.	सार्वजनिक सम्पत्ति संरक्षण			

Curriculum Development Centre

एकाइ : पाँच

हाम्रो पृथ्वी

सिकाइ उपलब्धिहरू

यस एकाइको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

- अक्षांश, देशान्तर, प्रतिलोम, दुरी, मौसम, हावापानी आदिको परिचय दिन र यिनीहरूको प्रभाव बताउन
- ऋतु परिवर्तन र यसको असर वर्णन गर्न
- जलवायु परिवर्तनका तत्त्वहरू उल्लेख गरी भूकम्प र हावाहुरीबाट बच्ने तरिका अवलम्बन गर्न
- नेपालका जिल्ला, अञ्चल र विकास क्षेत्रको परिचय दिई नक्सा सम्बन्धी कार्य गर्न
- उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेशको भौतिक, आर्थिक तथा सामाजिक जनजीवन उल्लेख गरी नक्सामा भौगोलिक तथ्यहरू भर्न

Curriculum Development Centre

पाठ १

ऋतु परिवर्तन



उत्तरी गोलार्धमा ऋतु परिवर्तन



"आच्छु कस्तो जाडो ! किन यतिविधि जाडो भएको होला ? जेठ, वैशाखमा गर्मी भएर बसिटिक्नु हुँदैन, पुस/माघमा जति लुगा लगाए पनि जाडो कम हुँदैन । दसैँ ताका न जाडो हुन्छ न गर्मी हुन्छ । चैत, वैशाखमा पनि जाडो तथा गर्मी बराबर हुन्छ । मलाई त अचम्म लाग्छ ।" मैले आमालाई सोधेँ । ऋतु परिवर्तन भएको हुनाले यस्तो भएको हो भनी आमाले भन्नुभयो । ऋतु परिवर्तन भनेको के हो आमा भनेर मैले सोधेँ । आमाले त्यो त थाहा छैन भन्नुभयो । किन यस्तो भएको होला भनेर जान्ने इच्छा लाग्यो । त्यसैले इन्टरनेट खोलेँ । गुगल सर्च गरेर ऋतु परिवर्तन (season change) भनी टाइप गरेँ । ऋतु परिवर्तन सम्बन्धी विभिन्न वेबसाइटहरू देखापरे । एउटा साइटमा मैले क्लिक गरेँ । त्यसमा ऋतु परिवर्तनका बारेमा चित्रसहित यसरी लेखिएको रहेछ :

पृथ्वीले सधैँभरि सूर्यको वरिपरि एउटै बाटो भएर परिक्रमा गरिरहन्छ । त्यस बाटोलाई पृथ्वीको कक्ष भनिन्छ । पृथ्वी आफ्नो अक्षमा लम्ब रूपमा नअडिई ६६.५ डिग्रीको कोण बनाएर ढल्किएको छ । पृथ्वीले सूर्यलाई आफ्नो अक्षमा अडिएर घुम्दा सधैँ एकै दिशातर्फ ढल्किएर घुम्छ । यसरी एकै दिशातर्फ ढल्किएर घुम्दा कहिले उत्तरी गोलार्ध सूर्यको सामुन्ने पर्छ त कहिले दक्षिणी गोलार्ध सूर्यको सामुन्ने पर्छ ।

डिसेम्बर २२ तारिखका दिन सूर्य दक्षिणी गोलार्धको मकर रेखाको सिधा 'क' भन्ने स्थानमा पर्छ । सोही समयमा उत्तरी गोलार्धमा सूर्यको किरण छड्के पर्ने हुनाले त्यस क्षेत्रमा हिउँद ऋतु हुन्छ । डिसेम्बर २२ तारिखका दिन उत्तरी गोलार्धमा सबैभन्दा छोटो दिन हुन्छ । उत्तरी ध्रुवीय क्षेत्रमा त करिब चार महिनासम्म सूर्य नै देखा पर्दैन । विस्तारै सूर्य ३ महिनाको अवधि लगाएर 'क' स्थानबाट मार्च २१ तारिखका दिन 'ख' स्थानमा पुग्छ । यस अवधिलाई वसन्त ऋतु भनिन्छ । यस

शिक्षण सुझाव : विद्यार्थीलाई ऋतु परिवर्तन सम्बन्धी अवधारणा विकास गर्न प्रयोगात्मक क्रियाकलाप गराउनुहोस् । साथै ऋतु परिवर्तनका कारण पर्ने प्रभावहरूका सम्बन्धमा विद्यार्थीहरूको अनुभवका आधारमा छलफल गराउनुहोस् ।

Curriculum Development Centre

अवधिमा जाडो कम हुँदै गएको हुन्छ तर गर्मी लागिसकेको हुँदैन । सो दिन सूर्य भूमध्य रेखाको सामुन्ने पर्ने हुनाले उत्तरी र दक्षिणी दुवै गोलार्धमा सूर्यको किरण समान रूपले पर्छ । सूर्य अर्को ३ महिनाको अवधि लगाएर 'ख' स्थानबाट जुन महिनाको २१ तारिखका दिन 'ग' स्थानमा पुग्छ । यस अवधिलाई गृष्म ऋतु भनिन्छ । यस अवधिमा उत्तरी गोलार्धमा गर्मी बढ्दै जान्छ । सूर्य उत्तरी गोलार्धको कर्कट रेखाको सामुन्ने पर्ने हुनाले सो अवधिमा उत्तरी गोलार्धमा गृष्म ऋतु हुन्छ । विस्तारै सूर्य 'ग' स्थानबाट 'घ' स्थानमा पुग्छ । यस अवधिलाई शरद ऋतु भनिन्छ । यो अवधिमा गर्मी र वर्षा कम हुँदै जान्छ तर जाडो लागिसकेको हुँदैन । सो दिन पनि पुन: सूर्यको किरण भूमध्य रेखाको सामुन्ने पर्ने हुनाले उत्तरी र दक्षिणी दुवै गोलार्धमा सूर्यको किरण समान रूपले पर्छ । त्यसैले सो दिन दुवै गोलार्धमा दिन र रातको लम्बाइ बराबर हुन्छ । यसरी उत्तरी गोलार्ध र दक्षिणी गोलार्धमा विपरीत ऋतु हुन्छ ।

क्रियाकलाप

१. चार ओटा समूहमा विभाजित होऊ । एउटा समूहले एक ऋतुका बारेमा तलको तालिका भर । कुनै समूहले सोही बुँदाहरूका आधारमा गीत, कविता वा चित्र बनाउन पनि सक्ने छौ । दृष्टिविहीन बाल बालिकाहरूले आफूले अनुभव गरेको हावापानी, मानव जीवन शैली र फलफुल, तरकारीका आधारमा ऋतु सम्बन्धमा छलफल गर्न सक्छन् ।

ऋतु	सो ऋतुमा पाइने हावापानी	सो ऋतुमा पाइने वनस्पति	सो ऋतुमा तिम्रो र परिवारको लवाइ खवाइ	मानव क्रियाकलाप

२. कोठालाई अँध्यारो पारेर एउटा टेबलको बिचमा बत्ती बाल । त्यस बत्तीको वरिपरि ग्लोबलाई एकै दिशातर्फ ढल्कने गरी घुमाएर हेर । ग्लोबको कुन क्षेत्रमा प्रकाश सिधा पर्छ, छलफल गरी ऋतु परिवर्तनका बारेमा टिपोट तयार गर ।

३. तलका प्रश्नहरूको जवाफ खोज्ने प्रयास गर :

(क) पृथ्वी गोलाकार नभएर फ्ल्याक वा प्लेट जस्तो च्याप्टो भइदिएको भए के हुन्थ्यो होला ?

(ख) पृथ्वी ६६.५ डिग्री नढल्किएर सिधा लम्ब रूपले अडिएको भए के हुन्थ्यो होला ?

४. पाठमा प्रस्तुत चित्रले उत्तरी गोलार्धको ऋतु परिवर्तनको अवस्था देखाएको छ । त्यस्तै गरी दक्षिणी गोलार्धको ऋतु परिवर्तनको अवस्था देखाउने चित्र बनाऊ ।

अभ्यास

१. पाठमा दिइएको चित्र जस्ताको त्यस्तै सार ।

२. ऋतु परिवर्तन हुने कारणहरू उल्लेख गर ।

३. भूमध्य रेखाको सामुन्ने सूर्य वर्षको दुई पटक पर्छ । त्यस समयमा दिन र रातको लम्बाइ कस्तो हुन्छ र किन ?

Curriculum Development Centre

पाठ २

मौसम र हावापानी

मौसम

प्रस्तुत चित्रहरूले कस्तो मौसमको सङ्केत गर्छन् ? एक क्षण सोच त । अहिले बाहिर कस्तो मौसम छ र त्यसलाई कुन चित्रले सङ्केत गर्न सकिएला त ? एक घण्टा अगाडि कस्तो मौसम थियो ? हिजोको मौसम कस्तो थियो ? आज रातिको मौसम कस्तो होला ?

तिमीहरूले ठिक अनुमान गऱ्यौ । बितेको समयको मौसमका बारेमा त भन्न सकिन्छ तर भविष्यको कुनै पनि समयको मौसमका बारेमा ठ्याक्कै बताउन सकिँदैन । हावाको तापक्रम, चाप र वायुको आर्द्रता एवम् वायुको गतिको अध्ययन गरेर अब कस्तो मौसम होला भनी अनुमान लगाउने गरिन्छ । त्यस्तो अनुमान मिल्छ नै भन्ने छैन । यस्तो कार्यलाई मौसमी भविष्यवाणी भनिन्छ । तलको तालिकाले देशका विभिन्न स्थानका एक दिनको तापक्रम र वर्षाको अवस्था देखाएको छ :

	धनकुटा	राजविराज	काठमाडौँ	पोखरा	दाङ	कैलाली	कालीकोट
तापक्रम °से	१५°	२७°	१८°	२२°	२५°	२९°	१५°
वर्षा मिमि	०	०	०	१२	४	१५	०

वायुमण्डलको तापक्रम, हावाको चाप, बादल र वर्षाको अवस्थालाई मौसम भनिन्छ । मौसम क्षण क्षणमा परिवर्तन भइरहन्छ । यो अनिश्चित हुन्छ । यसले सानो ठाउँलाई पनि प्रभाव पार्छ । तिमी बसेको स्थानमा बादल लागिरहेका बेला अलि पर घाम लागिरहेको हुन सक्छ भने नजिकै पानी परिरहेको पनि हुन सक्छ । एकै क्षणमा त्यही ठाउँमा वर्षा रोकिएर घाम लाग्न वा हुरी चल्न पनि सक्छ । कुनै ठाउँमा तापक्रम बढ्यो भने त्यहाँको हावा तातेर माथि जान्छ र त्यहाँ हावाको चाप कम हुन्छ । हावाको चाप बढी भएको वरिपरिको ठाउँबाट त्यस ठाउँतर्फ वायु बेसरी चल्न थाल्छ जसलाई आँधी वा हुरी चलेको भनिन्छ । बादल बोकेको वायु त्यसतर्फ बहेमा बादल लाग्न वा वर्षा हुन सक्छ । यसरी वायुको तापक्रम, हावाको चाप, हावामा जलवाष्पको मात्रा, बादलमा भएको परिवर्तनले मौसम परिवर्तन गराउँछ ।

शिक्षण सुझाव : बाल बालिकाका मौसम र हावापानी सम्बन्धी जिज्ञासाहरूको सूची बनाउनुहोस् र कौतुहलता मेटाउन एवम् भविष्यमा मौसम र हावापानी सम्बन्धी ज्ञानको उपयोग गरेर आफ्नो जीवनस्तर सुधार गर्न सक्षम तुल्याउने किसिमका क्रियाकलापहरू कक्षामा गराउनुहोस् ।

Curriculum Development Centre

हावापानी

वर्षभरिको कुनै ठाउँको मौसमको औसत अवस्थालाई हावापानी भनिन्छ । नेपालको हावापानी मनसुनी हो । हावापानीअनुसार गृष्ममा गर्मी र वर्षा हुन्छ भने हिउँदमा जाडो र सुख्खा हुन्छ । यसरी हरेक वर्षको गृष्म ऋतुको मौसमको अवस्था समान नरहे पनि औसत तापक्रम, औसत वर्षा, वायुमा पानीको बाफको औसत मात्रा उस्तै उस्तै हुन्छ । सामान्यतया हरेक वर्ष यस्तै अवस्था देख्न सकिन्छ । हावापानीले ठुलो क्षेत्र ओगटेको हुन्छ । यो लामो अवधिमा मात्र परिवर्तन हुन्छ । हावापानीलाई जलवायु पनि भन्ने गरिन्छ ।

क्रियाकलाप

१. विद्यालयमा रहेको थर्मोमिटरलाई कक्षाको एक भित्तामा अड्याएर राख । प्रत्येक घन्टी सकिएपछि त्यसमा कति तापक्रम देखाइएको छ, टिप र औसत तापक्रम निकाल । एक हप्तासम्म यस कार्यलाई जारी राख । सो हप्तामा सबैभन्दा गर्मी र सबैभन्दा जाडो दिन कुन थियो, पत्ता लगाऊ । तापक्रमलाई स्तम्भ चित्रमा पनि देखाऊ । यदि वर्षा ऋतुमा १२/१ बजेको तापक्रम एक्कासि बढ्यो भने त्यसपछि वर्षा हुने सम्भावना बढी हुन्छ । मौसमको भविष्यवाणी गर्ने अभ्यास गर ।

२. आफ्नो क्षेत्रको वर्षा आफैँ नाप :

एउटा पारदर्शी प्लास्टिकको बोतल लेऊ । त्यसको माथिल्लो भाग काटेर सोली बनाऊ र बोतलको काटिएको भागबाट उल्टो पारेर भित्र छिराऊ । बोतलको बाहिरपट्टि रुलरलाई पानी टेप लगाएर ठाडो पारेर टाँस । अब वर्षा हुन थालेपछि त्यसलाई बाहिर खुला ठाउँमा जमिनभन्दा एक मिटर माथि राख । वर्षा रोकिएपछि कति सेमि वर्षा भएछ, हेर ।

४. तलको कौतुहलता मेटाउन तिम्रो जवाफ के हुने छ, सङ्क्षेपमा लेख ।

अरब गएका दाजुले त्यहाँ पानी नै पर्दैन भन्नु हुन्छ । मलेसिया गएका काकाले जहिले पनि पानी परिरहन्छ भन्नु हुन्छ । इजरायल गएकी काकीले असार, साउन महिनामा पनि ठ्याम्मै पानी पर्दैन भन्नु हुन्छ ।

Curriculum Development Centre

पाठ : ३

धरातलको तापक्रममा प्रभाव पार्ने तत्त्वहरू

विश्वमा विभिन्न स्थानमा फरक फरक हावापानी पाइन्छ । कहीँ धेरै गर्मी हुन्छ । कुनै ठाउँमा धेरै जाडो हुन्छ । कुनै स्थानमा ग्रीष्ममा गर्मी र हिउँदमा जाडो हुन्छ । कुनै स्थानमा भने जाडो र गर्मी बराबर हुन्छ । यसरी विश्वमा एकैनासको हावापानी नहुनुमा विभिन्न तत्त्वहरूले प्रभाव पारेको हुन्छ । विश्वको तापक्रममा प्रभाव पार्ने तत्त्वहरू निम्नानुसार रहेका छन् :

अक्षांश : अक्षांश बढ्दा तापक्रम घट्छ । अक्षांश घट्दा तापक्रम बढ्छ । भूमध्य रेखीय क्षेत्रमा वर्षभरि नै सूर्यको किरण सिधा पर्छ । त्यसैले त्यहाँ सधैँभरि गर्मी हुन्छ । भूमध्य रेखादेखि ३० डिग्री उत्तर र ३० डिग्री दक्षिणको क्षेत्रलाई उष्ण मण्डल (tropical zone) भनिन्छ । भूमध्य रेखाबाट जति जति उत्तर वा दक्षिण गयो उति उति तापक्रम घट्दै जान्छ । पृथ्वी बाटुलो भएको हुनाले उत्तर वा दक्षिणतर्फ यसको सतह छड्के पर्दै गएको छ । सिधा सतहमा सूर्यको किरणको तताउने शक्ति बढी हुन्छ भने छड्के सतहमा कम हुन्छ । ३० डिग्रीदेखि ६० डिग्री अक्षांशबिचको क्षेत्रमा हिउँद जाडो र ग्रीष्ममा गर्मी हुन्छ । यस क्षेत्रलाई समशीतोष्ण (temperate zone) क्षेत्र भनिन्छ । ६० डिग्री अक्षांशदेखि माथिको क्षेत्रलाई ध्रुवीय हावापानीको क्षेत्र (polar zone) भनिन्छ । यस क्षेत्रमा वर्षैभरि अत्यन्त चिसो हावापानी पाइन्छ । यहाँको तापक्रम शून्य डिग्रीभन्दा धेरै तल पुगेको हुन्छ । यस क्षेत्रलाई शीत मण्डल भनिन्छ ।



उचाइ : होचो सतहमा वायुमण्डलको घनत्व बढी हुने हुनाले यसको दबाब पनि बढी हुन्छ । जब सूर्यको किरण सिधै पृथ्वीको सतहमा आउँछ त्यसले सतहलाई तताउँछ । त्यसपछि विस्तारै सतह नजिकका हावाका कणहरू तातेर हामीलाई गर्मी अनुभव हुन थाल्छ । उच्च क्षेत्रमा हावाका कणहरू थोरै सङ्ख्यामा हुन्छन् । यिनीहरू छरिएर रहेका हुनाले ती कणहरू ताते पनि सेलाइहाल्छन् । त्यसैले उच्च क्षेत्रमा चिसो हावापानी हुन्छ ।

शिक्षण सुझाव : तापक्रम सम्बन्धमा विद्यार्थीहरूका आफ्ना अनुभवहरूका बारेमा छलफल गराउनुहोस् । त्यसपछि विभिन्न उदाहरणहरू दिएर विश्वको नक्सामा तापमण्डल पहिचान गर्न लगाउनुहोस् । तापक्रममा प्रभाव पार्ने तत्त्वहरूका सम्बन्धमा प्रयोगात्मक क्रियाकलाप गराउनुहोस् ।

Curriculum Development Centre

समुद्रको दुरी : पानी ढिलो तात्छ, ढिलो सेलाउँछ । जमिन छिटो तात्छ, छिटै सेलाउँछ । समुद्रको नजिक रम्य (जाडो, गर्मी बराबर हुने) हावापानी पाइन्छ । समुद्रको टाढा विषम (दिनमा धेरै गर्मी हुने र रातमा धेरै जाडो हुने) हावापानी पाइन्छ ।

दिउँसो जमिन र समुद्र दुवैमा समान रूपले सूर्यको किरण पर्छ । जमिन तातिसक्दा पनि समुद्र चिसै हुने हुँदा समुद्रको चिसो हावाको प्रभावले समुद्री किनाराका जमिनमा गर्मी हुन पाउँदैन । रातमा जमिन सेलाइसकेको हुन्छ तर समुद्र न्यानो नै हुन्छ । समुद्रको न्यानो वायुको प्रभावले गर्दा रातमा समुद्री किनारामा धेरै जाडो हुन पाउँदैन । समुद्रदेखि टाढाको क्षेत्रमा समुद्रको वायुको प्रभाव नपर्ने हुनाले दिनमा ज्यादै गर्मी र रातमा ज्यादै जाडो हुन्छ ।

समुद्री धार : समुद्रको पानी गतिशील भई हावाको गति र तापक्रमअनुसार प्रभावित भइरहन्छ । यो समुद्रको किनारै किनार खोला झैँ बगिरहेको हुन्छ । त्यसलाई समुद्री धार भनिन्छ । भूमध्य रेखीय क्षेत्रमा सधैँभरि गर्मी हुनाले त्यहाँबाट बहने धार न्यानो हुन्छ । ध्रुवीय क्षेत्रबाट बहने धार चिसो हुन्छ । त्यसैले न्यानो धार बहने किनारमा न्यानो हावापानी पाइन्छ । त्यसै गरी चिसो धार बहने किनारामा ठन्डा हावापानी पाइन्छ ।

क्रियाकलाप



१. एउटा फुटबल वा भलिबल लेऊ । त्यसमा चित्रमा देखाइएको जस्तै गरी तिन ओटा थर्मोमिटरहरू टाँस । केही बेर घाम वा हिटरको अगाडि राखेर हेर । कुन थर्मोमिटरमा तापक्रम छिटो बढेको पाउँछौ ?

२. कारण देऊ :

(क) बेलायतमा धेरै गर्मी पनि हुँदैन र धेरै जाडो पनि हुँदैन ।

(ख) अफ्रिकाको किलिमन्जरो पहाड गर्मी क्षेत्रमा पर्छ तर हिउँले ढाकिएको छ ।

(ग) मलेसियामा सधैँ गर्मी हुन्छ तर साइबेरियामा सधैँ जाडो हुन्छ ।

अभ्यास

१. विश्वको तापक्रममा प्रभाव पार्ने तत्त्वहरूको नाम लेखी कुनै एक तत्त्वको वर्णन गर ।

२. ठिक वा बेठिक छुट्याऊ र कारण पनि देऊ ।

(क) समुद्र नजिकको क्षेत्रमा जाडो हुन्छ ।

(ख) पहाड चढ्दै जाँदा गर्मी हुँदै जानुको कारण सूर्यको नजिक हुँदै गएर हो ?

(ग) न्यानो धार बहने किनारामा न्यानो हावापानी पाइन्छ ।

(घ) अक्षांश बढ्दै जाँदा तापक्रम घट्दै जान्छ ।

Curriculum Development Centre

पाठ : ४

जलवायु परिवर्तन

नातिनी : हजुरबा । मैले हिजो पुस्तकालयमा नेपालमा जलवायु परिवर्तन भन्ने पुस्तक फेला पारेँ । यसमा निकै चाखलाग्दा कुराहरू लेखिएको रहेछ ।

हजुरबा : हाम्रो पालामा त जलवायु परिवर्तन भनेको सुनेकै थिएनौँ । अचेल त रेडियो, टेलिभिजन, पत्रपत्रिकामा पनि यसैको चर्चा छ ।

नातिनी : हो हजुरबा ! नेपालमा जलवायु परिवर्तन सम्बन्धी चर्चा निकै ढिलो सुरु भएको रहेछ । विश्व समुदायमा यसको चर्चा धेरै पहिले नै चलेको थियो । जब कोइला, खनिज तेल र ग्यासको आविष्कार भयो तब दोस्रो औद्योगिक क्रान्ति सुरु भयो । त्यसै समयमा खनिज तेल बाल्दा के कस्तो प्रभाव पर्छ भनी अध्ययन सुरु भएको थियो । सन् १८५९ मा बेलायती वैज्ञानिक जोन टिन्डलले हरित गृह प्रभाव (green house effect) का बारेमा पत्ता लगाएको कुरा यस पुस्तकमा लेखिएको रहेछ । हामीले जलवायु परिवर्तनबारे धेरै कुरा जान्न र बुझ्न बाँकी रहेछ ।

हजुरबा : यसलाई मैले पनि मानेँ । जलवायु परिवर्तन भएको भनेर कसरी थाहा पाउने रहेछ त नानी ?

नातिनी : मानव, जीवजन्तु, बोट बिरुवा र भौगोलिक प्रणाली अनुकूल जलवायु रहने गर्छ । यसमा असन्तुलन वा अस्थिरता आएमा जलवायु परिवर्तन भएको भन्न सकिने रहेछ, जस्तै : असारमा हुनुपर्ने मनसुनी वर्षा जेठमा नै हुनु वा साउनसम्म नहुनु, मङ्सिरसम्म गर्मी भइरहनु वा वैशाखसम्म जाडो भइरहनु, तराईमा शीतलहर चल्नु र भित्री हिमाली क्षेत्रमा भारी वर्षा हुनु जलवायु परिवर्तन हो । मौसम परिवर्तनलाई जलवायु परिवर्तन भनिँदैन ।

हजुरबा : जलवायु परिवर्तनको कारण चाहिँ के रहेछ त नानी ?

नातिनी : यसमा लेखिएअनुसार जलवायु परिवर्तनको प्रमुख कारण वायुमण्डलमा कार्बनडाइअक्साइड ग्यासको मात्रा बढ्नु हो । यस ग्यासले पृथ्वीमा हरित गृह प्रभाव बढाइदिन्छ । यसले पृथ्वीको तापक्रममा वृद्धि हुन गई हावापानीमा असन्तुलन पैदा हुन्छ ।

हजुरबा : ए ! यसो हेर्दा त हामी आफैँ पो जलवायु परिवर्तनको कारण रहेछौँ । हामीले अनुशासन कायम गऱ्यौँ भने यसलाई फेरि पहिलेकै जस्तो बनाउन सकिने रहेछ ।

शिक्षण सुझाव : जलवायु परिवर्तनका बारेमा अघिल्ला कक्षाहरूमा पनि अध्ययन गरिसकेको हुनाले विद्यार्थीहरूका पूर्वअनुभवहरूलाई समेटेर छलफल अघि बढाउनुहोस् । जलवायु परिवर्तनका असरहरू सम्बन्धमा स्थानीय समुदायमा अवलोकन एवम् स्थानीय बासिन्दासँग छलफल गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

नातिनी : हो हजुरबा । सन् १८३० तिर प्रति दस लाख हावाको कणमा २८१ पिपिएम (parts per million) कार्बन डाइअक्साइडको कण मात्र थियो । सन् २०१० मा आइपुग्दा सो मात्रा बढेर ३९० (पिपिएम) पुगेको छ । सन् १९०१ को तुलनामा पृथ्वीको तापक्रम ०.७४ डिग्री सेल्सियस बढेको छ । यदि यही गतिले तापक्रम बढ्ने हो भने सन् २०३० मा नेपालको तापक्रम १.४ डिग्रीले बढ्ने र सन् २०९० मा ३ देखि ६.३ डिग्री बढ्ने अनुमान गरिएको छ । अबका केही वर्षमा हाम्रा हिमालको हिउँ परिलएर त्यहाँ चट्टान मात्र बाँकी रहन्छ । समुद्री किनारका बस्तीहरू डुब्ने छन् । त्यसैले हामीले आजैदेखि पृथ्वीमा तापक्रम बढाउने ग्यास उत्पादनमा कमी गर्नुपर्छ ।

क्रियाकलाप

१. माथिको संवादलाई आधार बनाएर समूह बनाई हजुरबा र नातिनीको भूमिका अभिनय गर ।

२. जलवायु परिवर्तनका कारणलाई ठुलो कागजमा चार्ट बनाऊ र प्रदर्शन गर ।

३. तलका लेखको अंश अध्ययन गर र सोधिएका प्रश्नहरूको जवाफ देऊ :

झाडा पखालाको कारण : जलवायु परिवर्तन

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले झापा जिल्लामा तामक्रम वृद्धिले औलो, कालाजार र झाडा पखालाबाट परेको असरबारे अध्ययन गरेको थियो । सो अध्ययनले तापक्रम बढेको र औसत वर्षामा कमी हुँदै गएको देखाएको छ । सन् १९९८ देखि २००८ का बिचमा ०.७ डिग्री सेल्सियसले औसत तापक्रम वृद्धि भयो । सन् १९८९ को असार, साउन महिनामा औलोबाट २०० र झाडा पखालाबाट १००० जना प्रभावित भएका थिए । सन् २००८ मा यो सङ्ख्या बढेर औलोबाट ४०० र झाडा पखालाबाट ३००० व्यक्तिहरू प्रभावित भए । अध्ययनले यसरी तापक्रममा वृद्धि र वर्षामा कमी हुनुको सम्बन्ध एवम् रोगव्याधीसँग रहेको निर्क्यौल निकालेको छ । धेरै स्थानमा तापक्रम र वर्षाको चरित्र जलवायुका विविधतासँग जोडिएका छन् । जलवायु परिवर्तनका कारण यो विविधता झन् बढ्ने हुनाले झाडा पखालाबाट हुने आपत् विपत् छिटो छिटो हुन सक्छ ।

- जलवायु परिवर्तनका असरहरू के के रहेछन् ?
- जलवायु परिवर्तनसँगै रोगव्याधी बढ्नुका अन्य कारणहरू के के होलान् ?
- प्रस्तुत लेख पढेपछि आफ्ना मनमा उब्जिएका विचारहरू समेटेर एक अनुच्छेद लेख ।

अभ्यास

१. जलवायु परिवर्तनका कारण र असरहरूको सूची तयार पार ।

२. विश्वमा तापक्रम घटाउने उपायहरू समेटी साथीलाई चिठी लेख ।

Curriculum Development Centre

पाठ : ५

अक्षांश र देशान्तरको प्रभाव



अक्षांश : पृथ्वीको उत्तर ध्रुव र दक्षिण ध्रुवको ठिक बिचमा पर्ने गरी पृथ्वीको वरिपरि एक वृत्ताकार रेखाको कल्पना गरिएको छ । त्यस काल्पनिक रेखालाई भूमध्य रेखा भनिन्छ । भूमध्य रेखाबाट पृथ्वीको केन्द्रसम्म गएको सिधा रेखा र पृथ्वीको बाहिरी सतहमा रहेको कुनै स्थानबाट आएको रेखाले पृथ्वीको केन्द्रमा बनाएको कोण नै अक्षांश हो । प्रस्तुत चित्रमा कज र छज रेखाहरू भूमध्य रेखाबाट पृथ्वीको केन्द्रसम्म खिचिएका रेखा हुन् । छ देखि क सम्म गएको अर्ध वृत्ताकार रेखा भूमध्य रेखा हो । क बिन्दुमा पृथ्वीको केन्द्रबाट आएको सिधा रेखा कज र भूमध्य रेखा आपसमा काटिएका छन् । यो आधार रेखा ०° (शून्य डिग्री कोण) को हुन्छ । यहाँको अक्षांश पनि शून्य डिग्री हुँदा यस कज रेखासँग ख भन्ने स्थानबाट आएको रेखाले पृथ्वीको केन्द्र ज बिन्दुमा ३० डिग्रीको कोण बनाएको छ । त्यसैले ख भन्ने स्थानको अक्षांश ३० डिग्री हुन्छ । भूमध्य रेखादेखि उत्तरतर्फको अक्षांशलाई उत्तरी अक्षांश र दक्षिणतर्फको अक्षांशलाई दक्षिणी अक्षांश भनिन्छ । अक्षांशले विभिन्न क्षेत्रमा प्रभाव पार्छ जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(क) **अक्षांशका कारण विश्वको हावापानीमा प्रभाव** : अक्षांश बढ्दै जाँदा तापक्रम घट्दै जान्छ ।

(ख) **दिन र रातको लम्बाइमा प्रभाव** : भूमध्य रेखामा सधैँ दिन र रातको लम्बाइ बराबर हुन्छ । जति जति अक्षांश बढ्दै जान्छ उति उति दिन र रातको लम्बाइ फरक पर्दै जान्छ ।

(ग) **नक्सा निर्माण र अध्ययनमा प्रभाव** : कुन स्थान कहाँ छ भनी अवस्थिति देखाउन अक्षांशको सहायता लिइन्छ ।

देशान्तर : पृथ्वीको उत्तर र दक्षिण ध्रुव जोड्ने काल्पनिक रेखाहरू देशान्तर रेखा हुन् । यी अर्ध वृत्ताकार हुन्छन् । बेलायतको ग्रिनविच भन्ने ठाउँबाट खिचिएको देशान्तर रेखालाई प्रधान मध्यान्न रेखा भनिन्छ । यो शून्य डिग्रीको देशान्तर रेखा हो । प्रस्तुत चित्रको सहायताले देशान्तरको निर्धारण कसरी हुन्छ भन्ने कुरा जान्ने प्रयास गरौँ । चित्रमा वृत्ताकार घेरा भूमध्य रेखा हो । कझ प्रधान मध्यान्न रेखा हो । प्रधान मध्यान्न रेखा र भूमध्य रेखाले सतहमा काटेको बिन्दु क बाट सिधा

शिक्षण सुझाव : यस पाठमा अक्षांश र देशान्तरका बारेमा अघिल्ला कक्षाहरूमा पनि अध्ययन गरी सकेको हुनाले विद्यार्थीहरूका पूर्वअनुभवलाई समेटेर छलफल गराउनुहोस् ।

Curriculum Development Centre

पृथ्वीको केन्द्रबिन्दुसम्म गएको सरल रेखा कज लाई आधार मानी पृथ्वीका वरिपरि खिचिएका कोणहरू देशान्तर हुन् । कज लाई आधार बनाई खज रेखाले केन्द्रमा ३० डिग्रीको कोण बनाएको छ । त्यसैले ख बिन्दुको देशान्तर ३०° हुन्छ । प्रधान मध्यान्न रेखाको ठिक विपरीत दिशामा १८० डिग्रीको रेखा छ । यो रेखालाई अन्तर्राष्ट्रिय तिथि रेखा भनिन्छ । देशान्तरको प्रभावलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :



(क) प्रत्येक १५ डिग्री देशान्तरमा १ घण्टा समय फरक पर्दै जान्छ । कुनै देशान्तरको पूर्वतर्फको समय छिटो वा चलाख हुन्छ भने पश्चिमतर्फको समय ढिलो हुन्छ । देशान्तरका आधारमा समय निर्धारण हुन्छ ।

(ख) अन्तर्राष्ट्रिय तिथि रेखा पार गरेपछि गते र बार परिवर्तन हुन्छ । यस रेखाको दायाँ र बायाँमा २४ घण्टाको फरक पर्न जान्छ ।



प्रतिलोम (Antipode): पृथ्वीको सतहमा रहेको कुनै बिन्दुको ठिक विपरीत स्थानमा रहेको बिन्दुलाई प्रतिलोम (antipode) भनिन्छ । अक्षांश, समय र देशान्तरमा यस्तो प्रतिलोम गणना गरिन्छ ।

अक्षांशको प्रतिलोम : उत्तरी अक्षांशको प्रतिलोम दक्षिणी अक्षांश हुन्छ भने दक्षिणी अक्षांशको प्रतिलोम उत्तरी अक्षांश हुन्छ । जस्तै : २० डिग्री उत्तरी अक्षांशको प्रतिलोम २० डिग्री दक्षिणी अक्षांश हुन्छ ।

क्रियाकलाप

१. एउटा गोलाकार फर्सी वा भोगटे वा स्याउ लेऊ । त्यसलाई माथिबाट एक चौथाइ भाग काट । काटिएको बक्र सतहमा ३० डिग्रीको फरकमा कोण खिचिएको अर्ध वृत्ताकार कागज टाँस । केन्द्रबाट आएको रेखाले सतहमा छोएको स्थानमा एक एक ओटा पिन गाड र रबर व्यान्डले बाँध । अब अक्षांश रेखाहरू निर्माण हुन्छन् ।

२. त्यसैगरी अर्को गोलाकार वस्तुलाई आधा हुने गरी काट । उक्त काटिएको भागमा सोही आकारको वृत्ताकार कागजमा ३० डिग्रीको फरकमा दायाँतर्फ १८० डिग्री र बायाँतर्फ १८० डिग्रीसम्म कोणहरू खिचेर कागज टाँस । अब यो देशान्तर भयो । प्रत्येक देशान्तरबाट धागोद्वारा देशान्तर रेखाहरू पनि खिच ।

३. प्रतिलोमको उदाहरणसहित परिचय देऊ ।

Curriculum Development Centre

पाठ : ६

नेपालका जिल्ला र अञ्चल

पेमाको डायरी

राष्ट्रिय बाल भेला चलिरहेको थियो । सुरुमा परिचयको कार्यक्रम थियो । म सिटबाट जुरुक्क उठेर नमस्कार गर्दै भने । "मेरो नाम पेमा तामाङ हो । म वडा नं. २, लेले गाविस, ललितपुर जिल्ला, बागमती अञ्चल, नेपालमा बस्छु ।" त्यहाँ नेपालका ७५ ओटै जिल्ला र १४ ओटै अञ्चलबाट प्रतिनिधिहरू आएका रहेछन् । त्यस बेलादेखि नै मेरो मनमा एउटा जिज्ञासा उठिरहेको थियो । मेरो मनमा उब्जिएका कौतुहलता मेटाउन मैले यस्तो जिज्ञासा राखेँ :

"नेपालमा १४ अञ्चल र ७५ जिल्ला छन् भन्ने त थाहा छ तर किन यसरी जिल्ला र अञ्चलमा विभाजन गरिएको होला, यस्तो विभाजन कहिले र कसले गरेको होला ?"

विशेषज्ञले मेरा प्रश्नहरूलाई सम्बोधन गर्दै भन्नुभयो, "बहिनीले राम्रो प्रश्न गर्नुभयो । तपाईंहरूका यस्तै बाल जिज्ञासाहरूको समाधान गर्न हामी यहाँ उपस्थित भएका छौँ ।"

नेपाललाई भौगोलिक रूपमा हिमाली, पहाडी र तराई गरी तिन क्षेत्रमा विभाजन गर्न सकिन्छ । केन्द्रबाट मात्र देशका कुनाकाप्चासम्म विकासका कार्यहरू सञ्चालन गर्न सम्भव हुँदैन । विकेन्द्रीकरणको सिद्धान्तअनुसार केन्द्रमा रहेको अधिकारलाई स्थानीय स्तरसम्म पुऱ्याउन यस्तो विभाजन आवश्यक हुन्छ । वि. सं. २०१८ मा सरकारले नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरेको थियो ।

प्रत्येक जिल्लामा जिल्ला स्तरीय सरकारी कार्यालयहरू रहेका छन् । यहाँ जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय र जिल्ला शिक्षा कार्यालय रहेका हुन्छन् । त्यस्तै गरी जिल्ला अस्पताल, जनस्वास्थ्य कार्यालय, कृषि कार्यालय, पशु कार्यालय, सहकारी कार्यालय, प्रहरी कार्यालयलगायतका कार्यालयले जिल्लाभरिका जनतालाई सेवा सुविधा दिइरहेका छन् ।

शिक्षण सुझाव : यस पाठ अध्ययनपश्चात् एटलस तथा नक्सा हेरेर जिल्ला र अञ्चलहरू पहिचान गर्ने अभ्यास गराउनुहोस् ।

Curriculum Development Centre

अञ्चलअनुसार जिल्लाहरूको विभाजन यस प्रकार रहेको छ :

विकास क्षेत्र	अञ्चल	जिल्ला
पूर्वाञ्चल	मेची	ताप्लेजुङ, पाँचथर, इलाम, झापा
	कोसी	मोरङ, सुनसरी, धनकुटा, तेरथुम, भोजपुर, सङ्खुवासभा
	सगरमाथा	सप्तरी, सिराहा, उदयपुर, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु
मध्यमाञ्चल	जनकपुर	महोत्तरी, धनुषा, सर्लाही, सिन्धुली, रामेछाप, दोलखा
	बागमती	काभ्रेपलाञ्चोक, काठमाडौँ, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट
	नारायणी	रौतहट, बारा, पर्सा, चितवन, मकवानपुर
पश्चिमाञ्चल	गण्डकी	कास्की, तनहुँ, लमजुङ, गोरखा, स्याङ्जा, मनाङ
	धवलागिरि	पर्वत, बाग्लुङ, म्याग्दी, मुस्ताङ
	लुम्बिनी	रूपन्देही, नवलपरासी, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा
मध्यपश्चिमाञ्चल	कर्णाली	डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट
	रापती	दाङ, सल्यान, प्युठान, रोल्पा, रुकुम
	भेरी	बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट
सुदूर पश्चिमाञ्चल	सेती	कैलाली, डोटी, अछाम, बाजुरा, बझाङ
	महाकाली	कन्चनपुर, डडेलधुरा, बैतडी, दार्चुला

क्रियाकलाप

१. नेपालको नक्सा उतारी त्यसमा १४ अञ्चल भर र प्रत्येक अञ्चललाई फरक फरक रङ लगाऊ र प्रदर्शन गर ।

२. नेपालको भौगोलिक तथ्यहरूका सम्बन्धमा एक जनाले कम्तीमा २० ओटा प्रश्नहरू उत्तरसहित बनाऊ । अब कक्षामा चार समूह बनाई हाजिरी जवाफ कार्यक्रम गर ।

अभ्यास

१. नेपालको नक्सा हेरी तलका प्रश्नहरूको जवाफ देऊ :

(क) भारत र चीनको सिमाना छुने अञ्चलहरू कुन कुन हुन् ?

(ख) पहाडी क्षेत्रमा कति ओटा जिल्लाहरू पर्छन् ?

Curriculum Development Centre

पाठ : ७

नक्सा अध्ययनमा दुरीको प्रयोग

शिक्षकले सबै विद्यार्थीलाई एटलसमा भएको नेपालको राजनीतिक नक्सा हेर्न भन्नुभयो । सबै विद्यार्थीले नक्सा पल्टाइसकेपछि नक्सामा आफू बसेको जिल्लाको सदरमुकाम पत्ता लगाउन भन्नुभयो । त्यसपछि उक्त सदरमुकामदेखि नेपालको राजधानी काठमाडौँसम्मको दुरी पत्ता लगाउन भन्नुभयो । सबैजना अलमल्ल परे । एक जना विद्यार्थीले आफूलाई जिल्ला सदरमुकामदेखि राजधानीसम्मको दुरी नै थाहा छैन, कसरी नाप्ने भनी प्रश्न गरे । नक्सामा नजिकै स्केल (scale) को नापो दिइएको छ । त्यसैका आधारमा नापेर हेर न भनी शिक्षकले भन्नुभयो । सनमको एटलसको नक्सा नजिकै '१ सेमि = १०० किमि' लेखिएको रहेछ । उनले आफ्नो रुलर झिकेर आफ्नो जिल्लाको सदरमुकाम दुनैदेखि काठमाडौँसम्मको दुरी नापे । नक्सामा उक्त दुरी ७ सेमि रहेछ । उनले यसरी हिसाब गरे :

नक्साको दुरी = ७ सेमि
नक्सामा उल्लिखित नापो = १ सेमि = १०० किमि
त्यसैले ७ सेमि = १०० × ७ किमि
दुनैदेखि काठमाडौँसम्मको दुरी = ७०० किमि

सनमको प्रयासलाई शिक्षकले प्रशंसा गर्दै अरू विद्यार्थीलाई पनि यसै गरी दुरी पत्ता लगाउन भन्नुभयो । यस प्रकारको नापोलाई कथनात्मक नापो (statement scale) भनिन्छ भनी अरू विद्यार्थीलाई पनि सिकाइदिनुभयो ।



नम्रताको एटलसमा नक्सासँगै यसरी नापो दिइएको रहेछ । उनले पनि सो स्केलको प्रयोग कसरी गर्ने होला भनी सोच्न थालिन् । उनलाई जुक्ति आयो । उनले एक टुक्रा धागो लिइन् र दिइएको चित्रमाथि राखेर ०, ५० र १०० को बिन्दुमा चिह्न लगाइन् । सो धागाले आफ्नो सदरमुकाम गाईघाटदेखि काठमाडौँसम्मको दुरी नापिन् । उक्त दुरी २०० किमि रहेछ । शिक्षक दङ्ग पर्नुभयो । तिमी त निकै चलाख रहिछौ भन्दै शिक्षकले उक्त चित्रात्मक नापो (graphical scale) का बारेमा बताइदिनुभयो । स्केलमा नक्सासँगै दिइएको यस्तो स्केलको अङ्कित नाप बराबर नै नक्सामा नाप्दा जति दुरी आउँछ

शिक्षण सुझाव : नक्साको महत्त्वपूर्ण पक्ष नाप वा स्केल हो । नापबिना नक्सा सम्भव हुँदैन । नक्सा अध्ययन गर्दा नापका सहायताले विभिन्न ठाउँहरूबिचको वास्तविक दुरी पत्ता लगाउन सकिन्छ । विद्यार्थीलाई एटलस वा भित्ते नक्सामा सँगै दिइएको नापका सहायताले विभिन्न ठाउहरूबिचको दुरी पत्ता लगाउने अभ्यास गराउनुहोस् ।

Curriculum Development Centre

त्यही नै वास्तविक दुरी हुन्छ । प्रस्तुत स्केलमा 'ख' देखि 'घ' सम्मको दुरी २ सेमि छ र नक्सामा पनि कुनै एक ठाउँदेखि अर्को ठाउँसम्मको दुरी २ सेमि भयो भने ती ठाउँबिचको वास्तविक दुरी १०० किमि हुन्छ । गाईघाटदेखि काठमाडौँसम्मको दुरी ४ सेमि रहेछ । त्यसैले ती ठाउँबिचको दुरी २०० किमि भयो ।

RF १ : ४०००००

जमुनीको एटलसमा नक्सा सँगै नापो दिइएको रहेछ । यसको प्रयोग कसरी गर्ने होला भनी उनी सोच्न थालिन् । उनलाई गणित विषयमा भिन्न र अनुपात पढ्दा १:१० भनेको १/१० अर्थात् १० भागको एक भाग हुने कुरा याद भयो । दिइएको नापले पनि नक्सामा एक एकाइ नापले वास्तविक जमिनमा ४०००००० एकाइ हुने कुरा बुझिन् । उनले आफ्नो सदरमुकाम डडेलधुराबाट काठमाडौँसम्मको दुरी नक्सामा नापिन् । उक्त दुरी १३.५ सेमि भयो । यो स्केललाई प्रतिनिधि भिन्न नापो (representative fraction scale) भनिन्छ ।

ती दुई ठाउँको दुरी १३.५ × ४०००००० सेमि = ५४०००००० सेमि

डडेलधुराबाट काठमाडौँसम्मको वास्तविक दुरी = ५४० किमि भयो ।

जमुनीको यो प्रयास देखेर शिक्षक अत्यन्त खुसी हुनुभयो ।

क्रियाकलाप

१. हरेक दुई दुई जनाको समूहमा बसेर एटलसमा रहेका कुनै नक्सामा विभिन्न ठाउँहरूको बिचको दुरी त्यहाँ दिइएको स्केलका आधारमा नापेर पत्ता लगाऊ ।

२. नक्सामा दुरी दिइएका कारणले के कस्ता फाइदा भएको छ ? साथीसँग छलफल गरी लेख ।

३. चित्रात्मक नापो र प्रतिनिधि भिन्न नापोका बिचमा फरक छुट्याऊ ।

अभ्यास

एटलस हेरी नक्सामा स्केल प्रयोग गरी दिइएका स्थानहरूबिचको दुरी पत्ता लगाऊ :

पोखरा – सुनौली	लुम्बिनी – काठमाडौँ	जनकपुर – वीरगन्ज
अन्नपूर्ण – कोदारी	काँकडभिट्टा – पोखरा	वीरगन्ज – सगरमाथा

Curriculum Development Centre

पाठ : ८

नेपालको नक्सा



आदरणीय शिक्षकज्यू,

म कक्षा आठमा अध्ययनरत सङ्गीताको अभिभावक हुँ । म तपाईंलाई एउटा घटना सुनाउन चाहन्छु । म अस्ट्रेलियामा पढ्न आएको एक वर्ष भयो । केही दिन पहिले यहाँ एउटा कार्यक्रमको आयोजना गरिएको थियो । यसमा सहभागी हुने प्रत्येक व्यक्तिले आआफ्नो देशको परिचय गराउनुपर्ने थियो । मलाई साथीहरूले नेपालका तर्फबाट प्रस्तुत गर्न प्रतिनिधि छाने । यस कार्यक्रममा भारत, बङ्गलादेश, श्रीलङ्का, मलेसिया, इरान, फ्रान्स लगायतका मुलुकका प्रतिनिधिहरूले भाग लिएका थिए । प्रत्येक प्रतिनिधिले क्रमश: ठुलो बोर्डमा आफ्नो देशको मानचित्र कोरे र आफ्नो देशको गौरव बढाउने स्थानहरू त्यसमा देखाए । राष्ट्रिय गान गाए र देशका ऐतिहासिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरूको परिचय दिए ।

जब मेरो पालो आयो, म अक्क न बक्क भएँ । मलाई मेरो देशको मानचित्र बनाउन आएन । म उभिइरहेँ । त्यहाँ उपस्थित केही नेपालीलाई मात्र नेपालको मानचित्र कोर्न आउने रहेछ । हामीलाई लागेको महसुस मैले कक्षा आठमा पढ्दाको समयमा नेपालको नक्सा बनाउन अभ्यास नगरेको

शिक्षण सुझाव : प्रत्येक नागरिकले आफ्नो देशको मानचित्र दिमागमा राख्न सकोस् ता कि नेपाल भन्ने बित्तिकै उसलाई नेपालको मानचित्र याद आओस् । त्यसलाई जस्ताको त्यस्तै उतार्न नसके पनि सामान्य आकृति कोर्न र देशका महत्त्वपूर्ण कुराहरू नेपालको नक्सामा कहाँनेर छ भनी सङ्केत गर्न सकोस् । नेपालमा के के महत्त्वपूर्ण कुराहरू छन् भनी भन्न र गर्व गर्न सकोस् ।

Curriculum Development Centre

कुरा झल्झली सम्झिएँ । सामाजिक अध्ययन विषयमा मैले धेरै अङ्क ल्याएर परीक्षा त उत्तीर्ण गरेँ तर जीवनको परीक्षामा म असफल भएँ । नेपालको नक्सा बनाउन सिक्नुको महत्त्व मैले आज बल्ल बुझेँ । मैले पनि अल्छी नगरी नेपालको नक्साको अभ्यास गरेको भए आज यो अवस्था आउने थिएन । वास्तवमा नेपाली नागरिक भएपछि अफ्नो देशका बारेमा जानकारी हुनुपर्ने रहेछ । त्यो समारोहमा मैले सगरमाथा र लुम्बिनी कहाँ कहाँ पर्छ भनेर देखाउन पनि सकिनँ । मलाई त्यहाँ आफ्नो कमजोरीप्रति आत्मग्लानी भयो । त्यसैले आदरणीय शिक्षकज्यू, मेरा छोराछोरीलाई त्यसो नगरिदिनुहोला । मेरा छोराछोरीलाई नेपालको नक्सा कोर्न, राष्ट्रिय गान गाउन, नेपालको झन्डा बनाउन र देशका गौरवशाली कुराहरूका बारेमा सिकाइदिनुहोस् । मेरा छोराछोरीले मेरो देशलाई राम्रोसँग चिन्न र बुझ्न सकुन् । मेरा छोराछोरी परीक्षामा मात्र होइन जीवनमा पनि उत्तीर्ण हुने गरी सिकाइदिनुहोस् । यही नै यहाँसँग मेरो अनुरोध छ ।

तपाईँको शुभचिन्तक
शरण नेपाली

क्रियाकलाप

१. चार चार जनाको समूहमा विभाजित भई एटलसमा रहेको नेपालको भौतिक वा राजनीतिक नक्सा लेऊ । त्यसको माथिबाट पालैपालो डाइस (पोट गट्टी) गुडाऊ । जसले डाइस गुडाएको हो उसले डाइस जहाँ अडियो त्यस वरपरका कम्तीमा तिन ओटा कुराहरू नक्सामा हेरेर भन्नुपर्ने हुन्छ । अरूले ठिक हो वा होइन भनी निर्णय दिनुपर्ने हुन्छ । यो खेल करिब १५ मिनेट खेल र सबैभन्दा बढी अङ्क कसले प्राप्त गऱ्यो, उसलाई पुरस्कृत गर ।

२. नेपालका ससाना रेखाङ्कित नक्साहरू सङ्कलन गर । तीमध्ये कुनैमा विकास क्षेत्रहरू छुट्याएर, कुनैमा अञ्चल र कुनैमा भौगोलिक प्रदेशहरू छुट्याएर रङ भर । त्यसलाई बाक्लो कागजमा टाँस र ब्याग, कपाल च्याप्ने क्लिप, पुस्तकको गातामा टाँसेर उपयोग गर ।

३. निम्नानुसारका सङ्केतले के जनाउँछ ?

अभ्यास

१. दृष्टिविहीन बाल बालिकाहरूले शिक्षकले दिएको नेपालको टेम्प्लेट नक्सा छामेर नेपालको आकारको अनुमान गर र त्यसको वरिपरि ब्रेल कलमले खोपेर नक्सा उतार्ने प्रयास गर । अन्य विद्यार्थीले सामान्य कलमले त्यसैगरी नक्सा उतार्ने प्रयास गर ।

२. नेपालको नक्सा माथि पातलो कागज राखेर रेखाङ्कित नक्सा कोर । त्यसमा तलका तथ्यहरू भर : सगरमाथा हिमाल, पोखरा, जानकी मन्दिर, नेपालको राजधानी, पूर्व पश्चिम राजमार्ग ।

३. हामीले नेपालको नक्सा बनाउन सिक्नुपर्ने कुनै चार कारणहरू उल्लेख गर ।

Curriculum Development Centre

पाठ : ९

भूकम्प



जमिन हल्लिनु वा काँप्नुलाई भूकम्प भनिन्छ । जमिन धेरै हल्लिएमा घरहरू भत्किन सक्छन् र जमिन पनि फाट्न सक्छ । धेरै धनजनको क्षति हुन सक्छ । भूकम्प जाने एउटै मात्र कारण छैन । धेरै कारणहरूमध्ये ढिक्का प्रणाली (tectonic plate system) एक महत्त्वपूर्ण कारण हो। यस सिद्दान्तअनुसार पृथ्वीको केन्द्रमण्डलमा ज्यादै तातो पदार्थ म्याग्मा रहेको छ । म्याग्माको वरिपरि कडा चट्टानले बनेको तहले ढाकेको छ। त्यो तह एउटै ढिक्का नभई विभिन्न ढिक्काहरू (plate) मा विभाजित छ । यी ढिक्काहरू चलायमान छन् । कुनै ढिक्काहरू आपसमा जोडिँदै छन् भने कुनै ढिक्काहरू छुटिँदै छन् । कुनै ठुलो ढिक्काका मुनि साना ढिक्काहरू घुस्रिँदै पनि छन् । यसरी छुट्टिने, जोडिने र घुस्रिने क्रममा चट्टान चिरा पर्ने, भाँचिने एवम् धसिने हुन सक्छ । त्यस्तो अवस्थामा त्यहाँको सतहमा कम्पन पैदा हुन्छ । यसैलाई हामी भूकम्प भन्छौँ । नेपाल पनि यस्तै ढिक्काहरूको जोर्नीमा रहेको छ । दक्षिणतर्फको भारतको ढिक्का उत्तरतर्फको तिब्बतीय ढिक्कातर्फ घुस्दैछ । त्यसैले नेपालमा जहिले पनि भूकम्प जान सक्छ । जमिनमुनिको भूकम्पको उत्पत्ति भएको स्थानलाई हाइपोसेनटर (Hipocentre) र सो कम्प सिधा सतहमा आइपुग्ने केन्द्रलाई इपिसेन्टर (Epicentre) भनिन्छ । भूकम्प रेक्टर स्केलमा नापिन्छ ।

वि.सं. १९९० माघ २ मा नेपालमा महाभूकम्प गएको थियो । वि. सं. २०४५ भदौ ५ र वि. सं. २०६८ असोज १ मा पनि नेपालको पूर्वी क्षेत्रमा ठुलो भुइँचालो गएको थियो । अहिले पनि यस क्षेत्रमा महाभूकम्प जानका निम्ति शक्ति सञ्चय भइसकेको अनुमान गरिएको छ । त्यसैले हामी आजैदेखि सुरक्षाको तयारीमा लाग्नुपर्छ । भूकम्पबाट जोगिन निम्नानुसारका सावधानी अपनाउनुपर्छ :

१. भूकम्प आउनुअघि

(क) शिक्षक, अभिभावक, विद्यार्थी, व्यवस्थापन समिति मिलेर भूकम्पीय सुरक्षा योजना बनाउने । भूकम्पीय दृष्टिले जोखिम भएका र सुरक्षित वस्तु तथा स्थानहरू पहिचान गरी सुधार गर्ने ।

शिक्षण सुझाव : बाल बालिकाहरूलाई अनिवार्य रूपमा भूकम्पीय सुरक्षा पूर्वाभ्यास गराउनुहोस् । यसले साँच्चैको भूकम्प आएको समयमा हामी शिक्षकलाई पनि व्यवस्थापन गर्न सजिलो हुन्छ । अन्यथा सम्भावित क्षतिको दोष आफूलाई लाग्न सक्छ । यसमा स्थानीय रेडक्रसको समेत सहायता लिनुहोस् ।

Curriculum Development Centre

योजना अनुसारका टोलीहरू बनाई कामको जिम्मेवारी बाँडफाँड गर्ने । भूकम्पीय स्थानन्तरण नक्सा निर्माण गरी विद्यालयका सबैले देख्ने स्थानमा र कक्षा कक्षामा पनि टाँस्ने ।

(ख) आपतकालीन सामग्री र हाजिरी पुस्तिका सबैले भेट्ने स्थानमा राख्ने ।

(ग) प्रत्येक त्रैमासिक परीक्षा सकिएपछि भूकम्पीय सुरक्षा पूर्वाभ्यास (drill) गर्ने ।

२. भूकम्प आइरहेको समयमा

सबै विद्यार्थी तथा शिक्षक डेस्क बेन्चमुनि बस्ने र डेस्क बेन्चको खुट्टा समाउने । डेस्क बेन्च वा टेबुल नभएको ठाउँमा सुरक्षित स्थानहरूमा हात वा झोला वा किताबले टाउको छोपेर थचक्क बस्ने । शरीरलाई सकेसम्म सानो बनाउने । केही पनि नभएको स्थानमा भएमा चित्रमा देखाए जस्तै गरी घुँडा टेकी गुडुल्की परी ओत लागी बस्ने (Duck Cover Hold) ।

३. भूकम्प गइसकेपछि

(क) कराउने, आत्तिने, दौडने गर्नु हुँदैन । शान्त भएर होसियारीका साथ नआत्तिइकन बस्नुपर्छ ।

(ख) हल्ला नगरी लाइन लागेर नदौडिइकन छिटो बाहिर निस्कनुपर्छ । तोकिएको सुरक्षित स्थानतर्फ जानुपर्छ । लाइनमा हल्ला नगरी बस्नुपर्छ । आफ्ना साथी आए/आएनन् हेरेर शिक्षकलाई तुरुन्त खबर गर्नुपर्छ । उद्धार टोलीलाई सघाउनुपर्छ ।

(ग) शिक्षकको निर्देशन नपाएसम्म त्यहाँबाट यताउति लाग्नु हुँदैन र घर पनि जानु हुँदैन ।

(घ) आफू च्यापिएको वा थुनिएको अवस्थामा धैर्यताका साथ उद्धार टोलीको प्रतिक्षा गर्नुपर्छ । उद्धार टोली आएको सङ्केत पाएपछि मात्र आवाज दिनुपर्छ ।

क्रियाकलाप

१. विद्यालयमा शिक्षकको निर्देशनमा भूकम्पीय सुरक्षा अभ्यास (drill) गर ।

२. भूकम्पीय सुरक्षाका बारेमा परिवार र छिमेकमा पनि जानकारी गराऊ । घरमा पनि परिवारका सदस्यहरू मिलेर अभ्यास गर ।

३. आफ्नो घरको भूकम्पीय सुरक्षा नक्सा तयार पार । सबैको नक्सा कक्षामा प्रदर्शन गर ।

अभ्यास

१. भूकम्पको परिचय देऊ ।

२. भूकम्प जानुअघि, गइरहेको समयमा र गइसकेपछि के के गर्नुपर्छ ?

Curriculum Development Centre

पाठ : १०

हावाहुरी

अपराह्नको समय थियो । नदिम हुसेन र साथीहरू विद्यालयबाट फर्कंदै थिए । अचानक हावा चल्न थाल्यो । धुलो उड्यो । अनौठो आवाज आयो । रुखहरू हावाले हल्लाइरहेका र यताउति लच्किरहेका थिए । अगाडि बढ्नै सकिएन । गीता, इसा र बुद्धमान छिटोछिटो हिँड्न थाले । एउटा रुखको हाँगा भाँचिएर उनीहरूको नजिकै खस्यो । उनीहरू डराए । एक अर्कालाई च्याप्प समातेर थुचुक्क बसे । अलि पर एउटा घरको छाना उडायो । अर्को घरको छानाको जस्ता पाता पनि उडाएर अलि पर लगेर फालिदियो । केही समयपछि हुरी बतास कम भयो । आफूतर्फ आइरहेका किशोर दाइलाई देखेर उनीहरू एकै स्वरमा कराए । "किशोर दाइ अब हामी कसरी घर जाने ? हिँड्नै सकिएन । घरको छाना पनि उडायो," गीताले डराउँदै भनिन् ।

तिमीहरू आत्तिनु पर्दैन, हुरी बतास कम भइसकेको छ । मसँगै हिँड घर जाऔँ भन्दै किशोरले उनीहरूलाई साथै लिएर हिँडे । बाटोमा किशोरीले उनीहरूलाई हुरी बतास किन आउँछ भन्ने सम्बन्धमा बताउन थाले । हावाका कणहरू धेरै भएको स्थानमा हावाको चाप (दबाब) बढी हुन्छ । वायु चल्नका लागि एक ठाउँमा हावाको चाप बढी र अर्को ठाउँमा कम हुनुपर्छ । तापक्रम बढ्दा हावाको चाप कम हुन्छ । हावाका कणहरू तातेपछि हल्का हुन्छन् र माथितिर जान्छन् । त्यसलाई क्षतिपूर्ति गर्न वरिपरिबाट कम चाप भएकोतर्फ वायु बहन्छ ।

हाम्रो पृथ्वीलाई वरिपरि वायुमण्डलले ढाकेको छ । वायुमण्डलमा रहेको हावा (air) चलायमान भयो भने त्यसलाई वायु (wind) भनिन्छ । वायु छिटो गतिमा बह्यो भने त्यसलाई हुरी बतास भनिन्छ । गति अझै बढेमा आँधी भनिन्छ । हावा जहिले पनि सबैतिर समान चाप बनाएर बस्ने स्वभावको हुन्छ । तर तापक्रमको असमानताले गर्दा यो सम्भव हुँदैन । चापमा सन्तुलन ल्याउनका निमित्त हावा बढी चापबाट घटी चापतर्फ बहन्छ । तिमीहरूले चउरमा भुमरी परेर कागत र धुलोका कणहरू घुमाउँदै आकासतर्फ उडाएको देखेको हौला । कुनै स्थानमा तापक्रम एक्कासि बढेर हावाको चाप तीब्र गतिमा घट्यो भने चारैतिरबाट त्यस स्थानतर्फ वायु बहन्छ । वरिपरिबाट एकै

शिक्षण सुझाव : नेपालमा शिक्षा पाएका सबै नागरिक सधैँ नेपालमा नै रहिरहन्छन् भन्ने छैन । उनीहरू समुद्री किनार, क्षेत्र, मरुभूमि क्षेत्र र वायु चल्ने क्षेत्रमा पुगे भने हावा हुरी र आँधीहरूबाट जोगिन सक्नुपर्छ । त्यसैले यस बारेमा व्यावहारिक ज्ञान र सिप सिकाउनुहोस् ।

Curriculum Development Centre

पटक हावा अएपछि त्यहाँ हावाको मात्रा एक्कासि बढ्छ । अनि हावा घुमी घुमी माथितर्फ जान्छ । त्यही नै भुमरी हो । यसलाई चक्रवात पनि भनिन्छ ।

समुद्री किनाराको चक्रवात निकै ठुलो र शक्तिशाली हुन्छ । यसलाई समुद्री आँधी भनिन्छ । समुद्री आँधी चलेको समयमा धेरै वर्षा र हुरी बतास चल्छ । समुद्री किनारा क्षेत्रमा बस्नेहरूले जहिले पनि रेडियो साथमा राखिरहनुपर्छ । समुद्री आँधीको पूर्वसूचना दिन सकिन्छ । सूचना सुनेर सावधानी अपनाएमा धन, जनको क्षति हुनबाट जोगिन सकिन्छ । आँधी चलिरहेका समयमा र रोकिएपछि पनि घरबाट निस्कनु एवम् जथाभावी हिँडडुल गर्नु हुँदैन । अमेरिकामा यसलाई हुरिकेन (Hurricane) र टोर्नाडो (Tornado) भनिन्छ । जापानमा टाइफुन (Typhoon) र बङ्गलादेश तथा भारतमा आँधी भनिन्छ । हाम्रो देशको हिमाली प्रदेशमा पनि मध्याह्नदेखि हावा चल्न थाल्छ । यसरी हावा चल्नुको कारण पर्वतीय वायु चल्नाले हो । मध्याह्नसम्म बेसीको हावा तातेर माथितर्फ जान्छ । लेकमा चिसो हुने हुनाले हावको चाप त्यसै पनि बढी हुन्छ । बेसीबाट उठेको हावा पनि थपिएपछि हावाको चाप बढ्न गई पर्वतबाट बेँसीतर्फ वायु बहन्छ । हुरी बतास चलेको समयमा घरमा अगेनो वा चुलोको आगो निभाउनुपर्छ । झ्याल, ढोकाबाट वायुभित्र छिऱ्यो भने निस्कने ठाउँ पाउँदैन र छाना नै उडाएर निस्कन्छ । हुरी बतास लागेको समयमा बिजुलीको तार, खम्बा र रुखको नजिक बस्नु हुँदैन । भुमरी परेको वा भुमरी आइरहेको दिशातर्फ जानु हुँदैन । त्यसबाट टाढै रहनुपर्छ ।

क्रियाकलाप

चार पाँच जनाको समूहमा बस । आँधी आउनुअघि, आँधी आइरहेको समयमा र आँधी आइसकेपछि अपनाउनुपर्ने सावधानीहरूका सम्बन्धमा छलफल गर । बुँदागत रूपमा ती सावधानीहरूलाई कागजमा लेखी कक्षामा प्रस्तुत गर ।

अभ्यास

१. हावा हुरी आउने कारणहरू चित्रसहित वर्णन गर ।

सामूहिक कार्य

प्राय: सबै स्थानहरूमा दिउँसो १२ बजेपछि हावा चल्न थाल्छ । किन होला ? तलका भनाइहरूका आधारमा तिमी बसेको स्थानको विभिन्न समयको हावाको गति मापन गरेर हेर :

हुरी बतासको असर	हावाको गति किमि प्रतिघण्टा
धुवाँ सिधा माथि उठ्छ ।	०-१
धुवाँ जताततै फैलन्छ, रुखका पातहरू हल्लिन्छन् ।	१-६
ससाना हाँगाहरू हल्लिन्छन्, धुलो उड्न थाल्छ ।	७-१६
रुखहरू हल्लिन्छन्, तारहरू चुँडिन्छन् ।	१७-३३
रुखका हाँगाहरू भाँचिन्छन्, ठुला रुखहरू ढल्छन् ।	३४-५५

Curriculum Development Centre

पाठ : ११

अफ्रिका महादेश

पृथ्वीबहादुर र झरनाकुमारी जानकारीमूलक भ्रमण कार्यक्रमअन्तर्गत अफ्रिकाको इजिप्ट पुगे । उनीहरू विद्यार्थी हुन् । उनीहरूलाई त्यहाँको शिक्षा मन्त्रालयका अधिकारीले स्वागत गरे । त्यसपछि अफ्रिकाको परिचय तल उल्लेख भएअनुसार गराए :

विश्वका सात ओटा महादेशमध्ये अफ्रिका दोस्रो ठुलो महादेश हो । यस महादेशलाई भूमध्य रेखाले बिच भागमा काटेको छ । त्यसैले यसको दक्षिणी भाग दक्षिणी गोलार्धमा र उत्तरी भाग उत्तरी गोलार्धमा पर्छ । यस महादेशको क्षेत्रफल करिब ३ करोड २ लाख ४७ हजार वर्ग किमि छ । यस महादेशको ठुलो क्षेत्र उष्ण प्रदेशमा पर्छ । त्यसैले यस महादेशको धेरैजसो स्थानमा वर्षैभरि गर्मी हुन्छ । गर्मी हावापानी पाइने हुनाले यस महादेशमा धेरैजसो काला जातिका मानिसहरू बसोबास गर्छन् । उनले अफ्रिकाको भौतिक नक्सा देखाउँदै विभिन्न क्षेत्रको परिचय दिए । उत्तर पश्चिमी क्षेत्रमा एटलस पर्वत श्रेणी छ । यहाँको पहाडी भाग हाम्रो देशमा भएको हिमालय पर्वत शृङ्खला जस्तै छ । त्यसदेखि दक्षिणतर्फ विश्वकै ठुलो मरुभूमि रहेको छ । यो सहारा मरुभूमि पूर्व पश्चिम फैलिएको छ । यहाँ वर्षा हुँदैन । त्यसैले यसको धेरैजसो भूभागमा मानिसको बसोबास

शिक्षण सुझाव : एटलस ग्लोब नक्सा वा इन्टरनेटबाट खोजी गरी यस महादेशसँग सम्बन्धित विभिन्न तथ्यहरू खोजी गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

छैन । कहींकहीं पानी उपलब्ध हुने क्षेत्रमा मानव बसोबास छ । यहाँ सिउँडी जातका (Cactus) काँडा भएका तर पात नभएका वनस्पतिहरू पाइन्छन् । यहाँको मुख्य जनावर उँट हो । अहिले हामी बसेको स्थान इजिप्ट पनि यही मरुभूमिमा रहेको छ । तर यो स्थानलाई विश्वकै लामो नाइल नदीले पानी उपलब्ध गराएको छ । यो नदी सहारा मरुभूमिको पूर्वतर्फ दक्षिणबाट उत्तर बहेको छ । यहाँ प्राचीन कालमा मानव सभ्यताको विकास भएको थियो ।

सहारा मरुभूमिदेखि दक्षिणतर्फ विशाल घाँसे मैदान फैलिएको छ । यो अङ्ग्रेजी अक्षर C को उल्टो आकारमा रहेको छ । यस मैदानको मध्य भागलाई सभानाको घाँसे मैदान पनि भनिन्छ । यस क्षेत्रमा विभिन्न प्रकारका जनावरहरू पाइने हुनाले यसलाई विश्वको चिडियाखाना पनि भनिन्छ । यस क्षेत्रका मानिसहरू पशुपालन र कृषि पेसा गर्छन् । यहाँ अत्यन्त गरिबी छ । हिजोआज यस क्षेत्रमा ठुला ठुला राष्ट्रिय निकुञ्जहरू स्थापना भएका हुनाले पर्यटन व्यवसाय पनि फस्टाएको छ । अफ्रिकाको मध्य भागमा पश्चिमी किनारासम्म विशाल जङ्गल रहेको छ । यसलाई भूमध्य रेखीय वर्षा जङ्गल पनि भनिन्छ । यो जङ्गल कङ्गो नदीको वरिपरि फैलिएको छ । यहाँ दिनदिनै वर्षा हुन्छ । यहाँ अग्ला र ठुला रुखहरू छन् । यस क्षेत्रमा पनि मानव बसोबास निकै पातलो छ । यहाँको जनजीवन निकै पिछडिएको छ । अफ्रिकाको सबैभन्दा उत्तरी र सबैभन्दा दक्षिणी समुद्री किनारी भागमा भूमध्य सागरीय हावापानी पाइन्छ । यहाँ हिउँदमा जाडो र वर्षा हुन्छ भने गृष्म ऋतुमा गर्मी हुन्छ तर वर्षा हुँदैन । यो क्षेत्रमा सुन्तला जातका फलफुल खेती हुन्छ । अफ्रिका महादेशका विभिन्न स्थानमा सुन, तामा, हिरा, युरेनियम जस्ता बहुमूल्य पदार्थका खानीहरू छन् । यसका अलावा फलाम, पेट्रोलियम पदार्थ, जस्ता, खनिजहरू पनि रहेका छन् । अफ्रिकाका अधिकांश जनता गरिबीको रेखामुनि रहेका छन् । उनीहरू रोग र भोकले ग्रस्त छन् ।

क्रियाकलाप

१. अफ्रिकाको आर्थिक क्रियाकलापको वर्णन गर ।

२. अफ्रिका महादेशको भ्रमण आफैँले गरेको जस्तै गरी एक यात्रा विवरण तयार पार ।

३. अफ्रिकाको नक्सा हेरी तलका तथ्यहरूको खोजी गर :

जिब्राल्टर जल संयोजक, सहारा मरुभूमि, भूमध्य रेखा, इथियोपियाको उच्च भूमि, नाइल र कङ्गो नदी, किली मन्जरो पहाड, भिक्टोरिया ताल ।

४. तिमीले अफ्रिकाको विभिन्न क्षेत्रहरूका बारेमा जानकारी प्राप्त गऱ्यौ । यदि तिमी अफ्रिकाकामा बसोबास गर्नुपरेमा कुन ठाउँमा बस्छौ, किन ?

अभ्यास

१. अफ्रिकालाई कति भौगोलिक प्रदेशमा विभाजन गर्न सकिन्छ ?

२. नेपाल र अफ्रिकाका महादेशका मिल्ने कुराहरूको सूची बनाऊ ।

Curriculum Development Centre

पाठ : १२

उत्तर अमेरिका

प्यारी साथी वर्षा,

हामी अफ्रिका भ्रमण गरेर अहिले संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा आइपुगेका छौँ । अमेरिकाका ठुला सहरहरूमध्ये न्युयोर्क पनि विशाल सहर हो । यो उत्तर अमेरिका महादेशमा पर्दो रहेछ । हामीलाई यहाँ उत्तर अमेरिकाको परिचय गराउने भिडियो देखाइयो । यसबाट मैले उत्तर अमेरिकाका बारेमा धेरै जानकारी प्राप्त गरेँ ।

उत्तर अमेरिका विश्वको तेस्रो ठुलो महादेश हो । यसको क्षेत्रफल २ करोड ४२ लाख २७ हजार वर्ग किमि छ । यस महादेशको उत्तरी भागमा अत्यन्त चिसो ध्रुवीय हावापानी पाइन्छ । यहाँ मानिसहरूको बस्ती छैन तर कहींकहीँ एस्किमो जातका मानिसहरू बस्ता रहेछन् । मलाई अच्चम्म लाग्यो, यिनीहरू त हिउँको ढिक्काबाट बनेको घरमा पो बस्ता रहेछन् । उनीहरू बस्ने हिउँको घरलाई इग्लु भनिँदो रहेछ । त्यहाँ हिउँमा बस्ने सेतो भालु पनि पाइँदो रहेछ । यहाँ त यति चिसो रहेछ कि समुद्रको पानी पनि जमेर एउटै ढिक्का हुँदो रहेछ । त्यहाँ मानिस जस्तै उभिएर हिँड्ने पेन्गुइन नामको चरा पनि रहेछन् । शरीरभरि भुवा भएको पानी बाहिर पनि बस्न सक्ने सिल माछा पनि यही पाइँदो रहेछ ।

उत्तरको देश क्यानाडामा विशाल जङ्गल रहेछ जहाँ सल्ला, धुपी र देबदार जातका रुख पाइने रहेछ । यहाँका ठुला ठुला कारखानाहरूमा प्लाइउड, फर्निचर, कागज बनाइँदो रहेछ । उत्तर अमेरिकाको मध्य भागमा प्रेरिज नामको विशाल घाँसे मैदान रहेछ । यस मैदानमा व्यावसायिक

शिक्षण सुझाव : यस पाठमा एटलस, ग्लोव, नक्सा वा इन्टरनेटको प्रयोग गरी यस महादेशसँग सम्बन्धित विभिन्न तथ्यहरूका बारेमा विद्यार्थीलाई खोजी गर्न लगाउन सकिन्छ ।

Curriculum Development Centre

रूपमा गहुँ खेती गरिँदो रहेछ । त्यहाँ खेतीको सबै काम मेसिनबाट हुने रहेछ । त्यहाँ उत्पादन भएको गहुँ युरोप, दक्षिण अमेरिका र अफ्रिकासम्म निकासी हुन्छ । त्यसैले यस क्षेत्रलाई विश्वको अन्नको भण्डार भनिन्छ । पशुपालन यहाँको प्रमुख व्यवसाय रहेछ । यस महादेशको पश्चिमतर्फ रकी पर्वत श्रेणी नाम गरेको पहाडी इलाका रहेछ । यो पहाड उत्तर र दक्षिण लाम्चो आकारमा फैलिएको रहेछ । यस महादेशको मध्य पूर्वी भागमा अपलेचियन नाम गरेका होचा पहाडहरू भएको क्षेत्र छ । त्यसदेखि पश्चिमतर्फ पाँच ओटा ठुला ठुला तालहरू रहेछन् जसलाई ग्रेट लेक्स भनिन्छ । यीमध्ये सुपेरियर ताल सबैभन्दा ठुलो ताल हो । यो ताल हाम्रो देशभन्दा केही मात्र सानो छ । यस महादेशमा क्यानाडा, युएसए र मेक्सिकोले अधिकांश भूभागहरू ओगटेका रहेछन् । दक्षिणतर्फ ससाना देशहरू रहेका छन् । यीमध्ये संयुक्त राज्य अमेरिका र क्यानाडा अत्यन्त विकसित मुलुकहरू हुन् । यहाँ कृषि, उद्योग, व्यापार र पर्यटन व्यवसायको राम्रो विकास भएको रहेछ । यहाँ गोरा जातिका मानिसहरूको बाहुल्य भए पनि विश्वका सबै देशका मानिसहरू बसोबास गर्दा रहेछन् । यस महादेशमा दक्षिणबाट उत्तरतर्फ बढी जाडो हुँदै जाने हावापानी पाइँदो रहेछ ।

साथी, हामी यहाँ सात दिन घुमेर दक्षिण अमेरिकाको ब्राजिल र अर्जेन्टिना जाने कार्यक्रम छ । त्यसका बारेमा पनि लेख्दै गरौँला । आजलाई यत्ति नै ।

उही तिम्रो साथी झरना

क्रियाकलाप

१. एक क्षण सोच त :

(क) के हिउँको घरभित्र जाडो हुँदैन होला त ?

(ख) के तिमी पनि इग्लुमा बस्न सक्छौ, किन ?

२. एटलसमा उत्तर अमेरिकाको नक्साहरू हेर र तलको तालिका भर :

मुख्य पर्वत	मुख्य नदीहरू	तालहरू	समुद्र	सहरहरू	अन्य

३. सात दिनसम्म रेडियो वा टेलिभिजनमा बिहान वा बेलुकीको कुनै समाचार सुन्ने वा हेर्ने गर । पत्रिका पढे पनि हुन्छ । उक्त समाचारमा उत्तर अमेरिकाका कुनै देश सम्बन्धी समाचार आउन सक्छ । ती समाचारहरू सङ्कलन गर र भित्ते पत्रिकामा टाँस ।

अभ्यास

उत्तर अमेरिकाको नक्सा हेरी आफ्नो कापीमा उक्त नक्सा उतार । सो नक्सामा तलका तथ्यहरू भर । उत्तरतर्फका ससाना टापुहरू नदेखाए पनि हुन्छ ।

अपलेचियन पर्वतमाला, सुपेरियर ताल, मिसिसिपी नदी, प्रशान्त महासागर र वासिङ्टन डी.सी.

Curriculum Development Centre

पाठ : १३

दक्षिण अमेरिकाको यात्रा

उत्तर अमेरिकाको भ्रमण सकेर हामी मेक्सिकोको बन्दरगाहमा आइपुग्यौँ । त्यहाँबाट सुरु भएको समुद्रको लामो यात्रापछि हामी ब्राजिल पुग्यौँ । दोस्रो दिन कफी फार्म हेर्न गयौँ । त्यहाँ प्रशस्त कफी खेती हुने रहेछ । मानिसहरू कफी टिप्न लागिरहेका देखिन्थे । कफी प्रशोधन गर्ने ठुला ठुला कारखानाहरू पनि रहेछन् । त्यहाँबाट हामीलाई अमेजनको जङ्गल हेर्न लगियो । विशाल नदी जङ्गलको बिचबाट बगेको देखिन्थ्यो । त्यो जङ्गलमा धेरै अग्ला अग्ला रुखहरू रहेछन् । यति ठुला रुख त मैले देखेकै थिइनँ । यस क्षेत्रमा ज्यादै गर्मी थियो । त्यहाँबाट हाम्रो यात्रा उत्तरतर्फ बढ्यो । भेनेजुएलामा हामीले पानीको तालबाट पेट्रोलियम पदार्थ निकालेको पनि हेर्‍यौँ ।

अर्को दिन हामीले दक्षिण अमेरिकाको धेरै स्थानहरू माउन्टेन फ्लाइटबाट अवलोकन गर्‍यौँ । दक्षिण अमेरिकाको पश्चिमपट्टि उत्तर दक्षिण फैलिएको लामो एन्डिज पर्वत श्रेणी रहेछ । यो पर्वत श्रेणी नेपालको हिमालय पर्वत श्रेणी जस्तै रहेछ । हिमाल र पहाडहरूमा सुन्दर दृश्य देखिन्थ्यो । हामीलाई गाइडले त्यस क्षेत्रको जनजीवनका बारेमा जानकारी गराए । त्यहाँका मानिसहरू पशुपालन र कृषि

शिक्षण सुझाव : यस पाठमा नक्सा, ग्लोब, एटलस वा इन्टरनेटको प्रयोग गरी पाठमा उल्लिखित विभिन्न स्थानको खोजी गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

पेसा गर्दा रहेछन् । त्यहाँ लामा नाम गरेको एक प्रकारको बाख्रा जस्तै जनावर पालिने रहेछ । त्यसपछि पश्चिमी किनारामा अवस्थित आटाकामा मरुभूमि हेर्न गयौँ । यो मरुभूमिमा धेरै वर्षदेखि पानी परेको रहेनछ । त्यहाँबाट हामीलाई अर्जेन्टिना लगियो । विभिन्न देशका विद्यार्थी र शिक्षक संलग्न भ्रमण दललाई हौसला बढाउन त्यहाँ फुटबल खेलको प्रदर्शन गरियो । विश्व चर्चित खेलाडी म्याराडोनासँग प्रत्यक्ष भेटेर कुराकानी गर्न पाउँदा खुसीको सीमा रहेन । त्यहाँ समथर घाँसे फाँट रहेछ । त्यस फाँटमा कतै गहुँ खेती गरेको पाइयो भने कहीँ भेडा र गाई पालन गरेको पनि देखियो । त्यहाँ त एउटै किसानले सयौँ गाई र हजारौँ भेडा पाल्दा रहेछन् । भेडाको ऊन काट्ने र गाईको दुध दुहुने काम पनि मेसिनबाट गरेको देखेर म त छक्क परेँ । मेरी आमालाई बेला बेलामा गाईले लात्ती हानेर लडाएको र दुध पोखिदिएको सम्झिएँ । नेपालमा पनि यस्तै दुध दुहुने मेसिन भइदिएको भए मेरी आमालाई दुःख हुने थिएन । यस्तो मेसिन धेरै सङ्ख्यामा एकै पटक दुध दुहुनका निम्ति प्रयोग गरिने रहेछ । मैले पनि ठुलो भएपछि यसै गरी सयौँ गाई पाल्ने र दुध दुहने मेसिन राख्ने अठोट मनमनै गरेँ । अर्को दिन हामी चिलीको सुन्तला बगैँचामा पुग्यौँ । त्यहाँ हिउँदमा पानी पर्ने र गर्मी महिनामा पानी नपर्ने रहेछ । त्यस क्षेत्रमा रुखहरू ठुला नहुने रहेछन् । हामी बोलिभियाको राष्ट्रिय निकुञ्ज पनि घुम्यौँ । यो राष्ट्रिय निकुञ्ज अफ्रिकाको सभाना क्षेत्र जस्तै रहेछ । यहाँ अग्ला अग्ला घाँस र फाटफुट रुखहरू मात्र रहेछन् । यहाँ सिंह, बाघ, मृगलगायतका विभिन्न प्रकारका जनावरहरू रहेछन् । हामीले केप हर्न पनि जाने हो ? भनेर हाम्रो गाइडलाई सोधेका थियौँ । केप हर्न दक्षिण अमेरिकाको सबैभन्दा दक्षिणमा पर्ने ज्यादै दुर्गम स्थान रहेछ । त्यहाँ सधैँभरि आँधी चलिरहने हुँदा हवाईजहाज जान नसक्ने रहेछ । पानी जहाज पनि त्यस बाटो भएर नजाने रहेछ । त्यसैले हामी गएनौँ । हाम्रो दुई महिना लामो अफ्रिका, दक्षिण अमेरिका र उत्तर अमेरिकाको यात्रा सकियो । रियो दि जेनेरियोको अन्तर्राष्ट्रिय विमान स्थलबाट हामी दुबई विमानस्थल हुँदै नेपाल फर्कियौँ । यसरी एकै पटक तिन ओटा महादेशको भ्रमण गर्न पाएकोमा मैले आफूलाई भाग्यमानी ठानेको छु । यस्तो अवसर जुटाइदिने संस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

क्रियाकलाप

१. एटलसमा दक्षिण अमेरिकाको भौतिक एवम् राजनीतिक नक्सा हेरी यात्रा विवरणमा उल्लिखित स्थानहरू पत्ता लगाऊ ।

२. विभिन्न सामग्रीहरू खोजी गरी दक्षिण अमेरिकाका बारेमा जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर ।

अभ्यास

१. दक्षिण अमेरिकाको नक्सा हेर्दै सो नक्सा कापीमा उतार । त्यसमा तलका स्थानहरू भरेर देखाऊ :

   रियो द जेनेरियो, टिटिकाका ताल, आटाकामा मरुभूमि, एन्डिज पर्वत शृङ्खला, अमेजन बेसी

२. दक्षिण अमेरिकाको भौगोलिक अवस्था वर्णन गर ।

Curriculum Development Centre

पुनरवलोकन अभ्यास

१. नेपालको नक्सामा हिमालहरू देखाइएको हुन्छ । त्यसमा देखिने बाङ्गाटिङ्गा धर्काहरू नदीहरूका लागि प्रयोग गरिएका हुन् । एटलस हेरी उक्त नदीहरू कुन कुन हुन् ? नाम पत्ता लगाऊ ।

२. एउटा पानामा आयताकार चतुर्भुज खिच जसको लम्बाइ १६ सेमि र चौडाइ ८ सेमि हुनुपर्छ । अब उक्त चतुर्भुजलाई चार खण्डमा विभाजन गरेर चित्रमा जस्तै नक्सा उतार ।



३. भूकम्पीय सुरक्षा सम्बन्धमा जनचेतना जगाउन प्रत्येकले एक एक ओटा पम्प्लेट वा पोस्टर वा पर्चा वा प्लेकार्ड तयार पार र समुदायमा चेतनामूलक कार्यक्रम सञ्चालन गर । सडक नाटक पनि देखाउन सकिन्छ ।

४. हावा कुन दिशातर्फ बहेको छ भनी हेर्न एक लठ्ठीमा रिबन बाँधेर खुला ठाउँमा राख । रिबन जतातर्फ फर्किन्छ, हावा त्यतै बहेको हुन्छ । विमानस्थलहरूमा चित्रमा देखाएको जस्तै रातो र सेतो धर्का भएको ढुङ्ग्रो जस्तो कपडाको उपकरण राखिएको हुन्छ । त्यसले विमानलाई विमानस्थलको वायुको दिशा अवगत गराउँछ ।

५. उत्तर अमेरिका, दक्षिण अमेरिका र अफ्रिका महादेशका बारेमा हाजिरी जवाफ प्रतियोगिताका निमित्त प्रश्नहरू बनाऊ । प्रश्नका साथमा उत्तर पनि राख । सबै जनाले बनाएका प्रश्नहरू एकै ठाउँमा राखी दोहोरिएका प्रश्नहरू हटाऊ । त्यसपछि समूहहरू बनाई खाली घन्टीमा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर ।

सामुदायिक कार्य

आफ्नो गाउँ वा टोलमा रहेको एउटा महत्त्वपूर्ण वा चर्चित स्थान वा चोक वा मूल बाटो वा दोबाटोदेखि आफ्नो घर वा विद्यालयसम्मको बाटोको नक्सा बनाऊ । बाटोमा रहेका विभिन्न तथ्यहरू, जस्तै : धार्मिक स्थल, सहायक बाटो, दोबाटो, चौबाटो, चोक, चौतारो, बजार, कार्यालय, विद्यालय, खोला, पुललाई सङ्केत प्रयोग गरी नक्सामा देखाऊ ।

Curriculum Development Centre

एकाइ : छ

हाम्रो विगत

सिकाइ उपलब्धि

यस एकाइको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

- आधुनिक नेपालको एकीकरण अभियान र यसमा जनताको भूमिका उल्लेख गर्न
- सुगौली सन्धिपछिको नेपालको राजनीतिक अवस्था र राणाकालीन नेपालको राजनीतिक, आर्थिक तथा सामाजिक सुधारहरूको वर्णन गर्न
- वि. सं. २००७ देखि हालसम्मको प्रमुख राजनीतिक घटनाक्रम र यस समयमा भएका सामाजिक तथा आर्थिक उपलब्धि उल्लेख गर्न
- ग्रिसको र रोमको सभ्यता तथा पुनर्जागरणकालमा भएका सुधार र मानव चेतनामा आएको परिवर्तनको वर्णन गर्न

Curriculum Development Centre

पाठ : १

नेपालको एकीकरण अभियानमा जनताको सहभागिता

नेपालको एकीकरण अभियानमा राजा र भारदार अनि गोरखाली सेनाको मात्र सहभागिता एवम् सहयोग थिएन । यो त सम्पूर्ण नेपाली जनताको त्याग, बलिदान र समर्थनले मात्र सफल भएको यियो । नेपालको एकीकरणमा जनताको सहभागितालाई निम्नानुसार अझ स्पष्ट पार्न सकिन्छ :

(क) गोरखाका स्थानीय बासिन्दा बिसे नगर्चीले जनताको ससाना सहयोगले ठुला हतियार किन्ने पैसा जम्मा गर्न सकिने सल्लाह दिएबमोजिम गोरखा राज्यका १२००० घरधुरीबाट जनताद्वारा आर्थिक सङ्कलन गरिएको थियो ।

(ख) १६ देखि ३० वर्ष उमेरका सबै गोरखाली युवाहरू युद्धमा सहभागी भएका थिए ।

(ग) ज्योतिष कुलानन्द ढकालको सल्लाह तथा साइतलाई मानेर नुवाकोट र कीर्तिपुरमाथि तेस्रो आक्रमण गर्दा गोरखालीहरू सफल भएका थिए ।

(घ) कीर्तिपुरमा जयप्रकाश मल्लको सेनाले पृथ्वी नारायण शाहलाई काट्न हतियार उठाउँदा राजा काट्न हुँदैन भनी सल्लाह दिने वा राजालाई काट्न रोक्ने व्यक्ति पनि सर्वसाधारण जनताका छोरा थिए । अनि उनलाई रातारात नुवाकोट पुऱ्याई सुरक्षित गर्नेमा पनि सर्वसाधारण नागरिक थिए ।

(ङ) कीर्तिपुर आक्रमण गर्न दहचोकका जनताले पृथ्वी नारायण शाहलाई समर्थन गरेका थिए ।

(च) दोस्रो पटक कीर्तिपुर आक्रमण गर्दा सुरप्रताप शाहको आँखा फुट्दा चिकित्सक एन्जोलोले उपचार गरेका थिए ।

(छ) कान्तिपुरको विजयपश्चात् त्यहाँका जनताले पृथ्वीनारायण शाहलाई स्वागत गरेका थिए ।

(ज) पाटन विजय गर्ने सिलसिलामा श्रीहर्ष पन्त दुत बनी गएका थिए ।

(झ) बहादुर शाहका पालामा पश्चिम एकीकरणमा निस्केका सेनालाई जनताद्वारा स्वागत गरिएको थियो ।

(ञ) जनताद्वारा रुचाइएका व्यक्ति कालु पाण्डेलाई पृथ्वीनारायण शाहले काजी बनाएका थिए ।

शिक्षकलाई सुझाव : एकीकरण अभियानमा जनताको सहभागिता सम्बन्धमा ऐतिहासिक पुस्तक वा समुदायका इतिहाससँग चासो राख्ने व्यक्तिहरूलाई भेटी थप जानकारी गराउनुहोस् ।

Curriculum Development Centre

क्रियाकलाप

१. तिम्रो समुदायको विगतदेखि हालसम्मको विकासमा समुदायका जनताको के भूमिका छ ? समुदायका केही गन्यमान्य व्यक्तिलाई सोधी कक्षामा प्रस्तुत गर ।

२. निम्न लिखित व्यक्तिहरूको योगदानलाई उल्लेख गरी तालिकामा प्रस्तुत गर :

व्यक्तिको नाम	योगदान
विसे नगर्ची	
कुलानन्द ढकाल	
दहचोकका जनता	
एन्जोलो	

अभ्यास

१. नेपालको एकीकरणमा जनताको भूमिकालाई छोटकरीमा प्रस्तुत गर ।

२. किन जनताले रुचाएका व्यक्तिलाई पृथ्वी नारायण शाहले काजी बनाएका होलान्, आफ्नो तर्क प्रस्तुत गर ।

३. विसे नगर्ची लगायतका सर्वसाधारण जनताको विचारलाई मान्नुले पृथ्वी नारायण शाहलाई कस्ता व्यक्तित्वका रूपमा प्रस्तुत गर्छ र किन ?

सामुदायिक कार्य

तिम्रो समुदायमा समाजको हितमा योगदान पुऱ्याउने व्यक्तित्वलाई विद्यालयको जन्म जयन्ती दिन पारी सम्मान गर्ने कार्यक्रम बनाऊ र सो घटनासमेत समेटी प्रतिवेदन तयार गर ।

Curriculum Development Centre

पाठ : २

नेपालको एकीकरण

जुनुबेशी, सोलुखुम्बु
मिति : २०७१।०९।२७

प्रिय मित्र जोन,
मिठो सम्झना

तिम्रो पत्र हिजो पाएँ । तिमीले नेपालको एकीकरण अभियान र त्यसमा संलग्न व्यक्तिका बारेमा चासो राखेर पत्र पठाएका रहेछौ । मैले यस पत्रमार्फत तिम्रो जिज्ञासा मेटाउने प्रयत्न गर्दैछु ।

नेपाल आज जुन अवस्थामा एकीकृत, स्वतन्त्र र सार्वभौम छ, यसको जस पृथ्वीनारायण शाहलाई दिनुपर्ने हुन्छ । उनले छरिएर रहेका बाइसी, चौबिसी राज्यलगायत उपत्यकाका काठमाडौँ, ललितपुर र भक्तपुरका साथै वरिपरिका नुवाकोट मकवानपुरलगायतका राज्यलाई मिलाई एउटा सबल र सिङ्गो नेपाल निर्माण गरेका थिए ।

एकीकरणपूर्व राज्यहरूमा बेमेल थियो । आपसमा सहयोगको भावना र राष्ट्रियताको ख्याल थिएन । दक्षिण तर्फबाट अङ्ग्रेजहरू नेपाललाई आफ्नो कब्जामा लिन मौका हेरेर बसिरहेका थिए । यी सबै परिदृश्यलाई नजिकैबाट नियालिरहेका गोरखाका राजा पृथ्वीनारायण शाहले सानो क्षेत्रमा सीमित गोरखा राज्यलाई पूर्वमा टिस्टासम्म पुऱ्याएर भौगोलिक एकीकरणको जग बसाए । साथै विभिन्न सांस्कृतिक मूल्य तथा परम्परालाई निरन्तरता र सम्मान दिई सांस्कृतिक एकीकरण समेत गरे । उनले विराज बखतीको सट्टा जनताद्वारा अनुमोदित कालु पाँडेलाई काजी दिएर जनभावनाको समेत कदर गरेका थिए । तिमीले मुख्य मुख्य घटनालाई उल्लेख गर्न भनेकाले मैले तलको तालिका बनाएको छु :

यी जानकारीहरूले तिमीलाई नेपालको एकीकरण अभियान बुझ्न थोरै भए पनि मद्दत गर्छ होला ।

तिम्रो साथी
निमा छिरिङ शेपा

नेपाल एकीकरण अभियानका घटनाहरू

मिति (वि. सं.)	घटना
१८०१ असोज १५	नुवाकोट विजय
१८१९ भदौ ९	मकवानपुर विजय
१८२२ चैत ३	कीर्तिपुर विजय
१८२५ असोज १३	काठमाडौँ विजय
१८२५ असोज २४	पाटन विजय
१८२६ मङ्सिर १	भक्तपुरमाथि विजय
१८३० साउन ४	चौदण्डीमाथि अधिकार
१८३१ साउन ५	विजयपुरमाथि अधिकार र नेपालको सिमाना पूर्वमा टिस्टा नदीसम्म पुऱ्याइएको

शिक्षण सुझाव : यस पाठमा नेपाल विजय अभियानसँग सम्बन्धित कथा, लेख आदि प्रस्तुत गरी विद्यार्थीहरूलाई बढीभन्दा बढी जानकारी दिनुहोस् ।

Curriculum Development Centre

क्रियाकलाप

तलका अनुच्छेद पढ र सोधिएका प्रश्नहरूको उत्तर तयार पार :

पृथ्वीनारायण शाहका दिव्य उपदेश पढ्दा उनी कति दुरदर्शी थिए भन्ने थाहा हुन्छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले अचेल भ्रष्टाचार विश्वको ठुलो समस्या भनिरहेको छ । पृथ्वीनारायण शाहले उहिल्यै "घुस लिन्या र दिन्या राज्यका शत्रु हुन्, यिनको जिउ ज्यान लिया पनि पाप लाग्न्या छैन" भनेका थिए । उनले 'नेपाल चार वर्ण छत्तिस जातको फुलबारी हो' पनि भनेका थिए । अहिले बल्ल आएर हामी समावेशीकरणको कुरा गर्दैछौँ । हामी प्राकृतिक स्रोतको परिचालन गर्ने कुरा गर्छौँ । उनले उति बेलै "खानी भएका ठाउँमा घर खेत रहेछ भने त्यसलाई अन्यत्र सारी खानी चलाउनु" भनेका थिए । पृथ्वीनारायण शाह गोरखाका विराज बखतीलाई काजी पद दिन चाहन्थे । काजी भनेको अहिलेको प्रधान मन्त्रीको पद हो तर भारदार र सर्वसाधारण चाहिँ कालु पाण्डेलाई बनाए खुसी हुने देखिए । उनीहरूको रोजाइ पाण्डे भएको बुझेपछि पृथ्वीनारायण शाहले मनको काजीलाई छाडेर जनको काजीलाई रोजे । यसैबाट उनको प्रजातान्त्रिक चरित्र पुष्टि हुन्छ ।

छलफलका लागि प्रश्नहरू

१. घूस लिन्या र खान्यालाई किन राज्यको शत्रु भनिएको होला ?

२. आफ्नो रोजाइभन्दा जनताको रोजाइलाई महत्त्व दिने पृथ्वीनारायण शाहको चरित्रले के कुराको प्रतिनिधित्व गर्छ ?

३. अनुच्छेदमा पढेर तिमीले पृथ्वीनारायण शाहमा के कस्ता गुण रहेको पत्ता लगायौ, सूची बनाऊ ।

अभ्यास

१. नेपालको एकीकरण अगाडि राज्यहरूको अवस्था कस्तो थियो ?

२. एकीकरणका प्रमुख घटनाहरूको सूची तालिका बनाई प्रस्तुत गर ।

Curriculum Development Centre

पाठ : ३

एकीकरणको निरन्तरता र अन्त्य

डोल्मा शेर्पा र सुन्तली माझी कक्षा ८ मा पढ्छन् । उनीहरू पढाइ सकिएर घर फर्कंदै थिए । बाटामा साहिल रञ्जितसँग भेट हुन्छ । उनी कक्षा ८ मा पढ्ने विद्यार्थी हुन् । आजको कक्षामा उनी अनुपस्थित भएकाले साथीहरूसँग सामाजिक अध्ययन विषयमा कक्षामा भएको पढाइका बारेमा गरेको कुराकानी यस प्रकार छ :

साहिल : साथीहरू ! विद्यालयबाट फर्कंदै हो नि ? म त सञ्चो नभएर विद्यालय जान पनि सकिनँ । आज पनि म्याडमले एकीकरण अभियानका बारेमा पढाउनु भयो होला नि होइन ?

डोल्मा : हो नि, पृथ्वीनारायण शाहको एकीकरण अभियानलाई उनका उत्तराधिकारीले अघि बढाएको कुरा बताउनुभयो । उनका छोरा प्रतापसिंह शाहको छोटो कार्यकालमा उपरदाङगढी, कविलासपुर गढी, सुमेश्वर गढी, चितवन नेपालमा गाभिएको कुरा बताउनुभएको थियो ।

सुन्तली : प्रतापसिंह शाहको वि. सं. १८३४ मा २६ वर्षको उमेरमा मृत्यु भएपश्चात् राजेन्द्रलक्ष्मी र बहादुर शाहले एकीकरण अभियानलाई निरन्तरता दिएको कुरा कति रोचक ढङ्गले बताउनुभएको थियो, हैन डोल्मा ?

डोल्मा : हो नि ! प्रतापसिंह शाहको मृत्युपछि रानी राजेन्द्र लक्ष्मीले नाबालक छोरा रणबहादुर शाहको नायवी भएर शासन सञ्चालन गर्न लागिन् । उनको नायवी कालमा पर्वत, लमजुङ र कास्कीसम्म नेपालको सिमाना पुगेको थियो । उनले पृथ्वीनारायण शाहको एकीकरण अभियानमा केही इँटाहरू थप्ने काम गरिन् । त्यसैले अङ्ग्रेजी इतिहासकार कर्क प्याट्रिक्ले उनलाई असाधारण व्यक्तित्व भएकी नारीको संज्ञा दिएका थिए । उनको वि. सं. १८४२ मा मृत्यु भयो ।

साहिल : त्यसपछि पनि एकीकरण अभियानले निरन्तरता पायो त ?

डोल्मा : राजेन्द्र लक्ष्मीको मृत्युपछि एकीकरण अभियानमा निरन्तरता दिने काम बहादुर शाहले गरे । उनी पृथ्वीनारायण शाहका कान्छा छोरा थिए । उनले ९ वर्षसम्म रणबहादुर शाहको

शिक्षकलाई सुझाव : नेपाल एकीकरण अभियानसँग सम्बन्धित घटना वा सन्दर्भलाई कथा, डकुमेन्ट्री आदिको माध्यमबाट पनि जानकारी गराउन सकिन्छ ।

Curriculum Development Centre

नाममा नायवी चलाए । उनको नायवी कालमा नेपालको सिमाना कुमाउँ गढवालसम्म पुगेको थियो । उनी वीर र दुरदर्शी थिए । एकीकरण अभियान सफल बनाउन पाल्पा जस्तो बलियो राज्यसँग वैवाहिक सम्बन्ध गाँसे र राम्रा अनि योग्य व्यक्तिलाई सेनामा भर्ती गराए । वि. सं. १८४३ जेठमा गुल्मी, अर्घाखाँची, धुर्कोट आदि ठाउँहरू नेपालमा गाभिए । यही सालको असोजमा पर्वतमा पनि विजय प्राप्त भयो । त्यसपछि प्युठान, दाङ, रोल्पा र जाजरकोट पनि नेपालको अधीनमा रहन गयो ।

साहिल : बहादुर शाहको पालामा त धेरै राज्यहरू नेपालमा गाभिएका रहेछन्, हैन त ?

सुन्तली : कहाँ त्यति मात्र हो र बाइसी र चौबिसी राज्य जितेपछि नेपाली सेना बडाकाजी अमरसिंह थापाको नेतृत्वमा कुमाउ र गढवाल क्षेत्र जित्दै अलकान्दसम्म पुगेको र गढवाल राज्यले नेपाललाई कर बुझाउन स्वीकार गरेको प्रसङ्ग म्याडमले रोचक पाराले बताउनुभएको थियो ।

साहिल : कुमाउ र गढवालमा नेपाली सेनाले विजय प्राप्त गरेको मितिसमेत बताइदेऊ न त ?

सुन्तली : हुन्छ नि । नेपाली सेनाले १८४७ चैत ११ मा कुमाउको राजधानी अल्मोडा र १८४८ असार १२ मा गढवालको राजधानी श्रीनगर जितेका थिए ।

साहिल : के त्यसपछि एकीकरण अभियानको अन्त्य भएको थियो ?

सुन्तली : त्यसपछि १८४६ मा भएको नेपाल-तिब्बत युद्धले एकीकरण अभियान सुस्ताए पनि रणबहादुर शाहका पालामा अमरसिंह थापाले पाल्पालाई नेपालमा मिलाएपछि नेपाल एकीकरण अभियानको अन्त्य भएको थियो ।

साहिल : आजको कक्षा लिन नपाए पनि सबै कुरा स्पष्ट पारिदिएकोमा साथीहरूलाई धेरै धेरै धन्यवाद !

सुन्तली/डोल्मा : हुन्छ । साथीहरूलाई जानेको कुरा बताउन पाउँदा हामीहरू पनि खुसी छौँ ।

क्रियाकलाप

१. कक्षामा समूहमा बाँडिएर एकीकरण अभियानसँग सम्बन्धित भूमिका अभिनय प्रस्तुत गर र राम्रो गर्ने समूहलाई तालीले सम्मान गर ।

२. एकीकरण अभियानसँग सम्बन्धित विषयहरूलाई समेट्ने गरी गीत वा कविता तयार गर र कक्षामा प्रस्तुत गर ।

अभ्यास

१. एकीकरण अभियानमा राजेन्द्र लक्ष्मीको भूमिका उल्लेख गर ।

२. योग्य बाबुको योग्य पुत्रका रूपमा बहादुर शाहको मूल्याङ्कन गर ।

३. नेपाल एकीकरण अभियानमा संलग्न बडाकाजी अमरसिंह थापाबाट हामीले सिक्नुपर्ने पाठ के हो ?

Curriculum Development Centre

पाठ : ४

सुगौली सन्धिपछिको राजनीतिक घटना क्रम

सुगौली सन्धि नेपाल-अङ्ग्रेज युद्ध समाप्त गर्ने सन्धि थियो । २ डिसेम्बर १८१५ मा दुवै पक्षबिच भएको सहमतिमा आधारित यस सन्धिले गर्दा नेपालले धेरै भूभाग गुमाउन पुग्यो । नेपालको राजनीतिमा अङ्ग्रेजहरूको हस्तक्षेप सहनुपरेको थियो भने पृथ्वी नारायण शाहबाट सुरु गरिएको नेपाल एकीकरण अभियान पूर्णत: समाप्त भएको एवम् दरबारमा षड्यन्त्र र गुटबन्दीको राजनीति सुरु भएको थियो । सुगौली सन्धिपश्चात् वि. सं. १९०३ सम्मको अवधि नेपालको राजनीतिक अस्थिरताको समय थियो । सो समयमा राजनीतिक अस्थिरता आउनुका मुख्य कारणहरू निम्न लिखित थिए :

(क) भारदारहरू विभिन्न गुटमा लाग्दा उनीहरूबिचको झगडा

(ख) राजाको कमजोर स्वभाव

(ग) रानीहरूको आपसी वैमनस्य

(घ) अङ्ग्रेजको नेपाली राजनीतिमा हस्तक्षेप गर्ने नीति

(ङ) प्रधान मन्त्री परिवर्तन भइरहने स्थिति

(च) पाण्डे र थापाहरूको पुस्तौनी दुस्मनी

मुख्य राजनीतिक घटना क्रम

१. **रणजङ्ग पाण्डेको मुख्तियारी :** भीमसेन थापाको पतनपछि यिनले मुख्तियारी सम्हालेका थिए । यिनको मुख्तियारीमा राजा राजेन्द्रकी जेठी रानीको हात थियो । रणबहादुर शाहको पालामा हरण भएका विर्ता फिर्ता गर्ने ब्राह्मणहरूको मागको बेवास्ता र अङ्ग्रेज विरोधी भएका कारण उनले छोटो समयमै पदबाट राजीनामा दिनुपरेको थियो ।

२. **भीमसेन थापाको विष मुद्दा फिर्ता :** रणजङ्ग पाण्डेको राजीनामापश्चात् रङ्गनाथ पौडेलको मुख्तियारी कालमा भीमसेन थापामाथि लगाइएको विष मुद्दा फिर्ता लिई उनलाई जेल मुक्त गरिएको थियो । उनी जेल मुक्त भएपछि कुनै जिम्मेवारी नपाएका कारण पुर्ख्यौली घर भएको ठाउँ गोरखा बोर्लाङ गई बसेका थिए ।

३. **भीमसेन थापाको विष मुद्दा उल्टाउनु :** पुष्कर शाहको मुख्तियारी कालमा रणजङ्ग पाण्डेले भीमसेन थापाको विष मुद्दा उल्टाई उनलाई पुन: पक्राउ गर्न लगाएका थिए । रणजङ्ग पाण्डेले नक्कली प्रमाण जुटाई विष मुद्दा प्रमाणित गरेका थिए ।

शिक्षण सुझाव : विभिन्न ऐतिहासिक घटना क्रमलाई चित्र, चार्ट र कथाको माध्यमबाट पनि अध्यापन गराउनुहोस् ।

Curriculum Development Centre

४. **सैनिक विद्रोह :** रणजङ्ग पाण्डे दोस्रो चोटी वि. सं. १८९७ मा मुख्तियार हुँदा केही सैनिकले २ वर्षदेखि तलब नपाएको निहुँमा उत्तेजित भई टुँडिखेलमा भेला हुने, ब्रिटिस रेसिडेन्सीको कम्पाउन्ड घेर्ने काम गरेका थिए । उनीहरूले पुष्कर शाह र रङ्गनाथ पौडेललगायतका घरसमेत तोडफोड गरेका थिए । यी सैनिकहरूको सङ्ख्या करिब ६ हजारको हाराहारीमा थियो । राजा राजेन्द्रले तलब र सैनिक कटौती नगरिने घोषणा गरेपछि सो आक्रोश शान्त भएको थियो । नेपालको इतिहासमा यसलाई सैनिक विद्रोहको लक्षण भनिन्छ ।

५. **कान्छी रानीको शक्ति उन्माद :** रणजङ्ग पाण्डेको पतनपछि जेठी महारानीको पनि मृत्यु भयो । जेठी रानीको मृत्युपश्चात् कान्छी रानी राज्यलक्ष्मी देवीले शक्ति वृद्धि गर्न लागिन् । उनलाई वि. सं. १९०० मा शाही घोषणामार्फत् नियुक्ति, पदच्युत, देश निकाला, प्राण दण्ड, वैदेशिक युद्ध वार्ता र सन्धि गर्ने असीमित अधिकारहरू प्रदान गरिएको थियो । वि. सं. १९०० मा यिनले माथवर सिंह थापालाई प्रधान मन्त्री बनाइन् । उनलाई प्रधान मन्त्री बनाउनुको एउटै स्वार्थ आफ्नो छोरा रणेन्द्रलाई राजा बनाउनु थियो तर माथवरसिंहबाट पनि सो काम पुरा नहुने देखी उनको हत्या जङ्गबहादुरद्वारा गराएकी थिइन् ।

६. **फत्तेजङ्गको मुख्तियारी र गगनसिंहको दबदबा :** १९०२ जेठ ४ गते राति माथवरसिंह थापाको हत्यापछि भारतको वनारसमा बसिरहेका फत्तेजङ्ग शाहलाई काठमाडौँ बोलाई मुख्तियार पदमा नियुक्त गरियो । उनको मुख्तियारी कालमा दरबारमा कान्छी रानीको कृपा पात्रका रूपमा गगनसिंहको दबदबा बढेको थियो । यसरी नेपालमा राजनीतिक अस्थिरता र अन्योलको वातावरणको फाइदा उठाई जङ्गबहादुरको उदय भएको थियो ।

क्रियाकलाप

विभिन्न समूहमा विभाजित भई यस कालमा भएका विभिन्न राजनीतिक घटना क्रमलाई नाटकीकरण विधिबाट प्रस्तुत गर्नुहोस् । प्रस्तुतिको मूल्याङ्कन गर्न एउटा छुट्टै मूल्याङ्कन समितिलाई जिम्मेवारी तोक्नुहोस् र राम्रो अभिनय गर्ने समूहलाई पुरस्कृत गर्नुहोस् ।

अभ्यास

१. राजेन्द्र वीरविक्रम शाहका पालामा सैनिक विद्रोहको लक्षण देखिनुको कारण उल्लेख गर ।

२. भीमसेन थापालाई लगाइएको विष मुद्दाका बारेमा छोटो समीक्षा गर ।

३. कान्छी रानीले किन फत्तेजङ्गलाई मुख्तियारी दिएकी थिइन् ?

४. सुगौली सन्धिपछिको समय राजनीतिक अन्यौल र अस्थिरताको समय थियो, किन ?

Curriculum Development Centre

पाठ : ५

राणा कालीन राजनीतिक क्रियाकलाप

राणा कालमा घटेका विभिन्न राजनीतिक क्रियाकलापहरूले राणा शासनलाई टिकाउन वा हटाउन विभिन्न भूमिका खेलेका थिए । तीमध्ये केही मुख्य क्रियाकलापलाई तल उल्लेख गरिएको छ :

१. **जङ्गबहादुरको युरोप यात्रा (वि. सं. १९०६-१९०७०)** : बेलायतको सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक र सैनिक गतिविधिको अध्ययन गर्न र बेलायती महारानीसँग सम्बन्ध सुमधुर बनाउन जङ्गबहादुर बेलायत गएका थिए । एक वर्ष लामो युरोप भ्रमणबाट प्रभावित भई उनले नेपालमा अङ्ग्रेजी शिक्षाको सुरुआत र मुलुकी ऐन जारी गरेका थिए ।

२. **नेपाल-तिब्बत युद्ध (वि. सं. १९१२–१९१३)** : जङ्गबहादुरको समयमा ल्हासामा रहेका नेपालीहरूलाई गरेको दुर्व्यवहार, सीमा विवाद र नेपाली वकिललाई तिब्बतबाट निष्कासित गरिनु आदि कारणले नेपाल र तिब्बतबिच युद्ध भएको थियो ।

३. **थापाथली सन्धि** : वि. सं.१९१२ साल चैत ३ गते नेपाल र तिब्बतबिच थापाथली दरबारमा भएको सन्धि नै थापाथली सन्धि हो । नेपाल-तिब्बत युद्धलाई समाप्त गर्न यस सन्धि भएको थियो । यो नेपालको पक्षमा भएको सन्धि थियो । यस सन्धिअनुसार नेपालले बर्सेनि तिब्बत सरकारबाट १०००० (दस हजार) रुपैयाँ सलामी पाउने भयो । ल्हासामा नेपाली दूत राख्न पाउने व्यवस्था पनि यस सन्धिले ब्युँझायो ।

४. **३८ सालको पर्व** : वि. सं. १९३८ सालमा तत्कालीन प्रधान मन्त्री रणोद्विप सिंह र उनका भाइ धीर समसेरको हत्या गर्न गरिएको षड्यन्त्रलाई ३८ सालको पर्व भनिन्छ । यस पर्वमा युवराज त्रैलोक्य, जगतजङ्ग, सुब्बा होमनाथ खतिवडा, उत्तरध्वज खवास आदिको संलग्नता थियो । पछि उत्तरध्वज खवासले षड्यन्त्रको पोल खोली दिएकाले धेरैको गिरफ्तारी र केहीले ज्यान सजाय पाए ।

५. **४२ साल पर्व** : धीर सम्सेरका छोराहरूद्वारा आफ्नै काका रणोद्विप सिंहको हत्या गरी सत्ता कब्जा गरिएको घटनालाई ४२ सालको पर्व भनिन्छ । यस घटना वि. सं. १९४२ सालमा भएका हुनाले पनि यसलाई ४२ सालको पर्व भनिन्छ । यस घटनापछि जङ्ग परिवारको शासन समाप्त भई समसेर परिवारको शासनमा वर्चस्व कायम भएको थियो ।

६. **प्रचण्ड गोरखा** : वि. सं. १९८८ मा उमेश विक्रम शाह, रङ्गनाथ शर्मा, खड्गमान सिंह, मैनाबहादुरले प्रचण्ड गोरखा स्थापना गरी देशमा राणा शासनको अन्त्य गर्ने प्रयत्न गरेका थिए । सो कुराको भेद लक्ष्मणप्रसादबाट खोलिएकाले उमेश विक्रमलाई सर्वस्वहरण, निर्वासन र अन्यलाई कैद गरियो । यसलाई प्रचण्ड गोरखा पर्व भनिन्छ । राणा शासनको अन्त्य गर्न यसले खेलेको भूमिका महत्त्वपूर्ण थियो ।

शिक्षण सुझाव : पुस्तकालयमा लगी वा विभिन्न इतिहासका पुस्तकहरू अध्ययन गर्न लगाई राणाकालीन राजनीतिक घटनामा सम्बन्धमा परियोजना कार्यहरू गराई कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

७. **लाइब्रेरी पर्व** : राणाकालमा पुस्तकालय वा वाचनालय खोल्ने अनुमति थिएन । भीम समसेरका पालामा जोगवीर सिंह, लक्ष्मीप्रसाद देवकोटा, कृष्णप्रसाद खतिवडालगायत ४५–४६ जना व्यक्तिहरू मिली पुस्तकालय खोल्ने योजना बनाए । ४० जनाभन्दा बढीको माग पत्र प्रधानमन्त्रीमा बुझाउनु अगावै पोल खुलेकाले सबै व्यक्तिहरूलाई गिरफ्तार गरियो । गिरफ्तार गरिएका हरेकलाई १००/१०० रुपैयाँ जरिवाना गरियो तर त्यो लाइब्रेरी खुल्न पाएन ।

८. **प्रजापरिषद्** : नेपालको पहिलो राजनीतिक सङ्गठनका रूपमा प्रजा परिषद्को स्थापना वि. सं. १९९३ जेठ २० गते काठमाडौँमा भएको थियो । यसको मुख्य उद्देश्य राणा शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्नुथियो । यसका संस्थापक सदस्यहरूमा धर्मभक्त माथेमा, टङ्कप्रसाद आचार्य, दशरथ चन्द, जीवनराज शर्मा र रामहरि शर्मा थिए । यो दललाई राजा त्रिभुवनको आर्थिक र नैतिक समर्थन थियो । राणा विरोधी काम गरेको आरोपमा यस सङ्गठनका सदस्यहरू पक्राउ गरिएको र चार जना होनाहार सपुतहरू दशरथ चन्द, गंगालाल, धर्मभक्त र शुक्रराजलाई मृत्युदण्ड दिइएको थियो ।

९. **नेपाली नागरिक अधिकार समिति** : वि. सं. १९९४ मा राजालाल कलवारको असननिरको घरमा गठन भएको यस समितिले लेख, प्रवचन, पुराण वाचन गरी जनचेतना फैलाउने उद्देश्य लिएको थियो । शुक्रराज शास्त्री, केदारमान व्यथित, मुरलीधर शर्मा, गङ्गालाल आदि युवाहरू संलग्न यस समितिको अध्यक्ष शुक्रराज शास्त्री थिए ।

१०. **जयतु संस्कृतम् आन्दोलन** : वि. सं. २००४ असार १ देखि भूगोल, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र आदि विषयमा पढाइ हुनुपर्ने माग राखी काठमाडौँ रानीपोखरीस्थित राजकीय संस्कृत विद्यालयका विद्यार्थीहरूले गरेको हड्ताल नै जयतु संस्कृतम् आन्दोलन हो । यसले नेपालको प्रजातान्त्रिक आन्दोलनमा सहयोग पुऱ्याएको थियो ।

क्रियाकलाप

विभिन्न राजनीतिक घटना क्रमलाई तलको तालिकामा उल्लेख गरी कक्षामा प्रस्तुत गर्नुहोस् :

राजनीतिक घटना	घटेको वर्ष	संलग्न व्यक्तिहरू	उपलब्धि/असर
जङ्गबहादुरको युरोप यात्रा	वि. सं.१९०६–१९०७	जङ्गबहादुर राणा	नेपालमा अङ्ग्रेजी शिक्षाको थालनी

अभ्यास

१. ४२ सालको पर्वले सम्सेर खलकहरूलाई सत्तामा स्थापित गर्न सफल भएको थियो, कसरी ?

२. लाइब्रेरी पर्वका बारेमा लेख ।

३. प्रजापरिषद्को स्थापना किन भएको थियो ?

४. जयतु संस्कृतम् आन्दोलनका बारेमा लेख ।

५. प्रचण्ड गोरखा र प्रजा परिषद् कस्ता सङ्गठन थिए ?

Curriculum Development Centre

पाठ : ६

राणा कालीन आर्थिक र सामाजिक कार्यहरू

दरबार हाइस्कुल

कक्षामा राणा कालमा भएका विभिन्न कार्यहरूका बारेमा पढाइ सुरु हुँदै थियो। अरू दिनभन्दा फरक ढङ्ग दिँदै आज कक्षालाई विभिन्न समूहमा विभाजन गरी फरक फरक कामको जिम्मा लगाइयो। सिर्जना वि. क. को समूहलाई राणा कालीन सामाजिक कार्यहरूको सूची तयार पार्ने जिम्मा दिइएको थियो । उनको समूहले नेपालको इतिहास सम्बन्धी पुस्तकहरू अध्ययन गरी निम्न लिखित तालिका कक्षामा प्रस्तुत गऱ्यो :

राणा कालीन आर्थिक र सामाजिक कार्यहरू

राणा प्रधान मन्त्रीहरू	उनीहरूले गरेका आर्थिक र सामाजिक कार्यहरू
जङ्गबहादुर राणा	- वि. सं. १९१० मा मुलुकी ऐन प्रकाशन भयो जुन १४०० पृष्ठको थियो जसमा सबैलाई एकै किसिमको दण्ड व्यवस्था, ३५ वर्ष पुगेकी अविवाहित छोरीलाई पनि अंश दिने व्यवस्थाका साथै दोजिया विधवालाई सति जान नपर्ने व्यवस्था समेटिएका थिए । - वि. सं. १९१० असोज २७ गते दरबार हाइस्कुल स्थापना - गिद्धे प्रेसको स्थापना - आयुर्वेदिक औषधी प्रयोगमा जोड दिएका - केटाकेटीलाई खोपाउने चलन चलाएका
रणोद्दिप सिंह	- संस्कृत पाठशाला र छात्राबासको व्यवस्था - पञ्चाङ्ग छपाउन लगाएका - टेलिफोन, बिजुली र रोपवे सञ्चालन गर्न विदेशी विशेषज्ञलाई नेपाल झिकाएका
वीर समसेर	- वीर अस्पताल, वीर पुस्तकालय र वीर धाराको स्थापना - दरबार हाइस्कुलमा सर्वसाधारणका छोराछोरीले समेत पढ्न पाउने व्यवस्था, प्राविधिक शिक्षा र महिला शिक्षाको सुरुवात - हुलाक व्यवस्थामा सुधार

शिक्षण सुझाव : विभिन्न राणा कालीन प्रधान मन्त्रीले गरेका सामाजिक सुधारहरूलाई अझ विस्तृत रूपमा अध्यापन गराउन ऐतिहासिक पुस्तकहरू अध्ययन गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

देव समसेर	- देशभर आधार पाठशालाको स्थापना - गोरखापत्रको प्रकाशन प्रारम्भ - समय थाहा पाउन दिउँसो १२ बजे तोप पड्काउने चलन - जनताको गुनासो सुन्न काठमाडौँ उपत्यकामा उजुरी पेटिका राख्न लगाएका
चन्द्र समसेर	- वि. सं. १९६८ मा प्रथम जनगणनाको सुरुआत भएको - वि. सं. १९७७ मा सति प्रथाको अन्त्य - वि. सं. १९८१ मा दास प्रथाको अन्त्य - सैनिक अस्पतालको स्थापना - त्रिचन्द्र कलेजको स्थापना - फर्पिङबाट जलविद्युत उत्पादन सुरु गरिएको
भीम समसेर	- शनिबार विदा दिने चलन - मृत्युदण्डलाई कैदमा परिणत
जुद्ध समसेर	- वि. सं. १९९० सालको भूकम्पबाट भत्केका घरहरूको पुन:निर्माण - औद्योगीकरणको सुरुआत - वि. सं. १९९४ सालमा नेपाल बैङ्क लिमिटेडको स्थापना - शिक्षामा सुधार गर्न इस्तिहार जारी - सामाजिक र धार्मिक कार्यमा फजुल खर्चमा रोक
पदम समसेर	- कन्या पाठशालाको स्थापना - प्रौढ शिक्षाको व्यवस्था - संवैधानिक कानुनको व्यवस्था
मोहन समसेर	- पूर्वप्राथमिक शिक्षाको प्रारम्भ - निजामती कर्मचारी, शिक्षक र सैनिकको तलबमा वृद्धि

क्रियाकलाप

विभिन्न राणा प्रधान मन्त्रीका पालामा भएका सामाजिक सुधारका कार्यसँग सम्बन्धित विभिन्न फोटाहरू वा समाचार सङ्कलन गरी कक्षामा प्रस्तुत गर ।

अभ्यास

१. जङ्गबहादुर राणाका सामाजिक सुधारका कार्यहरू उल्लेख गर ।

२. चन्द्र समसेरका सामाजिक सुधारहरूको समीक्षा गर ।

३. पद्म समसेरलाई किन शिक्षा प्रेमी राणा प्रधान मन्त्रीका रूपमा चिनिन्छ ?

Curriculum Development Centre

पाठ : ७

२००७ सालपछिको प्रमुख राजनीतिक घटना क्रम र उपलब्धि

(क) २००७ सालदेखि हालसम्मका राजनीतिक घटनाक्रम

क्र. स.	मिति वि. सं. मा	राजनीतिक घटना क्रम
१.	२००७ चैत १७	अन्तरिम शासन विधान पारित
२.	२००८ माघ ८	डा. के. आई. सिंहद्वारा विद्रोह
३.	२०११ फागुन ३०	राजा त्रिभुवनको देहावसान
४.	२०१२ माघ १३	टङ्कप्रसाद आचार्यको नेतृत्वमा मन्त्रिपरिषद् गठन
५.	२०१५ फागुन ७	प्रथम आम चुनाव
६.	२०१७ पुस १	नेताहरूको गिरफ्तारी र पञ्चायती व्यवस्थाको घोषणा
७.	२०१९ पुस १	पञ्चायती संविधान घोषणा
८.	२०२४	गाउँ फर्क राष्ट्रिय अभियानको घोषणा
९.	२०२८ माघ १७	राजा महेन्द्रको मृत्यु
१०.	२०३६	विद्यार्थी आन्दोलन
११.	२०३७ वैशाख २०	जनमत सङ्ग्रह भएको
१२.	२०४६ चैत २६	बहुदलीय व्यवस्थाको पुनर्स्थापना
१३.	२०४७ कार्तिक २३	नेपाल अधिराज्यको संविधान २०४७ जारी
१४.	२०५२ फागुन १	ने. क. पा. माओवादीद्वारा जनविद्रोहको सुरुआत
१५.	२०५६ वैशाख २०	प्रतिनिधि सभाको निर्वाचन
१६.	२०५८ जेठ १९	राजदरबार हत्या काण्ड
१७.	२०६३ मङ्सिर ५	नेपाल सरकार र नेकपा माओवादीबिच विस्तृत शान्ति सम्झौता
१८.	२०६३ माघ १	नेपालको अन्तरिम संविधान २०६३ जारी
१९.	२०६४ चैत्र २८	संविधान सभाको निर्वाचन र नयाँ संविधान लेखन प्रक्रिया सुरु
२०.	२०६५ जेठ, १५	नेपालमा गणतन्त्रको घोषणा
२१.	२०६९ जेठ १४	संविधान सभा विघटन
२२.	२०७० मङ्सिर ४	संविधान सभाको दोस्रो निर्वाचन र नयाँ संविधान लेखनलाई निरन्तरता

शिक्षण सुझाव : विद्यार्थीहरूलाई यस समयमा भएका मुख्य राजनीतिक घटना क्रमलाई चार्ट वा तालिकामा प्रस्तुत गर्न लगाई छलफलमा सक्रिय सहभागिताको वातावरण तयार गर्नुहोस् । पृष्ठपोषण प्रदान गर्न उत्प्रेरित गर्नुहोस् ।

Curriculum Development Centre

(ख) २००७ सालदेखि हालसम्मको सामाजिक र आर्थिक उपलब्धि

क्र. स.	मिति	सामाजिक र आर्थिक उपलब्धि
१.	वि. सं.२००८	बजेटको सुरुआत
२.	वि. सं. २०१०	नेपाल शिक्षा योजना आयोगको गठन
३.	वि. सं. २०१३	निजामती सेवा ऐन लागु भएको
४.	वि. सं. २०१३	प्रथम पञ्चवर्षीय योजनाको सुरुआत
५.	वि. सं. २०१३ वैशाख १४	नेपाल राष्ट्र बैङ्कको स्थापना
६.	वि. सं. २०१६ पुस ७	विर्ता उन्मूलन
७.	वि. सं. २०२०	मुलुकी ऐन लागु
८.	वि. सं. २०२१	भूमि सुधार लागु
९.	वि. सं. २०२८	राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु
१०.	वि. सं. २०५७ साउन २	कमैया प्रथा उन्मूलन
११.	वि. सं. २०६३ जेठ ४	धर्म निरपेक्ष राष्ट्र घोषणा
१२.	वि. सं. २०६३ माघ १	अन्तरिम संविधान जारी

क्रियाकलाप

१. समूहमा विभाजित भई एउटा समूहले २००७ देखि हालसम्मको राजनीतिक घटना क्रम र अर्को समूहले सामाजिक तथा आर्थिक सुधारका पक्षहरू उल्लिखित चार्ट तयार गर र कक्षामा प्रस्तुत गर ।

२. माथिका मुख्य मुख्य घटना क्रमलाई समय रेखामा देखाऊ ।

अभ्यास

१. नेपालमा चुनाव भएका मुख्य मुख्य वर्षहरू कुन कुन हुन् ?

२. २००७ सालदेखि हालसम्म भएका आर्थिक सुधारका कुनै पाँच ओटा घटनाको सूची बनाऊ ।

सामुदायिक कार्य

तिम्रो समुदायमा वि. सं. २००७ सालदेखि हालसम्म भएका राजनीतिक, सामाजिक, सांस्कृतिक घटना सम्बन्धमा जान्ने बुझ्ने मानिसलाई सोधी सो कार्यलाई समय रेखामा प्रस्तुत गरी कक्षामा छलफल गर ।

Curriculum Development Centre

पाठ : ८

ग्रिस र रोमको सभ्यता

म इन्टरनेटमा ओलम्पिक खेलका बारेमा खोजी गरिरहेको थिएँ । सोही अवसरमा मैले एउटा सामग्री फेला पारेँ । त्यसमा यस प्रकार लेखिएको थियो :

ओलम्पिक खेलको सुरुवात ७७६ इस्वी संवत्पूर्व प्राचीन ग्रिसबाट भएको थियो । ग्रिस ससाना पोलिसहरू (नगरराज्यहरू) मिलेर बनेको थियो । धेरै ओटा पोलिसहरू मिलेर पोली बन्थ्यो । हरेक पोलीबाट खेलाडीहरू एकै ठाउँमा भेला भई सौहार्दपूर्ण खेल खेल्थे । आजको ओलम्पिक खेल त्यसैको विकसित रूप हो ।

ग्रिस युरोपको दक्षिण पश्चिम किनारामा अवस्थित देश हो । ग्रिसको पुरानो नाम युनान हो र यसको राजधानी एथेन्स थियो । ग्रिसमा बसोबास गर्ने मानिसलाई ग्रिसेली वा युनानी भनिन्छ । आजभन्दा करिब ५००० वर्ष पहिले ग्रिसमा उन्नत मानव सभ्यताको विकास भएको थियो । प्राचीन ग्रिसमा नगर राज्यका नागरिकहरू हरेक वर्ष निश्चित ठाउँमा भेला भएर नगर परिषद् (council) को चुनाव गर्थे । हाल प्रयोगमा रहेका राजनीति (politics), लोकतन्त्र (democracy) र नागरिक (citizen) जस्ता शब्दको उत्पत्ति पनि ग्रिसबाट नै भएको मानिन्छ । ग्रिसेलीहरू जियसलाई देवताका पनि देवता मान्थे । ग्रिसको जमिन कृषिका निमित्त त्यति उपयुक्त थिएन । त्यसैले उनीहरू टाढा टाढासम्म यात्रा गरी जीवन गुजारा गर्थे । प्राचीन ग्रिसमा शिल्पकला, चित्रकला र वास्तुकलाका क्षेत्रमा राम्रो विकास भएको थियो । मन्दिर, भवन र नाट्यशालाको निर्माण गरिएको थियो । एथिनाको पारथेनिन मन्दिरलाई वास्तुकलाको उपयुक्त उदाहरणका रूपमा लिने गरिन्छ । कवि होमरले इलियड र ओडिसी जस्ता महाकाव्य सिर्जना गरेका थिए जुन पूर्वीय संस्कृतिको रामायण र महाभारतसँग तुलना गर्न सकिन्छ । सुकरात, प्लेटो र अरस्तु जस्ता विद्वान् एवम् दार्शनिकहरू ग्रिसेली नै थिए । सुकरातले सत्य र न्यायको निम्ति हाँसी हाँसी विष पान गरेका थिए । उनका चेला प्लेटोले राजनीति शास्त्रको महत्त्वपूर्ण ग्रन्थ रिपब्लिकको रचना गरेका थिए । प्लेटोका चेला अरस्तु र उनका चेला अलेक्जेन्डर महान् पनि ग्रिसका थिए । आधुनिक विकासको जग ग्रिसेली सभ्यतालाई मान्न सकिन्छ ।

शिक्षण सुझाव : विद्यार्थीहरूलाई पुस्तक, इन्टरनेट, एटलस आदिका माध्यमबाट प्राचीन ग्रिसमा राजनीतिक, सामाजिक, आर्थिक, भाषा साहित्य, कला र विज्ञानका क्षेत्रमा भएका उपलब्धिहरू खोजी गर्न लगाउनुहोस् । मानव जीवनमा तिनको उपयोगका सम्बन्धमा समेत खोजी गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

रोमको सभ्यता

रोम इटालीको राजधानी हो । आजभन्दा करिब २८०० वर्ष पहिले अर्थात् नवौँ शाताब्दी इसापूर्व रोमको सभ्यता विकसित भएको मानिन्छ । रोमको नाम रोमुलसको नामबाट राखिएको हो । उनी रोमका संस्थापक पनि मानिन्छन् । उनले आफ्नो राज्यमा धनी, गरिब, दासलगायत सबैलाई नागरिकको दर्जा दिएका थिए । यसरी प्रजातन्त्रको सुरुवात त्यसै बेला रोमबाट भएको पाइन्छ । यहाँ सुन्दर सहरको विकास भएको थियो । यहाँ कला, विज्ञान, दर्शन र साहित्यको समेत विकास भएको पाइन्छ । त्यस बेला विशाल रङ्गशाला र भवनहरू बनेका थिए जसको भग्नावशेष अहिले पनि देख्न सकिन्छ ।

क्रियाकलाप

१. युरोपको नक्सामा ग्रिस र रोम एवम् तिनका आसपासका स्थानहरू पत्ता लगाऊ ।

२. पाठमा प्रस्तुत गरिएका विषय वस्तुलाई एक कथाका रूपमा पुनर्लेखन गरी कक्षामा सुनाऊ ।

३. ग्रिस र रोमको सभ्यताका विषयमा पुस्तकालय, इन्टरनेट, पत्रपत्रिका, इन्कार्ट आदिबाट विभिन्न तथ्यहरू एवम् चित्रहरू सङ्कलन गर र सबैलाई एकै ठाउँमा भेला गरी बिगबुक तयार पार ।

४. प्रजातन्त्रको सुरुवात रोम र ग्रिसको सभ्यताबाट नै भएको पाइन्छ । नेपालमा प्रजातन्त्रको संरक्षण गर्न हामीले के के गर्नुपर्ला, समूहमा छलफल गरी लेख ।

अभ्यास

१. ओलम्पिक खेलको सुरुवात कहिले र कहाँबाट भएको थियो ?

२. नेपाल र ग्रिसको प्राचीन सभ्यताबिचका समानता र भिन्नताहरू तालिकामा प्रस्तुत गर ।

३. ग्रिसको नक्सामाथि पातलो कागज राखेर नक्सा कोर र त्यसमा तलका तथ्यहरू भर : एथेन्स, लाम्ला, ल्यारिसा, एजियन सागर, भूमध्यसागर, क्रेट टापु र ओलम्पस पहाड ।

४. रोम सभ्यताले आधुनिक समाजलाई दिएका मुख्य योगदानहरूको चर्चा गर ।

Curriculum Development Centre

पाठ : ९

पुनर्जागरण

पुनर्जागरण सम्बन्धी पाठ पढाउन शिक्षिका राधा गुरुङ केही शैक्षिक सामग्रीसहित कक्षामा प्रवेश गर्नुभयो । पुनर्जागरण आजभन्दा छ शताब्दीपूर्व युरोपमा भएको कुरा जानकारी गराउँदै विद्यार्थीलाई प्रश्न सोध्न लगाउनुभयो । सुरुमा बन्दना राजवंशीले प्रश्न सोधिन् ।

वन्दना : पुनर्जागरण भनेको के हो, मिस ?

राधा गुरुङ : पुनर्जागरणको शाब्दिक अर्थ पुन: जाग्नु वा पुन: सचेत हुनु हो । युरोप प्राचीन समयमा शिक्षा संस्कृति, कला, सभ्यता र भाषाको क्षेत्रमा सम्पन्न र समुन्नत थियो तर छैटौँ शताब्दीदेखि तेरौँ शताब्दीसम्म धार्मिक अन्धविश्वासले ती सम्पूर्ण सभ्यता एवम् समुन्नतिमा ह्रास आयो । चौधौँ शताब्दीदेखि पुन: शिक्षा संस्कृति, कला, वैज्ञानिक खोज र आविष्कारहरू हुनु र ज्ञानको पुनर्जन्म हुनु नै पुनर्जागरण हो ।

हरि चौधरी : यसका कारणहरू पनि त होलान् नि, हैन मिस ?

राधा गुरुङ : हरिले राम्रो प्रश्न सोधे । ल यो चार्टमा हेर त । (चार्ट प्रस्तुत गर्दै)



रजनी : पुनर्जागरणले के के कुरामा जागरण वा परिवर्तन ल्यायो त मिस ?

राधा : धार्मिक ठगीको पर्दाफास हुन थाल्यो अनि अन्धविश्वासलाई तर्क र प्रमाणले सिद्ध गर्न थालियो । त्यस्तै वैज्ञानिक खोजले स्थान पाउन थाल्यो, पोप पादरीको

शिक्षण सुझाव : इन्टरनेट र इन्कार्टा पत्रपत्रिकाको अध्ययन गरी पुनर्जागरण सम्बन्धमा थप जानकारी दिनुहोस् ।

Curriculum Development Centre

चाकडीमा साहित्य रचना गर्नुको सट्टा स्वतन्त्र अभिव्यक्तिमा जोड दिन थालियो । ग्रिक, ल्याटिन भाषामा लेख रचना तयार हुन थाले ।

खेम शर्मा : पुनर्जागरणमा योगदान दिने व्यक्तिहरू को को हुन् र उनीहरूले कुन कुन क्षेत्रमा योगदान पुऱ्याएका थिए ?

राधा गुरुङ : पुनर्जागरणको प्रभाव साहित्य, कला, विज्ञान, गणित र भौतिक खोजका क्षेत्रमा परेको थियो । डिभाइन कमेडी महाकाव्य लेखेर दाँतेले इटालियन साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएका थिए । जसमार्फत उनले धर्मान्ध पोप, पादरी र सामन्तहरूको कुकृत्यको विरोध गरेका थिए । त्यस्तै तत्कालीन आडम्बर अन्धविश्वासमाथि कडा प्रहार गर्ने इरासमस अर्का प्रतिभाशाली साहित्यकार हुन् जसले द प्रेज अफ द फुल्ली भन्ने कृति लेखेका थिए । कवि स्पेन्सरले मध्यकालीन कवितालाई छोडी आधुनिक कवितामार्फत् चेतना फैलाउने काम गरेका थिए ।

त्यस समयमा कलाका क्षेत्रमा उल्लेखनीय योगदान दिने व्यक्तिहरूमा लियोनार्दो दा भिन्ची, माइकेलान्जेलो र राफायल प्रमुख थिए । लियोनार्दो बहुमुखी प्रतिभाका धनी थिए । उनले विश्व प्रसिद्ध चित्र 'मोनालिसा' बनाएका थिए जुन सौन्दर्य, सजीवता र भावुकताका कारण आजसम्म पनि चर्चित छ । अर्का मूर्तिकार गिवर्टीले फ्लोरेन्सको गिर्जाघरका लागि बनाएको पित्तलको ढोकालाई स्वर्गको ढोकामा राख्न मिल्ने भनी एन्जेलोले तारिफ गरेका थिए । वास्तुकलाको विकासमा ब्रुनलेस्कीको योगदान पनि महत्त्वपूर्ण थियो ।

पुनर्जागरण कालका वैज्ञानिकहरूमा निकोलस कोपर्निकस, गिलवर्ट, ग्यालिलियो र न्युटन जस्ता वैज्ञानिक अनि केपलर र निपियर जस्ता गणितज्ञको योगदानलाई बिर्सनु हुँदैन । निकोलस कोपर्निकसले सूर्य स्थिर छ र पृथ्वीलगायत अन्य ग्रहले सूर्यको परिक्रमा गर्छन् भन्ने सिद्धान्त प्रतिपादन गरे भने केपलरले कपरनिकसको सिद्धान्तलाई गणितीय आधारमा प्रमाणित गरेर देखाइदिए । अमेरिका पत्ता लगाउन कोलम्बसको, भारत पत्ता लगाउन भास्को डिगामा र चिन पत्ता लगाउन मार्कोपोलोको भूमिका महत्त्वपूर्ण रहेको थियो ।

क्रियाकलाप

तिम्रो समुदायमा उल्लेखनीय योगदान पुऱ्याउने साहित्यकार, कलाकार वा मूर्तिकार वा चित्रकारको योगदान उल्लेख भएको तालिका कक्षामा प्रस्तुत गर र छलफल गर ।

अभ्यास

पुनर्जागरणले विश्व आधुनिकताको ढोका उघार्न सघाउ पुऱ्याएको थियो, कसरी ?

Curriculum Development Centre

पुनरवलोकन अभ्यास

१. जोडा मिलाऊ :

(क) युनान	गणितज्ञ
(ख) पैथागोरस	पोली
(ग) नगर राज्य	ग्रिस
(घ) होमर	गोलाकार पृथ्वी
	इलियड

२. तलका व्यक्तिहरूका बारेमा पुस्तक, पत्रपत्रिका, इन्टरनेट वा इनसाइक्लोपेडियामा खोजी गरी वा जान्ने व्यक्तिलाई सोधी प्रत्येकको छोटो विवरण तयार पार :



होमर अरस्तु

प्लेटो सिकन्दर

परियोजना कार्य

पत्रपत्रिकामा ग्रिस र इटलीका बारेमा आएका समाचारहरू सङ्कलन गर र भित्ते पत्रिकामा टाँस ।

सामुदायिक कार्य

२० वर्ष पहिले तिम्रो गाउँ वा टोल कस्तो थियो, त्यसका बारेमा प्रचलित भनाइ एवम् कथाका बारेमा अभिभावक वा समुदायका ज्येष्ठ नागरिकसँग सोध र विवरण तयार पारी प्रस्तुत गर ।

Curriculum Development Centre

एकाइ : सात

हाम्रो आर्थिक क्रियाकलाप

Curriculum Development Centre

सिकाइ उपलब्धि

यस एकाइको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

- नेपालको पर्यटन उद्योग र वैदेशिक व्यापारको वर्तमान अवस्था, महत्त्व, समस्या र समाधानका उपायहरू उल्लेख गर्न
- सहकारिता, मुद्रा, बैङ्क, मूल्य निर्धारण, बचत, लगानी, पुँजी निर्माण, आन्तरिक एवम् वैदेशिक रोजगार आदिको अवधारणा बताउन र व्यावहारिक उपयोग गर्न

पाठ : १

पर्यटन उद्योग



मानिसहरू सधैँ एक ठाउँमा बसिरहन चाहँदैनन् । उनीहरू नयाँ नयाँ ठाउँमा घुमफिर गर्न मन पराउँछन् । मनोरञ्जन गर्न चाहन्छन् । कला संस्कृति र रहनसहनको अध्ययन गर्न चाहन्छन् । तीर्थाटन, दृश्यावलोकन, पर्वतारोहणका लागि मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा घुमफिर गर्छन् । यसरी कुनै उद्देश्य लिएर निश्चित समयावधिका लागि एक ठाउँबाट अर्को ठाउँमा भ्रमण वा घुमफिर गर्नुलाई पर्यटन भनिन्छ । यी घुमफिर गर्ने मानिसलाई पर्यटक भनिन्छ । पर्यटकहरू आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् । कुनै देशका बासिन्दा आफ्नो देशभित्रै भ्रमण गर्छन् भने तिनलाई आन्तरिक पर्यटक र अन्य देशमा भ्रमण गरेमा तिनलाई बाह्य वा विदेशी पर्यटक भनिन्छ ।

पर्यटकहरूलाई आवश्यक पर्ने विभिन्न सेवा र सुविधा उपलब्ध गराउनुपर्ने हुन्छ । यस्ता व्यवसायलाई पर्यटन उद्योग भनिन्छ । होटल, लज, रेस्टुरेन्ट, रिसोर्ट, ट्राभल एजेन्सी, प्याराग्लाइडिङ, स्नो स्केटिङ र्‍याफटिङ, ट्रेकिङ, हट एयर बेलुनिङ, गल्फ, पोलो यसका उदाहरण हुन् ।

नेपालमा पर्यटन उद्योगको वर्तमान अवस्था : पर्यटन क्षेत्रको विकासका लागि उच्च स्तरीय तथा आधारभूत स्तरको जनशक्ति उत्पादनका लागि सरकारी स्तरबाट नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान स्थापना भएको छ । यसले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएर ट्राभल एन्ड टुरिजम म्यानेजमेन्ट र होटल व्यवस्थापनमा तिन बर्से स्नातक तह तथा सन् २०११ देखि मास्टर अफ हस्पिट्यालिटी म्यानेजमेन्टका कक्षाहरू सञ्चालन गर्दै आएको छ ।

शिक्षण सुझाव : पर्यटन व्यवसायी वा पर्यटक वा पर्यटनको अनुभवी व्यक्तिलाई भेटेर अन्तर्वार्ता, छलफल गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

पर्यटन उद्योगको महत्त्व : नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । यहाँ प्रशस्त हिम शृङ्खला, नदीनाला, तालतलैया र झरनाहरू छन् । ऐतिहासिक र धार्मिक स्थलहरू, प्राचीन कला, विविध सांस्कृतिक, विविध हावापानी, दुर्लभ वन्यजन्तु यहाँका विशेषता हुन् । पर्यटन उद्योगको राम्रो विकास हुन सकेमा यसबाट नेपालको चौतर्फी विकास हुने देखिन्छ । नेपालको समग्र विकासमा पर्यटन उद्योगको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. विदेशी मुद्रा आर्जन हुनुका साथै राष्ट्रिय आम्दानीमा वृद्धि हुन्छ ।

२. रोजगारीका अवसरमा वृद्धि हुन्छ ।

३. घरेलु तथा साना उद्योगहरूको विकास हुन्छ ।

४. ग्रामीण पूर्वाधारको विकास हुन्छ ।

५. व्यापारमा वृद्धि/व्यापार प्रवर्धन हुन्छ ।

६. कला र संस्कृतिको आदान प्रदान हुनुका साथै राष्ट्रको प्रचार प्रसार हुन्छ ।

पर्यटन उद्योगका समस्या र समाधानका उपायहरू : सञ्चार र यातायातका सुविधाको अभाव, प्रदूषणको समस्या, तालिम प्राप्त जनशक्तिको अभाव, राजनीतिक अस्थिरता जस्ता समस्याहरू पर्यटन उद्योगमा विद्यमान रहेका छन् । यी समस्याहरूको समाधानका लागि विभिन्न उपायहरू अपनाउन सकिन्छ, जस्तै : पर्यटक केन्द्रहरूको विकास गर्नुपर्छ । यातायात तथा सञ्चार सुविधाको विस्तार गर्नुपर्छ । अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचार प्रसार गर्नुपर्छ । देशमा शान्ति र सुरक्षाको प्रत्याभूति दिनुपर्छ । पर्यटकका लागि आवश्यक पर्ने गुणस्तरीय वस्तु तथा सेवा, बजार, बैङ्क, होटल आदिको व्यवस्था गर्नुपर्छ । त्यसै गरी यस क्षेत्रका उपयुक्त जनशक्तिको उत्पादनमा जोड दिनुपर्छ । जनसङ्ख्या वृद्धि र वातावरण प्रदूषण नियन्त्रण गर्नुपर्छ ।

क्रियाकलाप

१. तिम्रो समुदायको नजिकमा रहेको कुनै एउटा पर्यटकीय स्थलको वर्णन गर ।

२. अर्को जिल्लाबाट तिम्रो समुदायमा भ्रमण गर्न आउने कुनै एउटा साथीका लागि तिन दिने भ्रमण योजना बनाऊ ।

अभ्यास

१. पर्यटन उद्योग केलाई भनिन्छ ?

२. नेपालको विकासमा पर्यटन उद्योगको महत्त्वका बारेमा वर्णन गर ।

३. नेपालमा कुन कुन उद्देश्यले पर्यटकहरू आउने गर्छन् ?

४. पर्यटन उद्योगका समस्या र समाधानका उपायहरू उल्लेख गर ।

Curriculum Development Centre

पाठ : २

वैदेशिक व्यापार

व्यक्ति वा समूहले आफूलाई आवश्यक पर्ने सम्पूर्ण वस्तुहरू आफैँले उत्पादन गर्न सम्भव हुँदैन । त्यसैले उत्पादन गरेर आफूलाई बढी भएका वस्तुहरू बजारमा बिक्री र आफूसँग नभएका आवश्यक वस्तुहरू बजारबाट खरिद गर्नुपर्ने हुन्छ । व्यक्ति व्यक्ति वा समूहबिच वस्तुहरूको विनिमय/लेनदेन/खरिद बिक्रीलाई व्यापार भनिन्छ । व्यापारलाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गर्न सकिन्छ । देशको सीमा घेराभित्र मात्र सीमित हुने व्यापारलाई आन्तरिक व्यापार वा घरेलु व्यापार भनिन्छ । एउटा देशले अन्य देशहरूसँग गर्ने व्यापारलाई वैदेशिक वा अन्तर्राष्ट्रिय व्यापार भनिन्छ । वैदेशिक व्यापारमा विदेशी मुद्राको प्रयोग हुने गर्छ । यस्तो व्यापार भन्सार महसुल, कोटा प्रणाली, विदेशी विनिमय दर र व्यापार नीतिद्वारा नियन्त्रित हुन्छ ।

देशमा खपत भएर बाँकी रहेका वस्तु तथा सेवा अन्य देशमा निर्यात गर्न सकिन्छ । त्यस्तै आफ्नो देशमा उत्पादन गर्दा बढी लागत पर्ने वस्तुहरू त्योभन्दा कम लागतमा अन्य देशबाट आयात गर्न सकिन्छ । यस्तो अवस्थामा वैदेशिक व्यापारबाट फाइदा लिन सकिन्छ । वैदेशिक व्यापारमा संलग्न भएर तुलनात्मक लागत भिन्नता तथा उत्पादनमा विशिष्टीकरणबाट आपसमा फाइदा लिन सकिन्छ ।

नेपालको वैदेशिक व्यापारको वर्तमान अवस्था

नेपालको कुल वैदेशिक व्यापारको दुई तिहाइ जति व्यापार भारतसँग हुने गरेको छ । निर्यात व्यापारको दाँजोमा आयात व्यापार उच्च हुनाले नेपालले वस्तु व्यापारमा घाटा बेहोर्दै आएको छ । नेपालबाट भारततर्फ विशेष गरी लत्ता कपडा, पोलिस्टर धागो, जिआई पाइप, ढुङ्गा तथा बालुवा र अलैँचीलगायतको निर्यात बढेको छ । अन्य मुलुकतर्फ विशेष गरी गलैँचा, तयारी पोसाक, पस्मिना, नेपाली कागज तथा छाला, हस्तकलाका सामग्री, चिया र कफी निर्यात वृद्धि भएको छ । भारतबाट पेट्रोलियम पदार्थ, कोइला, रासायनिक मल, तयारी पोसाक र कृषि उपकरण तथा पार्टस्लगायतको आयात बढेको छ । अन्य मुलुकबाट विशेष गरी सुन, भटमासको कच्चा तेल, चाँदी, खाने तेल र अन्य मेसिनरी तथा पार्टस्लगायतको आयातमा वृद्धि भएको छ ।

वैदेशिक व्यापारको महत्त्व : विश्वका प्राय: देशको अर्थ व्यवस्थामा वैदेशिक व्यापारको महत्त्वपूर्ण स्थान रहेको छ । नेपाल विकासोन्मुख र भूपरिवेष्टित मुलुक भएकाले वैदेशिक व्यापारको अझ बढी महत्त्व देखिन आउँछ ।

शिक्षण सुझाव : वैदेशिक व्यापारको वर्तमान अवस्था र महत्त्वलाई प्रश्नोत्तर र छलफलबाट स्पष्ट पार्नुहोस् ।

Curriculum Development Centre

वैदेशिक व्यापारका माध्यमबाट उत्पादित वस्तुहरूका लागि बजार विस्तार गर्न सकिन्छ । विदेशी मुद्रा आर्जन हुन्छ । देशमा उपलब्ध साधन र स्रोतको सदुपयोग हुन्छ । यसबाट औद्योगिकीकरण, सरकारी आम्दानीमा वृद्धि, रोजगारीका अवसरहरूको सिर्जना जस्ता फाइदाहरू हुन्छन् ।

वैदेशिक व्यापारको विकासमा विभिन्न प्रकारका समस्याहरू : निर्यातको तुलनामा आयात उच्च दरले वृद्धि भएपछि नेपालको व्यापार घाटा करिब आठ गुणाले बढ्दो छ । वैदेशिक व्यापारको विकासमा नेपाल भूपरिवेष्टित हुनु, खुला सिमाना व्यवस्थित नहुनु र पेट्रोलियम पदार्थको बढ्दो आवश्यकताका कारणले गर्दा वैदेशिक व्यापारमा समस्या थपिएका छन् । कृषि प्रधान मुलुक भए पनि चामलसमेत आयात गर्नुपरेको अवस्था छ । साथै नेपालले प्राथमिक वस्तुहरूको उत्पादन र निर्यात तथा विदेशी वस्तुहरूसँग प्रतिस्पर्धा गर्न नसक्नु जस्ता समस्याहरू भोगिरहेको छ ।

यी समस्या समाधानका निम्ति विभिन्न उपायहरू अपनाउन सकिन्छ । यसका लागि कृषि र वनमा आधारित उद्योगहरूको विकास गर्नुपर्छ । विश्व व्यापार सङ्गठनबाट विशेष सुविधाको माग गर्नुपर्छ । औद्योगिक पूर्वाधारको विकास र कम लागतमा गुणस्तरीय वस्तुहरूको उत्पादन गर्नुपर्छ । साथै बिनासर्त पारवहन सुविधाको व्यवस्था र पर्याप्त पुँजीको व्यवस्था गर्नुपर्छ । अबका दिनमा पर्यटन, स्वास्थ्य, जलस्रोत, हरित ऊर्जाको विकासमा ध्यान दिई विशेष कार्यक्रमका साथ अघि बढ्नुपर्ने बेला भएको छ ।

क्रियाकलाप

१. नेपालको वैदेशिक व्यापार सन्तुलनको अवस्था कस्तो छ, चर्चा गर ।

२. तिम्रो घर, छिमेक, विद्यालय वा स्थानीय समुदायमा प्रयोग हुने विदेशमा बनेका (विदेशबाट आयात गरिएका) वस्तुहरूको नाम सङ्कलन गरी तिनीहरू कुन कुन देशमा बनेका हुन् छुट्याऊ ।

अभ्यास

१. वैदेशिक व्यापार भनेको के हो ?

२. आन्तरिक व्यापार र वैदेशिक व्यापारबिच फरक छुट्याऊ ।

३. नेपालबाट भारत तथा अन्य मुलुकतर्फ निर्यात हुने मुख्य वस्तुहरूको सूची बनाऊ ।

४. नेपालको विकासमा वैदेशिक व्यापारको महत्त्वबारे चर्चा गर ।

५. नेपालको व्यापार घाटा कम गर्न अपनाउन सकिने कुनै छ ओटा उपायहरू लेख ।

Curriculum Development Centre

पाठ : ३

मुद्रा

प्राचीन समयमा मानिसले आफूलाई चाहिने वस्तुहरू सकेसम्म आफ्नै घर परिवारमै उत्पादन गर्थे । आफूलाई बढी भएका वस्तु अरूलाई दिएर तिनीहरूबाट आफूलाई चाहिने अन्य वस्तुहरू लिने गर्थे । यसरी मुद्राको अनुपस्थितिमा मानिसले आपसमा वस्तु साटासाट गरी आआफ्ना आवश्यकता पुरा गर्ने प्रथालाई वस्तु विनिमय प्रथा भनिन्छ । आर्थिक क्रियाकलापहरूमा वृद्धि हुँदै जाँदा वस्तु विनिमय प्रथा अव्यावहारिक बन्दै गयो । विनिमयको माध्यमका रूपमा सर्वस्वीकार्य वस्तुको खोजी हुन थाल्यो । यसै क्रममा कुनै खास अन्न, प्वाल पारिएका कडा टुक्रा, जनावर, जनावरका छाला, सिपी/कछुवाका खोल आदि विनिमयको माध्यमका रूपमा प्रयोग हुन थाले । विकासको गतिसँगै सुन र चाँदी जस्ता धातु मुद्रा प्रचलनमा आए । वर्तमान समयमा कागजी मुद्रा वा नोट बढी लोकप्रिय बनेको छ । मानव सभ्यताको विकास सँगसँगै मुद्राको रूप र परिभाषा पनि परिवर्तन हुँदै आएको देखिन्छ । नेपालमा नोट निष्कासन गर्ने काम नेपाल राष्ट्र बैङ्कले गर्ने गर्छ । युरोपका केही देशहरूमा एउटा साझा मुद्रा प्रचलनमा ल्याइएको छ । यसलाई युरो भनिन्छ । अमेरिकाको मुद्रालाई युएस डलर भनिन्छ ।

देशले मनलागी परिमाणमा नोट छापेर धनी हुन सक्दैन । उसले नोट छाप्नका निम्ति संयुक्त राष्ट्र सङ्घअन्तर्गतको अन्तर्राष्ट्रिय मुद्रा कोषबाट स्वीकृति लिनुपर्छ । देशको वस्तु तथा सेवाका

शिक्षण सुझाव : विभिन्न समयका सिक्का, पैसाको चित्र र फोटा प्रदर्शन गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

उपभोग गर्न सक्ने क्षमताका आधारमा मुद्रा कोषले नोट वा सिक्का छाप्न अनुमति दिन्छ । नोटको मूल्यको अनुपातमा देशले निश्चित परिमाणमा सुन वा यस्तै बहुमूल्य वस्तु सुरक्षण राख्नुपर्छ । त्यसपछि उसले तोकेको परिमाणमा मात्र नोट, सिक्का छाप्न पाइन्छ । कुनै मुलुकका जनता कति सभ्य छन् भन्ने कुरा त्यस देशको नोट हेरेर पनि अनुमान गर्न सकिन्छ ।

देशमा आवश्यक वस्तु विदेशबाट झिकाउन विदेशी मुद्रा आवश्यक हुन्छ । विदेशी मुद्रा प्राप्त गर्न हामीले विदेशमा सामान निर्यात गर्नुपर्छ । विदेशमा गएर श्रम गरेर पनि विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । विदेशीले नेपालमा नै आएर रकम खर्च गरे भने पनि विदेशी मुद्रा प्राप्त हुन्छ । विदेशबाट प्राप्त हुने अनुदान सहायता वा ऋणबाट पनि विदेशी मुद्रा आर्जन हुन्छ । सबैभन्दा भरपर्दो विदेशी मुद्राको स्रोत व्यापार र पर्यटन नै हो । तर आजभोलि हाम्रा धेरै मानिसहरू वैदेशिक रोजगारीमा खासगरी साउदी अरब, मलेसिया, कतार, दक्षिण कोरिया, जापान जस्ता मुलुकमा काम गर्न गएका छन् । उनीहरूले वैदेशिक मुद्रा आर्जन गरेर नेपालमा पठाउने गरेका छन् ।

राष्ट्र बैङ्कको अनुरोध

(क) नोटलाई राम्रोसँग पट्याउने बानी गरौँ । जथाभावी नगुट्मुट्याऊँ ।

(ख) मासु, तेल, मोबिल, रङ, अबिरलगायतका वस्तु चलाएको हातले नोट नसमातौँ । यस्ता फोहोरले नोट फोहोर हुनुका साथै रोग सार्ने सम्भावना पनि हुन्छ ।

(ग) नोटलाई नच्यातौँ ।

(घ) नोटमा लेख्ने र स्टिच गर्ने पनि नगरौँ ।

क्रियाकलाप

१. तिम्रो समुदायमा कुन कुन काममा मुद्राको प्रयोग भएको छ ? खोजी गरी तिनको सूची बनाऊ ।

२. नेपाल राष्ट्र बैङ्कले प्रचलनमा ल्याएका नेपाली रुपैयाँका नोटहरू कुन कुन दरका छन् ? तिनको सूची बनाई कुनै एउटा नोटमा अङ्कित तथ्यहरूका बारेमा वर्णन गर ।

३. आफ्नो घर छिमेकमा गएर कोही वैदेशिक रोजगारीमा देश बाहिर गएका छन् भने उनीहरू वा उनका परिवारसँग सोधेर त्यहाँ उपयोग हुने मुद्राको सूची बनाऊ ।

अभ्यास

१. वस्तु विनिमय प्रथाका कठिनाइबारे चर्चा गर ।

२. मुद्राको परिचय दिई असल मुद्राका विशेषताहरू उल्लेख गर ।

३. मुद्राले हाम्रा आर्थिक क्रियाकलाप सञ्चालनमा कसरी सहयोग पुऱ्याएको छ, छोटकरीमा चर्चा गर ।

Curriculum Development Centre

पाठ : ४

बैङ्क

लालसिंह चौधरी अत्यन्त मिहिनेती व्यक्ति हुन् । उनले आफ्नो तिन कट्ठा खेतमा तरकारी खेती गरेका छन् । त्यसबाट आएको आम्दानीमध्ये उनले केही बचत गर्दै गए । रकम बढ्दै गएपछि उनलाई घरमा पैसा राख्न डर लाग्यो। बोकेर हिँड्दा हराउला भन्ने डर थियो । एक दिन बजार गएका बेला उनको मनसा दिदीसँग भेट भयो । मनसाले थैलीबाट एउटा कार्ड झिकिन् र सानो कोठामा छिरिन् । कार्डलाई बाकसमा छिराइन् । कम्प्युटरमा अक्षर थिचिन् । तुरुन्तै नोट निस्कियो । लालसिंहलाई अचम्म लाग्यो । यो कसरी भयो दिदी ! भनी उनले मनसालाई सोधे । मनसाले बैङ्कका बारेमा यसरी बताइन् :

यस कार्डलाई एटिएम कार्ड (ATM Automated Teller Machine Card) भनिन्छ । यसको प्रयोग गरेर जुनसुकै बेला पैसा निकाल्न सकिन्छ । मैले बैङ्कमा खाता खोलेर पैसा जम्मा गरेको छु । मलाई चाहिएको समयमा म यसै गरी पैसा निकाल्न सक्छु । चेकबाट पनि पैसा निकाल्न सकिन्छ तर यो सजिलो र छिटो छ । मैले पैसा निकालिन भने पनि मेरो पैसाको ब्याज आइरहन्छ ।

मनसाको कुरा सुनेपछि लालसिंहले आफ्नो व्यथा बताए । मनसाले बैङ्कमा लालसिंहको नाममा खाता खोल्न सघाइन् । लालसिंहले आफ्नो व्यवसायका बारेमा बैङ्कका प्रबन्धकलाई बताए । प्रबन्धकले बैङ्कबाट ऋण लिएर व्यवसाय बढाउन सल्लाह दिए । लालसिंहले पनि दुई कट्ठा जग्गा धितो राखी ऋण लिए । ऋण लिएको पैसाले अरू पाँच कट्ठा जग्गा भाडामा लिई तरकारी खेती गरे । उनले नियमित रूपमा साँवा र ब्याज बुझाउँदै गाए । आजकल लालसिंह दाङका सफल कृषक मानिन्छन् । उनले विदेशबाट छोरीले पठाएको पैसा पनि बैङ्कबाट प्राप्त गर्छन् ।

शिक्षण सुझाव : *ATM CARD, चेकबुक जस्ता वास्तविक वस्तुहरू देखाएर छलफल गरी शिक्षण गराउनुहोस् ।*

Curriculum Development Centre

मनसा खासाबाट सामान झिकाउन बैङ्कबाट पैसा पठाउँछिन् । सामान उनको गोदाममा नै आइपुग्छ । बैङ्कबाट नै विदेशी मुद्रा साटेर उपयोग गर्छिन् । विदेशमा पढ्दै गरेका छोरालाई बैङ्कबाट नै पैसा पठाउँछिन् । जिल्लातिर घुम्न जाँदा पनि उनले धेरै पैसा बोकेर हिँड्न पर्दैन । देशका कुनै पनि शाखाबाट उनी पैसा झिक्न सक्छिन् ।

नेपालका बैङ्कहरू



क्रियाकलाप

१. तिम्रो घर/छिमेकबाट नजिक रहेको एउटा वित्तीय संस्थाको नाम लेखी उक्त संस्थाबाट प्राप्त/उपलब्ध हुने सेवाहरूको सूची बनाऊ ।

२. नेपाल राष्ट्र बैङ्क र वाणिज्य बैङ्कबिचका भिन्नताहरू खोजी गरी लेख ।

अभ्यास

१. बैङ्क भनेको के हो ?

२. मानिसले बैङ्कमा रकम जम्मा गर्नुका कारणहरू उल्लेख गर ।

३. विकास बैङ्कको परिचय देऊ ।

४. बैङ्कले हाम्रो जीवनलाई कसरी सहयोग पुऱ्याएको छ, चर्चा गर ।

५. नेपालको आर्थिक विकासमा बैङ्कहरूको भूमिका उल्लेख गर ।

Curriculum Development Centre

पाठ : ५

वस्तुको मूल्य निर्धारण र मूल्य वृद्धि

प्यारी बहिनी आकृति,
सुमधुर सम्झना र प्यार

तिम्रो पत्र पाउँदा खुसी लाग्यो । तिमीले पत्रमा बजारमा वस्तुको मूल्य निर्धारण कसरी हुन्छ र मूल्य कसरी वृद्धि हुन्छ भन्ने कुरा सोधेकी रहिछ्यौ । म आज यिनै विषयमा पत्रमार्फत कुरा राख्दै छु ।

बहिनी बजारमा पाइने वस्तु उत्पादन गर्ने काम उत्पादकले गर्छन् । उत्पादक एउटा व्यक्ति, फर्म वा उद्योग हुन सक्छ । वस्तु उत्पादन गर्नका लागि उत्पादकलाई विभिन्न साधनहरूको जरुरत पर्छ । यस्ता साधनहरूमा भूमि, पुँजी, श्रम र सङ्गठन (उद्यम) पर्छन् । उत्पादकले वस्तुको उत्पादन कार्यमा प्रयोग गरेबापत भूमिका लागि लगान, पुँजीका लागि ब्याज, श्रमका लागि ज्याला र उद्यमका लागि नाफा भुक्तान गर्नुपर्ने हुन्छ । यसरी वस्तु उत्पादन गर्दा गरिएको भुक्तानी अथवा खर्चलाई लागत भनिन्छ । सामान्यतया यही उत्पादन लागतका आधारमा वस्तुको मूल्य निर्धारण गरिन्छ । यदि उत्पादित वस्तुमा सरकारले कर लगाएको रहेछ भने उक्त कर रकम पनि जोडेर वस्तुको मूल्य तय गरिन्छ । त्यस्तै कतिपय वस्तु उत्पादनमा सरकारले उत्पादकलाई अनुदान दिन सक्छ । यस्तो अवस्थामा वस्तुको मूल्य उत्पादन लागतभन्दा पनि कम हुन सक्छ ।

वस्तुको मूल्य निर्धारण बजारको प्रकृतिमा पनि भर पर्छ । कुनै वस्तु उत्पादन गर्ने उत्पादकको बजारमा एकाधिकार छ अर्थात् बजारमा उक्त वस्तु उत्पादन गर्ने अन्य प्रतिस्पर्धी छैनन् भने उत्पादकले वस्तुको मूल्य आफैँ निर्धारण गर्छ । तर एकाधिकारी उत्पादकले वस्तुको बढी परिमाण बिक्री गर्न मूल्य घटाउनुपर्छ भने बढी मूल्यमा उसले वस्तुको कम परिमाण मात्र बिक्री गर्न सक्छ । प्रतिस्पर्धाको बजारमा एकै किसिमको वस्तुको उत्पादक, बिक्रेता र उपभोक्ताको सङ्ख्या धेरै हुन्छ । यस्तो बजारमा वस्तुको माग र पूर्तिको आपसी अन्तरक्रियाद्वारा वस्तुको मूल्य निर्धारण हुन्छ । वस्तुको माग उपभोक्ता/क्रेताहरूले गर्छन् । क्रेताहरूले कम मूल्य हुँदा वस्तुको बढी परिमाण माग र बढी मूल्य हुँदा वस्तुको कम परिमाण माग गर्छन् । त्यस्तै उत्पादक/बिक्रेताले बढी मूल्य हुँदा वस्तुको बढी परिमाण पूर्ति गर्छन् भने मूल्य कम हुँदा वस्तुको कम परिमाण पूर्ति गर्छन् । अन्ततः वस्तुको मूल्य निर्धारण हुन जान्छ, जुन मूल्यमा उत्पादनको पूर्ति परिमाण र उपभोक्ताले गरेको माग परिमाण आपसमा बराबर हुन्छ । कुनै कारणले यसरी निर्धारित मूल्यभन्दा वस्तुको मूल्य बढी हुन गएमा वस्तुको मागभन्दा पूर्ति बढ्न जान्छ । पूर्ति बढी भएकाले उत्पादकहरूबिच मूल्य घटाउने प्रतिस्पर्धा हुन थाल्छ । फलस्वरूप वस्तुको मूल्य घट्दै गई पहिले

शिक्षण सुझाव : यस पाठमा प्रश्नोत्तर र छलफल विधिमा जोड दिई शिक्षण गर्नुहोस् ।

Curriculum Development Centre

नै निर्धारित मूल्यमा ओर्लिन्छ । त्यसै गरी कुनै कारणले वस्तुको मूल्य निर्धारित मूल्यभन्दा कम हुन गएमा वस्तुको पूर्तिको तुलनामा माग बढी हुन्छ । पूर्तिको तुलनामा माग बढी भएकाले वस्तुको मागकर्ता अथवा उपभोक्ताहरूबिच प्रतिस्पर्धा हुन गई वस्तुको मूल्य बढेर पहिलेकै निर्धारित मूल्यमा पुग्छ ।

अन्त्यमा, बुबा आमालाई तिम्रो दाजु सकुशल रहेको कुरा अवगत गराउनू । कुनै जिज्ञासा भएमा पत्र पठाउन नबिर्सनू । अहिलेलाई यत्ति ।

उही माया गर्ने दाजु
विजय

क्रियाकलाप

१. तिम्रो समुदायमा रहेका पसलमा जाऊ । विभिन्न वस्तुहरूको मूल्य सूची/तालिका टाँस गरिएको छ/छैन, हेर । यदि छैन भने मूल्य सूची टाँस नगर्नुका कारणहरू सोधेर पत्ता लगाऊ । कक्षामा साथीहरूबिच मूल्य सूची टाँस नगर्नुका कारणहरू र मूल्य सूची टाँस नगर्दा यसबाट उपभोक्तालाई पर्ने समस्याहरूबारे छलफल गरी निष्कर्ष निकाल ।

२. खाद्य पदार्थहरूको मूल्य व्यापारीहरूले आफ्नो पसलमा सबैले देख्ने गरी टाँस गर्नुपर्छ । त्यस्तै कतिपय वस्तुहरू उत्पादकले प्याकिङ गरेर बजारमा पठाउँछन् । यस्ता वस्तु प्याकिङ गर्दा वस्तु बनेको/तयार भएको मिति, त्यसको तौल, मूल्य र म्याद सकिने मिति उल्लेख गरिएको हुन्छ । कुनै छ ओटा वस्तुहरूको खोजी गरी तलको तालिका भर ।

क्र. स.	वस्तुको नाम	वस्तुको मूल्य (रु.)	तौल (कि.ग्रा./लि.)	बनेको मिति	म्याद सकिने मिति

म्याद नाघिसकेका वस्तु उपयोग गर्न नहुने कुराबारे कक्षामा साथीहरूसँग छलफल गर ।

अभ्यास

१. बजारमा वस्तुको मूल्य निर्धारण कसरी हुन्छ, लेख ।

२. बजारमा वस्तुको मूल्य वृद्धि हुनाका कारणहरू के के हुन्, लेख ।

३. कालो बजारी भनेको के हो, यसको नियन्त्रण गर्ने उपायहरू लेख ।

Curriculum Development Centre

पाठ : ६

पुँजी निर्माण र सहकारिता

मिलनपुर गाउँमा करिब चालिस परिवारको बसोबास छ । पाँच वर्ष पहिलेसम्म त्यहाँका बासिन्दाहरू अत्यन्त गरिब थिए । उनीहरू ज्याला र मजदुरी गरेर गुजारा गर्थे । आफ्नो उब्जनीले वर्षभरि खान पुग्दैनथ्यो । मजदुरीको ज्याला पनि राम्रो पाइँदैनथ्यो । उनीहरूको पाखो बारीमा उब्जनी कम हुने हुनाले दुःख मात्र बढी हुन्थ्यो । यसैबिच गाउँमा साक्षरता कक्षा सञ्चालन भयो । साक्षरता कक्षा सञ्चालन गर्ने सहयोगी कार्यकर्ताले कक्षामा सहभागीहरूबिच खुत्रुके बचत कार्यक्रम चलाए । प्रत्येक दिन चिया, चुरोट पिउने पैसाबाट पाँच रुपैयाँ कटौती गरेर खुत्रुकेमा हाल्नुपर्ने नियम बनाइयो । यो नियम लागु भएपछि धेरै व्यक्तिले चुरोट, सुर्ती पिउन छाडे । खुत्रुकेमा चालिस परिवारबाट रु. ५ का दरले दैनिक २०० रुपैयाँ जम्मा हुन थाल्यो । एक महिनामा ६००० रुपैयाँ जम्मा भएछ । उक्त पैसाले बाख्राका छ ओटा पाठाहरू किनेर ल्याइयो र गोला हाली छ जनालाई वितरण गरियो । ती छ जनाले रु. १००० को वार्षिक १० प्रतिशत ब्याजसहित साँवा बुझाउनुपर्ने भयो ।

दोस्रो महिनाको पैसा तिन जनालाई तरकारी खेती गर्न सापटी दिइयो । उनीहरूले एक रोपनी खेत भाडामा लिएर तरकारी खेती गरे । तेस्रो महिनामा १२ जनाले रु. ५०० का दरले रकम बाँडेर सापटी लिए । उनीहरूले पाखो बारीमा लेमन ग्रास लगायतका जडीबुटीको बिउ रोपे । चौथो महिनामा ३ जनाले रु. २००० का दरले रकम लगे । उनीहरूले उक्त रकमबाट गाउँका उत्पादन हाट बजारमा बेच्ने व्यवसाय सुरु गरे । यसरी प्रत्येक महिना जम्मा भएको रकम विभिन्न व्यवसायमा लगाउन थालियो । विस्तारै साँवा र ब्याज पनि फिर्ता आउन थाल्यो । रकम बढ्दै गयो । हिसाब किताब राख्न कठिन हुन थाल्यो ।

अनौपचारिक शिक्षाका सहयोगी कार्यकर्ताले सहकारी खोल्न सहयोग गरे । यति बेलासम्ममा गाउँका धेरै युवाहरू साक्षर भइसकेका थिए । त्यसैले उनीहरूले मिलनपुर बचत तथा ऋण सहकारी संस्था खोले । चालिसै घरका घरमुलीहरू सहकारीका सदस्य बने । त्यहाँ जात, धर्म, वर्णको भेदभाव थिएन । मासिक बचत खुत्रुकेबाट खातामा परिणत भयो । उनीहरूको बचत गर्ने मात्रा पनि बढ्यो । उनीहरूले मासिक ३०० रुपैयाँ उठाउन थाले । मिलनपुर गाउँका जनतामा आमुल परिवर्तन आयो । कोही बेरोजगार भएनन् । सबैका बाल बालिका विद्यालय जान थाले । पैसाको खाँचो भएन । जुनसुकै बेला सहकारीबाट सापटी लिन पाइने भयो । सहकारीको सेयरमा लगानी गरेको रकमले मुनाफा पनि कमाइरह्यो । बचतको ब्याज पनि आइरह्यो । समुदायमा एकता कायम भइरह्यो ।

शिक्षण सुझाव : नजिकैको सहकारी संस्थामा क्षेत्र भ्रमण गराई शिक्षण गराउनुहोस् ।

Curriculum Development Centre

मिलनपुर सहकारीको सफलता देखेर जिल्ला कृषि विकास, गाविस र जिविस कार्यालयले विशेष सहयोग उपलब्ध गराए । अहिले गाउँलाई मूल सडकसम्म जोडिएको छ । घरेलु उद्योग कार्यालय र जनस्वास्थ्य कार्यालयले तालिमहरू उपलब्ध गराएका छन् । आज पाँच वर्षमा मिलनपुर गाउँका जनताको भाग्य फेरिएको छ । उनीहरूको बचत गर्ने बानीले पुँजी निर्माण भयो । पुँजीको रकम विभिन्न व्यवसायमा लगानी भएपछि उनीहरूको आर्थिक स्तर बढ्न गयो । साथै गाउँमा कृषि, घरेलु उद्योग र व्यापार व्यवसायको विकास भयो । बचत र पुँजीलाई व्यवस्थित गर्न सहकारी संस्थाको जन्म भयो । सरकारले राखेको 'गाउँ गाउँमा सहकारी, घर घरमा भकारी' भन्ने नारा मिलनपुर गाउँमा सार्थक बनेको छ । पुँजी निर्माणका लागि बचत आवश्यक मानिन्छ । मिलनपुर गाउँका प्रत्येक व्यक्तिले प्रति महिना रु. ३०० बचत गरी उक्त बचतलाई सहकारिताको माध्यमबाट पुँजी निर्माण गरियो । यसबाट उत्पादनमा अभिवृद्धि भयो ।

क्रियाकलाप

१. तिम्रो घर छिमेक वा विद्यालयबाट नजिक रहेको सहकारी संस्थाको नाम र यसले गर्ने कामहरू टिपोट गर ।

२. तलको कथा पढेर सोधिएका प्रश्नको जवाफ देऊ :

गोलधाप भन्ने गाउँमा एक व्यापारी बस्थे । उनका एक छोरा र एक छोरी थिए । छोरा र छोरीको पढाइ सकिएपछि उनले दुवैलाई एक एक सय रुपैयाँ दिएर भने, 'तिमीहरू यो एक सय रुपियाँ खर्च गरेर एक महिनापछि मकहाँ आउनु ।' दुवै जना घरबाट हिँडे । छोरी नन्दालाई मनमा कुरा खेल्न थाल्यो । मैले बुबाको पैसा त फिर्ता गर्नुपर्छ । यो एक सय रुपैयाँ त एकै दिनमा सकिन्छ । कसरी पुऱ्याउने होला । उनी बाटोमा हिँड्दै थिइन् । एक किसानले बजारमा तरकारी ल्याउँदै गरेको देखिन् । उनले १० मुठा साग किनिन् र बजारमा लगेर १५० मा बेचिन् । फेरि उनले १५ मुठा साग किनिन् र २२५ रुपियाँमा बेचिन् । यही क्रमले उनले व्यापार गर्दै गइन् । एक महिनापछि उनी कोसेलीसहित आफ्नो बुबाकहाँ पुगिन् । उनले राम्रा लुगा लगाएकी थिइन् । बुबाको पैसा फिर्ता गर्दै ५,००० रुपियाँ दिइन् । बुबा निकै खुसी भए । नन्दा व्यवसायी बनिन् ।

(क) प्रस्तुत कथा पढी नन्दाले अपनाएका विभिन्न आर्थिक गतिविधिहरू बचत सिर्जना, लगानी, पुँजी निर्माण र व्यवसाय प्रवर्धनका चरणहरू पहिचान गर ।

अभ्यास

१. सहकारिता भनेको के हो ?

२. सहकारिताबाट हुने फाइदाहरू के के हुन् ?

३. सहकारी व्यवसाय र निजी व्यवसायबिच फरक छुट्याऊ ।

४. सहकारीका कार्य क्षेत्रहरूको सूची बनाऊ ।

Curriculum Development Centre

पाठ : ७

नेपालमा रोजगारीको अवस्था

रोजगारी भनेको मानिसले काम पाएको अवस्था हो । कामबाट मानिसले नगद वा जिन्सीका रूपमा आम्दानी (ज्याला वा तलब) प्राप्त गर्छन् । यस्तो आम्दानी आवधिक रूपमा प्राप्त हुन्छ । यस्तो अवधि घण्टा, दिन, हप्ता, महिना हुन सक्छ । रोजगारीमा निश्चित उमेर समूहका मानिसलाई मात्र लिइन्छ । खासगरी १५ देखि ५९ वर्षको उमेर समूहका मानिसलाई यसअन्तर्गत राख्न सकिन्छ । यो उमेर समूहको जनसङ्ख्यालाई आर्थिक रूपले सक्रिय जनसङ्ख्या पनि भनिन्छ । यस्तो निश्चित उमेर समूह देशअनुसार फरक फरक हुने गर्छ ।

रोजगारी मानिसको जीविकोपार्जनको आधार हो । कुनै पनि देशको रोजगारीको स्तरले त्यो देशको कुल श्रम शक्तिमध्ये कति जनाले रोजगारी पाएका छन् भन्ने कुरालाई देखाउँछ । अर्थतन्त्रलाई विभिन्न क्षेत्र, जस्तै : कृषि, उद्योग, व्यापार, निर्माण, सेवा आदिमा विभाजन गरेर रोजगारीको विश्लेषण गर्न सकिन्छ । त्यस्तै रोजगारीलाई आन्तरिक र वैदेशिक गरी दुई भागमा विभाजन गरेर पनि विश्लेषण गर्न सकिन्छ । कतिपय मानिसहरू आफ्नै काम गरेर आय आर्जनमा जुटेका छन् भने तिनलाई स्वरोजगार भनिन्छ । मानिसको काम गर्ने इच्छा, उमेर, सिप र क्षमता भएर पनि प्रचलित ज्याला दरमा काम नपाएको अवस्थालाई बेरोजगारी भनिन्छ ।

नेपालमा विभिन्न क्षेत्रमा रोजगारीको अवस्था

क्र. स.	विवरण	प्रतिशत
१.	रोजगार जनसङ्ख्या प्रतिशत	७८.३
२.	बेरोजगार जनसङ्ख्या प्रतिशत	१.८
३.	निष्क्रिय जनसङ्ख्या दर	१९.९
४.	बेरोजगारी दर	२.२
५.	कृषि क्षेत्रमा संलग्न घरपरिवार सङ्ख्या	७६.३
६.	गैरकृषि क्षेत्रमा संलग्न जनसङ्ख्या	२३.७
७.	पूर्ण रोजगार जनसङ्ख्याको प्रतिशत	७०.०

स्रोत : नेपाल जीवन स्तर मापन सर्वेक्षण, २०६६/६७ र नेपाल श्रम शक्ति सर्वेक्षण, २००८

शिक्षण सुझाव : यस पाठलाई चार्ट, तालिका एवम् ग्राफ र चार्ट बनाउन लगाएर सिकाउनुहोस् ।

Curriculum Development Centre

रोजगारीसँग सम्बन्धित समस्या

१. हरेक वर्ष देशको श्रम बजारमा थपिने श्रम शक्तिलाई रोजगारका अवसरहरू प्रदान गर्न नसक्नु

२. पर्याप्त सङ्ख्यामा रोजगार सूचना केन्द्र नहुनु

३. वैदेशिक रोजगारी तथा आन्तरिक रूपमा श्रमिक आपूर्ति गर्ने निकायहरू व्यवस्थित नहुनु प्रस्ट दूर दृष्टि र नीति निर्माण भई कस्तो जनशक्ति उत्पादन गर्ने, कहँ के कसरी परिचालन गर्ने भन्ने सम्बन्धमा स्पष्ट योजना नहुनु, भविष्यमा सञ्चालन हुने कार्यक्रम र त्यसका लागि चाहिने जनशक्तिको उत्पादन सम्बन्धी स्पष्ट योजना नहुनु

४. बजारमा मागबमोजिम नयँ ज्ञान र सिपयुक्त जनशक्ति उत्पादन नहुनु

५. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूलाई समयमै आवश्यक आधारभूत सूचना प्राप्त नहुनु, प्रस्थान विन्दुबाटै ठगिनु, गन्तव्यमा सम्झौताबमोजिम काम र तलब नपाउनु

क्रियाकलाप

१. पाठमा दिइएको तथ्याङ्कलाई स्तम्भ चित्रमा देखाऊ ।

२. समुदायमा रोजगार र बेरोजगार व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर । उक्त तथ्याङ्कलाई प्रतिशतमा लगी तिम्रो समुदायका रोजगारीको प्रतिशत निकाल ।

३. 'स्वरोजगार सिर्जना आजको आवश्यकता' शीर्षकमा वक्तृत्व कला कार्यक्रम आयोजना गर ।

अभ्यास

१. रोजगारीको परिचय देऊ र रोजगारीसँग सम्बन्धित कुनै चार ओटा समस्या उल्लेख गर ।

२. सक्रिय जनसङ्ख्या भनेको के हो ? देश विकासमा यसको के भूमिका हुन्छ ?

३. 'रोजगारी देश विकासको साधक हो' भन्ने विषयमा एक संवाद तयार पार ।

Curriculum Development Centre

पुनरवलोकन अभ्यास

१. आर्थिक वर्ष २०६८/६९ मा नेपालको वैदेशिक व्यापार सम्बन्धी केही तथ्याङ्कलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

			रु. करोडमा
	कुल	भारत	अन्य मुलुकहरू
१. वैदेशिक व्यापार	४६०५१.४०	३०५२८.५६	१५५२२.८४
(क) निर्यात	६४३३.८५	४३३६.०४	२०९७.८१
(ख) आयात	३९६१७.५५	२६१९२.५	१३४२५.०३
२. व्यापार सन्तुलन (निर्यात आयात)	-३३१८३.७०	-२१८५६.४८	-११३२७.२२

स्रोत : आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०६८/०६९ नेपाल सरकार अर्थ मन्त्रालय

माथिको तालिकाका आधारमा निम्न लिखित प्रश्नहरू समाधान गर :

(क) नेपालको वैदेशिक व्यापारमा आयात र निर्यातको अंश (प्रतिशत) पत्ता लगाऊ ।

(ख) कुल निर्यातमा भारत र अन्य मुलुकतर्फको अंश (प्रतिशत) गणना गर ।

(ग) कुल आयातमा भारत र अन्य मुलुकतर्फको अंश (प्रतिशत) उल्लेख गर ।

२. स्थानीय सहकारी वा बचत समूहका पदाधिकारीलाई सोध्नका लागि प्रश्न बनाऊ । उनीहरूलाई भेटेर अन्तरक्रिया गर र सहकारिताका सम्बन्धमा जानकारी लिएर कक्षामा छलफल गर ।

३. 'बेलैमा गरेको बचतले सुखी भविष्यको ढोका उघार्छ' भन्ने आसयको गीत वा कविता लेख ।

४. जोडा मिलाऊ :

समूह - 'क'	समूह - 'ख'
पुँजी निर्माण	एक स्थानबाट अर्को स्थानमा आवत जावत
लगानी	व्यापारको अन्तर्राष्ट्रियकरण
वैदेशिक व्यापार	उत्पादनमा बचतको प्रयोग
रोजगारी	पुँजीको मात्रामा हुने वृद्धि
	आय आर्जनको काममा संलग्न हुने अवस्था

Curriculum Development Centre

एकाइ : आठ

हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग

सिकाइ उपलब्धि

यस एकाइको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

- मित्र राष्ट्रहरूको परिचय दिन तथा नेपालको आपसी सम्बन्ध र सहयोग खोजी गर्न
- संयुक्त राष्ट्र सङ्घमा नेपालको सहभागिता उल्लेख गर्न
- सामाजिक अध्ययनको विषय वस्तुसँग सम्बन्धित समसामयिक गतिविधिहरूको जानकारी दिन र सोअनुरूप समायोजित हुन

Curriculum Development Centre

पाठ : १

हाम्रा मित्र राष्ट्रहरू

चिन र भारत जस्ता विश्वका ठुला मुलुकहरूको बिचमा अवस्थित नेपाल भूपरिवेष्टित मुलुक हो । यसले आफ्ना छिमेकी मुलुकलगायत विश्वका अन्य मुलुकहरूसँग समानताका आधारमा आर्थिक, सामाजिक तथा अन्य क्षेत्रमा आपसी सम्बन्ध र सहयोग विस्तार गर्दै असल मित्रता कायम राख्न चाहन्छ । नेपालको परराष्ट्र नीति असंलग्नता, पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्र सङ्घको बडापत्र, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यतामा आधारित रहेको छ । नेपालले हालसम्म विश्वका १३७ ओटा देशसँग दौत्य सम्बन्ध कायम गरिसकेको छ । नेपाल असंलग्न आन्दोलन, संयुक्त राष्ट्र सङ्घ र यसका विशिष्ट संस्थाहरूको सक्रिय सदस्य रहेको छ ।

चिन, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, भुटान, माल्दिभ्स जस्ता देशहरू हाम्रा छिमेकी देशहरू हुन् । छिमेकी देशहरूसँगको सौहार्दपूर्ण सम्बन्धले आपसी सद्भाव र सहयोगमा वृद्धि भएको छ । नेपाल दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को संस्थापक सदस्य रहेको छ । यसले यस सङ्गठनका सदस्य राष्ट्रहरूबिच आपसी हितका आधारमा क्षेत्रीय सहयोगलाई अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । जापान, चिन, भारत, संयुक्त राज्य अमेरिका, बेलायत, जर्मनी, फ्रान्स, नेदरल्यान्ड, डेनमार्क, अस्ट्रेलिया जस्ता देशहरूले नेपालको विकास प्रयासमा आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउँदै आएका छन् ।

शिक्षण सुझाव : विभिन्न मित्र राष्ट्रको नक्सा, झन्डा, सहयोग पुऱ्याएको क्षेत्र आदि समेटिएको चित्र, चार्ट, तालिका प्रस्तुत गर्दै शिक्षण गरी थप जानकारीसमेत दिनुहोस् ।

Curriculum Development Centre

नेपाली विद्यार्थीहरू संयुक्त राज्य अमेरिका, बेलायत, अस्ट्रेलिया, जापान, चिन, भारत, बङ्गलादेश जस्ता मित्रराष्ट्रहरूमा गई उच्च शिक्षा हासिल गरिरहेका छन् । यसैगरी हजारौँ नेपाली कामदारहरू छिमेकी मुलुक भारत तथा संयुक्त अरब इमिरेट्स, कतार, बहराइन, कुवेत, इजरायल, दक्षिण कोरिया, सिङ्गापुर जस्ता देशहरूमा गई काम गरिरहेका छन् । यसले गर्दा नेपालको बेरोजगारी समस्या हल गर्नमा केही मद्दत पुगेको छ । त्यहाँबाट उनीहरूले कमाएको वैदेशिक मुद्राले नेपालको अर्थतन्त्रमा टेवा पुगेको छ । हाम्रा मित्र राष्ट्रका विशिष्ट व्यक्तिहरूको बेलाबखतमा हुने नेपालको भ्रमण तथा ती देशहरूमा हुने हाम्रा विशिष्ट व्यक्तिहरूको भ्रमणहरूले आपसी सम्बन्धलाई मजबुत बनाउन सहयोग गर्दै आएको छ ।

मित्र राष्ट्रहरूसँगको हाम्रो सम्बन्धले ती देशहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विषयमा जानकारी लिन र हाम्रो देशका बारेमा अन्तर्राष्ट्रिय स्तरमा परिचय गराई देशको गौरव बढाउन मद्दत पुग्छ । सूचना तथा सञ्चारका क्षेत्रमा भएको प्रगतिले विश्वलाई धेरै नजिक बनाएको छ । इमेल, इन्टरनेट जस्ता सूचना तथा सञ्चार प्रविधिका माध्यमले हामी विश्वको जुनसुकै मित्रराष्ट्रका बारेमा यथेष्ट जानकारीहरू प्राप्त गर्न सक्छौँ । यसैगरी यस्ता प्रविधिहरूको माध्यमले हामी पनि हाम्रो देशका बारेमा विभिन्न जानकारीहरू अरू समक्ष पुऱ्याउन सक्छौँ । यसका अलावा विभिन्न पुस्तक, पत्रिका, एटलस तथा नेपालमा घुम्न आउने पर्यटकबाट समेत हामीले ती देशहरूका बारेमा जानकारीहरू प्राप्त गर्न सक्छौँ ।

क्रियाकलाप

१. विश्वको नक्सामा पाठमा उल्लेख भएका विभिन्न मित्र राष्ट्रहरू खोजी कहाँ कहाँ अवस्थित छन् ? कक्षामा छलफल गर ।

२. हाम्रा मित्र राष्ट्रहरूसँगको सम्बन्ध र आपसी सहयोगका बारेमा उल्लेख गर्दै विदेशमा बस्ने नेपाली साथीलाई पत्र लेख ।

३. विभिन्न स्रोतहरूबाट खोजी गरी हाम्रा मित्र राष्ट्रहरूका बारेमा जानकारी लिई कक्षामा प्रस्तुत गर ।

देशको नाम	महादेश	राजधानी	मुख्य भाषा	मुद्रा

अभ्यास

१. हाम्रो देशको परराष्ट्र नीति कस्तो रहेको छ, उल्लेख गर ।

२. दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का सदस्य राष्ट्रहरूको नामावली तयार गर ।

३. नेपालको विकास प्रयासमा आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउँदै आएका प्रमुख दस ओटा देशहरूको नाम उल्लेख गर ।

४. नेपाली कामदारहरू कामका लागि विदेश जाने प्रमुख आठ ओटा देशहरूको नाम उल्लेख गर ।

५. हाम्रा मित्र राष्ट्रहरूका बारेमा जानकारी पाउने प्रमुख स्रोतहरू के के हुन सक्छन्, उल्लेख गर ।

Curriculum Development Centre

पाठ : २

संयुक्त राष्ट्र सङ्घ र यसका अङ्गहरू

दोस्रो विश्व युद्धको अन्त्यसँगै भएको विध्वंस संसारमा फेरि कहिल्यै नहोस् भन्ने चाहनासहित सन् १९४१ अगस्टमा तत्कालीन अमेरिकी राष्ट्रपति फ्रयाङ्कलिन रुजवेल्ट र बेलायती प्रधान मन्त्री विन्स्टन चर्चिलले आन्ध्र महासागरमा रहेको युद्धपोतभित्र संयुक्त राष्ट्र सङ्घ जस्तै अन्तर्राष्ट्रिय संस्थाको स्थापना गर्ने सन्धि गरेका थिए । यसलाई एटलान्टिक चार्टर भनिन्छ । पछि २४ अक्टोवर १९४५ का दिन विधिवत् रूपमा ५१ ओटा राष्ट्रहरू मिलेर संयुक्त राष्ट्र सङ्घको स्थापना भयो । हाल यसमा १९३ राष्ट्रहरू सदस्य रहेका छन्, जसमध्ये नेपाल पनि एक हो । यसको प्रधान कार्यालय न्युयोर्कमा रहेको छ ।

संयुक्त राष्ट्र सङ्घका निम्नानुसारका ६ ओटा अङ्गहरू रहेका छन् :

महासभा : संयुक्त राष्ट्र सङ्घको संसद्लाई महासभा भनिन्छ । यो संयुक्त राष्ट्र सङ्घको सबैभन्दा महत्त्वपूर्ण अङ्ग हो । यसको बडापत्रको अधीनमा रही यसका सदस्य राष्ट्रहरूले आफ्नो कुरा राख्ने र विभिन्न विषयहरूमा मत दिने अधिकार राख्छन् । यसले संयुक्त राष्ट्र सङ्घको बजेट पारित गर्ने तथा अन्य महत्त्वपूर्ण निर्णयहरू लिने गर्दछ ।

सुरक्षा परिषद् : यसले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्न विशेष भूमिका निर्वाह गर्छ । शान्ति सेना परिचालन गर्ने, कुनै देशमा नाकाबन्दी गर्ने जस्ता महत्त्वपूर्ण निर्णयहरू यसले गर्छ । यसमा संयुक्त राज्य अमेरिका, बेलायत, फ्रान्स, रुस, चीन गरी जम्मा पाँच ओटा स्थायी सदस्यहरू र अन्य १० ओटा अस्थायी सदस्यहरू छन् । अस्थायी सदस्यहरू महासभाबाट दुई वर्षका लागि निर्वाचित हुने गर्छन् । सुरक्षा परिषद्का स्थायी सदस्य राष्ट्रलाई कुनै निर्णयका विरुद्ध निषेधाधिकार (veto) प्रयोग गरी उक्त निर्णयलाई रोक लगाउने अधिकार हुन्छ ।

आर्थिक तथा सामाजिक परिषद् : यस परिषद्ले आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य विश्व कल्याणकारी प्रकृतिका विषयहरूमा कार्य गर्छ । यसमा जम्मा ५४ ओटा राष्ट्रहरू सदस्य रहेका छन् । प्रत्येक वर्ष १८ ओटा राष्ट्रहरू सदस्यका रूपमा निर्वाचित हुन्छन् र तिनको कार्यकाल तिन वर्षको लागि हुने गर्छ । यसमा सदस्य राष्ट्रहरूमध्येबाट एउटा कार्यकारी सभा पनि गठन भएको हुन्छ ।

शिक्षण सुझाव : विभिन्न म्यागजिन, पत्रपत्रिका र सामान्य ज्ञान र UN को Website मा गई संयुक्त राष्ट्र सङ्घ र यसका अङ्गहरूका बारेमा थप सूचना प्राप्त गर्न प्रेरित गर्नुहोस् ।

Curriculum Development Centre

संयुक्त राष्ट्र संरक्षण (Trusteeship) परिषद् : विश्व युद्धमा पराजित भएका र उपनिवेशमा रहेका राष्ट्रहरूको आत्म निर्णयको संरक्षण गर्ने उद्देश्यले यसको गठन भएको हो । सन् १९९४ देखि यो निस्क्रिय अवस्थामा रहेको छ ।

अन्तर्राष्ट्रिय न्यायालय : अन्तर्राष्ट्रिय कानुनको पालना गराउनु, यसको संरक्षण गर्नु र सदस्य राष्ट्रहरूका बिचको विवाद सुल्झाउनु यसको प्रमुख कार्य हो । यसमा जम्मा १५ जना न्यायाधीशहरू रहन्छन् । यिनीहरू नौ वर्षका लागि सुरक्षा परिषद् र महासभाबाट निर्वाचित हुन्छन् । यसको प्रधान कार्यालय हल्यान्डको हेगमा छ ।

सचिवालय : यो संयुक्त राष्ट्र सङ्घको प्रशासनिक कार्य गर्ने निकाय हो । यसले महासभाबाट पारित निर्णयहरूको कार्यान्वयन गर्छ । महासभाबाट पाँच वर्षका लागि निर्वाचित महासचिव यसको प्रमुखका रूपमा रहेका हुन्छन् ।

क्रियाकलाप

१. कक्षालाई ६ समूहमा विभाजन गर र प्रत्येक समूहमा संयुक्त राष्ट्र सङ्घका एक एक ओटा अङ्गका बारेमा छलफल गर र समूह नेताले प्रस्तुत गर ।

३. *द फायर खबर डट* कममा प्रकाशित निम्न लिखित समाचार पढ र संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्को भूमिका बारेमा कक्षामा छलफल गरी विश्लेषण गर ।

> अन्तर्राष्ट्रिय जगत्को विरोधका बाबजुत पनि उत्तर कोरियाले रकेट प्रक्षेपण गरेपछि संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्ले रकेट प्रक्षेपणको भर्त्सना गरेको छ । सुरक्षा परिषद्ले ब्यालेस्टिक मिसाइल प्रणाली प्रयोग गरी कुनै पनि परीक्षण तथा प्रक्षेपण गर्न उत्तर कोरियामाथि लगाएको प्रतिबन्धको ठाडो उल्लङ्घन भएको जनाएको छ । सुरक्षा परिषद्ले सदस्य मुलुकहरूसँग बैठक गरी उत्तर कोरियाविरुद्ध ठोस कदम चाल्नेसमेत जनाएको छ । सुरक्षा परिषद्मार्फत उत्तर कोरियामाथि कडा नाकाबन्दी लगाउन सक्ने सम्भावना बढे पनि उत्तर कोरियाको राजनीतिक साझेदार चिनले भने नाकाबन्दीमा सहमति गर्ने वा नगर्ने स्पष्ट पारिसकेको छैन ।

अभ्यास

१. संयुक्त राष्ट्र सङ्घको स्थापना कहिले र कसरी भयो, उल्लेख गर ।

२. संयुक्त राष्ट्र सङ्घका मुख्य उद्देश्यहरू के के हुन्, उल्लेख गर ।

३. संयुक्त राष्ट्र सङ्घका अङ्गहरू के के हुन्, चार्ट बनाई देखाऊ ।

४. निषेधाधिकार (veto) भनेको के हो, यसको प्रयोग गर्ने अधिकार कसलाई हुन्छ ?

Curriculum Development Centre

पाठ : ३

संयुक्त राष्ट्र सङ्घ र नेपाल

नेपालले १४ डिसेम्वर १९५५ मा संयुक्त राष्ट्र सङ्घको सदस्यता लिएको हो । नेपालको अन्तरिम संविधान २०६३ मा पनि नेपालले संयुक्त राष्ट्र सङ्घको बडापत्रमा आधारित रहेर देशको परराष्ट्र नीति अवलम्बन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालले संयुक्त राष्ट्र सङ्घको सदस्यता लिएदेखि धेरै कार्यक्रमहरूमा सहभागी हुँदै आएको छ । खासगरी अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न तथा आर्थिक, सामाजिक विकास विस्तारमा नेपालले आफ्नो भूमिका निर्वाह गर्दै आएको छ ।

अन्तर्राष्ट्रिय शान्ति स्थापना गर्ने संयुक्त राष्ट्र सङ्घको प्रयासमा नेपालले निरन्तर रूपमा सहयोग गर्दै आएको छ । नेपाली सेना तथा प्रहरीका जवानहरू विभिन्न देशमा शान्ति सेनाका रूपमा कार्यरत छन् । शान्ति सेनाका रूपमा कर्तव्यनिष्ठ भई काम गर्दा कैयन नेपाली सेना तथा प्रहरीका जवानहरूले ज्यानसमेत गुमाउनुपरेको छ । यसरी संयुक्त राष्ट्र सङ्घको शान्ति सेनाका रूपमा कार्य गरे बापत नेपाली सेना तथा प्रहरीले अन्तर्राष्ट्रिय जगत्को प्रशंसासमेत बटुलेका छन् ।

नेपालले संयुक्त राष्ट्र सङ्घ र यसका विशिष्टीकृत संस्थाहरूले पारित गरेका वा जारी गरेका महासन्धि तथा घोषणा पत्रहरूमा हस्ताक्षर गरी आफ्नो प्रतिबद्धता जाहेर गरेको छ । आतङ्कवादको अन्त्य, सबै प्रकारका विनाशकारी हतियारको निशस्त्रीकरण सम्बन्धमा संयुक्त राष्ट्र सङ्घले अघि सारेका कुराहरूमा नेपालले सहमति जनाउँदै आएको छ । मानव अधिकारको पूर्ण प्रत्याभूतिका लागि राष्ट्रिय मानव अधिकार आयोगलाई स्वतन्त्र र अधिकार सम्पन्न संवैधानिक निकायको रूपमा स्थापित गरिएको छ ।

आर्थिक तथा सामाजिक विकासका क्षेत्रमा संयुक्त राष्ट्र सङ्घ र यसका विशिष्टीकृत संस्थाहरूले अगाडि सारेका योजना तथा कार्यक्रमहरूमा पनि नेपालले आफ्नो प्रतिबद्धता साथ सहभागिता जनाएको छ । सहस्राब्दी विकास लक्ष्य प्राप्तिका लागि विभिन्न दातृ संस्थाहरूसँग सहकार्य गर्दै विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । नेपालले अल्पविकसित तथा विकासोन्मुख देशहरूमा प्राकृतिक विपत् तथा द्वन्द्वबाट सिर्जित समस्याहरू समाधानका लागि अन्तर्राष्ट्रिय समुदायको ध्यान आकृष्ट गराउँदै आएको छ ।

विश्व खाद्य सङ्गठन (FAO), अन्तर्राष्ट्रिय श्रमिक सङ्गठन (ILO), संयुक्त राष्ट्र सङ्घीय बालकोष (UNICEF), संयुक्त राष्ट्र विकास कार्यक्रम (UNDP), संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (UNESCO), विश्व स्वास्थ्य सङ्गठन (WHO), संयुक्त राष्ट्र

शिक्षण सुझाव : संयुक्त राष्ट्र सङ्घ र यसका विशिष्टीकृत एजेन्सीहरूले पुऱ्याएको योगदानका समाचार र विकास कार्यका सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

सङ्घीय जनसङ्ख्या कोष (UNFPA) जस्ता संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्थाको सदस्य भई विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यस्तै संयुक्त राष्ट्र सङ्घको महासभाको उपसभापतिको रूपमा सन् १९५८, सन् १९६७, सन् १९७०, सन् १९७४, सन् १९८३, सन् १९८८ र सन् २००१ मा काम गरेको छ ।

नेपाल सरकारको अनुरोधमा नेपालमा शान्ति प्रक्रियालाई तात्त्विक निष्कर्षमा पुऱ्याउन र संविधान सभाको निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्ने वातावरण निर्माण गर्न संयुक्त राष्ट्र सङ्घीय नियोग (अनमिन) नेपालमा आई कार्य गरेको थियो । यसले खासगरी नेपालको शान्ति प्रक्रियामा हतियार व्यवस्थापनको मध्यस्तता गर्ने र संविधान सभाको पर्यवेक्षण गर्ने कार्य गरेको थियो । यसले आफ्नो जिम्मेवारी पुरा गरी फिर्तासमेत भइसकेको छ । नेपालले त्यस्तै संयुक्त राष्ट्र सङ्घको निशस्त्रीकरण सम्बन्धी आयोग (सन् २००४) को उपाध्यक्षको रूपमा काम गरेको छ ।

नेपालले सन् १९६९ देखि १९७० तथा सन् १९८८ देखि १९८९ सम्म गरी दुई पटक संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्को अस्थायी सदस्यका रूपमा कार्य गरिसकेको छ । उक्त अवधिमा नेपालले अन्तर्राष्ट्रिय विवादहरू सुल्झाउन अहम् भूमिका निर्वाह गरेको छ । सरकार प्रमुखहरूको नेतृत्वमा नेपाली प्रतिनिधि मण्डलले विभिन्न समयमा संयुक्त राष्ट्र सङ्घको महासभामा भाग लिनुका साथै उक्त सभालाई सम्बोधनसमेत गरेको छ । त्यसैगरी संयुक्त राष्ट्र सङ्घका महासचिवहरूबाट पनि विभिन्न समयमा नेपालको भ्रमण भएको छ । यसरी नेपाल संयुक्त राष्ट्र सङ्घको सक्रिय सदस्यका रूपमा रहँदै आएको छ ।

क्रियाकलाप

१. कक्षालाई विभिन्न समूहमा विभाजन गर र प्रत्येक समूहले संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्थाहरूले नेपालमा गरेका कार्यहरूका बारेमा सोध खोज गरी समूह नेताले प्रस्तुत गर ।

२. नेपाल र संयुक्त राष्ट्र सङ्घका सम्बन्धमा रेडियो, टेलिभिजन तथा अन्य पत्र पत्रिकाहरूमा प्रकाशित विभिन्न समाचार तथा लेख रचनाहरूको सङ्कलन गरी कक्षामा पढेर सुनाऊ ।

अभ्यास

१. नेपाल संयुक्त राष्ट्र सङ्घको सदस्य कहिले भयो ?

२. अन्तर्राष्ट्रिय शान्ति सुरक्षा स्थापना गर्ने संयुक्त राष्ट्र सङ्घको प्रयासमा नेपालले कसरी सहयोग पुऱ्याएको छ, उल्लेख गर ।

३. नेपालको आर्थिक तथा सामाजिक विकासमा संयुक्त राष्ट्र सङ्घले कसरी सहयोग पुऱ्याएको छ, उदाहरणसहित पुष्टि गर ।

४. नेपालमा कार्यक्रम सञ्चालन गर्दै आएका संयुक्त राष्ट्र सङ्घका कुनै पाँच ओटा विशिष्टीकृत संस्थाको नाम उल्लेख गर ।

Curriculum Development Centre

पाठ : ४

कूटनीतिक नियोग

अन्तर्राष्ट्रिय सम्बन्धलाई विकास र विस्तार गर्न र आपसी सहयोग आदान प्रदान गर्न औपचारिक रूपमा देशको प्रतिनिधित्व गरेर अर्को देशमा रहेको संस्थालाई कूटनीतिक नियोग भनिन्छ । हाम्रो देशको पनि दौत्य सम्बन्ध कायम भएका विभिन्न देशहरूमा राजदूतावासहरू रहेका छन् । राजदूतावासको प्रमुखका रूपमा राजदूतहरू नियुक्त भएका हुन्छन् । राजदूतको नियुक्ति सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा हुने व्यवस्था अन्तरिम संविधानले गरेको छ । राजदूतलाई आफ्नो काममा सहयोग गर्न नेपाली कर्मचारीहरू कार्यरत रहन्छन् ।

कतारको राजधानी दोहास्थित नेपाली राजदूतावासको भवन

यसरी अर्को देशमा रहेका राजदूतावास, महावाणिज्य दूतावास, संयुक्त राष्ट्र सङ्घस्थित स्थायी नियोग जस्ता विदेशी भूमिमा सरकारको प्रतिनिधित्व गर्ने संस्थाहरू नै कूटनीतिक नियोग हुन् । यस्ता कूटनीतिक नियोगहरू सामान्यतया राजधानीमा अवस्थित रहेका हुन्छन् । कूटनीतिक नियोगहरूमा कर्मचारीहरूलगायत अन्य व्यवस्था मिलाउने कार्य परराष्ट्र मन्त्रालयले गर्दछ ।

जसरी हाम्रो देशका राजदूतावासहरू विदेशमा रहेका हुन्छन्, त्यसै गरी विदेशी मित्र राष्ट्रहरूका राजदूताबासहरू पनि नेपालमा रहेका छन् । राजदूताबासमा सम्बन्धित देशका राजदूत र उनलाई सहयोग गर्ने अन्य कर्मचारीहरू हुन्छन् । विदेशी मुलुकहरूसँग औपचारिक रूपमा सूचनाहरू आदान प्रदान गर्दा यिनै राजदूतावासमार्फत गरिन्छ । कुनै पनि विदेशी मुलुकहरूमा नेपालीहरूले

शिक्षण सुझाव : कूटनीतिक नियोगको वेभसाइटमा गएर वा जानकार व्यक्तिलाई सोध्न लगाएर यस पाठका बारेमा थप जानकारी प्रदान गर्नुहोस् ।

Curriculum Development Centre

भ्रमण गर्नु पर्दा त्यस देशको अनुमति लिनुपर्छ । यस्तो अनुमतिलाई प्रवेशाज्ञा (visa) भनिन्छ । यस्तो प्रवेशाज्ञा दिने कार्य पनि राजदूतावासले गर्छ । तर नेपाल र भारतका बिचमा सदिऔँदेखि नै निकट सामाजिक तथा सांस्कृतिक सम्बन्ध रही आएकाले एक अर्का देशमा आवत जावत गर्दा प्रवेशाज्ञा लिनु नपर्ने व्यवस्था हालसम्म कायम छ ।

कूटनीतिक नियोगले त्यो देशमा रहेका आफ्नो देशका नागरिकहरूको सुरक्षा लगायत अन्य आवश्यक सहयोग उपलब्ध गराउछ । दुई देशहरूका बिचमा आपसी सन्धि सम्झौताहरू हुने क्रममा छलफललाई अगाडि बढाउने कार्य पनि यसले गर्दछ । त्यसै गरी दुई देशका राष्ट्र प्रमुख, सरकार प्रमुख वा अन्य उच्च पदस्थ व्यक्तिहरूको भ्रमणमा आवश्यक समन्वय गर्ने, एक देशले राखेको प्रस्ताव उपर आफ्नो देशको औपचारिक धारणा व्यक्त गर्ने जस्ता कार्यहरू पनि कूटनीतिक नियोगहरूमार्फत् हुने गर्छ । यसरी कूटनीतिक नियोगहरूले दुई देशको आपसी सम्बन्धको कडीका रूपमा कार्य गरेका हुन्छन् । कूटनीतिक नियोगहरूले अर्को देशमा रहेर कार्य गर्दा कूटनीतिक मर्यादाभित्र रहेर कार्य गर्नुपर्छ । कूटनीतिक मर्यादा नाघेर कार्य भएमा अर्को देशको स्वाभिमानमा आँच पुग्न सक्छ र यस्तो अवस्थामा दुई देशबिचको सम्बन्ध बिग्रन पनि सक्छ ।

क्रियाकलाप

१. दायाँ भागमा दिइएको चित्रका बारेमा कक्षामा छलफल गर र छलफलको निष्कर्ष कपीमा लेख ।

२. हाम्रा छिमेकी मुलुक भारत र चिनका लागि नेपाली राजदूतहरू को को हुनुहुन्छ, विभिन्न स्रोतहरूबाट सोध खोज गरी लेख ।

अभ्यास

१. कूटनीतिक नियोग भनेको के हो ? उल्लेख गर ।

२. हाम्रो देशमा स्थापना भएको पहिलो कूटनीतिक नियोग कुन देशको हो ?

३. कूटनीतिक नियोगले गर्ने प्रमुख कार्यहरूको सूची तयार गर ।

४. कूटनीतिक नियोगमा कर्मचारीहरूलगायत अन्य व्यवस्था मिलाउने कार्य कुन मन्त्रालयले गर्छ ?

५. हाम्रो देशमा राजदूतहरूको नियुक्ति कसरी हुन्छ, उल्लेख गर ।

६. कूटनीतिक मर्यादा भनेको के हो, उल्लेख गर ।

Curriculum Development Centre

पाठ : ५

अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको योगदान

वि. सं. २००७ सालसम्म नेपालमा राणाहरूको जहानिया शासन थियो । त्यस बेला हाम्रो छिमेकी मुलुक भारतमा अङ्ग्रेजहरूले शासन गर्थे । राणा कालमा नेपालको सम्बन्ध अङ्ग्रेजहरू (ब्रिटिस साम्राज्य) सँग मात्र थियो । राणाहरू अङ्ग्रेजहरूलाई खुसी बनाउन तल्लीन देखिन्थे । अङ्ग्रेजहरूलाई नेपाली फौजले सहयोगसमेत गरेको थियो । सन् १९४७ (वि. सं. २००४) सालमा अङ्ग्रेजहरू फिर्ता भए र भारत स्वतन्त्र भयो । त्यसको प्रभाव नेपाली भूमिमा पनि पऱ्यो । फलस्वरूप २००७ सालमा राणा शासनको अन्त्य भयो । तत्पश्चात् नेपालको परराष्ट्र नीतिमा पनि परिवर्तन आयो । २००७ सालपछि नेपालले आफ्नो स्वाधीनताको रक्षा गर्न, अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो, पहिचान स्थापित गर्न र देश विकासका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन आवश्यक थियो । तसर्थ, नेपालले विभिन्न मुलुकहरू तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने कार्यमा जोड दियो । नेपालले विभिन्न राष्ट्रहरूसँग दौत्य सम्बन्ध कायम गर्दै आयो । हालसम्म १३७ राष्ट्रहरूसँग दौत्य सम्बन्ध स्थापित भइसकेको छ ।

दोस्रो विश्व युद्धको अन्त्यपछि विश्वका शक्तिशाली मुलुकहरू दुई किसिमको राजनीतिक धारका आधारमा गुटबन्द भए । एउटा गुटको नेतृत्व अमेरिका, बेलायत जस्ता मुलुकले गरिराखेका थिए भने अर्को गुटको नेतृत्व तत्कालीन सोभियत सङ्घ (रुस) ले गरेको थियो । यसरी विश्वमा शीत युद्धको स्थिति थियो । दुई फरक राजनीतिक व्यवस्था भएका ठुला छिमेकी राष्ट्र चिन र भारतको बिचमा अवस्थित हाम्रो देश नेपालले कुनै पनि सामरिक गुटमा नलागी सबै मुलुकसँग समान र तटस्थ सम्बन्ध स्थापित गर्न जरुरी थियो । नेपाल जस्तै कुनै पनि गुटमा संलग्न हुन र शस्त्रास्त्रको होडबाजीमा लाग्न नचाहने भारत, इन्डोनेसिया, इजिप्ट, घाना, युगोस्लाभिया जस्ता मुलुकहरूले सुरु गरेको असंलग्नताको आन्दोलनमा नेपाल पनि पूर्ण रूपमा सक्रिय भयो । सन् १९६१ मा युगोस्लाभियाको राजधानी बेलग्रेडमा भएको असंलग्न राष्ट्रहरूका प्रथम शिखर सम्मेलनदेखि हालसम्मका सबै शिखर सम्भेलनमा नेपालले राष्ट्र प्रमुख वा सरकार प्रमुखका स्तरमा भाग लिँदै आएको छ । असंलग्न राष्ट्रका संस्थापक सदस्यका हैसियतले नेपालले अन्तर्राष्ट्रिय स्तरमा खेलेको भूमिका प्रशंसा योग्य रहेको छ ।

नेपालले १४ डिसेम्वर १९५५ मा संयुक्त राष्ट्र सङ्घको सदस्यता लिएयता यसको सक्रिय सदस्यका रूपमा कार्य गर्दै आएको छ । संयुक्त राष्ट्र सङ्घका तत्कालीन महासचिव ड्याग ह्यामरसोल्डको सन् १९६१ मा विमान दुर्घटनामा मृत्यु हुँदा त्यस घटनाको छानबिन गर्ने आयोगका अध्यक्ष तत्कालीन नेपाली स्थायी प्रतिनिधि ऋषिकेष शाह थिए । नेपालले अन्तर्राष्ट्रिय

शिक्षण सुझाव : अन्तरराष्ट्रिय क्षेत्रमा नेपालको योगदानको चार्ट, चित्र, फोटो र तालिका प्रस्तुतीकरणमा जोड दिनुहोस् ।

Curriculum Development Centre

शान्ति र सुरक्षा कायम गर्ने राष्ट्र सङ्घको प्रयासमा सुरुदेखि नै सहयोग पुऱ्याउँदै आएको छ । नेपालले राष्ट्र सङ्घको अनुरोधमा शान्ति सेनामा फौज पठाउँदै आएको छ । लेबनान, हैटी, सोमालिया, इराक, सियरालियोन, कङ्गो, पूर्वी टिमोर, लाइबेरिया र सुडान जस्ता देशका ३७ ओटा शान्ति मिसनमा नेपाली सेना र प्रहरीले कार्य गरिसकेका छन् । संयुक्त राष्ट्र सङ्घको शान्ति सेनामा फौज पठाउने देशहरूमा नेपाल अग्र पङ्क्तिमा रहेको छ ।

नेपाल दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) को स्थापना कालदेखि नै सक्रिय सदस्यका रूपमा रहँदै आएको छ । सार्कका विभिन्न गतिविधिहरूमा नेपालले पनि आफ्नो योगदान पुऱ्याउँदै आएको छ । सार्कको सचिवालय नेपालको राजधानी काठमाडौँमा छ । यसै गरी नेपाल संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्थाहरूलगायत अन्य विश्व व्यापार सङ्घ (WTO), विमस्टेक (BIMSTEC) जस्ता अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको पनि सदस्यका रूपमा रही भूमिका निर्वाह गर्दै आएको छ । विभिन्न मित्र राष्ट्रहरूमा प्राकृतिक विपतका बेलामा सौहार्दतापूर्वक सक्दो सहयोगसमेत पुऱ्याउँदै आएको छ । यसरी अन्तर्राष्ट्रिय स्तरमा नेपालले सक्दो योगदान दिँदै आफ्नो छुट्टै पहिचान र छवि निर्माण गर्न सफल भएको छ ।

क्रियाकलाप

१. कक्षालाई चार समूहमा विभाजन गर र प्रत्येक समूहले निम्नानुसारका सङ्घ संस्थाहरूमा रही नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका कार्यहरूका बारेमा समूहमा छलफल गरी समूह नेताले प्रस्तुत गर :

   (क) संयुक्त राष्ट्र सङ्घ र शान्ति सेना (ख) संयुक्त राष्ट्र सङ्घका विशिष्टीकृत संस्थाहरू (ग) दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) (घ) असंलग्न आन्दोलन

अभ्यास

१. नेपाल संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्को सदस्य कहिले भएको थियो ?
२. अन्तर्राष्ट्रिय शान्ति सुरक्षा स्थापना गर्ने कार्यमा नेपाली सेना र प्रहरीले कसरी सहयोग पुऱ्याएका छन्, उल्लेख गर ।
३. वि. सं. २००७ सालपूर्व नेपालको अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा छोटो चर्चा गर ।
४. असंलग्न आन्दोलन र यसमा नेपालले खेलेको भूमिकाका बारेमा छोटकरीमा उल्लेख गर ।

Curriculum Development Centre

पुनरवलोकन अभ्यास

१. संयुक्त राष्ट्र सङ्घको वर्तमान महासचिव को हुन् र उनी कुन देशका नागरिक हुन् ? विभिन्न स्रोतबाट खोजी गरी लेख र कक्षामा प्रस्तुत गर ।

२. अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालले खेलेको भूमिका सम्बन्धमा रेडियो, टेलिभिजन तथा अन्य पत्र पत्रिकाहरूमा प्रकाशित विभिन्न समाचार तथा लेखहरूको सङ्कलन गरी कक्षामा पढेर सुनाऊ ।

३. सामाजिक अध्ययनको महत्त्वपूर्ण पक्ष समसामयिक घटनाहरूको अध्ययन हो । समाजमा दैनिक रूपमा विभिन्न राम्रा, नराम्रा घटनाहरू भइरहेका हुन्छन् । त्यस्तै कतिपय वैज्ञानिक आविष्कारहरू भइरहेका हुन्छन् । त्यस्ता घटना र आविष्कारहरूले हाम्रो दैनिक जीवनमा प्रभाव पारिरहेको हुन्छ । त्यसैले हामीले त्यस्ता समसामयिक विषयहरूमा जानकारी राखिरहनुपर्छ । तिमीहरू पनि प्रत्येक दिन रेडियो, टेलिभिजन, पत्रपत्रिका वा इन्टरनेटबाट जानकारी सङ्कलन गर । प्रत्येक हप्ता कक्षामा समसामयिक जानकारी सम्बन्धी प्रश्नहरू बनाएर हाजिरी जवाफ प्रतियोगिता गर ।

२. आफ्नो कक्षा बाहिरको भित्ताको खाली स्थानमा भित्ते पत्रिका बनाऊ । कक्षालाई चार समूहमा विभाजन गर । हरेक समूहलाई एक एक हप्ताको पालो बाँड । हप्ताभरिका महत्त्वपूर्ण जानकारीहरू सङ्कलन गरी प्रत्येक शुक्रबार भित्ते पत्रिका अद्यावधिक गर । पहिलो हप्ता टाँसिएका महत्त्वपूर्ण सामग्रीलाई त्यहाँबाट उप्काएर फाइलमा राख । त्यहाँ नयाँ आकर्षक ढङ्कबाट सामग्री टाँस । तिमीले तयार पारेका पत्रिका सबै विद्यार्थीले पढ्ने छन् ।

४. हाम्रा मित्र राष्ट्रहरूले तिम्रो समुदाय वा जिल्लामा धेरै सहयोग पुऱ्याएका हुन सक्छन् । त्यस्ता राष्ट्रहरूको सूची बनाई उनीहरूको सहयोगसमेत उल्लेख गर ।

५. २०७० साल भदौ ५ गते सिरियाको राजधानी दमास्कसमा विद्रोहीहरूले त्यहाँको सरकारले रासायनिक हतियारको प्रयोग गरेको आरोप लगायो । सो कुराको संयुक्त राष्ट्र सङ्घले छानबिन गर्दा त्यहाँ रासायनिक हतियारको प्रयोग भएको प्रमाण फेला पऱ्यो । यसले क्षेत्रीय सुरक्षा र शान्तिलाई नकारात्मक प्रभाव पार्ने ठहर भयो । राष्ट्र सङ्घको सुरक्षा परिषद्ले सो हतियार नष्ट गर्ने र भविष्यमा रासायनिक हतियारको उत्पादन, ओसार प्रसार र आयात गर्न प्रतिबन्ध लगाउने निर्णय गऱ्यो ।

- माथिको अनुच्छेदले जोड दिन खोजेका कुराहरू कक्षामा साथीहरूसँग छलफल गर ।

Curriculum Development Centre

एकाइ : नौ

जनसङ्ख्याको परिचय र जनसाङ्ख्यिक अवस्था



Curriculum Development Centre

सिकाइ उपलब्धि

यस एकाइको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित कार्य गर्न सक्षम हुने छन् :

- जनसाङ्ख्यिक प्रक्रिया उल्लेख गरी जनसाङ्ख्यिक दरहरूको मापन उल्लेख गर्न
- नेपालको बसाइँ सराइका कारणहरू उल्लेख गर्न

पाठ : १

जनसाङ्ख्यिकीको अवधारणा

जनसाङ्ख्यिकीलाई अङ्ग्रेजी भाषामा डिमोग्राफी (Demography) भनिन्छ । 'डिमोग्राफी' (Demography) शब्द ग्रिक भाषाबाट आएको मानिन्छ । यस शब्दलाई दुई भागमा बाँड्दा 'डिमस' (Demos) को अर्थ मानिस र 'ग्राफी' (Graphy) को अर्थ अध्ययन भन्ने बुझिन्छ । यसरी मानव जनसङ्ख्याको अध्ययन गर्ने विषय नै जनसाङ्ख्यिकी हो । सर्वप्रथम यस शब्दको प्रयोग बेल्जियमका नागरिक अकिले गुइलार्ड (Achille Guillard) ले गरे । जनसङ्ख्याको वैज्ञानिक अध्ययन गर्ने विषय नै जनसाङ्ख्यिकी हो । बेलायतका विद्वान् जोन ग्रान्ट (John Graunt) लाई यस विषयका जनक मानिएको छ । उनले मृत्युदर सम्बन्धी महत्त्वपूर्ण अध्ययन गरेका थिए । जनसाङ्ख्यिकीले जनसङ्ख्याका तथ्याङ्कीय पक्षमा जोड दिन्छ । जनसङ्ख्याका विभिन्न पक्षहरूको अध्ययन जनसङ्ख्या शिक्षामा गरिन्छ । जनसङ्ख्या शिक्षाको विकास सन् १९६०-७० को अवधिमा भएको थियो । जनसङ्ख्या शिक्षा एउटा शैक्षिक कार्यक्रम पनि हो । यसले जनसङ्ख्या वृद्धिबाट उत्पन्न हुने असर वा परिणामप्रति व्यक्तिलाई सचेत बनाउँछ ।

जनसाङ्ख्यिकीमा जन्म, मृत्यु र बसाइँ सराइ तिन तत्त्व अति नै महत्त्वपूर्ण हुन्छन् । कुनै क्षेत्र वा राष्ट्रको जनसङ्ख्या परिवर्तनलाई उक्त तिन तत्त्वले निर्धारण गर्दछ । त्यसैले यिनलाई जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्व पनि भनिन्छ ।

जनसाङ्ख्यिकीका अङ्गहरू (Components of Demography)

१. **प्रमुख जनसाङ्ख्यिक प्रक्रियाहरू (Major Demographic Processes):** यसअन्तर्गत प्रजनन, मरण र बसाइँ सराइ पर्छन् ।

२. **जनसाङ्ख्यिक तथ्याङ्क (Population Statistics):** कुनै देश, अञ्चल, जिल्ला, ग्रामीण तथा सहरी क्षेत्रहरूमा जन्मदर, मृत्युदर, बसाइँ सराइ, जनसङ्ख्याको वितरण, वृद्धि आदि पक्षको अध्ययन गर्न जनसाङ्ख्यिक तथ्याङ्कको सहयोग लिनुपर्छ ।

३. **जनसङ्ख्याको वितरण (Population Distribution):** कुनै क्षेत्रमा जनसङ्ख्या वितरणको एक निश्चित प्रारूप (pattern) हुन्छ । कुनै क्षेत्रमा बढी जनसङ्ख्या केन्द्रित हुन्छ भने कहीँ कम हुन्छ । उदाहरणार्थ, नेपालको हिमाल र पहाडको तुलनामा तराई क्षेत्रमा बढी जनसङ्ख्या रहेको छ ।

शिक्षण सुझाव : जनसाङ्ख्यिकीको अवधारणा विभिन्न उदाहरण, चार्ट र तालिकाको प्रस्तुतीकरण गरी दिनुहोस् ।

Curriculum Development Centre

४. **जनसङ्ख्या वृद्धिका कारणहरू (Causes of Population Growth):** जनसङ्ख्या वृद्धिका कारणहरू जनसाङ्ख्यिकीका महत्त्वपूर्ण अङ्ग हुन् । जनसङ्ख्या वृद्धिका कारण पहिचानपछि मात्र जनसङ्ख्या वृद्धिका परिणामहरू बुझी समाधानका उपायहरू अवलम्बन गर्न सकिन्छ ।

५. **जनसङ्ख्या वृद्धिका परिणामहरू (Consequences of Population Growth):** हाल विश्वमा जनसङ्ख्या वृद्धिबाट अनेकौँ समस्याहरू उत्पन्न भएका छन् । जनसङ्ख्या वृद्धिबाट प्रभावित पक्षहरूमा खाद्यान्न, स्वास्थ्य, रोजगारीको अवसर, बसोबास, शिक्षा, मनोरञ्जन आदि पर्छन् ।

६. **यौन तथा प्रजनन स्वास्थ्य शिक्षा (Sexual and Reproductive Health Education):** यौन तथा प्रजनन स्वास्थ्य शिक्षाअन्तर्गत मानिसको शारीरिक संरचना र सन्तानोत्पादन, जन्म निरोध, मानव यौनसँग सम्बन्धित विषय वस्तुहरू पर्छन् । यी तत्त्वहरूले प्रजनन दरमा महत्त्वपूर्ण प्रभाव पारेका हुन्छन् ।

७. **जनसङ्ख्या नीति र कार्यक्रम (Population Policies and Programme):** जनसङ्ख्या नीति र कार्यक्रम पनि जनसाङ्ख्यिकीका महत्त्वपूर्ण अङ्ग हुन् । प्रत्येक राष्ट्रको आआफ्नै किसिमको जनसङ्ख्या नीति र कार्यक्रम हुन्छ ।

क्रियाकलाप

१. जनसाङ्ख्यिकीको अवधारणाबारे कक्षामा छलफल गर ।

२. कक्षामा विभिन्न समूहहरू बनाऊ । एक समूहले जन्म, अर्कोले मृत्यु र अर्कोले बसाइँ सराइको अवस्थाका सम्बन्धमा छलफल गर । समुदायमा विगत तिन महिनामा यी तिन पक्षको के कस्तो अवस्था रहेको छ, अभिभावक समेतको सहयोगले पत्ता लगाऊ । सबै समूहले आफूले गरेका क्रियाकलाप बारेमा कक्षामा प्रस्तुत गर ।

अभ्यास

१. जनसाङ्ख्यिकीको परिचय देऊ ।

२. जनसाङ्ख्यिकीमा कुन कुन अङ्गहरूको अध्ययन गरिन्छ, प्रत्येकको सङ्क्षिप्त परिचय देऊ ।

सामुदायिक कार्य

तिम्रो समुदायका समाज सेवामा लागेका व्यक्ति तथा अभिभावकहरूसँग अन्तरक्रिया गरी जनसङ्ख्या शिक्षाअन्तर्गत के कस्ता विषय वस्तु पढाउन आवश्यक हुन्छ, त्यसबारे उनीहरूको सुझाव सङ्कलन गरी कक्षामा छलफल गर ।

Curriculum Development Centre

पाठ : २

जनसाङ्ख्यिक आधारभूत मापन

प्रजनन, मरण र बसाइँ सराइलाई जनसाङ्ख्यिक प्रक्रियाहरू भनिन्छ । कुनै क्षेत्रको जनसङ्ख्यामा आउने परिवर्तनलाई यिनै प्रक्रियाले निर्धारण गर्दछ । जनसाङ्ख्यिक तत्त्वले जन्म, मृत्यु र बसाइँ सराइलाई जनाउँछ । यसरी तत्त्व र प्रक्रियामा केही भिन्नता रहेको हुन्छ । प्रजनन (fertility) प्रक्रिया हो भने जन्म (birth) तत्त्व हो । त्यस्तै मरण (mortality) प्रक्रिया हो भने मृत्यु (death) तत्त्व हो । जनसङ्ख्या मापनले जन्मदर, मृत्युदर र बसाइँ सराइका दरहरूको गणना गर्ने प्रक्रिया वा विधिलाई जनाउँछ । जनसाङ्ख्यिक दरहरूको गणना गर्ने कार्यलाई मापन भनिन्छ । जनसाङ्ख्यिक प्रक्रियाहरूमध्ये प्रजननको मापन निम्नानुसार गर्न सकिन्छ ।

प्रजनन दर (Fertility rate): प्रजनन दरले १५ देखि ४९ वर्षसम्मका महिलाले जिउँदै जन्माएका शिशुहरूको सङ्ख्यालाई जनाउँछ । प्रजनन दरलाई सरल अर्थमा जन्मदर पनि भनिन्छ । प्रजनन दरको मापन गर्दा प्रयोग हुने तिन प्रकारका विधि वा सूचकहरूको तल चर्चा गरिएको छ :

कोरा जन्मदर (Crude Birth Rate): जन्मदर मापन गर्ने सर्वाधिक सरल र प्रचलित विधि कोरा जन्मदर हो । कुनै क्षेत्रमा एक वर्षभित्र एक हजार जनसङ्ख्यामा जन्मेका कुल शिशुहरूको सङ्ख्यालाई कोरा जन्मदर भनिन्छ । कोरा जन्मदरको मापन/गणना गर्न निम्न सूत्र प्रयोग गरिन्छ :

$$\text{कोरा जन्मदर (CBR)} = \frac{\text{कुनै वर्षमा जीवित जन्मेका शिशुको सङ्ख्या (B)}}{\text{मध्य वर्षको जनसङ्ख्या (P)}} \times १०००$$

उमेरअनुसारको जन्मदर (Age-specific Birth Rate): जन्मदर सबै उमेर समूहमा एकै किसिमको नभई फरक फरक हुन्छ । कुनै खास उमेर समूहका एक हजार महिलाले एक वर्षभित्र जन्माएका शिशुहरूको सङ्ख्यालाई उमेरअनुसारको जन्मदर भनिन्छ । महिलाहरूको सामान्यतया २० वर्षदेखि २९ वर्ष उमेर समूहमा जन्मदर उच्च भएको पाइन्छ । त्यसपछि जन्मदर क्रमशः घट्दै जान्छ । यसको गणना गर्दा प्रजनन योग्य महिलालाई ५/५ वर्ष अन्तरालको उमेर समूहमा राखिन्छ ।

उमेरअनुसारको जन्मदर निम्नानुसार गणना गरिन्छ :

$$\text{उमेरअनुसारको जन्मदर} = \frac{\text{एक वर्षभित्र उक्त उमेर समूहका महिलाले जन्माएको शिशुको सङ्ख्या}}{\text{सोही वर्षको मध्यावधिमा उक्त उमेर समूहका महिलाको सङ्ख्या}} \times १०००$$

शिक्षण सुझाव : सूत्रहरूको अभ्यास गराउँदा आगमन विधिमा (उदाहरण दिँदै सूत्र बताउने) जोड दिनुपर्छ । साथै पाठमा दिइएका सूत्रहरू प्रयोग गर्दै बढीभन्दा बढी हिसाब गर्न लगाई अभ्यास गराउनुहोस् ।

Curriculum Development Centre

कुल प्रजनन दर (Total Fertility Rate): कुल प्रजनन दर उमेरअनुसारको जन्मदरको योग हो । यसलाई प्रति महिलामा व्यक्त गरिन्छ । प्रजनन उमेर समूह (१५ देख ४९ वर्ष) मा एउटी विवाहित महिलाले जन्माएका शिशुहरूको सङ्ख्यालाई कुल प्रजनन दर भनिन्छ । कुल प्रजनन दरको गणना गर्दा सर्वप्रथम विभिन्न उमेर समूहका प्रजनन दरलाई जोडेर त्यसलाई उमेरको वर्गान्तर अर्थात् ५ ले गुणन गर्नुपर्छ । यदि प्रतिमहिला दर गणना गर्नु छ भने गुणनफललाई १००० ले भाग गर्नुपर्छ । कुल प्रजनन दरलाई निम्नानुसार गणना गरिन्छ :

$$TFR = 5\sum_{i=1}^{7} \frac{Bi}{Pi} \times 1000$$

यहाँ TFR = कुल प्रजनन दर

Bi = i उमेर समूहका महिलाहरूले एक वर्षभित्र जिउँदै जन्माएका शिशुहरूको सङ्ख्या

i = उमेर समूह

Pi = i उमेर समूहका महिलाहरूको जनसङ्ख्या

क्रियाकलाप

१. तिम्रो समुदायमा जन्मदर बढी हुनाका कारणहरू के के छन्, तिनको खोजी गरी कक्षामा छलफल गर ।

२. स्थानीय समुदायमा गत एक वर्षभित्र जिउँदै जन्मेका शिशुहरू र १५ देखि ४९ वर्षका विवाहित महिलाहरूको तथ्याङ्क सङ्कलन गरी त्यसका आधारमा कोरा जन्मदर र उमेरअनुसारको जन्मदर निकाल ।

अभ्यास

१. जनसाङ्ख्यिक तत्त्व, प्रक्रिया र मापनको परिचय देऊ ।

२. कुनै गाउँमा वि. सं. २०६८ सालमा गरिएको सर्वेक्षणअनुसार एक वर्षभित्र जन्मेका शिशुहरूको सङ्ख्या १५ र कुल जनसङ्ख्या ५९० रहेको थियो भने उक्त गाउँको कोरा जन्मदर निकाल ।

Curriculum Development Centre

पाठ : ३

मृत्यु र बसाइँ सराइ

मृत्युदर

मृत्यु जनसाङ्ख्यिक प्रक्रियाको दोस्रो महत्त्वपूर्ण तत्त्व हो । मृत्युदरले एक वर्षमा एक हजार जनसङ्ख्यामा कति जना व्यक्ति मर्छन् भन्ने कुरालाई स्पष्ट पार्छ । जन्म र मृत्युबिच धेरै अन्तर भएमा जनसङ्ख्या छिटो बढ्छ । विश्वका विकासोन्मुख राष्ट्रहरूमा यही स्थिति रहेको छ । मृत्युदरका मुख्य दुई परिसूचकहरू कोरा मृत्युदर र शिशु मृत्युदर हुन् ।

कोरा मृत्युदर (Crude Death Rate)

यो मृत्युदर मापन गर्ने सर्वाधिक सरल विधि हो । कोरा मृत्युदर गणना गर्न कुनै क्षेत्रमा एक वषभित्रमा मर्ने व्यक्तिहरूको सङ्ख्या आवश्यक हुन्छ । सोही अवधिको उक्त क्षेत्रको जनसङ्ख्या पनि आवश्यक पर्छ । कोरा मृत्युदरको गणना निम्नानुसार गरिन्छ :

$$\text{कोरा मृत्युदर (CDR)} = \frac{\text{एक वर्ष भित्रको मृत्यु (d)}}{\text{मध्य वर्षको कुल जनसङ्ख्या (P)}} \times १०००$$

शिशु मृत्युदर (Infant Mortality Rate)

कुनै क्षेत्रमा एक वर्षभन्दा कम उमेरका शिशुहरूको मृत्युदरलाई शिशु मृत्युदर (IMR) भनिन्छ । कुनै क्षेत्रमा एक वर्षभित्र प्रतिहजार जिउँदै जन्मेका शिशुहरूमध्ये सोही वर्षका शिशुहरूको मृत्यु सङ्ख्यालाई शिशु मृत्युदर भनिन्छ । शिशु मृत्युदरलाई निम्नानुसार मापन गरिन्छ :

$$\text{शिशु मृत्युदर} = \frac{\text{एक वर्षको उमेर समूहभित्रको मृत्यु सङ्ख्या}}{\text{उक्त अवधिको जन्म सङ्ख्या}} \times १०००$$

बसाइँ सराइ

बसाइँ सराइ दोस्रो महत्त्वपूर्ण तत्त्व हो । जनसङ्ख्या परिवर्तनमा यसको ठुलो महत्त्व हुन्छ । कुनै भौगोलिक क्षेत्रमा सामान्यतया एक वर्षभित्र के कति व्यक्ति बाहिरबाट बसोबास गर्न आए भन्ने कुरा हेरिन्छ । यसका साथै सोही अवधिमा त्यस क्षेत्रबाट कति जना व्यक्ति बाहिर गए भन्ने कुरालाई पनि अध्ययन गरिन्छ । यसरी बसाइँ सराइ जनसङ्ख्याको भौगोलिक वा क्षेत्रीय प्रवाह हो । बसाइँ सराइ मापन गर्दा आप्रवासले भित्र आउने र उत्प्रवासले बाहिर जाने प्रक्रियालाई स्पष्ट पार्छ ।

शिक्षण सुझाव : विद्यार्थीहरूलाई आफ्नो समुदाय भित्रको तथ्याङ्क सङ्कलन गर्न लगाई ती तथ्याङ्कहरूको आधारमा विभिन्न मृत्युदर र बसाइँ सराइ दर निकाल्न लगाउन सकिन्छ ।

Curriculum Development Centre

आप्रवास दर (In-migration Rate)

आप्रवास दरको गणना गर्दा कुनै क्षेत्रमा एक वर्षभित्र बाहिरबाट बसाइँ सरेर आउने व्यक्ति (In-migrants) को सङ्ख्यालाई सोही अवधिको मध्य वर्ष जनसङ्ख्याले भाग गरी आएको सङ्ख्यालाई १००० ले गुणन गर्नुपर्छ । यसको गणना गर्न निम्न लिखित सूत्रको प्रयोग गरिन्छ :

आप्रवास दर $Mi = \frac{I}{P} \times K$

यहाँ, Mi = आप्रवास दर, I = कुनै खास क्षेत्रमा एक वर्षभित्र बाहिरबाट बसाइँ सरेर आउने व्यक्तिहरूको सङ्ख्या, P = उक्त क्षेत्रको सोही अवधिको मध्यवर्ष जनसङ्ख्या र K = प्रति 1000 जनसङ्ख्या हो ।

उत्प्रवास दर (Out-Migration Rate)

उत्प्रवास दरको गणना गर्न कुनै निश्चित क्षेत्रबाट एक वर्षको अवधिभित्र बाहिर बसाइँ सर्ने व्यक्तिहरूको सङ्ख्यालाई सोही अवधिको मध्य वर्ष जनसङ्ख्याले भाग गरी आएको सङ्ख्यालाई १००० ले गुणन गर्नुपर्छ ।

यसको गणना गर्न निम्न लिखित सूत्रको प्रयोग गरिन्छ :

उत्प्रवास दर $Mo = \frac{O}{P} \times K$

यहाँ, mo = उत्प्रवास दर, O = कुनै खास क्षेत्रबाट एक वर्षभित्र बाहिर बसाइँ सर्ने व्यक्तिहरूको सङ्ख्या, P = सोही अवधिको मध्य वर्ष जनसङ्ख्या, र K = प्रति १००० जनसङ्ख्या हो ।

क्रियाकलाप

१. तिम्रो समुदायमा शिशु मृत्यदर बढी हुनाका कारणहरू के के छन्, तिनको पहिचान गरी कक्षाका साथीहरूबिच छलफल गर ।

२. तिम्रो समुदायमा गत एक वर्षभित्र मर्ने व्यक्तिहरू र एक वर्षको उमेर नपुग्दै मरेका शिशुहरूको तथ्याङ्क सङ्कलन गरी त्यसका आधारमा कोरा मृत्यदर र शिशु मृत्यदर निकाल ।

अभ्यास

१. कुनै गाउँमा २०६८ सालमा गरिएको सर्वेक्षणअनुसार एक वर्षभित्र मर्ने शिशुहरूको सङ्ख्या ४० र सो ठाउँको कुल जनसङ्ख्या ५०० रहेको थियो भने उक्त गाउँको शिशु मृत्यदर निकाल ।

२. आप्रवास दर र उत्प्रवास दरमा के फरक छ ?

Curriculum Development Centre

पाठ : ४

जनसङ्ख्या परिवर्तनका निर्धारकहरू

कुनै पनि क्षेत्रको जनसङ्ख्या स्थिर रहँदैन । यसमा घटबढ भइरहन्छ । जनसङ्ख्या प्राय: बढिरहेको हुन्छ । मृत्युदर बढेको अवस्थामा र धेरै व्यक्तिहरू बाहिर बसाइँ सराइ गरी गएमा जनसङ्ख्या घट्न पनि सक्छ । नेपालका ग्रामीण क्षेत्रमा पनि यही स्थिति रहेको छ । जन्म, मृत्यु र बसाइँ सराइ जनसङ्ख्या निर्धारणका तत्त्व हुन् ।

जनसङ्ख्या परिवर्तनका निर्धारकहरू निम्नानुसार छन् :

प्रजनन वा प्रजनन दर (Fertility)

जनसङ्ख्याको उमेरअनुसारको संरचना वा बनोट, विवाहको उमेर, शिक्षा, पेसा, धार्मिक स्थिति, आहार र स्वास्थ्यले प्रजनन दरलाई प्रभाव पार्छ । प्रजनन क्षमता, शिशु मृत्युदर, सरदर आयु, देशको राजनैतिक स्थिति, बाबुआमाको सामाजिक प्रतिष्ठा आदि तत्त्वले पनि जन्मदरलाई प्रभाव पारिरहेका हुन्छन् । विश्वका अल्पविकसित राष्ट्रको प्रजनन दरलाई उमेरअनुसारको बनोट, छिटो विवाह र अशिक्षा जस्ता तत्त्वहरूले बढी प्रभाव पारेको देखिन्छ ।

मरण वा मृत्युदर (Mortality)

प्रजननपछिको अर्को तत्त्व मरण वा मृत्यु हो । मृत्यदरलाई प्रभाव पार्ने तत्त्वहरू पनि धेरै छन् । तीमध्ये जनसङ्ख्या बनोट, स्वास्थ्योपचारका सुविधा, पेसा र कामको प्रकृति, बसोबासको क्षेत्र, उमेर, कुपोषण, रोगको प्रभाव आदि मुख्य रहेका छन् । अल्पविकसित राष्ट्रहरूमा पहिलाको तुलनामा यो दर घटिरहेको छ । यसका प्रमुख कारणहरू आयमा वृद्धि, औषधोपचारको प्रविधिमा सुधार र सार्वजनिक स्वास्थ्य र ज्ञानको विस्तार रहेका छन् ।

बसाइँ सराइ (Migration)

बसाइँ सराइ जनसाङ्ख्यिक प्रक्रियाहरूमध्ये अति नै जटिल मानिन्छ । बसाइँ सराइमा प्रभाव पार्ने तत्त्वहरू सामान्यतया दुई प्रकारका हुन्छन् । तिनलाई आकर्षण र विकर्षण तत्त्वका रूपमा अध्ययन गरिन्छ । बसाइँ सराइमा आउने प्रक्रियालाई आप्रवास (In-migration) र जाने प्रक्रियालाई उत्प्रवास (Out-migration) भनिन्छ ।

शिक्षण सुझाव : समुदायमा कसरी जनसङ्ख्या परिवर्तन भइरहेको छ भन्ने सम्बन्धमा छलफल गराई विभिन्न चार्ट, चित्र आदिका माध्यमद्वारा धारणा स्पष्ट पारिदिनुहोस् । यस सम्बन्धमा विभिन्न प्रकारका प्रश्न, उत्तर र छलफल विधि पनि सञ्चालन गर्न सकिन्छ ।

Curriculum Development Centre

क्रियाकलाप

१. तिम्रो समुदायमा जनसङ्ख्या परिवर्तनको प्रवृत्ति कस्तो छ, जन्मदर छिटो घट्न नसक्नाका कारणहरू के के छन्, तिनको पहिचान गरी कक्षामा छलफल गर ।

२. बसाइँ सराइमा प्रभाव पार्ने तत्त्वहरू के के छन् र कुन तत्त्वहरूको प्रभाव बढी रहेको हुन्छ, तिनको सूची बनाई कक्षामा प्रस्तुत गर ।

अभ्यास

१. बसाइँ सराइमा प्रभाव पार्ने तत्त्वहरू उल्लेख गर ।

२. प्रजनन दरका प्रमुख निर्धारक तत्त्वहरू कुन कुन हुन्, उल्लेख गर ।

३. विकसित र अल्पविकसित राष्ट्रहरूको प्रजनन दर र मृत्यु दरको स्थितिमा के कस्तो भिन्नता रहेको छ, छलफल गर ।

सामुदायिक कार्य

तिम्रो गाउँ/टोलबाट गत एक वर्षभित्र बसाइँ सराइ गरी कति व्यक्ति बाहिर गएका थिए, त्यसको तथ्याङ्क सङ्कलन गरी बसाइँ सराइ गर्नाका कारणहरू के के थिए, त्यसबारे छोटो प्रतिवेदन तयार पार ।

Curriculum Development Centre

पाठ : ५

नेपालको जनसङ्ख्या बनोट

जनसङ्ख्यालाई प्रभाव पार्ने तत्त्वहरू धेरै छन् । ती तत्त्वका आधारमा कुनै राष्ट्र वा क्षेत्रको जनसङ्ख्यालाई विभिन्न समूहमा वर्गीकरण गरिन्छ । यसलाई जनसङ्ख्या बनोटका रूपमा अध्ययन गरिन्छ । लिङ्ग, उमेर, जात/जाति, पेसा, मातृभाषा, साक्षरता र शैक्षिक स्थिति, बसोबास क्षेत्र, आदिका आधारमा जनसङ्ख्याको अध्ययन गर्न सकिन्छ । यस पाठमा नेपालको जनसङ्ख्या बनोटलाई साक्षरता र पेसाका आधारमा प्रस्तुत गरिएको छ । साक्षरतामा नेपालमा ६ वर्ष र सोभन्दा माथिको जनसङ्ख्यालाई समावेश गरिएको छ । नेपालको साक्षरताको स्थितिलाई तालिका ९.१ मा प्रस्तुत गरिएको छ ।

साक्षरताको स्थिति (प्रतिशतमा)

तालिका ९.१

लिङ्ग	नेपाल				सहरी क्षेत्र			ग्रामीण क्षेत्र		
	२०३८	२०४८	२०५८	२०६८	२०३८	२०४८	२०५८	२०३८	२०४८	२०५८
दुवै लिङ्ग	२३.३	३९.६	५४.१	६५.९	५६.०	६६.४	७१.९	२१.३	३६.८	५१.०
पुरुष	३४.०	५४.४	६५.५	७५.१	६६.०	७७.४	८१.२	३२.०	५१.९	६२.६
महिला	१२.०	२५.०	४२.८	५७.४	४४.०	५४.३	६१.९	१०.३	२२.०	३९.६

स्रोत : राष्ट्रिय जनगणना, २०६८

जनसङ्ख्या र पेसा

पेसाका आधारमा कुनै क्षेत्र वा राष्ट्रको जनसङ्ख्यालाई विभिन्न समूहमा वर्गीकरण गर्न सकिन्छ । पेसाअनुसारको जनसङ्ख्यालाई तालिका ९.२ मा प्रस्तुत गरिएको छ ।

शिक्षण सुझाव : विद्यार्थीहरूलाई प्रस्तुत तालिकाहरू स्तम्भ वा चक्र चित्रमा परिणत गर्न लगाउने र सोको प्रदर्शन गर्दै जनसङ्ख्याको बनोटको अवधारणा सम्बन्धमा छलफल गर्न सकिन्छ ।

Curriculum Development Centre

पेसाअनुसार जनसङ्ख्या वितरण

तालिका ९.२ :

पेसा	जनसङ्ख्या (प्रतिशतमा)		
नेपाल	२०३८	२०४८	२०५८
कृषि	९१.३७	८१.१०	५९.६१
गैरकृषि	६.३५	१८.६२	४०.४७
पेसा नखुलेको	२.२८	०.२८	०.०८

सहरी क्षेत्र

कृषि	६३.७	२३.८	३८.१६
गैरकृषि	२६.४	७५.६	६१.७४
पेसा नखुलेको	९.९	०.६	०.१०

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०५० र २०६०

क्रियाकलाप

१. तिमी बसेको गाउँको जनसङ्ख्या सम्बन्धी तथ्याङ्क सङ्कलन गर र ६ वर्ष र सोभन्दा माथिको उमेरमा साक्षर पुरुष र महिलाको सङ्ख्या छुट्याऊ ।

२. तिम्रो समुदायमा विभिन्न पेसामा लागेका व्यक्तिहरूको विवरण तयार पार र त्यसलाई चक्र चित्र (pie chart) मा देखाऊ ।

३. पाठमा प्रस्तुत तालिकाहरूमा साक्षरताको स्थिति र पेसाअनुसार जनसङ्ख्या वितरण देखाइएको छ । उक्त तथ्याङ्कका आधारमा नेपालको साक्षरताको अवस्था र पेसाअनुसारको जनसङ्ख्याको अवस्थाबारे चर्चा गर ।

अभ्यास

१. साक्षरता भनेको के हो ?

२. नेपालमा साक्षरताको प्रवृत्ति कस्तो रहेको छ, लेख ।

३. नेपालका ग्रामीण तथा सहरी क्षेत्रमा जनसङ्ख्याको पेसागत बनोटको स्थिति कस्तो रहेको छ, वर्णन गर ।

Curriculum Development Centre

पाठ : ६

नेपालमा जनसङ्ख्या वितरण

जनसङ्ख्या वितरणले देशको कुन क्षेत्रमा कति र के कस्तो किसिमबाट जनसङ्ख्या भौगोलिक रूपमा छरिएर रहेको छ भन्ने कुरा बुझाउँछ । जनसङ्ख्या वितरणको चर्चा गर्दा भौगोलिक क्षेत्र, विकास क्षेत्र, अञ्चल, जिल्ला र ग्रामीण तथा सहरी क्षेत्रलाई आधार बनाइन्छ । नेपालमा विगतका तुलनामा आजभोलि नगरपालिकाको सङ्ख्या बढ्दो क्रममा छ । ग्रामीण भेगबाट सहरतिर वा नगरपालिका क्षेत्रमा बसोबास गर्नेको सङ्ख्या क्रमशः बढ्दो छ । नेपालको ग्रामीण र सहरी क्षेत्रको जनसङ्ख्या वितरणलाई तालिका ९.३ मा दिइएको छ ।

ग्रामीण र सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरण

तालिका ९.३

वर्ष	ग्रामीण	सहर	हिमाल	पहाड	तराई
२०४८	९०.४९%	९.५१%	७.८%	४५.५%	४६.७%
२०५८	८५.८%	१४.२%	७.३%	४४.४%	४८.४%
२०६८	८२.९३%	१७.०७%	६.७३%	४३%	५०.२७%

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

नेपालमा ग्रामीण क्षेत्रको जनसङ्ख्याको तुलनामा सहरी क्षेत्रको जनसङ्ख्या वृद्धि तीव्र गतिमा भइरहेको देखिन्छ । यसले मानिसको बसाइँ सराइको क्रम सहरतर्फ उन्मुख भएको कुरालाई सङ्केत गर्छ । साथै विगतको तुलनामा नगरपालिकाको सङ्ख्या वृद्धि भएबाट ग्रामीण जनसङ्ख्या घट्ने र सहरी जनसङ्ख्या बढ्ने देखिन्छ ।

शिक्षण सुझाव : एटलसमा भएका नेपालको जनसङ्ख्याको वितरण सम्बन्धी नक्साहरू अध्ययन गर्न लगाई कुन क्षेत्रमा जनसङ्ख्या बढी वा घटी होला भनी छलफल गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

नेपालमा ५ विकास क्षेत्रहरू छन् । विकास क्षेत्रअनुसारको जनसङ्ख्यालाई तलको तालिकामा दिइएको छ :

विकास क्षेत्रअनुसार नेपालमा जनसङ्ख्या वितरण

तालिका ९.४ :

विकास क्षेत्र	जनसङ्ख्या प्रतिशत				
	२०२८	२०३८	२०४८	२०५८	२०६८
१. पूर्वाञ्चल	२४.२१	२४.६९	२४.०	२३.०८	२१.९३
२. मध्यमाञ्चल	३३.४५	३२.६८	३३.५	३४.६९	३६.४५
३. पश्चिमाञ्चल	२१.१७	२०.८३	२०.४	१९.७४	१८.६०
४. मध्य पश्चिमाञ्चल	१२.८८	१३.०२	१३.०	१३.०१	१३.३९
५. सुदूर पश्चिमाञ्चल	८.२९	८.७२	९.१	९.४७	९.६३

स्रोत : स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय २०६८ तथा केन्द्रीय तथ्याङ्क विभाग, २०६९

नेपालका पाँच विकास क्षेत्रहरूमध्ये सबैभन्दा बढी जनसङ्ख्या मध्यमाञ्चल विकास क्षेत्रमा रहेको छ। वि. सं. २०६८ को तथ्याङ्कअनुसार यस विकास क्षेत्रको कुल जनसङ्ख्या ९६ लाख ५६ हजार ९ सय ८५ छ। यसले सम्पूर्ण जनसङ्ख्याको ३६.४५ प्रतिशत प्रतिनिधित्व गरेको छ। दोस्रो स्थानमा पूर्वाञ्चल विकास क्षेत्र रहेको छ । सबैभन्दा कम जनसङ्ख्या सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा छ । पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा क्रमशः १८.६ प्रतिशत, १३.३९ प्रतिशत र ९.६३ प्रतिशत जनसङ्ख्या रहेको छ । वि. सं. २०२८ यताको स्थितिलाई अवलोकन गर्दा अन्य विकास क्षेत्रको तुलनामा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा जनसङ्ख्या छिटो बढिरहेको देखिन्छ भने पूर्वाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रको जनसङ्ख्या घटिरहेको र अन्य विकास क्षेत्रको जनसङ्ख्या बढिरहेको देखिन्छ। २०६८ सालको जनगणनाअनुसार २०५८ सालयता २७ जिल्लाको जनसङ्ख्या घटेको देखिन्छ ।

क्रियाकलाप

१. तिमी बसेको गाउँ विकास समिति वा नगरपालिकामा जनसङ्ख्या वितरणको स्थिति कस्तो छ, छलफल गर। साथै सबैभन्दा घना जनसङ्ख्या भएका क्षेत्रहरू आफ्नो गाउँ विकास समिति वा नगरपालिकाको नक्सामा देखाऊ ।

२. नेपालमा ग्रामीण र सहरी क्षेत्रअनुसार जनसङ्ख्या वितरणको प्रारूपलाई कक्षामा छलफल गर । उक्त जनसङ्ख्यालाई चक्र चित्र (pie chart) को माध्यमबाट प्रस्तुत गर ।

अभ्यास

१. नेपालको सहरी क्षेत्रमा जनसङ्ख्याका वृद्धिको प्रमुख कारण के हो, लेख ।

२. सहरी तथा ग्रामीण क्षेत्रअनुसार नेपालको जनसङ्ख्या वितरणको व्याख्या गर ।

३. विकास क्षेत्रका आधारमा नेपालमा जनसङ्ख्या वितरणको स्थिति विश्लेषण गर ।

Curriculum Development Centre

पाठ : ७

नेपालमा आन्तरिक र बाह्य बसाइँ सराइ

आन्तरिक बसाइँ सराइ

देशबन्धु गुल्मी जिल्लाको ग्रामीण क्षेत्रमा बस्थे । त्यस क्षेत्रमा उच्च शिक्षण संस्था थिएन । उच्च शिक्षण संस्थाको अभावले त्यस क्षेत्रमा विकर्षण तत्त्वका रूपमा काम गऱ्यो । काठमाडौँमा विश्व विद्यालय र अनेकौँ महाविद्यालय भएकाले सो क्षेत्रमा शिक्षाले आकर्षण तत्त्वका रूपमा काम गऱ्यो । यसले देशबन्धुलाई काठमाडौँमा बसाइँ सराइ गर्न बाध्य बनायो । त्यसैले शिक्षा, खानेपानी, अस्पताल, गुणस्तरीय शिक्षा दिने विद्यालय, यातायात, सञ्चार, विद्युत आदि पूर्वाधारको विकास भएका क्षेत्रहरू आकर्षणका केन्द्र बन्छन् ।

नेपालमा हिमाल तथा पहाडी क्षेत्रबाट तराई र सहरी क्षेत्रतिर बसाइँ सराइ भइरहेको छ । वि. सं. २०६८ को जनगणनाले नेपालको तराई क्षेत्रमा ५० प्रतिशतभन्दा बढी जनसङ्ख्या रहेको देखिन्छ । यसो हुनुमा हिमाल पहाडबाट तराईतर्फ बसाइँ सर्नु नै मुख्य कारण हो । तराईतिर बसाइँ सराइ हुनाका मुख्य कारण व्यापार, कृषि, रोजगारी जस्ता आकर्षक तत्त्वले गर्दा नै हो ।

सन् १९५० को अवधिसम्म नेपालका तराई क्षेत्रमा मलेरियाको प्रभाव थियो । मानिसहरू तराईतिर जान डराउँथे । पछि औलो उन्मूलन भयो । त्यसपछि हिमाल र पहाडबाट तराईतिर बसाइँ सराइ बढ्न थाल्यो । कुल जनसङ्ख्यामा यसले ६.३ प्रतिशत ओगटेको थियो । यसरी एक दसकको अवधिभित्र बसाइँ सराइको आयतनमा १०९ प्रतिशतले वृद्धि भयो । वि. सं. २०४८ मा आन्तरिक बसाइँ सराइ गर्ने व्यक्तिहरू १२२८३५६ थिए भने वि. सं. २०५८ मा तिनको सङ्ख्या १७२७३५७ पुगेको देखिन्छ ।

बाह्य बसाइँ सराइ

बाह्य बसाइँ सराइ अन्तर्राष्ट्रिय स्तरको बसाइँ सराइ हो । यस प्रक्रियामा कुनै व्यक्ति आफ्नो देशको सीमा पार गरी अर्को देशभित्र प्रवेश गर्छ । बसाइँ सराइका कारणसहितको वितरणलाई तालिका ९.५ मा प्रस्तुत गरिएको छ ।

शिक्षण सुझाव : विद्यार्थीलाई बसाइँ सराइका विभिन्न कारणहरूका सम्बन्धमा भूमिका अभिनय गर्न लगाउनुहोस् । स्थानीय समुदायमा बसाइँ सरेर आएका वा गएकाहरूको सर्वेक्षण गरेर विश्लेषण गर्न लगाउन पनि सकिन्छ ।

Curriculum Development Centre

नेपालमा एक वर्षको अवधिभित्र बाहिर बसाइँ सरी गएका व्यक्तिहरूको वितरण र त्यसका कारणहरू

तालिका ९.५

कारण	व्यक्ति	प्रतिशत
कृषि	७७६३	१.०२
व्यापार	१२०६०	१.५८
व्यक्तिगत सेवा	५०६२२१	६६.४२
संस्थागत सेवा	९४३२९	१२.३८
अध्ययन/तालिम	३१७२७	४.१७
विवाह	१४१०१	१.८५
अन्य	९५९७०	१२.६९
जम्मा	७६२१८१	१००.००

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २००३

क्रियाकलाप

१. तिमी बसेको गाउँबाट गत एक वर्षभित्र कति व्यक्तिहरू अन्य मुलुकमा बसाइँ सराइ सरी गए । उनीहरू बसाइँ सराइ गर्नाका कारणहरू के के थिए, कक्षामा छलफल गर ।

२. नेपालमा बाह्य वा अन्तर्राष्ट्रिय बसाइँ सराइका मुख्य कारणहरूबारे साथीहरूको समूहमा छलफल गर ।

अभ्यास

१. बसाइँ सराइलाई प्रभाव पार्ने कुराहरू के के हुन् ?

२. खाली ठाउँमा मिल्दो उत्तर खोजी लेख :

(क) वि. सं. २०५८ मा नेपालमा आन्तरिक बसाइँ सराइ गर्ने व्यक्तिहरूको सङ्ख्या .....थियो ।

(ख) नेपालमा बाह्य बसाइँ सराइको प्रमुख कारण .....रहेको छ ।

(ग) सन् १९५० को अवधिसम्म नेपालका ..... क्षेत्रमा मानिसहरू जान डराउँथे ।

Curriculum Development Centre

पाठ : ८

विश्वमा जनसङ्ख्याको आकार र वृद्धि दर

सन् २०११ मा विश्वको जनसङ्ख्या ७ अर्ब नाघिसकेको छ । सन् १ मा विश्वको कुल जनसङ्ख्या लगभग २५० मिलियन अर्थात् २५ करोड मात्र रहेको अनुमान छ । विश्वको जनसङ्ख्यालाई ५० करोड पुग्न करिब १६५० वर्ष लाग्यो । सन् १८२० मा विश्वको जनसङ्ख्या १०० करोड अर्थात् १ अर्ब पुग्यो । सन् १९३० मा विश्वको जनसङ्ख्या ३ अर्ब र १९७५ मा ४ अर्ब पुग्यो । सन् १९८७ मा विश्वको जनसङ्ख्या ५ अर्ब पुगेको थियो ।

विभिन्न अवधिमा विश्वको जनसङ्ख्या

तालिका ९.९

अवधि	१८००	१९३०	१९६०	१९७२	१९८७	१९९९	२०११
एक अर्ब थपिन लागेको समय (वर्षमा)	सम्पूर्ण	१३०	३०	१४	१३	१२	१२
जनसङ्ख्या अर्बमा	१	२	३	४	५	६	७

स्रोत : पपुलेसन रेफरेन्स ब्युरो, २०११

विश्वमा जनसङ्ख्या वितरणको स्थिति, २०११

तालिका ९.१० :

क्षेत्र/परिसूचक	जनसङ्ख्या (दस लाखमा)	जन्मदर (हजारमा)	मृत्यदर (हजारमा)	वृद्धिदर (प्रतिशत)	दोब्बर हुन लाग्ने समय
विश्व	६९८७	२०	८	१.२	५८
विकसित क्षेत्र	१२४२	११	१०	०.२	३५०
अल्पविकसित क्षेत्र	५७४५	२२	८	१.४	५०
अति अल्पविकसित क्षेत्र	८६१	३५	११	२.४	२९
अफ्रिका	२०५१	३६	१२	२.४	२९
उत्तरी अमेरिका	३४६	१३	८	०.५	१४०
ल्याटिन अमेरिका र क्यारिबियन	५९६	१८	६	१.२	५८
एसिया	४२१६	१८	७	१.१	६४
युरोप	७४०		११	११	०.०
ओसेनिया	३७		१८	७	१.२

स्रोत : पपुलेसन रेफरेन्स ब्युरो, २०११

***शिक्षण सुझाव :** प्रस्तुत तालिकाहरूलाई स्तम्भ चित्रमा परिणत गर्न लगाई छलफल गर्नुहोस् र विभिन्न चित्र तथा तालिकाहरूको माध्यमबाट धारण स्पष्ट पारिदिनुहोस् ।*

Curriculum Development Centre

जनसङ्ख्या अत्यधिक बढ्न थालेको सत्रौँ सताब्दीको मध्यदेखि हो । सन् १७५० अघि युरोप, रुस र अमेरिकामा जनसङ्ख्या तीव्र गतिमा बढेको पाइन्छ । करिब सन् १७०० मा चिनमा यो गति तीव्र हुन थाल्यो । जनसङ्ख्याविद् कोलिन क्लार्कले सन् १९०० का निम्ति अनुमान गरेको विश्वको जनसङ्ख्या ३.५ अर्ब थियो । अर्का जनसङ्ख्याविद् नोटेस्टाइनले सन् २००० का निम्ति अनुमान गरेको ३.३ अर्ब मात्र थियो । तर यो सङ्ख्या अनुमानित समयभन्दा अगाडि नै पुरा भयो । त्यस्तै सन् १९९९ मा विश्वको जनसङ्ख्या ६ अर्ब पुग्यो । १२ वर्षको छोटो अवधिमा विश्वको जनसङ्ख्यामा एक अर्ब थपियो ।

क्रियाकलाप

१. हाल तिम्रो वडामा कति जनसङ्ख्या रहेको छ, तथ्याङ्क सङ्कलन गर । सन् २००१ मा यसको जनसङ्ख्या कति रहेको थियो । उक्त दस वर्षको अवधिभित्र जनसङ्ख्यामा कति वृद्धि भयो छलफल गर ।

२. विश्वमा सन् २०११ मा रहेको जनसङ्ख्या वितरणको स्थितिबारे छोटो प्रतिवेदन तयार पार ।

३. विश्वमा एक अर्ब जनसङ्ख्या थपिन लाग्ने समय कसरी परिवर्तन हुँदै आएको छ, स्पष्ट पार ।

अभ्यास

१. विश्वको कुन क्षेत्रमा सबैभन्दा बढी र कुन क्षेत्रमा सबैभन्दा कम जनसङ्ख्या रहेको छ, एटलस हेरी पहिचान गर ।

२. विश्वका विभिन्न क्षेत्रको जनसङ्ख्या वृद्धिदरका आधारमा जनसङ्ख्या दोब्बर हुन लाग्ने समय निकाल (वृद्धिदरले ७० लाई भाग गरी जनसङ्ख्या दोब्बर हुन लाग्ने समय निर्धारण गर्न सकिन्छ) ।

३. विश्वका विकसित, अल्पविकसित तथा अति अल्पविकसित क्षेत्रको जन्म तथा मृत्यदरलाई तुलना गर ।

Curriculum Development Centre

पुनरवलोकन अभ्यास

१. खाली ठाउँ भर :

(क) कुल प्रजनन दरको सूत्र .....हो ।

(ख) जन्म दर निकाल्न महिलाहरूको उमेरलाई ..... वर्षको समूहमा विभाजन गरिन्छ ।

(ग) प्रजनन, मरण र बसाइँ सराइलाई ..... प्रक्रियाहरू भनिन्छ ।

(घ) कुनै क्षेत्रमा एक वर्षभित्र एक हजार जनसङ्ख्यामा जन्मेका कुल शिशुहरूको सङ्ख्यालाई ..... भनिन्छ ।

२. प्रस्तुत चित्र हेरेर आफ्ना मनमा आएका विचारहरू समेटी एक अनुच्छेद लेख र साथीहरूलाई सुनाऊ ।



परियोजना कार्य

कम्तीमा पाँच जनाको समूह बनाई आफ्नो समुदायको एक निश्चित क्षेत्रको सर्वेक्षण गर । यसका लागि आवश्यक सर्वेक्षण फाराम प्रयोग गर । प्राप्त तथ्याङ्कका आधारमा समुदायको कोरा जन्मदर, उमेरअनुसारको जन्मदर तथा कुल प्रजनन दर निकाल र कक्षामा प्रस्तुत गर ।

Curriculum Development Centre

एकाइ : दस

जनसङ्ख्या वृद्धि र व्यवस्थापन



Curriculum Development Centre

सिकाइ उपलब्धि

- जनसङ्ख्या वृद्धिका कारण गुणस्तरीय जीवनमा कमी, गुणस्तरीय जीवन विकासका उपायहरू र पारिवारिक जीवन शिक्षाका बारेमा वर्णन गर्न
- जनसङ्ख्या व्यवस्थापनमा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको भूमिका उल्लेख गर्न

पाठ : १

जनसङ्ख्या र गुणस्तरीय जीवन

जनसङ्ख्या र गुणस्तरीय जीवनबिच निकटतम सम्बन्ध रहेको हुन्छ । जनसङ्ख्या वृद्धिदर उच्च रहेमा गुणस्तरीय जीवनमा प्रतिकूल प्रभाव पर्छ । प्राप्त स्रोत साधन अपर्याप्त हुन्छन् । जनसङ्ख्या वृद्धि व्यवस्थापन गर्न कठिन हुन्छ । गुणस्तरीय जीवनको विकासमा सहयोग पुऱ्याउनु जनसङ्ख्या शिक्षाको मूल लक्ष्य हो ।

गुणस्तरीय जीवनमा प्रभाव पार्ने प्रमुख तत्त्वहरूअन्तर्गत पहिलोमा जनसङ्ख्याको आकार, जनसङ्ख्या वृद्धि र बसाइँ सराइ जस्ता जनसाङ्खिक तत्त्वहरू रहेका छन् । दोस्रो तत्त्वमा सामाजिक प्रणाली, राजनैतिक प्रणाली, उपभोगको ढाँचा र सांस्कृतिक मूल्य मान्यताहरू रहेका हुन्छन् । अर्को तत्त्व विकास प्रक्रियाअन्तर्गत विकासका प्राथमिकता, व्यापार र अन्तर्राष्ट्रिय सम्बन्ध रहेका छन् । स्रोत तथा साधन चौथो पक्ष हो । यसअन्तर्गत मानव संसाधन, प्राकृतिक साधन, प्रविधि र पुँजी पर्छन् । जीवन स्तर मानिसको प्रतिव्यक्ति आयसँग सम्बन्धित रहेको हुन्छ । जीवन स्तरको अवस्थालाई रोजगारी, स्वास्थ्य, आवास, भोजन र पोषण, शिक्षा, सामाजिक सेवा आदिले प्रभाव पारेका हुन्छन् । २०६८ सालको जनगणनाको तथ्याङ्कअनुसार नेपालमा औसतमा एउटा परिवारमा ४.८८ जना मानिस बस्छन् । यसै गरी जनसङ्ख्या वृद्धिर १.३५% छ भने पुरुष र महिलाको लैङ्गिक अनुपात १०० बराबर ९४.२ छ । नेपालको जनघनत्व १८० जना प्रतिवर्ग किलोमिटर रहेको पाइन्छ । जनगणनाअनुसार ८५.२६% नेपाली आफ्नै घरमा, १२.८१% नेपाली भाडाको घरमा बस्ने गर्दछन् । ३८.१७% घर परिवारको आफ्नै घरमा शौचालय नभएको अवस्था पनि देखिन्छ यसले पनि गुणस्तरीय जीवनमा ठुलो प्रभाव पारेको छ ।

मानवीय आवश्यकता र गुणस्तरीय जीवनबिच निकटतम सम्बन्ध रहेको हुन्छ । सबै आवश्यकता पुरा भई शिक्षा, स्वास्थ्य जस्ता विविध क्षेत्रमा उच्चस्तर कायम हुन सकेमा मात्र गुणस्तरीय जीवनको परिकल्पना गर्न सकिन्छ । मानव शरीर र स्वास्थ्यका लागि अत्यन्त आवश्यक पर्ने आधारभूत गाँस, बास र कपास हुन् । खानका लागि भोजन, शरीर रक्षाका लागि वस्त्र र सुरक्षाका लागि आवासको आवश्यकता पर्छ ।

शिक्षण सुझाव : विद्यार्थीहरूलाई गुणस्तरीय जीवनका पक्षहरू झल्कने तालिका प्रस्तुत गर्दै यस सम्बन्धी अवधारणाको विकास गर्न सकिन्छ । गुणस्तरीय जीवनको कुरा गर्दा उनीहरूमा हीनताबोध नहुने कुरामा सचेत हुनुपर्छ ।

Curriculum Development Centre

मानिस परिवार र समाजमा बस्छ । उसलाई भौतिक तथा जैविक आवश्यकता पुरा भएर मात्र खुसी नहुन सक्छ । मनोसामाजिक आवश्यकता पनि पूर्ति गर्नुपर्ने हुन्छ । उसले शिक्षा प्राप्त गर्न खोज्छ । गुणस्तरीय शिक्षालाई प्राथमिकता दिन्छ । आफ्नो समाजमा चल्दै आएका चाडपर्व मनाउने र सामाजिक कार्यमा संलग्न हुने उसको इच्छा हुन्छ । आफूलाई इच्छा भएका कुरा गर्न पाइएन भने उसलाई असन्तुष्टि हुन्छ । जीवन निर्वाह चले तापनि यी आवश्यकता पूर्ति गर्न नसकेमा ऊ सामाजिक तथा मनोवैज्ञानिक रूपले असन्तुष्ट रहन सक्छ ।

क्रियाकलाप

१. तिम्रो समुदायमा समाज सेवामा लागेका व्यक्तिहरूसँग बसी दैनिक जीवनमा नभई नहुने आवश्यकताबारे छलफल गर र तिनको सूची तयार पार । त्यसलाई कक्षामा साथीहरूको समूहमा छलफल पनि गर ।

२. गुणस्तरीय जीवनलाई कुन कुन तत्त्वले प्रभाव पारेका हुन्छन्, कक्षामा छलफल गर ।

अभ्यास

१. गुणस्तरीय जीवनलाई प्रभाव पार्ने सामाजिक तथा सांस्कृतिक तत्त्वहरू उल्लेख गर ।

२. मानिसको जीवन स्तरलाई कुन कुन तत्त्वहरूले प्रभाव पारेका हुन्छन्, स्पष्ट पार ।

३. मानिसका आधारभूत आवश्यकताभित्र पर्ने तत्त्वहरू उल्लेख गर ।

Curriculum Development Centre

पाठ २

जनसङ्ख्या व्यवस्थापन गर्ने उपायहरू

फुलमतीले मिसलाई सोधिन्, "मिस, जनसङ्ख्या वृद्धिमा कुन कुन कुराले असर पारेका हुन्छन् ?" मिस भन्नुहुन्छ, "हेर फुलमती, कुनै पनि समाज वा राष्ट्रको जनसङ्ख्या स्थिर रहँदैन । जनसङ्ख्यामा परिवर्तन आइरहन्छ । सामान्य रूपमा जनसङ्ख्या बढेको पाइन्छ तापनि कहीँ कहीँ घट्ने गरेको पनि देखिएको छ । उत्तर पश्चिम युरोपमा पर्ने नर्वे, डेनमार्क आदि राष्ट्रहरू यसको उदाहरणका रूपमा रहेका छन् ।" फुलमतीले सोधेका कुराको जवाफ नसिद्धिँदै न्हुच्छेमायाले सोधिन्, "मिस, जनसङ्ख्या व्यवस्थापन भनेको के हो ?"

मिस भन्नुहुन्छ, "हेर नानी, मानिसहरू सामान्यतया जनसङ्ख्या व्यवस्थापन भन्नाले जनसङ्ख्यालाई नियन्त्रण गर्ने कार्यसँग मात्र सम्बन्धित रहेको मान्दा रहेछन् तर यसको अर्थ अलि भिन्न छ । जनसङ्ख्या नियन्त्रण भन्नाले जनसङ्ख्या व्यवस्थापनभन्दा अलि फरक छ । यसमा जनसङ्ख्याको आकार, बनोट वा संरचना, वितरण, जनसङ्ख्या वृद्धि आदि पर्छन् । जन्म, मृत्यु र बसाइँ सराइसँग सम्बन्धित विभिन्न पक्षलाई सम्बोधन गर्ने र स्रोत साधनसँग सन्तुलन कायम राख्दै जनसङ्ख्यालाई परिचालन गर्ने कार्य जनसङ्ख्या व्यवस्थापन हो । यसमा खाद्यान्न, कपडा, आवास, शिक्षा, स्वास्थ्योपचार, रोजगारी आदि आधारभूत आवश्यकता उपलब्ध गराई जीवनलाई गुणस्तरीय बनाउनुपर्छ । यी सबै कार्यलाई जनसङ्ख्या व्यवस्थापन भनिन्छ । जनसङ्ख्या परिवर्तन सबै क्षेत्रमा एकै किसिमबाट हुँदैन । यो फरक फरक रहेको देखिन्छ ।"

सबैतिर दृष्टि दिँदै मिसले फेरि भन्न थाल्नुभयो, "जनसङ्ख्या वृद्धि र स्रोत साधनबिच निकटतम सम्बन्ध रहेको हुन्छ । जनसङ्ख्या वृद्धि र यी स्रोत साधनबिच सधैँ सन्तुलन रहन आवश्यक हुन्छ । अन्यथा मानिसको जीवन नै सङ्कटमा पर्न सक्छ । जनसङ्ख्या वृद्धिलाई देशमा प्राप्त स्रोत तथा साधनका आधारमा तालमेल गर्नुपर्छ । अल्पविकसित राष्ट्रमा जनसङ्ख्या व्यवस्थापन गर्दा गुणात्मक शिक्षा, सानो परिवार, विवाहको उमेर, पहिलो सन्तान जन्माउने उमेरमा परिवर्तन, जन्मान्तर, स्तनपान, परिवारका महत्त्वपूर्ण निर्णयमा महिलाको सहभागिता जस्ता पक्षमा जोड दिनुपर्छ । त्यस्तै शिशु मृत्युदर घटाउन मातृशिशु स्वास्थ्यको क्षेत्रमा परिवर्तन ल्याउनु आवश्यक हुन्छ । महिलाहरूलाई रोजगारी तथा आयमूलक कार्यकलापमा संलग्न गराउने, महिला सशक्तीकरण, जनसङ्ख्या शिक्षाको प्रचार प्रसार आदि विविध पक्षलाई सम्बोधन गर्ने गरी कार्यक्रम लागू गर्न आवश्यक हुन्छ ।" यत्तिकैमा घन्टी बज्यो । मिस कक्षाबाहिर निस्कनुभयो ।

शिक्षण सुझाव : जनसङ्ख्या व्यवस्थापन गर्ने उपायहरूलाई चार्ट वा तालिकामा प्रस्तुत गर्नुहोस् ।

Curriculum Development Centre

क्रियाकलाप

तिमी बसेको समुदायबाट कुनै दस परिवार छान । प्रत्येक परिवारमा गएर घरमूलीलाई सोधेर जनसङ्ख्या सम्बन्धी समस्याहरूको सूची बनाऊ । त्यसलाई कक्षामा साथीहरूको समूहमा छलफल गर ।

अभ्यास

१. जनसङ्ख्या परिवर्तनलाई कुन कुन कुराहरूले प्रभाव पारेका हुन्छन्, कक्षामा छलफल गर ।

२. जनसङ्ख्या व्यवस्थापनमा विचार पुऱ्याउनुपर्ने कुराहरू के के हुन्, स्पष्ट पार ।

३. तिम्रो समुदायमा जनसङ्ख्या व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरू के के छन्, साथीहरूका बिचमा प्रस्तुत गर ।

४. तालिका १०.१ मा दिइएको तथ्याङ्क हेरी स्पेन र तान्जानियाबिचका भिन्नताहरू स्पष्ट पार :

विकसित तथा अल्पविकसित राष्ट्रको जनसाङ्ख्यिक स्थिति, २०११

तालिका १०.१

राष्ट्र/ परिसूचक	जनसङ्ख्या दस लाखमा	जन्मदर हजारमा	मृत्युदर हजारमा	प्राकृतिक वृद्धिदर प्रतिशतमा	शिशु मृत्युदर प्रतिहजार	कुल प्रजनन दर	१५ वर्ष मुनिको जनसङ्ख्या प्रतिशतमा	६५ वर्ष र सोभन्दा माथिको जनसङ्ख्या प्रतिशतमा	प्रति व्यक्ति कुल राष्ट्रिय आय २००९ (अमेरिकी डलरमा)
स्पेन	४६.२	११	८	०.२	३.५	१.४	१५	१७	३१४९०
तान्जानिया	४६.२	४०	११	२.९	५१	५.४	४५	३	३६०

५. खाली ठाउँ भर :

(क) स्पेनको जनसङ्ख्या हेर्दा यहाँ .....लाई बढाउनुपर्ने स्थिति रहेको देखिन्छ ।

(ख) तान्जानियामा जनसङ्ख्या वृद्धिको प्रमुख कारण उच्च .....हो ।

(ग) स्पेनमा ६५ वर्ष र सोभन्दा माथिको जनसङ्ख्या .....रहेको स्पष्ट हुन्छ ।

Curriculum Development Centre

पाठ ३

नेपालमा जनसङ्ख्या व्यवस्थापनका समस्याहरू

नेपालको हालको जनसङ्ख्या २,६४,९४,५०४ पुगेको छ । यो राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क हो । हाम्रो देशमा जनसङ्ख्या वितरण पनि असमान रहेको छ । देशको कुल जनसङ्ख्यामध्ये ५० प्रतिशतभन्दा बढी तराईमा रहेको छ । २०६८ को जनगणनाले जनसङ्ख्याको वार्षिक वृद्धिदर १.३५ प्रतिशत देखाइएको छ । वि. सं. २०५८ मा भने वृद्धिदर २.२५ प्रतिशत रहेको थियो । नेपाललाई उच्च जनसङ्ख्या वृद्धि भएको मुलुकका रूपमा लिने गरिए तापनि हाल त्यो स्थिति देखिँदैन । जनसङ्ख्या वृद्धि र स्रोत साधनबिच सधैँ सन्तुलन रहन आवश्यक हुन्छ ।

वि. सं. १९६८ सालमा पहिलो पटक जनगणना हुँदा नेपालको जनसङ्ख्या ५६,३८,७४९ थियो भने वि. सं. २०२८ सालमा यो सङ्ख्या १,१५,५५,९८३ पुगेको थियो । वि. सं. २०५८ सालमा नेपालको जनसङ्ख्या २,३१,५१,४२३ पुग्यो भने जनसङ्ख्या वृद्धिदर पनि तीव्र हुन पुग्यो तर हाल आएर भने यो वृद्धिदर केही कम भएको पाइन्छ ।

जनसङ्ख्या वृद्धिलाई उपयुक्त ढङ्गबाट व्यवस्थापन गर्नुपर्छ । यसो नगरेमा मानिसको जीवन नै सङ्कटमा पर्न सक्छ । जनसङ्ख्या वृद्धिलाई देशमा प्राप्त स्रोत तथा साधनका आधारमा सीमित गर्नु पर्छ । जनसङ्ख्यामा निरन्तर रूपमा परिवर्तन आइरहन्छ । सामान्यतया जनसङ्ख्या बढ्ने गर्छ तर केही मुलुकमा जनसङ्ख्या घट्ने गरेको पनि देखिएको छ । विश्वका विकसित मुलुकहरूलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ ।

नेपालको जनसङ्ख्या व्यवस्थापनमा निम्न लिखित समस्याहरू देखापरेका छन् :

१. **न्यून साक्षरता र शैक्षिक स्तर** : २०६८ को जनगणनाको परिणामअनुसार नेपालमा साक्षरता दर ६५.९ प्रतिशत पुगेको छ । वि. सं. २०६८ मा साक्षरता मापन गर्दा ६ वर्ष र सोभन्दा माथिको जनसङ्ख्यालाई लिइएको थियो, जहाँ महिलाको साक्षरता दर ५७.४% मात्र छ । महिलाको तुलनामा पुरुषको साक्षरता केही राम्रो अर्थात् ७५.१% छ । न्युन साक्षरताको कारण चेतनास्तर कमजोर रहन्छ ।

२. **कम उमेरमा विवाह गर्ने प्रचलन** : विवाहको उमेर पनि नेपालको जनसङ्ख्या व्यवस्थापनमा प्रभाव पार्ने अर्को महत्त्वपूर्ण तत्त्व हो । नेपालको जनगणनामा दस वर्ष र सोभन्दा माथिको जनसङ्ख्याको वैवाहिक स्थितिबारे अध्ययन गरिएको छ । विवाह गर्दाको उमेर हेर्दा १५ देखि १९ वर्षको समूहमा ४८.९ प्रतिशत व्यक्तिहरूको विवाह भएको देखिन्छ ।

३. **विवाहपश्चात् छिटै सन्तान जन्माउने प्रचलन** : हाम्रो समाजमा विवाह भएपछि छिटै सन्तान जन्माउने प्रचलन रहेको छ । छोरा छोरीको विवाह गरेपछि आमा बाबुलाई छिटै नाति नातिना हेर्ने प्रबल इच्छा रहने हुँदा त्यसले जनसङ्ख्या व्यवस्थापनमा चुनौती थपिने हुन्छ ।

शिक्षण सुझाव : यस पाठमा समुदायमा जनसङ्ख्या व्यवस्थापनका समस्या र समाधानका उपायहरूको चेतना अभिवृद्धि गर्ने खालको परियोजना कार्य गराउन सकिन्छ ।

Curriculum Development Centre

४. **जन्मान्तरको समय कम हुने** : दुई छोरा छोरीका बिचको अन्तर हाम्रो समाजमा कमै रहेको देखिन्छ । यो सोचाइमा परिवर्तन ल्याउन अझै सकिएको छैन ।

५. **छोराको प्रबल चाहना** : हाम्रो समाज पुरुष प्रधान रहेको छ । त्यसैले छोरा नजन्मेसम्म विवाहित दम्पतीले परिवारको आकार सीमित गर्न चाहँदैनन् । तिन/चार छोरी जन्मिँदासम्म पनि छोराको प्रबल चाहना राख्नुले पनि जनसङ्ख्या बढ्न गई व्यवस्थापनमा चुनौती थपिएको छ । थोरै दम्पतीमा मात्र छोरा छोरी समान हुन् भन्ने भावना पाइन्छ ।

६. **उच्च शिशु तथा बाल मृत्युदर** : नेपालमा हालसम्म पनि शिशुमृत्य दर उच्च रहेको देखिन्छ । वर्ल्ड पपुलेसन डाटा सिट २०११ का अनुसार नेपालमा शिशु मृत्यदर प्रति हजार जीवित जन्ममा ५३ रहेको देखिन्छ जबकि श्रीलङ्कामा उक्त दर १५ र माल्दिभ्समा ११ मात्र रहेको देखिन्छ । छोरा छोरीको बाँच्ने सम्भावना कम भएपछि बाबु आमा धेरै सन्तान जन्माउन चाहन्छन् । यस स्थितिलाई सम्बोधन गर्न समस्या आइपर्छ ।

७. **जनसङ्ख्याको उमेर संरचना** : वि. सं. २०६८ को जनगणनाले नेपालमा ० - १४ को उमेरमा कुल जनसङ्ख्याको ३४.९१ प्रतिशत रहेको देखाउँछ । यो पनि एउटा जटिल समस्या बन्न पुगेको छ ।

८. **महिलाहरूको निर्णायक भूमिका कम हुनु** : परिवारको आकार निर्धारणमा महिलाको निर्णायक भूमिका कम रहेको देखिन्छ । त्यस्तै अन्य महत्त्वपूर्ण कार्यको निर्णयमा पनि महिलाको स्थान गौण रहेको हुन्छ । प्रजनन् अधिकार मौलिक हकमा व्यवस्था भए पनि त्यसको सार्थक कार्यान्वयनमा समस्या देखिएका छन् ।

क्रियाकलाप

तिम्रो समुदायमा गएर कुनै दस परिवार छान । ती परिवारका मूलीलाई विवाहको उमेर सम्बन्धी कुरामा अन्तर्वार्ता लेऊ । प्राप्त सामग्रीका आधारमा सानो प्रतिवेदन तयार पार ।

अभ्यास

१. नेपालको जनसङ्ख्या व्यवस्थापनमा कुन कुन समस्याहरू देखा परेका छन्, स्पष्ट पार ।

२. जनसङ्ख्या व्यवस्थापनमा बाबु आमाको शिक्षाले केकस्तो प्रभाव पारेको हुन्छ, बताऊ ।

३. नेपालको जनसङ्ख्या वृद्धिमा कस्तो प्रवृत्ति देखापरेको छ, स्पष्ट पार ।

४. नेपालको जनसङ्ख्या व्यवस्थापनमा आइपर्ने तिन प्रमुख समस्याबारे छलफल गर ।

५. उच्च शिशु तथा बाल मृत्युदरले जनसङ्ख्या व्यवस्थापनलाई कसरी प्रभाव पारेको हुन्छ ?

Curriculum Development Centre

पाठ : ४

अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको भूमिका

संयुक्त राष्ट्र जनसङ्ख्या कोष United Nations Fund for Population Activities (UNFPA)

संयुक्त राष्ट्र जनसङ्ख्या कोष United Nations Fund for Population Activities (UNFPA) अन्तर्राष्ट्रिय संस्था हो । यसको स्थापना सन् १९६९ मा भएको थियो । यसले प्रत्येक वर्ष विश्वको जनसङ्ख्या प्रतिवेदन (The State of World Population) प्रकाशित गर्छ । साथै जनसाङ्ख्यिक सर्वेक्षण तथा जनगणना लिने कार्यमा विभिन्न राष्ट्रहरूलाई सहयोग पुऱ्याउँदै आएको छ । यस संस्थाले विश्वका विभिन्न राष्ट्रहरूलाई जनसङ्ख्या नीति र कार्यक्रमका लागि आवश्यक पर्ने जनसङ्ख्या सम्बन्धी तथ्याङ्क उपलब्ध गराउँछ । यसले सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा भएको जनसङ्ख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा पारित कार्य योजनाका आधारमा काम गर्छ ।

संयुक्त राष्ट्र जनसङ्ख्या कोषको प्रधान कार्यालय संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा रहेको छ । यसले विश्वका धेरै राष्ट्रहरूमा काम गर्दै आएको छ । यसले गरिबी निवारण, महिला तथा पुरुषको सशक्तीकरणलाई सहयोग पुऱ्याउन प्रभावपूर्ण जनसङ्ख्या नीतिलाई पनि प्रोत्साहित गर्दै आएको छ । यी सबै कार्यले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जनसङ्ख्या व्यवस्थापनमा सहयोग पुऱ्याएको हुन्छ ।

संयुक्त राष्ट्र जनसङ्ख्या कोषका उद्देश्यहरू

१. यौन तथा प्रजनन स्वास्थ्यको विश्वव्यापी पहुँच प्राप्त गर्नु

२. प्रजनन अधिकारलाई प्रवर्धन गर्नु

३. मातृशिशु मृत्युदर घटाउनु

विश्वका प्रत्येक इच्छुक महिलाले गर्भवती हुन पाऊन्, प्रत्येक जन्म सुरक्षित रहून् र प्रत्येक युवाले आफ्नो क्षमता प्रदर्शन गर्न सकून् भन्ने मूल ध्येय यस संस्थाले राखेको छ । यस कोषले प्रत्येक वर्ष मानव विकास प्रतिवेदन निकालेर विभिन्न राष्ट्रहरूको विकास स्थितिको तुलनात्मक अध्ययन गर्न सहयोग पुऱ्याउँछ । विभिन्न राष्ट्रमा आएको परिवर्तनबाट अन्य राष्ट्रहरूलाई मानव विकासको स्थितिमा सुधार ल्याउन सहयोग पुग्ने देखिन्छ ।

शिक्षण सुझाव : समुदायमा सञ्चालित विभिन्न सङ्घ संस्थाले बाल बालिका, महिला र जनसङ्ख्या क्षेत्रमा गरेका क्रियाकलापहरूका बारेमा छलफल गराउनुहोस् । त्यस्तो क्रियाकलाप गर्न उपयुक्त नभएमा युनिसेफ र यस्तै जनसङ्ख्याको क्षेत्रमा काम गरेका संस्थाका बारेमा अध्ययन गर्न लगाउनुहोस् ।

Curriculum Development Centre

क्रियाकलाप

१. संयुक्त राष्ट्र जनसङ्ख्या कोषका कामहरू झल्कने चार्ट तयार पारी कक्षामा टाँस ।

२. समूहमा विभाजित भई संयुक्त राष्ट्र जनसङ्ख्या कोषको लोगो तयार पार र कक्षामा टाँस ।

अभ्यास

१. संयुक्त राष्ट्र जनसङ्ख्या कोषको छोटो परिचय देऊ ।

२. संयुक्त राष्ट्र जनसङ्ख्या कोषले जनसङ्ख्याका क्षेत्रमा गर्ने मुख्य कार्यहरूको सूची बनाऊ ।

३. जनसङ्ख्या कोषले कस्ता कस्ता कार्यमार्फत सहयोग पुऱ्याउने गर्दछ ?

४. संयुक्त राष्ट्र जनसङ्ख्या कोषका उद्देश्यहरू के के हुन् ?

५. संयुक्त राष्ट्र जनसङ्ख्या कोषले जनसङ्ख्याको व्यवस्थापनका क्षेत्रमा गर्दै आएको सहयोग उल्लेख गर ।

६. खाली ठाउँ भर :

(क) संयुक्त राष्ट्र जनसङ्ख्या कोषले जनसङ्ख्याका क्षेत्रमा काम गर्दा..... राष्ट्रको सल्लाहलाई आधार बनाएको छ ।

(ख) जनसङ्ख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सन् १९९४ मा ..... भएको थियो ।

(ग) प्रत्येक जन्म सुरक्षित हुने अवस्थाको सिर्जना गर्नु संयुक्त राष्ट्र जनसङ्ख्या कोषको मुख्य ..... हो ।

Curriculum Development Centre

पुनरवलोकन अभ्यास

१. तलको अनुच्छेद अध्ययन गरी सोधिएका प्रश्नहरूको उत्तर देऊ :

जनसङ्ख्या व्यवस्थापनमा ज्येष्ठ नागरिकको अवस्था

साठी वर्ष उमेर पुगेका व्यक्तिलाई ज्येष्ठ नागरिक भनिन्छ । स्वास्थ्य सेवा दिने संस्था र स्वास्थ्यकर्मीहरूको सङ्ख्या बढ्दै जानु र औषधीहरूको पर्याप्तता भएको हुँदा धेरै मानिस लामो उमेरसम्म बाँच्छन् र समाजमा ज्येष्ठ नागरिकको सङ्ख्या बढ्न जान्छ । परिवार नियोजन र शिक्षाको प्रभावले गर्दा थोरै बच्चा जन्मने भएकाले बाल बालिकाको सङ्ख्या थोरै र ज्येष्ठ नागरिकको सङ्ख्या धेरै हुँदै जान्छ । अहिले बाल बालिकाको सङ्ख्या कम भयो भने आउँदा दिनहरूमा श्रम बजारका लागि आवश्यक जनशक्तिमा कमी हुन आउँछ । आउँदा दिनहरूमा हामी सबैले मिलेर त्यस्ता चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ ।

अहिलेका ज्येष्ठ नागरिकहरू पहिले समाजका सक्रिय युवा शक्ति थिए । आफ्नो सक्रिय जीवन कालमा उनीहरूले बनाएका संरचना, आविष्कार गरेका साधन प्रविधि तथा सिर्जना गरेका कुराहरूबाट आजको समाज समृद्ध भएको हो । जेष्ठ नागरिकले पनि समाजको लागि धेरै योगदान पुऱ्याउन सक्छन् । उनीहरूले आफ्नो उमेरमा गरेका कामबाट हामीले फाइदा पाएका छौँ । त्यसैले समाजमा ज्येष्ठ नागरिकलाई सम्मानपूर्वक जिउने अवसर उपलब्ध गराउनु हामी सबैको कर्तव्य हो ।

(क) कुल जनसङ्ख्यामा ज्येष्ठ नागरिकको सङ्ख्या बढ्दै गएका कारण भविष्यमा आउन सक्ने चुनौतीका सूची बनाऊ ।

(ख) कुल जनसङ्ख्यामा ज्येष्ठ नागरिकको सङ्ख्या बढ्नु राम्रो हो कि होइन भन्ने विषयमा वाद विवाद प्रतियोगिता गर ।

(ग) तिमी ज्येष्ठ नागरिक भएपछि तिमीप्रति अरूले के कस्तो व्यवहार गरून् भन्ने चाहन्छौ, सरकारले, छिमेकीले, सेवा दिने संस्था (यातायात, अस्पताल) ले परिवारका सदस्यले ।

(घ) ज्येष्ठ नागरिकको महत्त्व झल्काउने खालका प्रचलित उखान र भनाइहरूको सूची तयार पार ।

२. गुणस्तरीय जीवन कायम गर्ने उपायहरूको सूची बनाऊ ।

परियोजना कार्य

जनसङ्ख्या व्यवस्थापनमा युवाहरूको भूमिका विषयमा कक्षामा वक्तृत्व कला प्रतियोगिता सञ्चालन गर । उद्घोषक, निर्णायक मण्डल, समय पालक र सभाध्यक्ष पनि आफूमध्येबाट नै छान ।

Curriculum Development Centre